३३४

# भक्तपुर मासिक

Bhaktapur Monthly

वैशाख २०८१

ISSN 2705-4454




# ‘सय वर्षपछिको भक्तपुर’ बारे अन्तरक्रिया

- इमान अर्थात् नारायणमान !
- नगरव्यापी खुला गुँला बाजा प्रतियोगिता
- ‘प्राचीन ‘रेशम मार्ग’ले संसारलाई एक सूत्रमा बाँधन सहयोग गरेको छ’
- ‘सय वर्षपछिको भक्तपुर’ भक्तपुर पुन:निर्माणको मार्ग दर्शन
- सय वर्षपछिको भक्तपुर : एक अध्ययन
- कसजु बंशका केही भाजु कसहरू
- नेपालको जलस्रोतमा भारतको एकाधिकार : नेपालमा लोडसेडिङ !
- असान्जले साम्राज्यवादबारे जे सिकाए
- भक्तपुर नपाका गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाको आयोजनामा ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा प्रवचन कार्यक्रम । चैत २० गते



भक्तपुर नपाको आयोजनामा वडा नं. ६ मा महिलाहरूलाई पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर । वैशाख ८ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$! ★ cÆ ^★ g}; ≠!$$★ lj÷; ≠@)*! j}zfv ★ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

| | | |
|---|---|---|
| सम्पादक | : | लक्ष्मण जोशी |
| सहायक सम्पादक | : | आशा कुमार चिकंबञ्जार |
| डेस्कटप | : | धनलक्ष्मी त्यात |
| आवरण सज्जा | : | रेणु ध्वजू |

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि

भक्तपुरको एउटा धेरै पुरानो चित्र । भाजु पुखूको बिचमा रूख नभएको केही आकृति देखिन्छ ।

चित्र : अनिल श्रेष्ठ, फेसबुक




'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘कठिन मिहिनेत र तपस्याबिना कोही पनि महान् बन्दैन ।’ – साइरस

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | इमान अर्थात् नारायणमान ! | उपेन्द्र लामिछाने | ३ |
| २) | भक्तपुरको विस्का जात्रा सम्पन्न | – | ५ |
| ३) | नगरव्यापी खुला गुँला बाजा प्रतियोगिता | – | ११ |
| ४) | ‘प्राचीन ‘रेशम मार्ग’ले संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको छ’ | नारायणमान बिजुक्छेँ (रोहित) | १२ |
| ५) | पुनर्निर्माणको कथा:जनताको सहयोगमा उठेको भक्तपुर | सुनिल प्रजापति | १४ |
| ६) | नेपालको जलस्रोतमा भारतको एकाधिकार : नेपालमा लोडसेडिङ ! | विवेक | १८ |
| ७) | ‘सय वर्षपछिको भक्तपुर पुस्तक भक्तपुर पुन:निर्माणको लागि मार्ग दर्शन हो’ | सुनिल प्रजापति | २० |
| ८) | सय वर्षपछिको भक्तपुर : एक अध्ययन | राजेन्द्रबहादुर कायष्ठ | २२ |
| ९) | कसजु वंशका केही भाजु कसहरू | ओम धौभडेल | २६ |
| १०) | विस्का जात्राको पहिलो दिनको एक झलक | जे.पी. तिमिल्सिना | ३३ |
| ११) | समालोचनाया सिद्धान्त (४) साहित्य – थ्व छु ? छाय् ? गथे ? (१) | प्रा माणिकलाल श्रेष्ठ | ३५ |
| १२) | ठमेलको यो छाया सेन्टर, भारतको नोएडाको त्यो ट्वीन टावर | निराजन पौडेल | ३८ |
| १३) | भक्तपुरका केही स्थानको चिनारी | लक्ष्मीनारायण दुवाल | ४१ |
| १४) | व्यक्तिगत घटना दर्ता : आवश्यकता र औचित्य | न्हूज किजु | ४४ |
| १५) | असान्जले साम्राज्यवादबारे जे सिकाए | क्लोइ ग्याफर्टी | ४६ |
| १६) | बक्सिङ खेलाडी एवम् कोच साजन लघु | राजकुमार लघु | ४९ |
| १७) | भक्तपुर नगरपालिकाको कार्यपालिकाको बैठक निर्णय | – | ५१ |
| १८) | भक्तपुर नगरपालिका गतिविधि | – | ६२ |
| | क) शैक्षिक गतिविधि | – | ७० |
| | ख) स्वास्थ्य सेवा | – | ७८ |
| | ग) भेटघाट | – | ८१ |
| | घ) सङ्क्षेपमा | – | ८२ |
| १९) | विविध समाचार | – | ८३ |
| २०) | शिक्षितको राजनीति सिंहदरबारको शत्रु (सम्पादकको पृष्ठ) | – | १०४ |

**साथमा** : प्रेरणीय– १३/ बसिबियाँलो – ३२/ चीनका प्राचीन नीति कथा – ४०/ हाम्रो स्थानीय तह– ४३/ जीवन–आचरण –५०/ थाहा पाइराखौँ–५०/ ख्वप अस्पतालको प्रगति – ८०/ हाम्रो स्वास्थ्य – १०२/ पर्यटक तथ्याङ्क – १०३/ तस्बिरमा केही गतिविधि – क–घ ।

# इमान अर्थात् नारायणमान !



उपेन्द्र लामिछाने

राजनीतिमा इमानदारी मिसियो भने त्यो निकै सुन्दर हुन्छ। पछिल्लो समय नेपाली राजनीतिमा 'इमान'को कमी हुँदै गएपछि यसको अभाव खड्किन थालेको छ। सत्ता र स्वार्थको अङ्कगणितले सबैलाई लोभ्याएको छ। परिणाम, कोही थोरैमा बिकेका छन्, कोही धेरैमा।

सत्ताको खेलमा अङ्कगणितको कति धेरै मूल्य रहन्छ भनेर बुझ्न वाग्मती प्रदेशसभाको पछिल्लो अवस्था हेरे पुग्छ। वर्तमान सत्ता गठबन्धन एक सिट कम भएर अल्पमतमा पर्ने भएपछि प्रदेश सभामा जम्मा दुई सिट भएको हाम्रो नेपाल पार्टीले मुख्यमन्त्री दाबी गरेको छ।

११० सदस्यीय वाग्मती प्रदेश सभामा बहुमतका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ तर अहिलेको गठबन्धनसँग ५५ मत रहेकाले सत्ताको यस खेलमा एकदुई नम्बरको पनि मूल्य बढेको हो।

जसलाई बिक्नु नै छैन, त्यसको कुनै मूल्य हुँदैन। त्यो जादुगरीपूर्ण सङ्ख्या हो तीन। अर्थात् प्रदेश सभामा तीन सिट भएको नेपाल मजदुर किसान पार्टी वाग्मती प्रदेश सभाको स्वार्थको अङ्कगणितमा अल्झिएको छैन। नबिक्ने थाहा पाएपछि यसको मूल्य लगाउन पनि मानिसहरू डराउँदा रहेछन्।

'हामीलाई प्रस्ताव गर्न पनि हिचकिचाउने अवस्था छ,' नेमकिपाबाट प्रदेश सभा सांसद सुरेन्द्रराज गोसाई भन्छन्, 'मुलुकका लागि इमानदार बन्दा गर्व महसुस हुँदो रहेछ।'

नेमकिपाको यो इमानदारी पहिलो होइन। २०४८ सालदेखि नै राजनीतिमा प्रभावकारी भूमिका निभाउँदै आएको यो पार्टीले कुर्सीको लडाइँमा कहिल्यै आफूलाई भुलाएन। मन्त्री पदको प्रस्ताव पटक पटक पाएको नेमकिपाले कुनै बेला 'प्रधानमन्त्रीको प्रस्ताव' पनि पाएको चर्चा थियो। तर नेमकिपा र अध्यक्ष नारायणमान बिजुक्छैंको इमानलाई सत्ताको कुनै पदले किन्न सकेन। बिजुक्छैंले कुनै बेला भनेजस्तै 'कुकुर झगडा'मा उनको पार्टी कहिल्यै परेन। 'हामी हाम्रो सिद्धान्तमा अडिग छौँ,' बिजुक्छैं भन्छन्, 'तपसिलका कुरामा हामी अलमलिने छैनौँ।'

पद मात्र होइन, राष्ट्रियताको सवालमा पनि यो पार्टी आफ्नो सिद्धान्तमा निकै मजबुत ढङ्गले उठेको देखिन्छ। सदन र सडकमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको निरन्तर विरोध गरिरहने यो पार्टीले संसारभरका कमजोरको आवाज बोक्ने गरेको छ।




अन्य दलहरू विविध कारणले डराइरहेको अवस्थामा पनि यो पार्टीले न्यायको पक्षमा आवाज उठाउन कहिल्यै छाडेन। देश र जनताप्रति समर्पित भएर इमानदारीपूर्वक स्वच्छ राजनीति गर्ने दलका रूपमा आफूलाई विकसित गर्दै गएको छ। निडर र इमानदार राजनीतिका कारण धेरैतिरबाट यो पार्टी र यिनका नेताको तारिफ हुन थालेको छ।

'इमान'को आरोह

नेपाली राजनीतिमा अझै केही नेता छन्, जो विभिन्न राजनीतिक उतारचढावमा देखिएका कुनै प्रलोभनमा परेनन्। उनीहरू सिद्धान्तच्युत भएनन्। समस्या झेले तर हार मानेनन्। प्रहार खेपे तर कोहीसँग झुकेनन्। त्यसैले उनीहरूको शिर जनतासामु सधैँ उँचो छ। तिनमध्येका हुन्, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं।

अरू नेताहरू केही महिना र वर्षको राजनीतिलाई ध्यानमा राखेर अगाडि बढ्दै गर्दा बिजुक्छैं सय वर्षपछिको सपना देख्न पछि पर्दैनन्। केही वर्ष अगाडि उनले प्रकाशित गरेको *'सय वर्षपछि भक्तपुर'* पुस्तकमा देखिएका सपनाहरू अहिले पूरा हुँदैछन्। 'अध्यक्षले देख्नुभएका समृद्धि सपना सपना पूरा गर्न हामी लागिरहेका छौं,' भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति भन्छन्, 'हामी विकासको सही मार्गमा हिँडिरहेका छौँ।'

बिजुक्छैं इमानदारीको विरासत उनको पार्टीपङ्क्तिमा फैलिएको छ। जसका कारण उनको पार्टीबाट निर्वाचन जितेका सङ्घीय सांसद हुन् वा प्रदेश सांसद वा पालिका प्रमुख, सबैले इमानदारीको बाटो अँगालेका देखिन्छन्। देश र जनताको सवालमा निडर भएर उनीहरूले बोलेका कुरा सर्वसाधारणले मन पराउने गरेका छन्।

केही समयअगाडि सङ्घीय सांसद प्रेम सुवालले नेपाली काङ्ग्रेस नेतृ आरजु राणालाई बैठकमा फर्काएको जवाफ सामाजिक सञ्जालमा निकै भाइरल बनेको थियो। त्यहाँ पनि सुवालले इमानदारीको वकालत गरेका थिए।

कुनै समय कर्णालीमा समेत उल्लेख्य प्रभाव जमाएको उनको पार्टी अहिले भक्तपुरमा मात्र प्रभावकारी देखिएको छ।

तर जहाँ यो पार्टीले आफ्नो भूमिका पाएको छ, त्यसलाई इमानदारीसाथ निभाएको छ । शिक्षा, स्वास्थ्य र सम्पदा क्षेत्रमा भक्तपुरले मारेको अतुलनीय फड्कोले इमानको राजनीति कति शक्तिशाली हुन्छ भन्ने देखाएको छ ।

बिजुक्छैँले देखेका सपना यहाँका गल्लीमा साकार हुँदैछन् । यति बेला भक्तपुरका चोक चोकमा इन्जिनियर भेटिन थालेका छन् । छोरीहरू उच्चशिक्षाको बाटोमा लम्कँदै छन् । भत्केका सम्पदा आफ्नै सानमा उभिन थालेका छन् । संस्कृति र सम्पदाको सवालमा उनीहरू कुनै सम्झौता गर्ने पक्षमा छैनन् । त्यसैले स्थानीयको सहयोगमा उनीहरू अगाडि बढिरहेका छन् ।

'इमान'को निरन्तरता

उनी सानैदेखि समाजसेवामा सक्रिय थिए । उनले २०१२ सालमा रौतहट जिल्लाका बाढीपीडितहरूको सहायताका लागि कम्युनिस्ट पार्टीको र्‍यालीमा सहभागिता जनाए । त्यसबाट कम्युनिस्ट विचारप्रति आकर्षित भएका उनले २०१३ सालमा विद्यार्थी फेडरेसनको सदस्यता लिए । २०१७/१८ सालमा युनियन (कलेज)को अध्यक्ष पदमा चुनिए ।

२०१५ सालमा उनी भक्तपुर जिल्ला कमिटीको अध्यक्ष भए । २०२१/२२ सालतिर पञ्चायती व्यवस्थाले चलाएको भूमिसुधार कार्यक्रमअन्तर्गत मोहीहरूले पाउनुपर्ने मोहियानी हक दिलाउन बिजुक्छैँ र उनका कार्यकर्ताहरूले भक्तपुरमा निकै मिहिनेत गरे ।

२०२७ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य बनेका थिए । त्यति बेला तत्कालीन पूर्वी पाकिस्तान (बंगलादेश)माथि भारतको हस्तक्षेप र अरू सैद्धान्तिक कुरामा पुष्पलाल श्रेष्ठसँग मतभेद भएपछि २०३१ सालमा पुष्पलाल समूहबाट अलग भई २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टीको स्थापना गरे ।

सोही दिनदेखि अध्यक्ष रहेका उनी अहिले पनि उक्त पार्टीको माथिल्लो तहमै छन् । पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्षरत रहँदै उनले झन्डै १० वर्ष भूमिगत जीवन बिताए । भारतमा भूमिगत जीवन बिताउँदा उनले प्रवासी नेपाली विद्यार्थीमार्फत कर्णाली अञ्चलमा बलियो सङ्गठन बनाएका थिए । जसको प्रतिफल २०४८ को निर्वाचनमा देखिएको थियो ।

त्यस्तै २०४५ सालको भूकम्पपछि राहत बाँड्ने क्रममा पञ्चायती सरकारले ह्योजु काण्डलगाएर बिजुक्छैँलगायत नेपाल मजदुर किसान पार्टी (तत्कालीन नेमकिसङ्घ)का ६५ जना नेताकार्यकर्तामाथि फाँसीको सजाय माग गर्दै ज्यानमुद्दा चलाएको थियो । त्यसलाई नेमकिपाले कालो दिन बताउँदै आएको छ ।

देशमा बहुदलीय व्यवस्थाको बहालीपश्चात् सो मुद्दा खारेज भई करिब २० महिनाको जेल जीवनपछि उनीलगायत सबै रिहा भए । उनी २०४८ को आमनिर्वाचन, २०५१ को मध्यावधि र २०५६ को आमनिर्वाचनमा भक्तपुर क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए ।

त्यस्तै २०६४ र २०७० को पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट प्रत्यक्ष निर्वाचित भए । त्यसपछि भने उनले चुनावमा भाग लिन छाडेका छन् । देश विदेशका राजनीतिबारे गम्भीर जानकारी राख्ने उनी भक्तपुरको समग्र विकासमा इमानदारीसाथ दत्तचित्त भएर आएका छन् ।

'इमान'की सारथि

खासमा व्यक्ति आफ्नै कारणले इमानमा रहने हो । तर इमानदारीको बाटोमा कहिलेकाहीँ आफन्तले बिथोलिदिएका थुप्रै उदाहरण छन् । यसमा कसैका पत्नी, कसैका श्रीमान् अनि कसैका छोराछोरी देखिन्छन् । तर बिजुक्छैँ यो मामलामा निकै भाग्यमानी छन् ।

भक्तपुरमा 'नारायणमान दाइ' नामले परिचित र मुलुकमा देशभक्त नेताका रूपमा परिचित उनलाई राजनीतिमा निरन्तर लाग्न थुप्रैले सघाए– आफन्त, साथीभाइ, समाज र पार्टी कार्यकर्ता । सबैलाई उनी उत्तिकै सम्मान गर्छन् । यिनैमध्येकी एक थिइन्, उनकी धर्मपत्नी शोभा प्रधान ।

नारायणमान दाइको उचाइको सहयोगी बन्दै आएकी उनको २०७९ असारमा निधन भए पनि इमानदारीका कारण भक्तपुरवासी माझ उनी अझै जीवन्त छिन् । नारायणमान दाइको जीवनमा पद र अवसर नआएको होइन–मन्त्री बन्ने, उपप्रधानमन्त्री बन्ने ।



शोभा बिजुक्छैँ

एकपटक त प्रधानमन्त्री बन्नेसम्मको प्रस्ताव आयो तर बिजुक्छैँ परिवारले पद र अवसरभन्दा र राजनीतिक निष्ठा र समाजको हितलाई सर्वोपरि ठान्यो । 'मलाई मन्त्राणी बन्ने रहर कहिल्यै लागेन,' बिजुक्छैँ पत्नी शोभाले सात वर्षअगाडि नागरिकसँगको एक भेटमा भनेकी थिइन्, 'म शिक्षिकामै खुसी छु ।' जब परिवार पनि इमानदारीमा रमाउँछ तब इमानदारको उत्साह झनै बढी देखिँदो रहेछ ।

रामेछाप ठोसेस्थित प्रधान परिवारकी शोभा २०४० सालमा बिजुक्छैँसँग वैवाहिक सम्बन्धमा गाँसिएकी हुन् । विवाह अगावै शिक्षिकाका रूपमा कार्यरत शोभा पछिसम्म शिक्षक पेसामै रहिन् । मुलुकका कतिपय नेता परिवारका दलदलमा फस्दै आएको देखिएको समयमा शोभाको सरलताका कारण पनि बिजुक्छैँको इमान झनै मजबुत बन्न पुग्यो । कतिपय व्यक्ति पतिको पदका कारण आफ्नो सेवामा ध्यान नदिने गरेको समयमा शोभाको कामप्रतिको लगावले धेरैको मन जितेको थियो । त्यसैले होला शोभाको निधनमा सिङ्गो भक्तपुर बाहिर निस्केर श्रद्धाञ्जली दिएको थियो ।

नेमकिपा सत्ताको खेलबाट निरन्तर अलग भएकोमा सर्वसाधारण पनि खुसी छन् । व्यक्तिगत कुराभन्दा पनि मुलुकको कुरामा चासो देखाउँदै आवाज उठाउँदै आएको यो पार्टीले पछिल्लो समय भक्तपुरसँगै बाहिरका जनताको पनि मन जित्न थालेको छ ।

नागरिक दैनिक, १७ चैत्र २०८०

# eQmk'/sf]lj:sf hfqf ;DkGg

## विस्का जात्राको तयारी बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न चैत १९ गते सरोकारवालाहरूसँगको बैठक भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकमा प्रमुख **प्रजापति**ले २०८०।८१ को विस्का जात्रा निर्धारित समयमा सुरक्षित ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ–आफ्नोतर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले विस्का जात्रा सञ्चालन र व्यवस्थापनबारे भक्तपुर नपाको तयारीबारे अवगत गराउनुभयो ।

उहाँले २०८० चैत्र २७ गतेदेखि २०८१ वैशाख ५ गतेसम्म सञ्चालन हुने ८ रात ९ दिनको विस्का जात्रा सांस्कृतिक नगरको गौरव गर्न लायक जात्रा भएको बताउनुहुँदै निर्धारित समयमै सुरु गरी समयमै सम्पन्न गर्न जोड दिनुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको विस्का जात्रा इन्जिनियरिङको हिसाबले पनि महत्त्वपूर्ण रहेको बताउनुहुँदै विस्का जात्रालाई स्थानीय जनताद्वारा अपनत्व ग्रहण गरेको जात्राको रूपमा व्याख्या गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले विस्का जात्रा अवसर र चुनौती मिश्रित भक्तपुरको ऐतिहासिक जात्रा भएको बताउनुहुँदै उहाँले गुठी संस्थानको तालिकाअनुसार जात्रा समयमै सम्पन्न गर्न सबैबाट सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो ।

उहाँले विस्का जात्राको समयमा जात्रा सञ्चालन हुने स्थानहरूमा मदिराजन्य पदार्थहरूको बेचबिखनमा रोक लगाउनु उपयुक्त हुने बताउनुहुँदै जात्रा अवधिभर नगरको शान्ति सुरक्षा कायम गर्ने विषयमा जिल्ला प्रशासन कार्यालयले संवेदनशील ढङ्गले काम गर्ने बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख **खिमा ओली**ले गुठी संस्थान कार्यालयले विस्का जात्राबारे गुठी संस्थानको हालसम्मको तयारीबारे अवगत गराउनुहुँदै संस्थानले विस्का जात्रा सञ्चालनबारे तालिका सार्वजनिक गरेको र सोही तालिकाअनुसार जात्रा सञ्चालन भए जात्रा मर्यादित तथा शान्तिपूर्ण ढङ्गबाट सम्पन्न हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमा बिजुक्छेँ र वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले जात्रा सञ्चालन हुने रुटमा सरसफाइ र सचेतना कार्यक्रमहरू आयोजना हुने बताउनुहुँदै जात्रामा उच्छृङ्खल गतिविधि गर्नेहरूलाई कडा सजायको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, अस्पतालका प्रतिनिधि र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने विस्का जात्रा व्यवस्थापनबारे आ–आफ्नो तर्फबाट हुने सहयोग र तयारीबारे बैठकमा अवगत गराउनुभयो ।



भक्तपुर नगरपालिकाले बिस्केट जात्रा सञ्चालन गर्ने विषयमा जात्रासँग सम्बन्धित सरोकारवालाबिच भएको महत्त्वपूर्ण **निर्णयहरू :**

१. यस वर्षको विस्का जात्रा शान्तिपूर्ण र भव्यताकासाथ सम्पन्न गर्न जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रहरूको सरसफाइ र आवश्यक व्यवस्थापन तथा प्रचार प्रसारलगायत सरोकारवालाहरूसँग समन्वय गर्ने कार्य भक्तपुर नगरपालिकाले गर्ने निर्णय गऱ्यो ।

२. विस्का जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको जिम्मेवारी जिल्ला प्रशासन कार्यालय, भक्तपुर र जिल्ला प्रहरी परिसर, भक्तपुरलगायत सुरक्षा निकायलाई दिने निर्णय गऱ्यो ।

३. विस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठी संस्थान शाखा कार्यालय, भक्तपुरलाई जिम्मा दिने निर्णय गऱ्यो ।

४. विस्का जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीको लागि भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

५. विस्का जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रहरूमा रहेको तार, केबुल र फाइबर नेटका केबुलहरू व्यवस्थित गर्न सम्बन्धित सेवाप्रदायकहरूलाई जिम्मेवारी दिने र आवश्यक पत्राचार नगरपालिकाबाट गर्ने निर्णय गऱ्यो ।

६. विस्का जात्रा सञ्चालन हुने दिनहरूमा नगरका सम्पूर्ण अस्पतालमा रहेका एम्बुलेन्स, दमकल तथा विपद पूर्वतयारीका सामानहरू तयारी अवस्थामा राख्न नेपाल रेडक्रस सोसाईटी, भक्तपुरले आवश्यक व्यवस्थापन गर्ने र अस्पतालको एमर्जेन्सी वार्डमा स्वास्थ्यकर्मीहरूलाई सतर्क अवस्थामा राख्ने निर्णय गऱ्यो ।

७. विस्का जात्रा अवधिभर जात्रामा अत्यधिक भीड हुने दिनहरू चैत्र ३०, वैशाख १ र ४ गते भीड हुने स्थानहरूमा नेपाल स्काउटबाट स्वयम्सेवकहरू खटाई आवश्यक व्यवस्थापन गर्ने निर्णय गऱ्यो ।

८. विस्का जात्राको क्रममा सडकमा सवारी साधन व्यवस्थित गर्न ट्राफिक कार्यालय, भक्तपुरलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

९. विस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नगरवासीहरू र सङ्घसंस्थाहरूको सहभागितामा यही २०८० चैत्र २७ गते विहान ७:०० बजे दत्तात्रयबाट सद्भाव ऱ्याली सुरु गरी टौमढीमा सभा गरी सम्पन्न गर्ने र त्यसको आवश्यक व्यवस्था भक्तपुर नगरपालिकाले गर्ने निर्णय गऱ्यो ।

१०. जात्रा अवधिभर नगरपालिकाका प्रमुख स्थानहरूमा लागुपदार्थ तथा मदिरा बिक्री वितरण निषेध गर्ने निर्णय गऱ्यो ।

११. खानेपानी व्यवस्थापन केयुकेएललाई र विद्युत प्रसारणमा कुनै किसिमको समस्या आउन नदिन नेपाल विद्युत प्राधिकरण, भक्तपुर शाखालाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

## मुख्य जात्रा स्थलको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा सुरक्षा निकायका प्रमुखहरू र सरोकारवालाहरूको सहभागीतामा प्रसिद्ध विस्का जात्रा सञ्चालन हुने मुख्य मुख्य स्थानहरूको चैत २५ गते स्थलगत निरीक्षण गर्नुभयो ।

## सद्भाव ऱ्याली तथा सभा




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा चैत्र २७ गते भक्तपुर नगरपालिका वडा नं. ९ स्थित दत्तात्रय र भनपा-९ स्थित इनाग:बाट सुरु भएको सद्भाव ऱ्याली टौमढीमा पुगी सभामा परिणत भयो ।

टौमढीमा भएको सद्भाव सभामा प्रमुख अतिथि सांसद **सुवाल**ले 'संस्कृति हाम्रो पुर्खाको गौरव हो र हाम्रो सम्पत्ति हो' भन्नुहुँदै भक्तपुर सांस्कृतिक नगर भएकोले संस्कृति संरक्षणको लागि अध्ययन अनुसन्धान गर्नको लागि ख्वप विश्वविद्यालय स्थापना अपरिहार्य रहेको बताउनुभयो । उहाँले भक्तपुरको पहिचान बोकेको मूर्त र अमूर्त सम्पदाहरूसँग सम्बन्धित विस्का जात्रा स्वदेशी तथा विदेशी पर्यटकहरूलाई समेत देखाउन जात्रालाई सभ्य र सुसंस्कृत रूपमा सम्पन्न गर्नु सबै नगरवासीहरूको कर्तव्य हो भन्नुभयो ।



प्रमुख अतिथि सुवालले देशको सन्तुलित विकासको लागि देशको ७७ ओटै जिल्लामा व्यवस्थित सहर बनाउनुपर्ने तथा काठमाडौँ उपत्यका वरिपरिको क्षेत्रमा वृक्षारोपण गर्न सके प्रदूषण कम हुनुका साथै खानेपानीको स्रोत व्यवस्थापन गर्न सकिने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चैत्र २७ गतेबाट सुरु भई वैशाख ५ गतेसम्म भैरवनाथ रथ तान्नुका साथै योसिंद्यः उठाउने र ढाल्ने तथा टोल टोलमा हुने विस्का जात्रामा हजारौँ स्वदेशी र विदेशी पर्यटकहरूले प्रत्यक्ष अवलोकन गर्न आउने तथा विभिन्न सञ्चार माध्यमहरूबाट विश्वभरका नागरिहरूले प्रत्यक्ष हेर्ने हुनाले जात्रालाई शान्तिपूर्ण, व्यवस्थित र सभ्य बनाउनु नगरवासीहरू सबैको साझा जिम्मेवारी भएको बताउनुभयो ।




उहाँले चाड-पर्व र जात्राहरूको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरपालिकाले कक्षा १ देखि ८ सम्म नगरभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरी पठन पाठन गराइरहेको जानकारी दिनुहुँदै मूर्त र अमूर्त सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार तथा संरक्षण र सम्बर्द्धन भक्तपुर नगरपालिकाले निरन्तर गर्दै आइरहेको बताउनुभयो । उहाँले जात्राको बेला कसैलाई पनि अप्ठेरो महसुस गर्न नपरोस् भन्ने हेतुले नगरका जात्रा हुने भेलुखेललगायतका केही स्थानहरूलाई मदिरा निषेधित गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुँदै प्रमुख जिल्ला अधिकारी **रोशनी कुमारी श्रेष्ठ**ले जात्रालाई व्यवस्थित गर्न सुरक्षा निकायको तर्फबाट गर्नुपर्ने सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुहुँदै जात्रालाई शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गर्न अनुरोध गर्नुभयो ।



कार्यक्रममा गुठी संस्थान, भक्तपुर शाखाका प्रमुख **खिमा ओली**ले गुठी संस्थान, भक्तपुरले प्रसिद्ध विस्का जात्रा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी समयमै सम्पन्न गरिसकेको जानकारी दिनहुँदै चैत्र २७ गते दिनको ३ बजेबाट समयमै जात्रा सुरु गरी जात्रालाई सफल बनाउन पुजारी, नाइके तथा नगरवासीहरूको सहयोगको अपेक्षा गर्नुभयो । उहाँले जात्रालाई भव्य, सभ्य, शान्तिपूर्ण, सुरक्षित, अनुशाशित, मर्यादित र मैत्रीपूर्ण तारिकाले जात्रा सम्पन्न गर्न जनसमुदायले आफ्नै जात्रा हो भन्ने भावनाका साथ मनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ** र वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## द्यः क्वहं बिज्याइगु

विस्का जात्रको पहिलो दिन चैत २७ गते तौमढीबाट गःहितिसम्म भैरवको रथ तानिन्छ । यसलाई द्यः क्वहं बिज्याइगु भनिन्छ ।






भैरवको रथसँगै नकिंजु अजिमाको पनि रथयात्रा गरिन्छ ।




# खलाँदेखि योसिंख्य क्षेत्रमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको प्रसिद्ध








विस्का जात्राको अवसरमा खलाँदेखि योसिंख्य क्षेत्रमा चैत २८ गते सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको विस्का जात्रा प्रतिष्ठाको जात्रा रहेकोले हाम्रो जात्रालाई सभ्य र भव्य रुपमा मनाउनुपर्ने बताउनुभयो । साथै भक्तपुरलाई संसारले नजिकैबाट नियालिरहेको अवस्था भएकोले भक्तपुरको टोल टोलमा हुने जात्रा सञ्चालनमा स्थानीयहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।




त्यस्तै वडा न ९ का वडा अध्यक्ष **रबिन्द्र ज्याख्वले** भक्तपुरको प्रसिद्ध विस्का जात्रामा आन्तरिक र बाह्य पर्यटकहरू आउने भएकोले आ–आफ्नो क्षेत्रबाट सरसफाइ गर्नुपर्ने कुरामा जोड दिनुभयो। जात्रा सबैको साझा हुने भएकोले भनपाले विस्का जात्रा सञ्चालनका लागि सरोकारवालाहरूसँग विभिन्न चरणमा समन्वय गरिँदै आएको पनि बताउनुभयो।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय वडावासीहरूको उपस्थिति रहेको थियो।

## योसिंद्यः उठाइयो

विस्का जात्रामा वस्तुतः दिन र रात बराबर भएको दिन योसिंख्यःमा योसिंद्यः उठाइन्छ। पात्रोअनुसार उक्त दिन बितिसके पनि चैत ३० गते योसिंद्यः उठाइयो। सोही दिन विहान तालाक्वमा हात नभएको योसिंद्यः उठाइयो।







## योसिंद्यः ढालियो

अघिल्लो दिन योसिंख्यःमा उठाइएको योसिंद्यः भोलिपल्ट अर्थात् वैशाख १ गते साँझ ढालियो।






## द्यः थाहां बिज्याइगु

विस्का जात्राको क्रममा वैशाख २, ३ र ४ गते टोलटोलमा विभिन्न जात्राहरू गरियो। विस्का जात्राको अन्तिम दिन वैशाख ५ गते सोही दिन तालाक्वको योसिंद्यः ढालिन्छ।






साथै भैरवको रथ तौमढीमा ल्याइन्छ त्यसलाई द्यः थाहां बिज्याइगु भनिन्छ ।

यसरी यस वर्षको विस्का जात्रा सम्पन्न भयो ।

चित्रहरू : इन्टरनेटलगायत

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## गुँला बाजा प्रतियोगिता सम्बन्धी सूचना

सॉँस्कृतिक विधाहरूको संरक्षण सम्बद्धन गर्नुका साथै नागरिकहरूमा रहेको सिप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुल्ला गुँला बाजा प्रतियोगिता मिति २०८१ बैशाख २२ गते, शनिवार हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका साँस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ–आफ्नो बाजा देहाएको स्थानमा दर्ता गरी प्रतियोगितामा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रति समूह दर्ता शुल्क : रु. १००/–

दर्ता गर्ने अन्तिम मितिः २०८१ बैशाख १४ गते, शुक्रबार

दर्ता गर्ने स्थान : – भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
– भ.न.पा १ देखि १० वडा कार्यालयहरू

अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला ।

# नगरव्यापी खुला गुँला बाजा प्रतियोगिता

भक्तपुर नपाले सांस्कृतिक विधाहरूको संरक्षण गर्न हरेक वर्ष एक विधाको नगरव्यापी प्रतियोगिताको आयोजना गर्दै आएको छ। यस वर्ष वैशाख २२ गते गुँला बाजा प्रतियोगिता गर्ने निर्णय भएको छ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**खुला गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना**

सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार देहायअनुसारको नियमबमोजिम सञ्चालन हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रतिसमूह दर्ता शुल्क** : रु. १००।-
**दर्ता गर्ने अन्तिम मिति** : २०८१ वैशाख १४ गते, शुक्रबार
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
भ.न.पा १ देखि १० वडा कार्यालयहरू

**प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरूमा दर्ता शुल्क प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विवरण भरी दर्ता गर्नुपर्नेछ। अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला।
२. प्रतियोगिता २०८१ वैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ। नगर परिक्रमाको समेत मूल्याङ्कन गरिनेछ। नगर परिक्रमाको लागि १० अङ्क भार हुनेछ।
४. टोलीबिच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ।
५. नगर परिक्रमाको क्रममा टोलीमा धेरै जना सहभागी हुन सक्नेछन् तर मूल्याङ्कन स्थलमा भने प्रतिटोली बढीमा १६ जनामात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ बाजा १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या/तँ/बाँसुरी/म्वालीं/डख/कनाथलगायतका बाजा बजाउने वाद्यवादकहरू हुनुपर्नेछ।
६. मञ्चमा समयमै उपस्थित हुनुपर्नेछ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक धुन हुनुपर्नेछ।
८. टोलीको प्रस्तुति पालो गोलाप्रथाद्वारा निर्धारण गरिनेछ।
९. मूल्याकङ्न स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ। ८ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्नेछ।
१०. मञ्चमा द्यो ल्हाय् गर्न पाइने छैन।
११. प्रतियोगितामा देहायबमोजिम विभिन्न बुँदाहरूमा मूल्याकङ्न गरिनेछन् :

| क्र.सं. | मूल्याङ्कन विवरण | मूल्याङ्कन अङ्कभार |
|---|---|---|
| क. | धुन, बोल र ताल | ३० |
| ख. | समयको परिपालना | ५ |
| ग. | अनुशासन | ५ |
| घ. | हाउभाउ | १० |
| ङ. | भेषभूषा | १० |
| च. | प्रष्टता | २० |
| छ. | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरूलाई देहायबमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ।
प्रथम पुरस्कार - नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामग्री
द्वितीय पुरस्कार - नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामग्री
तृतीय पुरस्कार - नगद रु. २५,०००।– का साथै वाद्यवादनका सामग्री
सान्त्वना पुरस्कार - नगद रु. २०,०००।- का साथै वाद्यवादनका सामग्री (दुई वटा समूहसम्म)
१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्चबापत रु. ३०००।– उपलब्ध गराउनेछ।
१४. प्रतियोगितासम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

## गुँला बाजा प्रतियोगिताका निर्णायकहरूसँग बैठक



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतिस्पर्धात्मक भावना विकास गर्न हरेक वर्ष एक ओटा बाजा प्रतियोगिता सञ्चालन गर्दै आएको जानकारी गराउनुहुँदै गुँला बाजा समूहहरू नगरमा कम हुँदै गइरहेको हुँदा यसको संरक्षण गर्ने हेतुले यस वर्ष खुला प्रतिस्पर्धा गर्न लागेको जानकारी दिनुभयो।

भनपाको आयोजनामा वैशाख ३ गतेभएको गुँला बाजा प्रतियोगिताका निर्णायकहरूसँगको बैठकमा उहाँले लोपोन्मुख बाजा र स्थानीय खेलहरूलाई जीवन्त तुल्याउन नपाले नियमित रूपमा प्रशिक्षणहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

प्रमुख प्रजापतिले भाषा, कला, संस्कृति संरक्षण नै हाम्रो सभ्यता संरक्षण हो भन्नुहुँदै नयाँ पुस्तालाई सुसंस्कृत बनाउन युवा पुस्तालाई सीप हस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवं सांस्कृतिक बाजा प्रतियोगिता संयोजन समितिका संयोजक **रविन्द्र ज्याख्व**ले स्थानीय तह निर्वाचनमा गरेको प्रतिबद्धता अनुसार नगरपालिकाले विभिन्न सांस्कृतिक बाजा प्रतियोगिताहरू सञ्चालन गर्दै आएको जानकारी दिनुहुँदै यस वर्ष हुने गुँला बाजा प्रतियोगितालाई सांस्कृतिक महोत्सवको रूपमा सञ्चालन गर्नुपर्ने विचार राख्नुभयो।

उहाँले प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू, मूल्याङ्कनमा गरिने सूचकहरू र प्रतियोगितामा प्रदान गरिने पुरस्कारबारे मूल्याङ्कनकर्ताहरूलाई जानकारी गराउनु भएको थियो।

बैठकमा संयोजन समितिका सदस्यहरू तथा काठमाडौँ उपत्यकाभित्रका सांस्कृतिक बाजा गुरुहरूको उपस्थिति रहेको थियो।

# ‘प्राचीन ‘रेशम मार्ग’ ले आज संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको छ’

– नारायणमान बिजुक्छेँ (रोहित)
अध्यक्ष, नेमकिपा




सम्पदा संरक्षणको अर्थ प्राचीन सीप र शैलीबाट नयाँ युगको पनि सेवा गर्नु हो । त्यसको पुनरुत्थान गर्नुको उद्देश्य पुरानो ज्ञान र सीपलाई देश र जनताको सेवामा लगाउनु हो । विशेषताविना कुनै समाज, देश र राज्यले आफूलाई जीवित राख्न सक्दैन ।

सम्पदाको संरक्षण गर्दा नेपालको सन्दर्भमा ढुङ्गा, माटो, काठ र अन्य प्रयोग गरिएका मिश्रण गरिएका वस्तुको अनुसन्धान गर्नु हो तथा ती वस्तुलाई आजको सन्दर्भसँग तुलना गर्नु हो । स्थानीय हावापानी अनुसारका निर्माण र निर्माणमा प्रयोग गरिएका सामग्रीको अनुकूलतालाई ध्यान दिई प्रयोग गर्दा आफ्नै देश समाज र स्थानीय वस्तुको प्रयोग भई देशको अर्थतन्त्रलाई सघाउनु स्वभाविक हो ।

हरेक १० वर्षमा आर्थिक सङ्कटबाट पार पाउन बढी ज्यामी प्रयोग हुने सडक, पुल, नहर र अन्य निर्माण कार्यलाई प्राथमिकता दिँदा समाजमा मुद्राको परिचालन, उत्पादनको निरन्तरता र व्यापारको वृद्धिले आर्थिक सङ्कटबाट उम्कने बाटो खोलेको इतिहास छ । सालाखाला हरेक १० वर्षमा आउने आर्थिक सङ्कटले अमेरिकालाई जोगाउन स्तालिन–रुजबेल्टको मार्सल प्लानले फासीवादलाई हराउन ठूलो भूमिका खेल्यो । त्यसलाई पछि ‘गुप्त जानकारी’ भनियो ।

तर, अमेरिकी राष्ट्रपति रुजवेल्टको मृत्युपछि सत्तामा दक्षिणपन्थी ट्रुम्यान आएपछि म्याकार्थीको युगले दोस्रो विश्वयुद्धपछि संसारमा पुनःशीत युद्ध सुरु भयो । सङ्ग्रहालयहरू (म्युजियम) र चिडियाखानाहरूको संरक्षण गर्दा प्राचीनता र इतिहासलाई वर्तमानसँग जोड्ने कार्य गर्छ । डार्विनको ‘जीवहरूको उत्पत्ति’ ले बाँदर, वन मान्छे र मानिसको बिचमा साइनो जोड्ने सजिलो राजमार्ग बनायो । त्यस आविष्कारले जीवशास्त्रमा मात्रै होइन समाजमै एक विकासवादी सोच प्रदान गऱ्यो र राजनीतिशास्त्रमा समेत दैवी सिद्धान्त, शक्ति सिद्धान्त र समाज सम्झौता सिद्धान्तबाट अगाडि राज्यको उत्पत्ति र विकासमा नयाँ विकासवादी सिद्धान्तको प्रादुर्भाव भयो ।

त्यस्तै, अमेरिकी अनुसन्धानकर्ता लेविस मोर्गनको ‘प्राचीन समाज’ सन् १८७७ मा प्रकाशन हुँदा समाज विज्ञानमा पनि ठूलो हलचल ल्याइदियो । अमेरिकी प्राचीन समाजमा जसलाई मानव समाजको शैशवकाल भनिने समाजमा ‘व्यक्तिगत सम्पत्ति’ थिएन र ‘शोषण’ पनि थिएन भन्ने टुङ्गोमा पुऱ्याइदियो । त्यो एउटा ठूलो आविष्कार थियो – मोर्गनको । सन् १८४८ को कम्युनिस्ट घोषणापत्रमा ‘मानव समाज वर्ग सङ्घर्षको इतिहास हो’ भन्ने धारणामा मार्क्स र एङ्गेल्सलाई ‘आदिम साम्यवाद’ वर्गविहीन र शोषणविहीन समाज थियो भन्ने टुङ्गोमा पुग्न सजिलो बनायो र भविष्यमा वैज्ञानिक समाजबाट मानव समाजको गन्तव्य साम्यवाद हो भन्ने निष्कर्षमा पुऱ्यायो ।

यसरी मानिसलाई प्राचीन समाजबाट वर्तमान र भविष्यको उज्ज्वल समाजमा पुऱ्याउनेबारे आज दुईमत नहोला, जसरी आगोको आविष्कारले मानिसलाई जीवन रक्षामा ठूलो योगदान गरेजस्तै कम्पास र भापको आविष्कारले समाजलाई पुँजीवादको विकास गर्न ठूलो योगदान गऱ्यो ।

ऐतिहासिक सम्पदा संरक्षण र सम्बर्धन सँगसँगै चौतर्फी प्राचीनताको अध्ययनले वर्तमानदेखि मानव जातिलाई भविष्यको गन्तव्यसम्म पुग्ने प्रकाशसम्ममा पुग्न सहयोग गर्छ । प्राचीन ‘रेशम मार्ग’ले आज संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको सर्वविदित छ ।

वर्तमान समयले मूर्त सम्पदामै चिन्ता गर्ने होइन बरु नाच–गान, रीति–रिवाज, लवाई–खवाई, सदाचार, शिक्षा र उपचारजस्ता अमूर्त सम्पदा समेत अनुसन्धान, जानकारी

र त्यसको संरक्षण र सम्बर्धनमा ढिलो गर्नुहुन्न ।

यसको निम्ति हाम्रा विश्वविद्यालय र कलेजहरू, पुरातत्त्व विभाग र प्रज्ञा प्रतिष्ठान जस्ता प्राज्ञिक संस्थाहरू अगाडि बढ्नुपर्ने देखा पर्दै छ ।

अव्यवस्थित शहरीकरणको विकल्प 'स्मार्ट सिटी' हुन सक्दैन, स-साना नगरहरूको निर्माणले प्रदूषणमुक्त गर्न र बन्दोबस्तगर्न सजिलो हुन्छ भने 'स्मार्ट सिटी' व्यापार हो ।

पहिले ढल बनाउने, अनि सडक र केही महिनापछि नै सडक फोडेर तार बिछ्याएर महिनौँसम्म सडक, नगर र बस्तीलाई हिलाम्य र धूलाम्यबनाउने कहाँको योजनाबद्ध विकासको मोडल हो - कसैलाई थाहा छैन । यसबारे योजना आयोग, सहरी विकास र उपत्यका विकास कसरी बेखबर होला ?

संयुक्त राष्ट्रसङ्घको युनेस्कोबारे हामी सबै जानकार छौं । तर, युनेस्कोलाई उपनिवेशवादी सम्पदा संरक्षक बनाउँदा प्राचीन देश र समाजको प्राचीनताका अवशेषहरू लोप हुँदै जाने सम्भावनालाई बिर्सनु हुन्न । यसबारे नेपाल सचेत हुनैपर्छ ।

(विश्व सम्पदा दिवसको अवसरमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा 3rd NatinalConfrencence On Architectural Trends And Heritage, २०८१ मा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) द्वारा व्यक्त मन्तव्य)

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र नि:शुल्क रूपमा आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं।

भक्तपुर नगरपालिका

# प्रेरणीय

## सम्पत्ति र मनको शान्ति

एक सेठसित अपार धन-सम्पत्ति थियो । तर, उनको मनमा कुनै शान्ति थिएन । एक दिन कसैले उनलाई सहरदेखि परको जङ्गलछेउको कुटीमा बस्ने एक साधुले सिद्धि प्राप्त गरेका हुनाले सबैको मनोकामना पूरा गर्न सक्ने सुनाइदिए । सेठ साधुको आश्रममा पुगे । उनले भने– साधु महाराज, मसँग धन, सम्पत्ति र भौतिक सुखको कमी छैन । तर, मनमा शान्ति छैन । त्यसैले म मनको शान्ति प्राप्त गर्न चाहन्छु ।

साधुले भने– ठीक छ, मैले जे गरे पनि तिमी चुपचाप हेर्दै जानू । कुनै प्रतिक्रिया नजनाउनू । यसबाट तिमीले मनको शान्ति हासिल गर्ने उपाय फेला पार्नेछौ । सेठले सहमति जनाए । दोस्रो दिन साधुले सेठलाई चर्को घाममा बसाए । आफू भने कुटीभित्र आरामले बसे । गर्मीले सेठ हैरान भए । तैपनि, चुपचाप सहे । अर्को दिन साधुले सेठलाई केही खान दिएनन् । तर, आफूले भने मिठामिठा परिकार खाए । यो सब देखेर पनि सेठ मौन नै रहे ।

तेस्रो दिन आक्रोशित हुँदै सेठ साधुको आश्रमबाट जान लागे । साधुले मुस्कुराउँदै सोधे– के भयो ? कता जान लाग्यौ ? सेठले भने– महाराज, म यहाँ ठूलो आशा लिएर आएको थिएँ । तर, तपाईंले मलाई निराश बनाउनुभयो । साधुले पुन: मुस्कुराउँदै भने– यी दुई दिनमा मैले तिमीलाई शान्ति प्राप्त गर्ने उपाय बताइदिएँ । पहिलो दिन मैले तिमीलाई चर्को घाममा राखेर आफू भित्र शीतल छायामा बसेँ ।

मेरो छाया तिमीलाई कुनै काम लागेन । दोस्रो दिन मैले तिमीलाई केही पनि खान दिइनँ । तर, आफूले भने अनेक तरहका व्यञ्जनको स्वाद लिएँ । मेरो खानाले तिम्रो पेट भरिएन । ठीक यसैगरी मेरो मनको शान्तिले पनि तिमीलाई काम दिँदैन । त्यसका लागि तिमी स्वयंले मिहिनेत गर्नुपर्छ । यसैबाट तिम्रो मनको शान्ति प्राप्त हुन सक्छ ।


नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# पुनर्निर्माणको कथा:जनताको सहयोगमा उठेको भक्तपुर

– सुनिल प्रजापति

*०७२ वैशाखको भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये भक्तपुर एक थियो। पुरानो नगर क्षेत्र भग्नावशेषमा परिणत भयो। मानवीय क्षतिसमेत व्यहोर्‍यो। नाकाबन्दीलगायत विभिन्न कारणले झन्डै दुई वर्ष पुनर्निर्माणले गति लिन सकेन। भक्तपुरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को प्रभाव चार दशकभन्दा लामो समयदेखि छ।*

*सङ्घीयता कार्यान्वयनका लागि भएको पहिलो स्थानीय तह निर्वाचन ०७४ मा भक्तपुर नगरपालिकामा सुनिल प्रजापति नेतृत्वमा नेमकिपाका सबै उम्मेदवार विजयी भए। भक्तपुरले विदेशी सहयोगविना नै जनताको प्रत्यक्ष सक्रियता र श्रममा पुनर्निर्माणको उदाहरणीय काम गरेको छ।* ***अन्वेषण अधिकारी****सँगको कुराकानीमा भक्तपुर नगरप्रमुख* ***सुनिल प्रजापति****ले पुनर्निर्माण, स्वास्थ्य र शैक्षिक रूपान्तरणको अनुभव साटेका छन् :*




सुनील प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

तस्विर : सतिश पोखरेल



फाइल तस्विर



फाइल तस्विर

पुनर्निर्माणपछिको पाँचतले मन्दिर (माथि), भक्तपुर नपा- १ स्थित भाजुपोखरी र भक्तपुर नपा- ५ स्थित भैरवनाथ मन्दिर पुनर्निर्माणमा जुटेका स्थानीय।

स्थानीय तह निर्वाचनलगत्तै हामीले पुनर्निर्माणलाई गति दिनेबारे छलफल थाल्यौँ। विदेशी दाताहरूले सहयोगको प्रस्ताव ल्याउनुभएको थियो। तर, हाम्रो जोड आफ्नै शक्तिले उठ्नुपर्छ भन्नेमा रह्यो। निर्वाचनअघि नै जर्मन सरकारले जर्मन विकास बैङ्क (केएफडब्लु)मार्फत भक्तपुर नगरपालिका पुनर्निर्माणका लागि झन्डै १ अर्ब २० करोड रुपैयाँ (एक करोड युरो) दिने सम्झौता नेपाल सरकारसँग गरेको रहेछ। हामी निर्वाचित भएर आउँदा त्यो सम्झौता कार्यान्वयनको चरणमा थियो। त्यहाँ विभिन्न सर्त थिए। कुनै कम्पनीलाई पुनर्निर्माणको ठेक्का दिनुपर्ने, मुद्दा–मामिला पर्दा उनीहरूकै

अदालतले हेर्ने, अडिटर उनीहरूले नै नियुक्त गर्ने, निर्देशक समितिको चयन उनीहरूले नै गर्ने, प्राविधिक उनीहरूले नै छनोट गर्ने, निर्देशक बोर्डकै सिफारिसमा सामान खरिद गर्नुपर्नेलगायत बुँदा थिए। हामी ठेक्कामा काम गर्न चाहँदैनथ्यौँ। हाम्रो आफ्नै अदालत छ, महालेखापरीक्षकको कार्यालय छ, यी सर्त मान्न सक्दैनौँ, सच्याउनुस् भन्यौँ। नेपाल सरकार र जर्मनीका प्रतिनिधिहरूसँग धेरैपटक छलफल भयो। तर, जर्मनीको संसद्बाटै अनुदान सम्झौता स्वीकृत भएर आएको हुनाले कुनै पनि बुँदा संशोधन गर्न नसकिने उहाँहरूको जवाफ आयो।

एक अर्ब २० करोड फिर्ता जाँदा प्रश्न उठे। कतिपयले 'भक्तपुर लामो समयसम्म भग्नावशेषमा रहनेभयो' भनेर पनि टिप्पणी गरे। हामी कामले जवाफ दिनुपर्ने पक्षमा थियौँ। विदेशीका अनुभव पनि अध्ययन गरेका थियौँ। हाइटीमा सन् २०१० को भूकम्पपछि ठूलो सङ्ख्यामा आइएनजिओ र अन्तर्राष्ट्रिय दाता पुगे। अर्बौं डलर सहयोग जुट्यो। तर, पुनर्निर्माण असफल भयो।

उता, चीनले सिचुआनमा सन् २००८ को भूकम्पपछि तीन वर्षमै पुनर्निर्माण सम्पन्न गऱ्यो। यी अनुभव हाम्रा लागि पाठ बने। अर्को, विसं १९९० को भूकम्पको हाम्रो आफ्नै नजिर थियो। त्यतिवेला विदेशीसँग कुनै सहयोग नै नलिई नेपालले पुनर्निर्माण गरेको थियो।

तीन सय वर्षभन्दाअघि हाम्रा पुर्खाले त्यति धेरै सम्पदा आफ्नै श्रमले बनाए। त्यसैले त अहिले हामीले त्यसमा अपनत्व महसुस र गर्व गर्न पाएका छौँ। विदेशीसँग अनुदान मागेर पुनर्निर्माण गर्दा भोलिको पुस्ताले गर्व गर्ने ठाउँ रहला ? यी प्रश्न हाम्रासामु थिए। त्यसैले हामीले आफै पुनर्निर्माण गर्ने योजना बनायौँ। त्यसपछि यसबारे जनतालाई बुझायौँ।

नगरपालिकाले सञ्चालन गरेका दुई कलेज ख्वपः इन्जिनियरिङ कलेज र ख्वपः कलेज अफ इन्जिनियरिङबाट वार्षिक चार सय ३२ जना इन्जिनियर उत्पादन हुन्छन्। पुनर्निर्माणका लागि उनीहरूको योगदान महत्त्वपूर्ण हुनेवाला थियो। स्थानीय युवाहरूलाई पनि सिकर्मी र डकर्मीको तालिम दिइयो। श्रमदानका लागि स्थानीयलाई आह्वान गऱ्यौँ।

तीन सय वर्षभन्दाअघि हाम्रा पुर्खाले त्यति धेरै सम्पदा आफ्नै श्रमले बनाए। त्यसैले त अहिले हामीले त्यसमा अपनत्व महसुस र गर्व गर्न पाएका छौँ। विदेशीसँग अनुदान मागेर पुनर्निर्माण गर्दा भोलिको पुस्ताले गर्व गर्ने ठाउँ रहला ? यी प्रश्न हाम्रासामु थिए। त्यसैले हामीले आफै पुनर्निर्माण गर्ने योजना बनायौँ।

हामीले कुनै पनि सम्पदा पुनर्निर्माण र जीर्णोद्धारको काम ठेक्कामा दिएनौँ। उपभोक्ता समिति गठन गरेर स्थानीयलाई पुनर्निर्माणको जिम्मा सुम्पियौँ। यसका लागि आवश्यक कानुन नगरसभाबाट पारित गऱ्यौँ। संविधानले आठौँ अनुसूचीमा दिएको २२ ओटा ऐन बनाउन सक्ने अधिकार प्रयोग गर्दै नगरपालिकाले धेरै ऐन, कानुन र नियमावली बनाएको छ। शिक्षा ऐन, सहकारी ऐन, खेलकुद ऐन, कला संस्कृति संरक्षण ऐनलगायत ६७ ओटा कानुन नगरपालिकाले बनाइसकेको छ। हामीलाई काम गर्दा कुनै विषयमा द्विविधा हुँदैन।

स्थानीयलाई साथमा लिएर काम गर्नुपर्छ भन्नेमा हामी सधैँ स्पष्ट छौँ। पहिलो कार्यकालमै एक सय २४ ओटा सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार भए। अहिलेसम्म आइपुग्दा एक सय ५८ ओटा सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार भइसकेको छ। १६ ओटा पुनर्निर्माणको क्रममा छन्। मठ, मन्दिर, पाटी, द्यःछेँ, प्रवेशद्वार, सत्तललगायतको पुनर्निर्माण तथा जीर्णोद्धार चलिरहेको छ। इनार, पोखरी, ढुङ्गेधाराको पुनर्निर्माण तथा संरक्षणमा पनि स्थानीय उत्तिकै सक्रिय छन्।

हुन त निजी घरहरूमा भूकम्पले ठूलो क्षति पुऱ्याएको थियो। तर, जनताले पहिले आफ्नो घरजत्तिकैको सम्पदा पुनर्निर्माण गर्नेमा ध्यान दिए। विदेशी सहयोग वा कुनै ठेकेदार कम्पनीअन्तर्गत काम हुँदा यस्तो अपनत्व पक्कै महसुस हुने थिएन।

ऐतिहासिक न्यातपोल (पाँचतले मन्दिर) जीर्णोद्धारमा ४२ सयभन्दा धेरैले श्रमदान गरे। न्यातपोल जीर्णोद्धारमा ६५ लाख १३ हजार लाग्ने अनुमान नगरपालिकाले गरेको थियो। यसको माथिल्लो तला पूरै भत्केको र अन्य तला पनि चिराचिरा परेकाले जीर्णोद्धार गर्नुपर्ने थियो। तर, नगरपालिकाको ३८ लाख ७७ हजार रुपैयाँ अर्थात् अनुमान गरेभन्दा ५९.५२ प्रतिशत कम रकम खर्च मै जीर्णोद्धार सम्पन्न भयो। यसका लागि १६–१७ लाख जनस्तरबाट आर्थिक सहयोग उठ्यो। जिन्सी पनि उत्तिकै उठेको थियो। हामी आफैले पुर्ननिर्माण गऱ्यौँ भनेर गर्व भयो। इन्जिनियरिङ कलेजका प्राध्यापकहरूले नै इन्जिनियरिङ र आर्किटेक्ट डिजाइन गर्नुभयो।

पाँचतले मन्दिरको छानाका लागि चाहिने झिँगटी घरघरबाट मानिसहरूले खर्पनमा बोकेर ल्याई सहयोग गरेका थिए। ती झिँगटी पुराना संरचनामा प्रयोग भएका र संरचना भत्किएपछि प्रयोगविहीन अवस्थामा थिए। श्रमदान गर्ने इच्छा बोकेर आउनेहरूलाई पालो दिन नै नगरपालिकालाई

हम्मे थियो । माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका कामका लागि कममात्र ज्याला खर्च भयो । यसरी जनस्तरबाट सहयोग नभएको भए पुनर्निर्माण सम्भव नै हुने थिएन । झिँगटी नयाँ किन्न समस्या थियो । अहिले त यो उत्पादन हुँदैन । पैसाभन्दा जनता शक्तिशाली छन् भन्ने पुनर्निर्माणले देखाइदियो । त्यसैले यो पुनर्निर्माण अभियान नवनिर्माणको एक नयाँ थालनी पनि हो ।

तर, सङ्घीय सरकारबाट हामीले जुन सहयोग पाउनुपर्ने थियो, त्यो पाएनौँ । काठ मात्रै सरकारी मूल्यमा उपलब्ध गराइदिएको भए सम्पदा पुनर्निर्माण धेरै सहज हुने थियो । थन्थु दरबार पुनर्निर्माणका क्रममा एक तलाका लागि अहिलेसम्म झन्डै दुई करोडको काठ मात्रै किनिसक्यौँ । मल्लकालीन त्यो दरबार विसं १९९० सालको भूकम्पपछि पुनर्निर्माण गर्दा स्वरूप केही बदलिएको रहेछ । हामीले पुरानै स्वरूप कायम हुने गरी पुनर्निर्माण गरिरहेका छौँ । यसमा काठ धेरै प्रयोग हुन्छ । साँझ्यः (बुट्टे झ्याल) बनाउन महँगो छ । हामीले आफ्नै वर्कसप, आफ्नै कालीगडमार्फत यस्ता कलाकृति बनाइरहेका छौँ । सरकारी रेटमै काठ सहज रूपमा पाएको भए प्रतिक्युफिट रु. तीन हजारजतिमा आउँथ्यो । अहिले टेन्डरमा करिब सात हजारजति तिरेर किन्नुपर्ने बाध्यता छ ।

दरबार स्क्वायरको नृत्य वत्सला मन्दिर निर्माणमा हामीले एक करोड २८ लाख रुपैयाँ लाग्ने इस्टिमेट गरेका थियौँ । तर, ७७ लाखमै पुनर्निर्माण भयो । त्यसमा पनि ६ लाख रुपैयाँ स्थानीय र विदेशी पर्यटकहरूबाट १–२ डलर चन्दा प्राप्त भएको थियो । स्थानीयको श्रमदान र सहयोग तथा नगरपालिकाको व्यवस्थापनका कारण नै झन्डै आधा मूल्यमा यसको निर्माण सम्पन्न भएको हो । ठेक्का दिँदा एक करोड २८ लाखले पुगेन भन्दै मानिस थप पैसा माग्न आउँछन् । समयमा पनि निर्माण हुँदैन । तर, उपभोक्ता समितिले धेरै सस्तोमा समयमै पुनर्निर्माण सम्पन्न गऱ्यो । जनताको ताकतको उदाहरण हो यो ।

९ नम्बर वडामा रहेको वाकुपति चाँगुनारायण मन्दिरको छानामा सुनको जलप लगाउने कामका लागि करिब दुई करोड अनुमान गरेकोमा निकै कम बजेटमै सम्पन्न भयो । नगद र जिन्सी (सुन, चाँदी)समेत गरी कुल एक करोड ३८ लाखभन्दा बढी खर्च भएकोमा नगरपालिकाको २५ लाख रुपैयाँ मात्रै खर्च भयो । अरू सबै चन्दा सहयोग प्राप्त भएको थियो । स्थानीयले सुनचाँदी पनि दान दिनुभयो । इस्टिमेट गर्ने, डिजाइन बनाउनेलगायत प्राविधिक काम नगरपालिकाले गरेको थियो ।

श्रमदान गर्ने इच्छा बोकेर आउनेहरूलाई पालो दिन नै नगरपालिकालाई हम्मे थियो । माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका कामका लागि कममात्र ज्याला खर्च भयो । यसरी जनस्तरबाट सहयोग नभएको भए पुनर्निर्माण सम्भव नै हुने थिएन ।

हनुमानघाटमा मौलिक शैलीको कलात्मक ढोका बनायौँ । करिब ४५–४६ लाखभन्दा बढी खर्च भयो । इस्टिमेट डिजाइन सबै नगरपालिकाले गऱ्यो । यहाँ सबै सहयोग स्थानीयबाटै उठ्यो । नगरपालिकाको एक पैसा पनि परेन । हामीले पुनर्निर्माण घोषणा गर्ने वेलामा नै भनेका थियौँ, पहिले आफै उठाउनुस् । नपुगेको सबै नगरपालिकाले व्यहोर्छ । स्थानीयले यसमा अपनत्व महसुस गरे । केही वर्षअघि मात्रै रानीपोखरी पुनर्निर्माण गऱ्यौँ । यहाँको रानीपोखरी काठमाडौँको भन्दा ४० वर्ष पुरानो हो । धेरैलाई थाहा नभएको उक्त पोखरी पनि जस्ताको त्यस्तै बनाएका छौँ ।

ऐतिहासिक भाजुपुखु यस्तै एक उदाहरण हो । भक्तपुर बहुमुखी क्याम्पससँगै जोडिएको यस पोखरी ८०० वर्ष पहिले बनेको थियो । तर, पछिल्लो समय यो जीर्ण थियो । ०५४ सालमा निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरूले ०५८ सालमा नै यस पोखरीलाई पुनर्निर्माण गर्न खोज्नुभएको थियो । तर, कार्यकालको अन्त्यतिर मात्रै काम सुरु भयो । ०५९ सालदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन भएकाले यहाँको काम अलपत्र पऱ्यो ।

पछिल्लो समय यहाँ वर्षायामबाहेकको समय पानी नै थिएन । स्थानीय सरकार बनेपछि हामीले यसलाई जीर्णोद्धार गरेर फेरि पहिलेकै अवस्थामा फर्काएका छौँ । उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता बढ्ने, कामप्रति अपनत्व महसुस हुने र कम बजेटमै योजना सम्पन्न हुने गरेको हाम्रो अनुभव छ । पारदर्शिता र कामको गुणस्तरमा कहिल्यै सम्झौता गरेका छैनौँ ।

केही समयअघि मात्रै एउटा जापानी संस्थाले श्वासप्रश्वास पुनर्स्थापना केन्द्र निर्माणका लागि सहयोग गर्ने प्रस्ताव गऱ्यो । हाम्रो एजेन्डा उही थियो, ससर्त हुनुभएन । ठेक्कामा काम गर्दैनौँ । पहिलो चरणमा एक करोड ७० लाख रुपैयाँ पैसा दियो । ठेक्का नदिने हो भने सम्झौता भएको आठ महिनामा भवन तयार गरेर हस्तान्तरण गर्नुपर्छ भन्यो । हामीले तपाईंहरू सबै प्राविधिक पनि ल्याउनुस् । अनुगमन पनि गर्नुस् । गुणस्तरमा सम्झौता हुँदैन, यो हाम्रा लागि पनि अवसर हो भन्यौँ ।

उक्त संस्थाबाट हप्तैपिच्छेजसो डाक्टर, इन्जियिनर र सम्बन्धित पदाधिकारी अनुगमनमा आउनुभयो। हामीले एक करोड ३६ लाखमा समयमै पुनर्निर्माण सक्यौँ। बाँकी रहेको ३४ लाख जापानमै फिर्ता पठाइयो। 'अरू ठाउँमा पैसा पुगेन भन्छ। तपाईँहरूले त सबै काम गरेर पनि उल्टै पैसा फिर्ता गर्नुभयो,' उनीहरूले अचम्म मान्दै भने। हाम्रो विशेषता नै यही हो।

## मौलिक स्वरूपमै निजी घर

हामी पुरानो सहरको मौलिकता कायम राख्नुपर्छ भन्नेमा सचेत छौँ। त्यहीअनुसार नीति बनायौँ। भक्तपुर नगरपालिकाको करिब तीन वर्ग किलोमिटरजतिमा फैलिएको प्राचीन सहरमा सबै घरको बाहिरी मोहोडा मौलिक शैलीकै छ। मोहोडामा लाग्ने ईँटा, झिँगटी, काठका लागि नगरपालिकाले ३५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको छ। अनुदानको व्यवस्थाले स्थानीयलाई उत्साहित पनि बनाएको छ। केही नियम पनि छन्, आल्मुनियम प्रयोग गर्न नपाइने, ईँटा नै प्रयोग गर्नुपर्ने, काठको झ्याल नै राख्नुपर्ने। अहिले पूरै नगर घुम्दा पनि कुनै घरमा बाहिरबाट हेर्दा पिलर देखिँदैन। पिलर सिस्टमकै घर हो, तर ईँटाले छोप्न लगाएका छौँ। नभए टायल भए पनि राख्नुपर्छ। यसले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ। भक्तपुर पर्यटकीय नगर हो। पर्यटकलाई नै आकर्षित गर्न यहाँको मौलिकता कायम रहनुपर्छ। आधुनिक घरहरू हेर्न त को आउँछ र ?

पुनर्निर्माण लगभग अन्तिम चरणमा छ। मुद्दा–मामिला परेका एकाध निजी घरबाहेक बाँकीको पुनर्निर्माण भइसकेको छ। यहाँको कला र संस्कृतिको संरक्षणका लागि पनि काम भइरहेका छन्। कपाली समुदायले बजाउने मुहाली बाजा झन्डै लोप हुने अवस्थामा पुगिसकेको रहेछ। पछिल्ला पाँच–सात वर्षको अवधिमा ११–१२ जना नयाँ पुस्ताले मुहाली बाजा बजाउन सिकेका छन्।

भूकम्पले भत्किएका विद्यालय पनि नगरपालिका आफैले पुनर्निर्माण गऱ्यो। पुनर्निर्माणसँगै शैक्षिकस्तर बढाउनका लागि पनि प्रयास गरिरहेका छौँ। सामुदायिक र निजी स्कुलबिच भेद कम गरेका छौँ। शिक्षाको गुणस्तर राम्रो भए मात्रै जनता सचेत हुन्छन् भन्ने हाम्रो मान्यता हो। पाँच कक्षा, आठ कक्षा र १० कक्षामा गरी तीन चरणको नगरस्तरीय परीक्षा लिन्छौँ। शिक्षकहरूलाई पनि तालिम दिएर अब्बल बनाइरहेका छौँ। कालान्तरमा उनीहरू जुनसुकै जिल्लामा गएर काम गर्दा पनि भक्तपुरबाट सिकेर आएको भन्दा हामीलाई गर्व हुनेछ। बिउ राम्रो भएपछि नै उत्पादन राम्रो हुने भएकाले शिक्षकलाई प्रशिक्षण र तालिम पर्याप्त उपलब्ध गराउने गरेका हौँ। नगरपालिकाले आफ्नै लगानीमा दुईओटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने सातओटा शैक्षिक संस्था सञ्चालन गरेको छ। वडा–वडामा शिशु स्याहार केन्द्र चलाइरहेका छौँ।

विद्यालयमा पाठ्यक्रममा नेवारी संस्कृतिबारे पनि पढाइरहेका छौँ। पूर्णिमा, सकिमना पूर्णिमा, गठेमंगल, विस्का जात्रा, दसैँ, तिहारलगायत यहाँका संस्कृति, जात्रा र महोत्सवबारे पढाइ हुन्छ। रञ्जना लिपि कोर्समै राखेका छौँ। हामीले नागरिकको स्वास्थ्य र शिक्षालाई सधैँ प्राथमिकतामा राखेका छौँ। भूकम्पले भक्तपुर अस्पतालमा क्षति पुगेको थियो। त्यो प्रादेशिक अस्पताल हो। नयाँ भवन निर्माण भइसकेको छ। नगरपालिकाले ख्वपः अस्पताल सञ्चालन गरिरहेको छ।

यहाँ गएको आर्थिक वर्ष ७० जिल्लाका दुई लाख २० हजारभन्दा बढीले स्वास्थ्य सेवा लिए। पछिल्लो नौ महिनामा एक लाख ७८ हजारले सेवा लिइसकेका छन्। नगरपालिकामा ९० जना स्वास्थ्य स्वयंसेविका छन्। नर्सको नेतृत्वमा स्वयंसेविकाको टोली घरघरमै पुगेर सुत्केरी, ज्येष्ठ नागरिक, बिरामीलगायतको चेकजाँच गर्छ। वडावडामा डाक्टरसहितको स्वास्थ्यकेन्द्र छ। केही वडामा विशेषज्ञ डाक्टरसहितको सेवा छ। प्रत्येक नगरवासी २० मिनेटमा स्वास्थ्य केन्द्रसम्म पुग्न सक्छन्।

कोभिडकालमा जनस्वास्थ्य केन्द्रलाई नै कोभिड अस्पतालका रूपमा बदल्यौँ। धेरै जिल्लाका मानिसले यहाँ सेवा लिए। जनस्तरको सहयोगबाट दैनिक एक सय २४ सिलिन्डर क्षमताको अक्सिजन प्लान्ट तयार भयो। अहिले नगरवासीहरूले अक्सिजनका लागि पैसा तिर्नुपर्दैन। रगतका लागि रेडक्रससँग सम्झौता गरेका छौँ, नगरवासीका लागि सबै रगत निःशुल्क वितरण गर्छौँ।

जनताको विश्वास जित्न सक्दा लडेर पनि छोटो समयमै उठ्न सकिनेरहेछ। जनताको विश्वास भएन भने कुनै पनि परियोजना सफल नहुनेरहेछ। स्थानीय तहले अहिले धेरै अधिकार पाएका छन्। आफूसँग भएको स्रोतलाई उपयोगमा ल्याउन सक्नुपर्नेरहेछ।

सङ्घ र प्रदेश सरकारबाट बजेटमा पक्षपात भएको हाम्रो अनुभव छ। यो वर्ष वाग्मती प्रदेशबाट भक्तपुरलाई आउने बजेट शून्यजस्तै छ। कानुनअनुसार पाउनुपर्ने समपुरक अनुदान, विशेष अनुदान पनि पाएका छैनौँ। जब कि, यस्तो अनुदान त देशैभरका सबै नगरपालिकाले पाउँछन्।

नयाँ पत्रिका, वैशाख १५

# नेपालको जलस्रोतमा भारतको एकाधिकार : नेपालमा लोडसेडिङ !

**विवेक**

नेपालमा फेरि लोडसेडिङको चर्चा छ । नेपाल सरकार र भारत सरकारबिच विद्युत् आयातसम्बन्धी सम्झौता हाल ३ महिनाको लागि मात्रै नवीकरण गरेको समाचार आयो । त्यो पनि नेपाल सरकारले भारतको शर्त स्वीकार गरेपछि मात्रै भएको प्राधिकरण सम्बद्धहरू बताउँदैछन् । बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म त्यो पनि नेपालले माग गरेको भन्दा निकै कम मात्रै भारतले निर्यात गर्ने शर्तमा नवीकरण गरिदिएको भनिएको छ । यसले अबका केही दिनदेखि नै नेपालमा लोडसेडिङ हुने र औद्योगिक क्षेत्रमा त अहिले नै अघोषित रूपमा लोडसेडिङ सुरु भइसकेको छ ।

नेपाल विश्वकै जलस्रोतमा दोस्रो धनी देश भएर पनि किन हरेक वर्ष नेपालीहरू विद्युत्को निम्ति भारतनिर्भर हुनुपर्‍यो ? यो महत्त्वपूर्ण प्रश्न हो । हाम्रा शासक दलका नेताहरू भारतीय शासक वर्गलाई खुशी पार्न नेपालको जलस्रोत भारतको हातमा सुम्पने गर्छन् । नेपालका पूर्व प्रधानमन्त्रीहरू मातृकाप्रसाद कोइराला, बिपी कोइराला र गिरिजाप्रसाद कोइरालाले भारतसँग क्रमशः कोशी, गण्डक, र टनकपुर(पछि महाकाली एकीकृत सन्धि) जस्ता देशघाती सन्धि सम्झौता गरे । भारत खुशी नभएसम्म नेपालको शासनमा टिकिरहन नसक्ने दास मानसिकताकै कारण देशघाती सम्झौताहरूले निरन्तरता पाएका हुन् ।

भारतमा अङ्ग्रेजहरूले २०० वर्षभन्दा लामो समय शासन गरे । सन् १९४७ मा मात्रै बेलायती साम्राज्यवादको दमनबाट भारतीय जनताले मुक्ति पाए । कमजोर देशहरूमाथि उपनिवेश गर्ने विस्तारवादी सोचले भने निरन्तरता पाए । नेपालको जलस्रोत भारतले एक एक गरी कब्जा गर्नुमा यही उपनिवेशवादी सोच नै प्रमुख कारण हो ।

नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने, जलस्रोत नियन्त्रण गर्ने र नेपालको आर्थिक विकासमा अवरोध पुर्‍याउने मामिलामा भारतमा जुनसुकै दलको सरकार आए पनि तिनीहरूको एउटै नीति देखिन्छ ।

विसं २०५३ सालमा भएको देशघाती महाकाली सन्धिको जनस्तरबाट व्यापक विरोध हुँदा हुँदै पनि सरकारले पछि अर्को देशघाती माथिल्लो कर्णालीको सम्झौता गर्‍यो । शासक दलहरू मिलेर सिङ्गो कर्णाली नदी नै भारतीय कम्पनी जि.एम.आर.लाई सुम्पने अपराध गरे । विश्व बैङ्कै सर्वेक्षणअनुसार माथिल्लो कर्णाली नदीबाट ४१८० मे.वा. बिजुली उत्पादन गर्न सकिन्छ भन्ने देखाएको छ । नेपालमा १०० वर्षभन्दा लामो जलविद्युत्को इतिहास छ तर हालसम्ममा जम्मा २५।२६ सय मे.वा. मात्रै निकाल्न सकेको छ । त्यो पनि विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता साम्राज्यवादीहरूको स्वार्थ पूरा गर्न स्थापना गरिएका आर्थिक हतियारहरूको ऋण सहयोगमा । समयमा विद्युत् उत्पादन गर्न नसक्नाले पनि लागत मूल्य बढ्नुका साथै ऋणको भार थपिँदै गएको देखिन्छ ।

विसं २०७९ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ७५० मे.वा. क्षमताको पश्चिम सेती भारतलाई सुम्पे । त्यसअघि चिनियाँ कम्पनी थ्री गर्जेजले निर्माण ठेक्का पाएको थियो । नेपालको भूमिमा चिनियाँ प्रवेश गरेको हेर्नसम्म नचाहने भारतले जलस्रोतमा चिनियाँ लगानी विस्थापित गर्न भारतको लगानी गरेकोबाहेक कुनै पनि विदेशीले लगानी गरेको जलविद्युत् खरिद नगर्ने निर्देशिका नै जारी गर्‍यो । नेपालको अपार जल भण्डार कब्जा गर्नकै लागि निर्देशिका जारी गरेको बुझ्न सकिन्छ ।

नेपालको जलस्रोत भारतलाई सुम्पनेमा नेपालका शासकहरू एक प्रकारको प्रतिस्पर्धा नै गर्छन् । प्रधानमन्त्री 'प्रचण्ड'ले २०८० सालमा भारत भ्रमणको क्रममा ६७९ मे.वा. को तल्लो अरूण, ४८० मे.वा. को फुकोट कर्णाली भारतलाई दिने सम्झौता गरे । त्यसैगरी ९०० मे.वा. को अरूण तेस्रो, ४९० मे.वा. को अरूण चौथो, ४५० मे.वा. को सेती नदी ६ लगायत पनि भारतकै जिम्मामा दिए । यसरी नेपालको भए भरको नदीनालाहरू भारतलाई सुम्पेपछि नेपाल कसरी विद्युत्मा आत्मनिर्भर बन्न सक्छ ?

भारत औद्योगिकीकरणतर्फ अगाडि बढिरहेको देश हो । ऊ विश्वको शक्ति राष्ट्रको रूपमा पनि उदय हुँदै छ । उसको लागि धेरै विद्युत्को आवश्यकता हुन्छ । अहिलेसम्म उसको ७० प्रतिशत विद्युत् उत्पादन कोइलामा भर पर्ने गरेको बताइन्छ । त्यसैले नेपालले प्रशास्त विद्युत् उत्पादन गरेर भारतलाई मात्रै बेच्न सके पनि नेपालले आर्थिक रूपमा समृद्ध हुने क्षमता राख्छ । तर हाम्रा शासकहरू नेपालकै लगानीमा विद्युत् उत्पादन गर्नुको सट्टा भारतलाई

विद्युत् परियोजना बनाउन लगाउने र त्यसबाट केही प्रतिशत लिएर नेपालको आर्थिक विकास गर्ने सपना देख्छन् ।

भारत नेपालको विद्युत्भन्दा पनि जलस्रोतमा एकलौटी गर्न चाहन्छ । भारतमा संसारकै सबैभन्दा बढी अर्थात् १ अर्ब ४१ करोडभन्दा बढी जनसङ्ख्या रहेको तथ्याङ्कले देखाउँछ । त्यो जनसङ्ख्या वृद्धिलाई व्यवस्थापन गर्न उसको लागि ठूलो चुनौती छ । त्यसमा पनि सिँचाइ र स्वच्छ पानीको व्यवस्थापन भारतको लागि ठूलो समस्या बन्दै छ । त्यो समस्या समाधान गर्न नेपालका नेताहरूलाई फकाएर, धम्काएर वा तर्साएर जलस्रोत मुठीमा पार्ने उसको दीर्घकालीन योजना हो ।

नेपालको विद्युत् भारतलाई बेच्न प्रसारण लाइन निर्माणको लागि भनी सरकारले अमेरिकी एक कम्पनीसँग एमसीसी सम्झौता गर्‍यो । नेपालको सार्वभौमिकता र असंलग्न परराष्ट्र नीति विपरीत भएको त्यो सम्झौताको चौतर्फी विरोध हुँदा हुँदै शासक दलहरूले त्यसलाई पारित गरे । अहिले बैङ्क र सहकारी संस्थामा तरलता निकै बढिरहेको देखिन्छ । बैङ्कहरूमा मात्र लगानीयोग्य रकम ६ खर्ब भन्दा बढी भएको देखाइएको छ । त्यस्तै ३५ हजारभन्दा बढी सहकारीहरूमा खर्बौंको रकम थन्किएर रहेका छन् । त्यो रकम विद्युत् उत्पादन र प्रसारण लाइन विस्तारमा खर्च गरेका भए एमसीसीजस्ता देशघाती सम्झौता गर्न आवश्यक नै पर्ने थिएन । नेपाल विद्युत्मा आत्मनिर्भर हुन सकिन्छ । गाउँ गाउँ र बस्ती बस्तीसम्म बिजुली पुर्‍याएर जनतालाई प्राथमिकतामा राख्नुपर्ने, उद्योगधन्दाको लागि निरन्तर विद्युत् प्रवाह गरी उत्पादन बढाउनुपर्ने भनेर संसद्मा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले बारम्बार उठाए पनि शासक दलहरूले त्यसलाई बेवास्ता गरे । अहिले नेपाल भारतको शर्तमा विद्युत् खरिद गर्नुपर्ने अवस्थामा पुगेको छ ।

केही समयअघि भारतीय विदेश मन्त्री एस.जय शंकर नेपाल भ्रमणमा आउँदा १० वर्षमा १० हजार मे.वा. बिजुली भारत निर्यात सम्बन्धी सम्झौता भएकोमा सरकारले निकै तामझामका साथ प्रचार प्रसार गर्‍यो । भारतको लागि पानी र बिजुली नेपालले उपलब्ध गराउनुपर्ने, नेपालको लागि चाहिने बेला उसको शर्तहरू पालना गरेर किन्नुपर्ने, उसले बेच्न अस्वीकार गर्‍यो भने लोडसेडिङ सहेर अन्धकारमा बस्नुपर्ने हाम्रो बाध्यता । यो कस्ता विदम्बना ! अनि कस्तो पारस्परिक समानताको व्यवहार ? जनसङ्ख्या, भूगोल र अर्थतन्त्रको आधारमा देश सानो ठूलो भए पनि सार्वभौमिकता सबैको बराबर हुन्छ तर भारत नेपाललाई सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र देश स्वीकार गर्न चाहँदैन । यो नै अहिलेको समस्या हो ।

जलस्रोतको माध्यमबाट भारत नेपालको सम्पूर्ण अर्थतन्त्र कब्जा गर्न खोज्दैछ । पर्याप्त विद्युत् उत्पादन भएमा उद्योगधन्दाहरू राम्ररी चल्नेछन् । उत्पादन वृद्धिले मालसामानको लागत घट्ने छ र नेपालको व्यापारघाटा कम गर्न मद्दत पुग्नेछ । भारतसँग नेपालको लागि चाहिने खाद्यान्न, लत्ताकपडादेखि सबैजसो निर्माण सामग्रीहरू भर पर्नु परेको छ । हाम्रा उद्योगधन्दाहरू बन्द गरेर सम्पूर्ण बजार भारतीय कब्जामा पार्ने नै उसको भित्री उद्देश्य हो । भारतको व्यवहारले नेपाललाई अघोषित उपनिवेश गरिरहेको छ ।

छिमेकी देश चीन विश्वको दोस्रो अर्थतन्त्र भएको देश हो । चीनको विकासबाट नेपालले फाइदा लिन सके देशको विकासमा सहयोग पुग्ने थियो । चीन र भारत दुवै छिमेकी हुँदा हुँदै भारतले जहिले पनि नेपालमा स्वार्थवसमात्रै सहयोग गरेको देखिन्छ । चीनले भने नेपालमा विभिन्न उद्योगधन्दाहरू स्थापना गरी आत्मनिर्भर बन्न सहयोग गरेको देखिन्छ । पूर्वाधार निर्माण, कोरोना र भूकम्पजस्तो नेपाली जनता सङ्कटमा परेको अवस्थामा चीनले महत्त्वपूर्ण सहयोग गर्‍यो । नेपालीहरूले छिमेकीलाई चिन्ने समय पनि सङ्कटकै बेला हो । माया गरेजस्तो गरेर ‘काखमा राखेर साथीको गला रेट्ने’ हरू राम्रा मित्र हुन सक्दैनन् । भारतले नेपाललाई त्यस्तै व्यवहार देखाउँदैछ ।

जलस्रोत नेपालको अमूल्य सम्पत्ति हो । त्यसको संरक्षण गरेर भावी पुस्तालाई समृद्ध बनाउन उपयोग गर्नुपर्नेमा देशका तमाम नदीहरू भारतको पोल्टामा राखेर हाम्रा शासकहरूले देशघाती काम गरे । सुगौली सन्धिमा गजराज मिश्र र चन्द्रशेखर उपाध्यायहरूले हस्ताक्षर गर्दा नेपालको झन्डै आधा भूमि गुम्न गयो । आज नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा, केपी ओली, माधव नेपाल, बाबुराम भट्टराई, ‘प्रचण्ड’, झलनाथजस्ता भारतसामु लम्पसार पर्नेहरूले गर्दा देशकै अस्तित्वमाथि नै सङ्कट आइपरेको छ । देश बेच्ने मिश्र र उपाध्याय तथा सिक्किम भारतमा विलय गर्ने लेण्डुप दोर्जीहरूभन्दा हाम्रा देशघाती नेताहरू कुन अर्थमा फरक छन् ? समयले ती देशघातीहरूलाई धिकार्ने छन्, थुक्नेछन् र तिनीहरू ‘नर्क’मा पुग्नेछन् ।

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा
म्याद हेर्ने बानी गरौं !

# ‘सय वर्ष पछिको भक्तपुर पुस्तक भक्तपुर पुन:निर्माणको लागि मार्ग दर्शन हो’

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका




भक्तपुर क्षेत्रफलका आधारमा देशकै सानो नगरपालिका भएपनि पर्यटकीय गन्तव्य र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको नगर हो। ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक दृष्टिले यो अनुपम नगर तथा काष्ठकला, धातुकला र मूर्तिकलाको दृष्टिले नेपालकै उत्कृष्ट नगर हो।

इतिहासविद् जगदिश शमशेर राणाले भक्तपुरमा बाह्रै महिना चलिरहने नाचगान, बाजागाजा, चाडपर्व, सांस्कृतिक समूहहरू, विभिन्न भाषाभाषी, जातजातिबारे गहन अध्ययन र अनुसन्धान गरी भक्तपुरलाई ‘नाचगानको राजधानी’ को संज्ञा दिनु भएको थियो। त्यसैगरी जर्मनी वास्तुकलाविद् निल गोत्सेले भक्तपुरलाई जीवित सङ्ग्रहालयको उपमा दिनुभयो भने इ.ए. पावेलले ‘नेपाल आएर भक्तपुरको दरबार क्षेत्र घुमेन भने संसारकै आधा संसार नघुमे सरह हुन्छ’ भन्नु भएको थियो।

भक्तपुरको सांस्कृतिक वैभवलाई हेरेर विद्वानहरूले यो नगरलाई धेरै किसिमले परिभाषित गर्नु भएको छ। यस्तो महत्त्वपूर्ण नगरकोबारे सय वर्षपछिको भविष्यको कल्पना स्वयम् एक महान् कार्य हो। नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले आजभन्दा २५ वर्ष अघि २०५६ सालमा ‘सय वर्षपछिको भक्तपुर’ लेखेर भक्तपुरको भविष्यको रूपरेखा कोर्नु भयो।

‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको रूपमा भने २०५९ सालमा मात्रै प्रकाशित भएको हो। पुस्तकले भक्तपुरको भविष्यको लागि मार्ग निर्देश गऱ्यो। भक्तपुर विकासको निम्ति पुस्तक एक प्रकारको गुरु योजना बन्यो। २०५४ सालमा निर्वाचित जन प्रतिनिधिहरूले त्यसलाई कार्यान्वयनको थालनी गर्नुभयो। ‘सय वर्षपछिको भक्तपुर’ सार्वजनिक भएकै वर्ष २०५६ सालमा ख्वप उच्च मा.वि., २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजहरू स्थापना भयो। २०५९ सालदेखि देशभरका स्थानीय निकायहरू जन प्रतिनिधिविहीन भए। १५ वर्षसम्म स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा विकास निर्माणमा भक्तपुर धेरै पछि पऱ्यो। तत्कालीन जनप्रतिनिधिहरू जनताको सेवाबाट पछि हट्नु भएन, अर्को निर्वाचितहरू नआएसम्म जनप्रतिनिधिहरूकै रूपमा जनताको सेवामा लाग्नुभयो। त्यही क्रममा २०६० सालमा ख्वप बहु प्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ ईन्जिनियरिङ, त्यही बिच शारदा कलेज र मा.वि. पनि नगरपालिकाको जिम्मेवारीमा आयो। २०७४ सालको निर्वाचन पछि निर्वाचित प्रतिनिधिहरूको निरन्तर प्रयास स्वरूप २०७९ सालमा ख्वप कलेज अफ ल सञ्चालनमा आयो। अहिले नगरपालिका मातहत दुई ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। ती शैक्षिक संस्थाहरूमा हाल देशका ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। पुस्तकमा **नगरपालिकाहरूको आआफ्नो नगर अस्पताल, शिशुशालाहरू, बालउद्यानहरू, विद्यालय र महाविद्यालयहरू छन्** (पेज ७०)। सय वर्षपछिको त्यही परिकल्पना साकार पार्ने उद्देश्यले नै भक्तपुर नगरपालिकाले वडा वडामा शिशुस्याहार केन्द्रहरू सञ्चालन गरिरहेको हो।

भक्तपुर नगरपालिकाले पुस्तकलाई आधार बनाइ योजनावद्ध विकास गर्दैछ। **नगरमा ढलहरू छोपिएका छन्, खुला छैनन्, सबै ढलका फोहोर उपचार पोखरीमा जान्छ र सफा गरेपछि मात्र खोलामा बग्छ** (पेज ६९)। भक्तपुर नगरपालिका भित्र हनुमन्ते खोला र खासाङखुसुङ खोलाहरू बग्छन्। ती खोलाहरूमा अहिले पानी होइन ढल बगिरहे छन्। त्यसमा सफा पानी बगाउने उद्देश्यले भनपा ७ हनुमानघाट र भनपा २ सल्लाघारी गरी भक्तपुर नगरका २ ओटा ठाउँहरूमा फोहोर पानी उपचार पोखरीहरू निर्माण हुँदैछ। खोलाको दुवै किनारामा फोहोर बग्ने ढलको पाइपको व्यवस्था भइसकेको छ।

पुस्तकमा सय वर्षपछि **नगरपालिकाहरूमा आआफ्नै नगर अस्पताल छन्** (पेज ७०)। भक्तपुर नगरपालिकामा घर दैलो नर्सिङ, वडा वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्र, १०० शय्याको ख्वप अस्पताल, आयुर्वेदिक स्वास्थ्य केन्द्र, स्वास प्रश्वास पुनस्थापना केन्द्र र ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालनमा छन्। त्यसबाहेक प्रदेश अन्तर्गतका भक्तपुर अस्पताल, सङ्घीय सरकार अन्तर्गतका भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रले पनि त्यतिकै सेवाप्रदान गरिरहेको छ। यस अर्थमा भक्तपुरका जनताले सामान्यदेखि जटिल रोगसम्मको उपचार भक्तपुरमै पाउन सम्भव भएको छ। स्वास्थ्य सेवामा यति सहज उपचार सायदै अरू ठाउँमा जनताले पाएका छन्। जनताले अक्सिजन र रगत निःशुल्क पाइरहेका छन्।

**नगरपालिकाहरूको आफ्नै खानेपानी व्यवस्था, आवास क्षेत्रहरूको र बजारको व्यवस्था छ** (पेज ७०)। भक्तपुर नगरपालिकाको निरन्तर प्रयासले अधिकांश नगरवासीहरूको घर घरमा मेलम्चीको पानी पुगेको छ। अझै कहीँकहीँ समस्या छ। त्यसको लागि पनि नगरपालिकाले प्रयास गर्दैछ।

कमलविनायक आवास योजना, लिवाली आवास योजना र तुमचो दुगुरे आवास योजना सम्पन्न गरिसकेको छ भने अहिले देको मिवा इतापाके आवास योजना चालु अवस्थामा छ। ती सबै ठाउँमा व्यवस्थित बस्तीको विकास भइरहेको छ।

बजार व्यवस्थाको लागि नगर प्रहरी भर्ना गरी परिचालन गर्दैछौँ। बजारमा अखाद्य वस्तुहरूको बिक्री वितरण नियन्त्रणका लागि बजार अनुगमनको व्यवस्था छ।

**वर्षको ३० लाख पर्यटक आउने र हरेक दिन ५००० पर्यटक आउने छन्। आयको प्रमुख श्रोत बन्नेछ (पेज ७२)**

भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदैछ। वार्षिक लाखौँ पर्यटक आएको रेकर्ड छ। बितेको नौ महिनामा १ लाख ८५ हजार विदेशी पर्यटकहरूले भक्तपुरको भ्रमण गरेका छन्। नेपाल आएका पर्यटकहरू मध्ये १ चौथाइ भक्तपुर आउने गरेको रेकर्ड छ। पर्यटन विकासलाई ध्यानमा राखेर जापानी भाषा, चिनियाँ भाषा, कुक तालिम, स्थानीय पथ प्रदर्शक तालिमलगायत विभिन्न तालिमहरू दिइरहेका छौँ।

समय समयमा सांस्कृतिक प्रदर्शनीको आयोजना, टोलटोलमा बाजा प्रशिक्षणको व्यवस्था, सांस्कृतिक गुरुहरूको सम्मान र बाजा समूहहरूलाई आर्थिक सहयोगको नीति बनाइ सांस्कृतिक क्षेत्रलाई प्रोत्साहित गर्दैछौँ। यही वैशाख २२ गते गुँलाबाजा प्रतियोगिताको आयोजना गर्दैछौँ।

२०७२ सालको भूकम्पबाट भत्केका अधिकांश सम्पदाहरूको पुनःनिर्माण कार्य सम्पन्न भएका छन्। पहिलो कार्यकाल ५ वर्षमा १२४ ओटा सम्पदाहरू मौलिक शैलीमा नगरपालिकाको आफ्नै श्रोत, साधनहरूको परिचालन गरी सम्पन्न गऱ्यौँ। मौलिक शैलीमा घर बनाउनेहरूका लागि ३५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरिरहेका छौँ। इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषालगायत विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ।

साथै आर्थिक रूपले पछाडि परेका ६०० जना विद्यार्थीलाई रु. ५ लाखका दरले शैक्षिक ऋण दिएर विभिन्न उच्चशिक्षा अध्ययनको अवसरमा प्रदान गर्दै आएका छौँ।

हामीले चाहेर पनि दरबार क्षेत्रस्थित न्ह्यकं झ्यो दरबार बनाउन सकेका छैनौँ। भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र संस्कृति मन्त्रालयबिच उक्त दरबार मल्लकालीन शैलीमै बनाउनेमा सहमति भयो। तर, विभिन्न प्राविधिक कारण अझै निर्माण कार्य अगाडि बढ्न सकेन। नगरपालिकाकै लगानीमा थंथु दरबार पुनः निर्माण गर्दै छौँ। हामी हाम्रो सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको लागि अरूको भर परेनौँ।

## सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा देखिएका केही समस्या र चुनौतिहरू :

- सम्पदाहरू पुनःनिर्माणको लागि आवश्यक काठहरू सरकारी मूल्यमा उपलब्ध गराउने कानूनी व्यवस्था हुनुपर्ने,
- सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको कार्य स्थानीय जनतामार्फत गर्ने वन्दोबस्त हुनुपर्ने,
- नेपाल सरकारले आवश्यक जनशक्ति तयार गर्न स्थानीय तहलाई आवश्यक सहयोग गर्नुपर्ने,
- मौलिकता जोगाउन पुरातत्त्व विभाग कडाइका साथ प्रस्तुत हुनुपर्ने, र
- सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको जिम्मेवारी विदेशीलाई दिन नहुने।

यसरी भक्तपुरको सम्पदाहरूको मौलिकता जोगाई 'सय वर्षपछिको भक्तपुर' पुस्तकमा लेखिएझैँ **'भक्तपुर एउटा आश्चर्यको नगर हुनेछ, विहान प्राचीन शहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो र राती प्राचीन लुगा लगाएकी सुन्दरीजस्तो देखिने छ।'** यो साँचै पृथ्वीमा 'स्वर्ग'को एक टुक्रा हुनेछ। पुस्तकका लेखक नारायणमान बिजुक्छेँज्यूलाई धन्यवाद।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विश्व सम्पदा दिवसको अवसरमा २०८१ वैशाख ६ गते आयोजित सय वर्षपछिको भक्तपुर पुस्तकबारे प्रवचन कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)

# सय वर्षपछिको भक्तपुर : एक अध्ययन



राजेन्द्रबहादुर कायष्ठ

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकमा कल्पना गरे अनुसार त्यसबेला भक्तपुरका जनता तीनजनामा एकजना जापानी, जर्मन र ल्याटीनी भाषा बोल्न सक्ने हुन्छन् र आधा जनसङ्ख्या त अङ्ग्रेजी भाषा राम्ररी बोल्न सक्छन् भन्ने भनाइलाई आत्मसात गर्दै सबैलाई विभिन्न नेपालमा प्रचलित भाषाहरू र विदेशी भाषाहरूबाट अभिवादन गर्न जाँदैछु ।

सबैभन्दा पहिला **नेपाल भाषामा** ज्वज्वलपा, **नेपाली** भाषामा नमस्ते वा नमस्कार, **मगर** भाषामा भ्mोर्ले, **राई** भाषामा सेवाने, **तामाङ** भाषामा ल्हासो फ्याफुल्ला, **मैथली** भाषामा प्रणाम, **लिम्बु** भाषामा सेवारो ।


विदेशी भाषातिर जाँदा (बिहान १० बजे भएको हुँदा)– **अङ्ग्रेजी**मा गुड मर्निङ, **फ्रेन्च** भाषामा बोन्जुर, **जर्मन** भाषामा गुटेन ट्याग, **जापानी** भाषामा ओहायो गोजैमसु, **चिनियाँ** भाषामा जाओसाङ्ग हावो, **रसियन** भाषामा दोव्राये ओत्रा, **स्विडिस** भाषामा गुड मर्गन ।

यसरी हामीले दैनिक ७ शब्द विदेशी भाषाहरू सिक्ने हो भने १ वर्षमा २५५५ ओटा सिक्छौँ भने २५ वर्षमा ६३,८७५ शब्द सिक्न सक्ने रहेछौँ । यो भनेको सामान्य व्यवहारको लागि प्रशस्त हुन्छ ।

बिसौँ शताब्दीका महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको भनाइअनुसार कल्पना वा परिकल्पना ज्ञानभन्दा महान् (Imagination is greater than knowledge) हुन्छ । वर्तमान अवस्थाका घटनाहरूबारे जानकारी प्राप्त गर्नु ज्ञान हो भने भविष्यबारे सोच्नु कल्पना हो । कल्पनाबाट नै वैज्ञानिकहरूले विभिन्न वस्तुहरू आविष्कार गरेका छन् । चरा उडेको देखेर राइट दाजुभाइले हवाइजहाज, शरीरका अङ्गहरू काट्दा (शल्यचिकित्सा गर्दा) मानिसलाई भएको पीडा देखेर जेम्स सिम्पसनले क्लोरोफर्म आविष्कार गरे आदि । यसकारण सय वर्षपछिको भक्तपुरबारे कल्पना, लिपिवद्ध गरेर सबैलाई अध्ययन गर्ने सुअवसर दिनुभएकोमा लेखकलाई धेरै धन्यवाद । किनभने आविष्कार र विकासको सुरुवात कल्पनाबाट नै हुन्छ ।

भक्तपुर परापूर्वकालदेखि सम्पन्न र वैभवशाली थियो भन्ने तथ्य यहाँ भएको सुनको ढोका वा गोल्डेन गेट र पाँचतले मन्दिरले नै प्रमाणित गर्दछ । किनभने मन्दिरको साथसाथै आधार स्तम्भ पनि पाँचै तला भएको मन्दिर नेपालमा कहीँ पनि छैन ।

आजभोलि नेपालमा केही हुँदैन भन्ने नकारात्मक सोचले ग्रसित नेपालीहरू, विशेष गरी युवापुस्ताको मस्तिष्कलाई पुस्तकमा भएको प्रत्येक लेखमा देश विकासबारे सकारात्मक सन्देश प्रवाह भएको छ । हाल नेपाल सरकार र नेपाली नेताहरूप्रति जनताको विश्वास घट्दै गएको छ । यस कठिन अवस्थामा लेखकले लेखहरूको माध्यमहरूबाट यो केही समय मात्र हुनेछ र भविष्यमा यसमा क्रमिक सुधार हुँदै जाने सकारात्मक सोच दिनुभएको छ । यसले नेपाली जनतालाई नेपालमै बस्ने र यो देश पनि भविष्यमा सबै क्षेत्रमा राम्रो र सम्पन्न हुने आत्मविश्वास र आत्मबल प्रदान गरेको छ । जस्तै



: पुस्तकमा अहिले आम नेपालीमा चरम असन्तुष्टी रहेको, नेपाल सरकार र राजनैतिक पार्टीहरूप्रति हुने आलोचना र निन्दा र देशभित्र बढ्दै जाने जनचेतनाले विस्तारै उनीहरूमा देश र जनताप्रति जिम्मेवारी बढ्दै जाने र उनीहरूको सोच पनि देश र जनताको उन्नति प्रगतितर्फ केन्द्रित हुने, विदेशबाट आएका नेपालीहरूमा विदेशमा बस्दा भएको हेपाइ, गौरवविहीन जीवन, कष्टप्रद अनुभव आदिले देशप्रेम बढदै जाने, जनताको चर्को विरोध, बहिष्कार, ऐन नियममा कडाइ, जाँचबुझको नयाँ नयाँ संयन्त्र तथा पारदर्शिताको आन्दोलनले भ्रष्टाचारमा कमी आउनेछ आदि । यसरी पुस्तकले सबै नेपालीलाई आफ्नो देशप्रति सकारात्मक सन्देश प्रवाह गरेर आशावादी बन्नमा सहयोग गरेको छ । विज्ञान र मानवशास्त्रको विद्यार्थीको नाताले सकारात्मक सोचको फाइदाहरू निम्न अनुसार भएको जानकारी गर्न चाहन्छु ।

## सकारात्मक सोचको शक्ति :

**क)** यसले मानिसमा प्रगतिको लागि केहीगर्ने जोस, जाँगर, उत्साह, सन्तुष्टी, स्वस्थता बढाउँछ ।

**ख)** यसले मानिसलाई जीवनमा दायित्व र कर्तव्यबोध गराउँछ ।

**ग)** यसले मानिसलाई रिस, घमण्ड, इर्ष्या, डाहालगायत नकारात्मक विचारलाई घटाउँछ ।

**घ)** यसले मानिसलाई निरोगी र तनावरहित बनाउँछ ।

विगत ४० वर्षमा नेपाल त्यसमध्ये विशेष गरी भक्तपुर जिल्लाले सम्पदा संरक्षणमा र अन्य धेरै क्षेत्रमा विकासमा फड्को मारेको छ ।

अब म आजको कार्यक्रमको विषय सम्पदा संरक्षणमा सय वर्षपछिको भक्तपुर पुस्तकको भूमिका अन्तर्गत शिक्षा, वातावरण, पर्यटन, भाषा, सम्पदा, स्वास्थ्य आदिले सम्पदा संरक्षणमा सहयोगी हुँदै गएको जानकारी गर्न चाहन्छु ।

**क)** पुस्तकमा भक्तपुरमा शिक्षाको राम्रो विकास हुने कुरा उल्लेख गरिएको छ । हाल ५ वर्ष वा सोभन्दा माथिको साक्षरता प्रतिशतको आधारमा भक्तपुर जिल्ला नेपालको तेस्रो सबैभन्दा साक्षरता भएको जिल्ला भइसकेको छ । पुस्तकले सय वर्षपछि धेरै विद्यालय र महाविद्यालयहरू हुने कल्पना गरिएको छ । शिक्षाले सम्पदाको महत्त्व, संरक्षण, ऐतिहासिक खोज, प्रमाण, सम्पदाको उमेर आदिको जानकारी प्राप्त गर्नमा सहयोग गर्दछ । सर्वसुलभ र गुणस्तरीय शिक्षाको लागि भक्तपुर नगरपालिकाले उक्त लेख प्रकाशित भएको (विसं २०५६ पौष महिना) केही समयपछि नै ख्वप कलेज, केही समयपछि इन्जिनियरिङ कलेज स्थापना गरेर व्यवहारमा लागु गरिसकेको छ । यसरी नै सरकारी र निजी विद्यालयहरू पनि धेरै मात्रामा खुल्ने क्रम जारी छ । विगतमा उच्च शिक्षा अध्ययनको लागि भक्तपुर बहुमुखी क्याम्पस र सानो ठिमी क्याम्पसमात्र रहेकोमा हाल उच्च शिक्षा दिने कलेज पनि धेरै भइसकेको छ । साथै एसइई लगायत उच्च शिक्षाको परीक्षामा भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूले उत्कृष्ट नतिजा हासिल गरिरहेका छन् । यसै गरी विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूमा रोजगारीमा पनि उल्लेखनीय सफलता प्राप्त गर्ने अवसर भक्तपुरका विद्यार्थीहरूले पाएका छन् ।

**ख)** पुस्तकमा पर्यटकहरू धेरै आउने र यहाँ लामो बसाइ बस्ने, आएका एक तिहाइ पर्यटक भक्तपुरमै बास बस्ने उल्लेख गरिएको छ । सम्पदाहरू संरक्षण गर्न आर्थिक अवस्था बलियो हुनुपर्दछ । भक्तपुरको आर्थिक आयआर्जनको मुख्य उपाय भनेको पर्यटन नै हो । भक्तपुर सम्पदा अध्ययनको लागि एक खुला विश्वविद्यालय जस्तै हो । भक्तपुरले कृषि, उद्योग, व्यापार आदिबाट कमाउन आवश्यक जग्गा जमिन नै छैन । अहिले पर्यटकहरू भक्तपुरको सम्पदा हेर्दा आधा नेपालको सम्पदा हेरेको जस्तो अनुभव भएको बताउने गर्दछन् । हाल भक्तपुरमा पर्यटकहरू बास बस्नेको लागि आवश्यक सुविधासहितको पर्यटकहरूको रोजाइ अनुसारको होटेल, होम स्टे, रेष्टुरेण्ट आदि खुल्ने क्रम जारी छ ।

**ग)** पुस्तकमा भक्तपुरका बासिन्दाहरू विदेशी भाषामा दखल भएको हुने कल्पना गरिएको छ । यसले पर्यटकहरूलाई यहाँको सम्पदाबारे जानकारी हासिल गर्न, बस्न, घुम्न र अन्तरक्रिया गर्न, अनुसन्धान गर्न आदि कार्यमा ठूलो सहयोग गर्दछ । यसले रोजगारी बढाउनुको साथै आत्मियता बढ्न गएर यहाँको बसाइ पनि लम्बिन जान्छ । हाल भक्तपुरमा अङ्ग्रेजी, कोरियन, जापानी, चिनियाँ आदि भाषा सिकाउने संस्थाहरू र अध्ययन गर्ने विद्यार्थीहरू दिनप्रतिदिन बढ्दै गएको छ ।

**घ)** पुस्तकमा सम्पदा संरक्षणमा जोड दिएको छ । यही कल्पनाबाट प्रेरित भएर सम्पदा संरक्षणमा भक्तपुर नगरपालिका नेपालमा एक नम्बर भएको छ । जल्दोबल्दो प्रमाण २०७२ सालको भूकम्पबाट भत्केका सांस्कृतिक सम्पदा निमार्णहरू कम बजेटमा छिटो निर्माण र धेरै निर्माण गर्न सक्ने नगरपालिका भक्तपुर हो ।

**ङ)** पुस्तकमा भक्तपुरको वातावरणबारेमा पनि कल्पना गरिएको छ । त्यसबेला भक्तपुर नगर सवारी साधन रहित हुने, खोला, खोल्साहरू सफा हुने र आफ्नै प्राकृतिक गतिमा बग्ने, नदीकिनाराको दायाँ बायाँ विभिन्न होटेलहरू हुने आदि

उल्लेख गरिएको छ । यसमध्ये दरबार क्षेत्रमा सवारी साधन निषेध भइसकेको छ । यसले गर्दा दरबार क्षेत्रमा घुम्न आउने स्वदेशी र विदेशीलाई एउटा बेग्लै आनन्दको अनुभूति गराएको छ । यसरी नै भक्तपुर नगरभित्र ठूला गाडीहरू आउन निषेध गर्नाले सम्पदाहरू संरक्षणमा ठूलो टेवा पुगेको छ ।

**च)** सम्पदा संरक्षणलगायत जुनसुकै काम गर्न सर्वप्रथम मानिसहरू स्वस्थ हुनुपर्दछ । पुस्तकमा भक्तपुरको स्वास्थ्य सेवाबारेमा प्रत्येक नगरको आ–आफ्नै नगर अस्पताल हुने, सरकारी र निजी स्वास्थ्य सेवा केन्द्रहरू हुने उल्लेख भएको छ । यी कल्पना गरिएको (२०५६ साल पुस महिना) देखि हालसम्म (२०८० चैत्र महिना) सम्ममा अर्थात् २४ वर्ष ३ महिनामा लगभग पूरा भइसकेको छ । किनभने अहिले भक्तपुरमा भएको चारओटै नगरका आआफ्नो अस्पतालहरू छन् । त्यसमा सेवा दिने तरीकामा मात्र आवश्यक सुधार गर्नुपर्ने देखिन्छ । ४० वर्षअघि भक्तपुर अस्पतालमात्र रहेकोमा हाल स्वास्थ्य सेवामा नेपाल क्षयरोग केन्द्र, ख्वप अस्पताल, सहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपन केन्द, नेपाल कोरिया मैत्री अस्पताल, सिद्धिस्मृति महिला तथा बाल अस्पताल, सूर्यविनायक अस्पताल, चाँगुनारायण अस्पताल, इवामुरा अस्पताल, मध्यपुर अस्पताल, नागरिक अस्पताल र धेरै मात्रामा क्लिनिक र नर्सिङ होमहरू खुलेका छन् ।

## भक्तपुर नपालाई केही सुझाव

सम्पदा संरक्षणमा अग्रणी भूमिका निभाउन सफल भक्तपुर नगरपालिकालाई पुस्तकमा गरिएको कल्पनाहरू साकार पार्न केही सुझावहरू दिन चाहन्छु ।

**१)** एउटै टोल वा स्थानमा समान तलाको वा घरको उचाइ, ढाँचा, रङ्गरोगन आदि भएको घर निर्माण गराउनमा जोड दिने । विशेष गरी पाँचतले मन्दिर छेकिने गरी घर निमार्ण गर्न नदिने ।

**२)** सय वर्षपछि मुख्यतया शुद्ध पानी र शुद्ध हावाको अभाव हुनेछ भने वातावरणको तापक्रम धेरै बढ्नेछ । यसकारण भक्तपुर नगरपालिकाले हरेक घरको नक्सा पास गर्दा वृक्षारोपण कर लिनुपर्दछ । उक्त रकमबाट पर्ती जग्गामा वृक्षारोपण गर्नु पर्दछ । वृक्षारोपणको जिम्मा दिंदा प्रत्येक वर्ष हुर्केका बिरुवाहरू गणना गरेरमात्र रकम दिने गरी ठेक्का वा जिम्मा दिनुपर्दछ । यसको लागि अन्य नगरपालिका र सरकारसँग समन्वय कायम गर्नुपर्ने हुन्छ ।

**३)** पुस्तकमा उल्लेख भएअनुसार सुकुलढोका, इनाचो, दतात्रय, वंशगोपाल, खौमा आदि स्थानमा विभत्स रूपमा देखिएका घरहरूको पुनर्निमार्ण कसरी गराउने भन्नेबारेमा सोच्नुपर्ने । हाल ती भवनहरू पुनर्निर्माण हुन नसक्नुको कारण अंशबन्डा नभएर, आर्थिक रूपमा कमजोर भएर, नामसारीमा खिचलो भएर आदि छन् । यसलाई कसरी समाधान गर्न सकिन्छ भनेर समाधानको उपाय पहिचान गरी पुनर्निर्माण गर्नुपर्ने ।

**४)** ब्रम्हायणी, माहेश्वरी, हनुमानघाट, राम मन्दिर, बाराही मंगलतिर्थको दायाँ बायाँको वातावरण सफा गर्नुपर्ने, खोला सफा गर्नुपर्ने, ढलहरू सिधै खोलामा मिसाउन नहुने, प्रविधिको प्रयोग गरी ढललाई प्रशोधन गरी सफा पानीमा मात्र खोलामा पठाउने, अन्य नपाहरूसँग यस सम्बन्धमा समन्वय गरेर योजना बनाउने आदि । यसले गर्दा भविष्यमा नदीकिनाराको दायाँ बायाँ होटेलहरू खोल्न सकिन्छ ।

**५)** 'सञ्चार माध्यममा भक्तपुर नपा' नामक पुस्तकमा भक्तपुर नपाले गरेका धेरै सकारात्मक कार्यहरू सङ्कलन गरिएको छ । तर, त्यसमा २० वर्ष पहिले 'साधना' पाक्षिकमा मकर श्रेष्ठद्वारा लिखित 'सदाचारको शहर भक्तपुर' समावेश गर्न छुटेको रहेछ । आगामी संस्करणमा उक्त लेख पनि समावेश गर्दा राम्रो हुनेछ । त्यस लेखमा भक्तपुरमा भएको विकास निमार्णका कार्यहरूमा बजेटभन्दा कम रकमले र छिटो योजना सम्पन्न गर्ने नगरपालिकाको रूपमा आर्थिक विवरणसहित राम्ररी चित्रण गरिएको छ ।

**६)** भक्तपुर नगरपालिका सर्वसुलभ ढङ्गले कम लगानीमा गुणस्तरीय शिक्षा दिन ख्वप कलेज, इन्जिनियरङ कलेज खोल्ने नेपालकै पहिलो नपा हो । यसरी नै स्वास्थ्य सेवामा आवश्यक जनशक्ति तयार गर्न ख्वप नर्सिङ कलेज, जनतालाई स्वास्थ्य सेवा दिन ख्वप अस्पताल खोल्ने पनि पहिलो नपा नै हो । यसले उच्च शिक्षाको लागि विद्यार्थी विदेशी पलायन हुनबाट रोक्नुको साथै देशको पैसा विदेसिनबाट रोकेको, देशको लागि आवश्यक जनशक्ति स्वदेशमा नै तयार भएको, रोजगारीको अवसर सिर्जना गरेको, युवाशक्तिको जोश र जाँगर स्वदेशमा प्रयोग भएको, विषयगत विज्ञहरू तयार भएको, आत्मस्वाभीमान साथ स्वदेशमा नै बस्ने वातावरण तयार गरेको छ । हाल यी कलेजमा नेपालको ७६ जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् । यसमा थप प्रगति हुँदै जाओस् शुभकामना ।

**७)** भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूमा विषयगत रूपमा राम्रो पढाइ भएकोमा दुईमत छैन ।

तर, अब शिक्षालाई विषयगत रूपमा दक्ष बनाउनुको साथै निम्न ज्ञानहरू पनि प्रदान गर्नु आवश्यक देखिन्छ –

**क)** शिक्षालाई श्रम र रोजगारीसँग जोड्ने : विकसित देशमा हरेक विद्यार्थीले उच्च शिक्षा हासिल गर्दा आवश्यक

खर्चको लागि आफै कमाउँछन्। हाम्रा नेपाली विद्यार्थीहरू विकसित देशमा अध्ययन गर्न जाँदा घरभाडा, मासिक शुल्क, खाना खर्च आदि पढ्दै कमाउँछन्। यसको लागि विद्यालय तहदेखि विद्यार्थीहरूलाई उच्च शिक्षा पढ्दा गर्न सक्ने कार्यहरू सम्बन्धी तालिमहरू दिनुपर्दछ। गत वर्ष भक्तपुर नपाको शैक्षिक क्यालेन्डरमा जम्मा विद्यालय खुल्ने दिन २४३ थियो त्यसमा परीक्षालगायत अन्य विदाहरू कटाउँदा २१९ दिन पठनपाठन हुने दिन थियो। अनिवार्य विषयहरूलाई जम्मा वर्षमा १६० कार्य दिन भए पुग्छ भने बाँकी रहेको ५९ दिनमध्ये ५२ दिनमात्र (हप्तामा एक दिन) विद्यालयमा किताबरहित गरीखाने शिक्षा दिन सकेमा पनि विद्यार्थीहरू आफ्नो रुचि र क्षमताअनुसार पढाइबाहेक अन्य कार्यहरू सिक्ने र भविष्यमा काम गरी खाने वातावरण तयार हुन्थ्यो।

**ख)** विद्यार्थीहरूलाई श्रमको सम्मान गर्ने बानी सिकाउने : देशमा श्रमलाई सानो र ठूलो भन्ने सामाजिक रूपमा वर्गीकरण गर्ने परम्परा रहँदै आएको छ। शिक्षाले सबै प्रकारको श्रम कदरयोग्य भएको र ज्ञान, सीप र क्षमताअनुसार मानिसले विभिन्न काम गर्दछन्। समाजमा सबै सीप भएका मानिसहरू आवश्यक हुन्छ भनी श्रमको कदर गर्ने शिक्षा दिनु आवश्यक देखिन्छ। उदारहणको लागि भक्तपुरमा विगतमा कुचिकारहरूले हड्ताल गर्दा किसान साथीहरूले टोल टोलमा सफा गर्ने कार्य गरेको र हाल पनि विद्यमान रहेको ।

**ग)** स्वस्थानी, महाभारत, रामायण लगायत धार्मिक कथाहरूलाई अक्षरशः सुनाउने मात्र होइन त्यसका प्रत्येक पात्र र घटनालाई व्यवहारिक जीवनसँग जोडेर सिकाउने वातावरण तयार गर्ने। उक्त कथाले समाजमा मानिसहरूलाई कस्तो सन्देश दिन खोजेको हो विद्यार्थीहरूबिच छलफल गर्ने वातावरण बनाउने।

**घ)** शिक्षाले धैर्य, संयम र स्वदेशमै सङ्घर्ष गरेर बस्न सिकाउन नसकेकोले सिकाउनु पर्ने।

**ङ)** शिक्षाले स्वदेशी वस्तुहरू खाना, पहिरन, कपडा, जुत्ता, विस्कुट आदिको प्रयोग प्रति आकर्षित गर्न नसकेकोले स्वदेशी वस्तुप्रति माया जगाउनु पर्ने। वर्षमा कम्तिमा एक जोर लुगा वा एक जोर जुत्ता भए पनि नेपाली उत्पादन प्रयोग गर्नाले नेपाली उद्योगहरूको संरक्षण हुनजान्छ। स्वदेशमा उत्पादन भएको सामानहरू प्रयोग गर्नुको फाइदा र विदेशी सामानहरू बढी प्रयोग गर्दा हुने बेफाइदाहरूबारे विद्यार्थीहरूमा छलफलको विषय बनाउने।

**च)** शिक्षाले व्यक्तिको अधिकारबारे सिकायो तर व्यक्तिको कर्तव्य र दायित्वबारे सिकाउन सकेन। यसबारे शिक्षकहरूलाई आवश्यक तालिम दिनुपर्ने।

**छ)** बेकारको खाना वा जंक खानाको प्रयोगबाट हुने बेफाइदाहरूबारे विज्ञहरूबाट शिक्षक र विद्यार्थीहरूलाई सचेतना कार्यक्रम चलाउने।

**ज)** जंकखानाको प्रयोग घटाउन अरूणा उप्रेतीको **खाना खानु भयो ?**, केदार शर्माको **आधुनिकतासँग सावधान**, डा. राजेन्द्र केसीको **स्वास्थ्य रहस्य** लगायतका उपयुक्त पुस्तक शिक्षकलगायत विद्यार्थीहरूलाई पढ्न लगाउने र कक्षाकोठामा अन्तरक्रिया गराउने।

**झ)** कक्षा १० सम्म विषयगत ज्ञानबाहेक दैनिक जीवनमा उपयोगी सीपहरू सिकाउने र सिक्ने वातावरण तयार गर्ने।

**ञ)** कक्षा ११ देखि उच्च शिक्षासम्म कमाएर पढ्ने वातावरण तयार गर्नसके वा व्यवस्था मिलाउन सके यस क्षेत्रमा नेपालकै पहिलो नपा हुनेछ।

**ट)** विद्यालय तहदेखि नै सिलाइ बुनाइ, प्लम्बीङ, पेन्टिङ, हाउस वायरिङ आदि तालिम सञ्चालन गर्ने।

**ठ)** विदेशमा गर्नुपर्ने सङ्घर्ष, दुखः, समस्या आदिबारे विभिन्न अनुभवहरू युट्युव आदिको माध्यमबाट देखाउने।

**ड)** जुनसुकै कार्य विशेष हुन्छ भन्ने भावनाको विकास गर्न लगाउने।

सय वर्षपछि भक्तपुरको विकासबारे मेरो कल्पना :

सय वर्षपछिको भक्तपुर पुस्तक पढेपछि मलाई पनि भविष्यबारे केही सोच्न उत्साहित बनायो। किनभने असल गुरु र असल पुस्तकले केही गर्न उत्प्रेरित गर्ने रहेछ। मेरो विचारमा त्यसबेलाको मानव जीवनका क्रियाकलापहरू निम्नअनुसार हुन्छ होला –

- उड्ने गाडी हुनेछ, घरको छतमा पार्किङ गरिनेछ।
- वातावरणमा परिवर्तन, प्रविधिमा ठूलो परिवर्तनले सामाजिक संरचनामा ठूलो परिवर्तन हुनेछ।
- मानिसको अधिकांश कार्य रोबोट र कम्प्युटरले गर्नेछ। घरमा घरेलु सहयोगी पनि रोबोट नै हुनेछ। किनभने रोबोट खाना खाँदैन, सुत्नु पर्दैन, थाक्दैन, रिसाउँदैन, आराम लिनु पर्दैन, मात्र शक्तिको श्रोत दिइराखे पुग्छ।
- मानिस अल्छी र सुविधाभोगी हुनेछ।
- त्यसबेलाको मानिसको नाम हालको जस्तो हुनेछैन।
- जनसङ्ख्या बढे पनि थोरै खानाले शरीरलाई आवश्यक पौष्टिक तत्व दिने खानाको विकास हुनेछ। आदि।

(विश्व सम्पदा दिवसको अवसरमा भक्तपुर पर्यटन विकास समिति र भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिद्वारा २०८१ वैशाख ६ गते आयोजित 'सय वर्षपछिको भक्तपुर' पुस्तकबारे प्रवचन कार्यक्रममा व्यक्त मन्तव्य)

## सन्दर्भ : भाजु पुखूका भाजु कस

# कसजु वंशाका केही भाजु कसहरू



ओम धौभडेल



### १. कस्त नायक

कस्त नायक भक्तपुरको इतिहासमा हाल सम्म देखिएका सबैभन्दा प्राचीन कस हो। कस्तले उनी कस वा कायस्थ कुलको हो भन्ने स्पष्ट हुन्छ। नायकले उनी कसहरूको नाइके अर्थात् ज्येष्ठ ब्यक्ति भन्ने बुझिन्छ। उनका छोरा रत्नाकरसिंहले आफ्नो बाबुलाई सगौरव कस्त नायक भनी उल्लेख गरेबाट कस्त नायक एक प्रभावशाली ब्यक्ति हो भन्ने देखिन आउँछ। गोपाल राजवंशावलीको सो हरफ यसप्रकारको छ–

*श्रेयोस्तु ॥ भगवतिछिशिखरेश्वर भट्टारकाय .. श्रीखुपोक्रमायां वन्दिमटोलके पुरुकोछे, कुटूम्वज वटुके श्री कस्तनायकस्य पुत्र रत्नाकरसिंहेन .. कस्त कुटूम्वस्य शुभ मस्तु ॥ संवत आ.चु. कार्तिक शुक्ल पन्चदश्यां,श्रीमानदेवस्य राज्य लिखित मिति ॥*

यसबेलासम्म मौलिक ख्वोपृङको नाम खुपो नेपालभाषामा परिणत भइसकेको देखिन्छ। अनि भक्तपुरको इनाचोभन्दा माथिको भेगलाई वान्दिमग्वल बोलिने क्रममा यो इलाकालाई वन्दिमटोल भनिएको छ। यही वन्दिमटोल भित्र तत्कालीन कस परिवारको पुरुकोछे बास यहाँ उल्लेख हुनु विचारणीय छ। यसपछि कहिँकतै पुरुकोछेको उल्लेख नहुनुबाट यसको थप अध्ययनको खाँचो महसुस हुन्छ। यसै आधारमा अनुसन्धान गर्ने हो भन्ने वान्दिमग्वल अर्थात् इनाचो स्वंगल्वँहभन्दा माथि कायस्थ हरूको बासस्थान रहेको मुख्य ठाउँ इनाचोको नासचा अगाडि नै हो। यहाँ चोकसहितको कायस्थ परिवारको प्राचीन बासस्थान रहँदै आएको छ। सम्भवतः यहाँ उल्लेख भएको पुरुकोछे यही हुन सक्छ। भक्तपुरको ठाउँ ठाउँमा रहेका विभिन्न कायस्थहरूमा ङाबुँ ुकस भनिने यिनीहरू सुरुमा भक्तपुरको सुडालस्थित ङाबुँ भनिने ठाउँमा रहेको थियो। प्राचीन खोपृङ यही ङाबु वरपर रहेको समयमा नै यहाँ कसहरूको उपस्थिति भइसकेको प्रष्ट हुन्छ। त्यहाँ उडुसले अति दुःख दिएपछि खोपृङ हालको लिवालिवी, तुमचोतर्फ स्थानान्तरण भएको अवस्थामा त्यहाँ रहेका कसहरू पनि बसाई सर्दै हालको इनाचोतिर बस्न आएको मानिन्छ। त्यसैले यहाँका कसहरूलाई यद्यपि ङाबुँ कसले सम्बोधन गर्ने चलन छ।

नेपाल संवत् २६० कार्तिक शुक्ल पंचमीको दिन चाँगुमा चढाएको सुनको मोलम्वासहितको ताम्रकलशमा यही इनाचोका कस्त नायकको उल्लेख हुनुबाट तत्कालीन कस्त परिवार वैष्णव धर्मप्रति अगाढ भक्ति भएका देखिन्छ। यही नासचाका कस्त परिवारको अर्को एउटा कीर्तिले यसमा थप प्रमाण दिन्छ। हरेक वर्ष कार्तिक शुक्ल पुर्णिमाको दिन तचपाल टोलस्थित नारायण मन्दिरको उत्तरतर्फ वैष्णव धर्मसित सम्बन्धित लामो पौभा प्रर्दशन गर्ने चलन छ।

### २. गोपती कायस्थ

उनको खास परिचय अगाडि आएको छैन। तापनि उनी भक्तपुर शहरलाई ब्यवस्थित रूपमा स्थापना गर्ने राजा आनन्देवको समकालीन एक भारदार हुन्। बाह्रौं शताब्दीमा भक्तपुर नगरको मध्य भागमा त्रिपुरासुन्दरी राखी चारैतिर ब्रम्हायणी, माहेश्वरी, कौमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी स्थापना गरी तान्त्रिक शक्तिले सुसज्जित नगर बसाउँदा वास्तुशास्त्रलाई पनि आधार लिएको थियो। स्वयम् आनन्ददेवले समेत वास्तुशास्त्रका ग्रन्थहरू बनाउन लगाए। उनको दरबारमा विभिन्न वास्तुविद्हरूको यथोचित स्थान थियो। उनी स्वयम्ले वास्तु सम्बन्धी ग्रन्थ *प्रतिष्ठातन्त्र* लेखेका थिए। **अमृतबज्र** जस्ता बौद्ध विद्वानले समेत अनेक ग्रन्थ लेखेका थिए। यिनै राजाको पालामा अर्थात् नेपाल संवत् २७४ मा भक्तपुर निवासी गोपती कायस्थ सिम्रौनगढ पुगेर रामायणको किसकिन्धा पर्व सारेर ल्याएको थियो। यसबाट तत्कालीन समयका गोपती कायस्थ मैथिली भाषाका समेत ज्ञाता रहेको देखिन्छ। मिथिला वास्तुमा पोखरीको ठूलो महत्त्व भएको हुँदा भक्तपुर नगरको वास्तु मुताविक निर्माण गर्ने क्रममा कतै भाजु पोखरी उही गोपती कायस्थको देन त होइन ? विचार गर्ने आधार छ।

## ३. अम्मवर्मा कस भा

नेपालको इतिहासमा देखिएका अर्का एक प्रभावशाली कस भारदारको नाम हो – अम्मवर्मा कस भा । उनको खास नामभन्दा पनि **कस भा** अर्थात् **कसभाजु** (भाजु कस) बाट उनी प्रख्यात थिए । विशेष गरी नेपालको राजनितिमा एकताका देव नामधारी र मल्ल नामधारीहरूको बिच शक्ति सङ्घर्ष चलिरहेको समयमा त्रिपुर र युथुनिमम बिच द्वन्द्व कायम थियो । त्यही समयमा नेपालको राजनितिमा अकस्मात देवलदेवी तथा उनका छोरा जगतसिंह देवहरूको आगमन र त्यसको विरुद्ध दोलाजीबाट आएका हरिश्चन्द्रदेव तथा गोपालदेव जस्ता राजकुमारहरू लागिरहेको कठिन समयमा अनेकरामबर्धनले आफ्नो शक्ति बढाउने मौका पाएको थियो । यही अनेकरामबर्धनले आफ्नो शक्ति थप मजबुत पार्ने क्रममा उनलाई सहयोग गर्ने एक प्रमुख भारदार यिनै अम्मवर्मा कस्त भा पनि हुन् । उनी खासगरि बनेपा पलान्चोक भेगका कस हुन् । तत्कालीन समयका देव नामधारी राजा राजदेव पनि पलान्चोक भेगका हुनु साथै अनेकरामबर्धन समेत यही भेगका भए बाट यिनीहरू बिच आपसी तालमेलले नेपालको राजनीतिमा ठूलै प्रभाव पारेको थियो । यसको पुष्टि गोपाल राजवंशावलीले पनि गरेको छ । तत्कालीन समयका प्रभावशाली भारदार कसभाले बनेपा, पनौती, नाला, धुलिखेल, बोडे जस्ता किल्लाहरू आफ्नो अधीनमा ल्याएको थियो । अनि त्रिपुर र युथुनिममलाई थप दबाब दिने उद्देश्यले भक्तपुरको एक महत्त्वपूर्ण किल्ला कासानसम्म आक्रमण गर्न पुगे । त्यसबेला उनका सैनिकहरूले भावाखारसम्म आक्रमण गर्न पुगेका थिए । प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले आफ्नो अध्ययन प्रतिवेदनमा यही भावाखार भार्वाचो हुनसक्ने स्मरण गराउनु भएको छ । तर, उहाँले यही कस्त भाजुले भाजुपोखरी बनाउन लगाएको हुनसक्ने आधार र कस्त भा बारे थप खुलासा गर्नु भएको छैन । नेपाल संवत् ४४६ मा कासानकिल्ला अधीनमा ल्याई भक्तपुरमा रहेका कस्त भाले नेपाल संवत् ४५४ मा बोडेमा भयङ्कर आक्रमण गरेको थियो । यही क्रममा लामो समयसम्म भक्तपुरमा नै रहेको क्रममा भावाखार (भार्वाचो) मा आक्रमण गरे पछि त्यहाँ आफ्नो बासस्थान समेत बनाई सो स्थानलाई सामरिक हिसावले मजबुत पार्ने काम गरे । यसको लागि इचाडोमा किल्ला बनाई ढोका बनाउने काम भयो । यही ढोकाभन्दा केही दूरी उत्तरतिर एउटा इनार सत्तलसहितको विभिन्न देवदेवीहरू रहेको ठाउँ छ । अगाडि त्व गणेश, सँगै लामो पाटी सत्तल भएको ठाउँ नेर नै आफ्नो बास बनाएको थियो । यही बासस्थानमा बसेको कस भालाई यहाँ पहिलेदेखि बसिआएका बहुसङ्ख्यक ङाबु कसभन्दा फरक र एक्लो भएको कारण याकाकसबाट पछि प्रख्यात भयो । यसरी शक्तिमा आएको बखत यिनै कस्त भाले भाज्या पोखरी बनाएको धेरै आधार छ । इतिहासकार श्रेष्ठका अनुसार पनि भाज्या पोखरीको इशानकोणमा राख्न लगाएको इनागा गणेश, असंगालका पूर्वाभिमुख ढुङ्गेधाराहरू, यक्षका मूर्तिहरू, सरस्वतीका मूर्तिहरू बाह्रौं तेह्रौं शताब्दीका छ । तर, एउटा कुरा आफ्ना विरोधीहरूलाई अनेक बहानामा बाटोबाट काँडा हटाएझैं हटाउन खप्पिस अनेकरामबर्धनहरूले भाज्या पोखरीलगायत यो ठाउँलाई सिङ्गार्ने भाजुकसलाई पोखरीको हिसावकिताव गोलमाल गरेको आरोपमा सजाय मृत्युदण्ड दिएको देखिन्छ । यसको थप अध्ययन अनुसन्धानको खाँचो छ ।

## ४. ज्योति कस्त भा

तत्कालीन नेपालमण्डलमा देखिएका अर्का एक प्रभावशाली कायस्थ भारदार ज्योति भा कस पनि हुन् । उनको नाम पछाडि भा शब्द जोडिएको आधारमा उनी भाजु पोखरी बनाउने अम्मवर्मा कस्त भा का छोरा वा भाइ हुन सक्छ । उनको जयस्थिति मल्लसित राम्रो सम्बन्ध रहेको देखिन्छ । सम्भवतः यहाँ दोलाजीबाट राजा बनाउन ल्याएको समयमा जयस्थिति मल्ललाई पाँच महिनासम्म भक्तपुरको भार्वाचोको एक घरमा राखेको थियो । त्यो घर उनै भाजुकसको घर हुनुपर्छ । त्यति मात्र होइन, आफ्नो बाबु अम्मवर्मा कस्त भालाई राजनैतिक प्रतिद्वन्दी मानी सजाय दिने रामबर्धन परिवारलाई सत्ताबाट हटाएको बखत ज्योति कस्त भाले जयस्थिति मल्लसित राम्रो सम्बन्ध राखेको प्रमाण गोपाल राजवंशाली अनुसार 'वि.सं. १४३७ मा यटपाटमा ठूलो कुलो बनाइयो ।' को अनुदित अंश यस प्रकारको छ–

यस साल (वि.सं.१४३७) १५ दिन लगाएर यटपाटमा ठूलो कुलो बनाइयो । सो कुलो १५ दिन भित्र बनाई सिध्याएको हो । यस खुशीयालीमा प्रजाहरूलाई भोज खुवाउने चनिगलको अनुरोधलाई श्रीउपाध्याय (राजगुरुज्यू), ठाकुरले समेत भोजको अभिभारा बोक्न स्वीकार गरे । भोजको लागि जाँड २२० घडा, राँगा तीनओटा, चामल, चिउरा, तेल, नुन, थुलंकशी पतली दाउराको समेत बन्दोबस्त गरियो । एउटा राँगो, चामल ३०० पाथी, दही २०० कहतारा, चिउरा १०० पाथी यति अनुसारको भाग ज्योति भा कस्तले राखेको थियो । भोजमा प्रत्येक टोल, प्रत्येक ग्राम र ठिमीसम्म यटपाटका समस्त मानिसहरूको गणना गरी प्रतिब्यक्ति चामल डेढ कुरुवा, दाल, भटमास, वाफल १, नुन, तेल, बेसार, मासु, जाँड आदि

सबै मिलाई सन्तुष्ट हुने गरी भोज खुवाइयो। श्रीश्रीजयस्थिति राजमल्लदेव आउनु भयो। प्रधान, शिष्ट, देवब्राम्हण आदि सारा बोलाइएका थिए। सुवारलाई भान्छे बनाएको थियो। ब्राम्हणहरूलाई पनि खुवाइएको थियो। तीनै ठाकुरहरूलाई पनि खुवाइएको थियो। सारालाई आनन्द भयो।

यो कुलो बनाएको यटपाट भन्ने ठाउँ ठिमीको राजकुलो हो। यसमा चरखण्डी, दधिकोट, चित्रपुरदेखि लुभु वरपरसम्मका मानिसहरूको सहभागिता रहेको थियो। विषम परिस्थितीमा पनि तत्कालीन राजगुरु श्री शीवदास उपाध्यायलाई आफ्नो पक्षमा ल्याउन सक्नु दोलाजीबाट यहाँ आएका जयस्थिति मल्लको लागि ठूलो फाइदाको विषय थियो। त्यसो त शीवदास उपाध्यायले नै जयस्थिति मल्ललाई श्री तलेजुभित्र दीक्षा दिएको अर्को प्रमाण पनि छ। तत्कालीन समयमा जयस्थिति मल्ल र राजल्लदेवीबाट धर्ममल्ल, ज्योर्ति मल्ल र कीर्तिमल्ल तीनजनै राजकुमारहरूको जन्म भइसकेको देखियो। वंशावलीको उक्त टिपोटअनुसार सो भोजमा सुवाल भान्छे बसेको सगौरव उल्लेख छ। अनि सो भोजमा स्वयम् जयस्थिति मल्लदेखि तीनजनै राजकुमारहरू, राजगुरु, श्रेष्ठ भारदारहरू, प्रधानहरू, देवब्राम्हणहरू सबै उपस्थिती भएको उल्लेख छ। यसबाट श्री तलेजु भित्र दिनहुँ भोग पकाउने सुवालहरूलाई भोज पकाउने अभिभारा दिई उनै सुवालले पकाएको भोज आफू र अन्य सबै विशिष्टहरूलाई खुवाएर जयस्थिति मल्लले भक्तपुरका बहुसङ्ख्यक जनताको मन जितेको थियो। यसको प्रभावबाट पछि नेपाल संवत् ५८७ मा यक्ष मल्लको पालादेखि विधिवत रूपमा सुवाललाई श्री तलेजुभित्र भान्छे नियुक्ति गर्नुपर्‍यो। यो ठिक वा बेठिक भन्ने विषयमा पछि गंगा रानीको समयसम्म पनि चर्चा चलि नै रह्यो। पछि गौड भट्टब्राम्हण धरणीधरले पाकावली शास्त्रमा भेटिएको आधारमा ठिक भन्ने निर्क्योल भएपछि यो विवाद सधैँको लागि हट्यो। तर यो भन्दापनि ठूलो प्रमाण उनै ज्योति झा तथा गोविन्द झाको नाम आउनुलाई यहाँ आधार लिन सकिन्छ।

यहाँ तत्कालीन महामात्य जयरामसिंह रामबर्धनले आफूविरुद्ध लडाइँ गर्न खबर पुर्‍याउने गोविन्द झालाई पुरस्कृत गर्नुको साथै कुलो बनाएको अवसर पारी यस कार्यमा सहयोग गर्ने ठिमिले जनतालाई गुणको भव्य भोज खुवाएर ऋण तिरेको हो। यसमा आफ्नो बुबालाई मार्ने रामबर्धन परिवारसित बदला लिन सफल भएकोमा सुराकी दिने गोविन्द झा र भोजमा ठूलो धनराशी खर्च गर्ने ज्योति झा दुवै कस्त परिवारको सदस्य भएको खुल्न आउँछ। अझ ज्योति कस्त झा त यसको ठूलो प्रमाण भएको छ। यसबाट तत्कालीन रामबर्धन परिवार र कस्त परिवार बिच आपसी कलह रहेको पुष्टि हुन्छ। पछि जयसिंह रामबर्धन परिवार शक्तिमा आएपछि भाजुकसको परिवारले यसको ठूलो मूल्य चुकाउनु पर्‍यो। उनका तथा परिवारका कीर्तिहरू नष्टभ्रष्ट भयो। यसैको परिणाम लामो समयसम्म भाजु पोखरी खण्डहर बन्नुपर्‍यो। भाजुकसका परिवारहरू पलायन हुनुपर्‍यो। यसको एउटै ठूलो प्रमाण वि.सं. १९१० देखि वि.सं. १९१३ सम्म नेपालमा पहिलो पटक लिएको नमुना जनगणनामा भारवाचो टोलमा एकजना पनि कायस्थको नाम उल्लेख भएको देखिँदैन।

## ५. भारसिंह कस

अहिलेसम्मको अध्ययन अनुसन्धानबाट भक्तपुरको मल्लकालीन इतिहासमा कायस्थ भएर राजनीति गर्ने पहिलो व्यक्ति भारसिंह कायस्थ हुन आउँछ। भारसिंह कायस्थ सर्वप्रथम ने.सं. ६४७ को एउटा ताडपत्रमा भेटिएको छ। भक्तपुरको शासनमा आफ्नो हैकम प्रभुत्व देखाउँदै आएका वीर मल्लले ने.सं. ६४७ को एउटा ताडपत्रमा भारसिंह कसलाइ पहिलो पटक भक्तपुर दरबार भित्र राजनैतिक नियुक्ति गरेका पाइन्छ। त्यसो त भारसिंह कायस्थलाई भक्तपुर दरबारमा प्रभावशाली बनाउनमा उनकै बुबा डोय कसको ठूलो हात छ। डोय कस राय मल्लको समयदेखि भक्तपुर दरबारको दरबारी लेखक रहँदै आएका व्यक्ति थियो। लामो समयदेखि भक्तपुर दरबारमा लेखक बनेका डोय कसले नै वीर मल्ललाई खुसी पार्ने क्रममा आफ्नो छोरा भारसिंहलाई भक्तपुर दरबारको भारदार बनाउन सफल भयो। यता वीर मल्लले नियुक्त गरेको भारसिंहलाई तत्कालीन भक्तपुरका दरबारको संस्थापन पक्ष अर्थात् प्राण मल्लले ने.सं. ६५१ मा भक्तपुर दरबारको प्रमुख भारदार नै बनाउनु पर्‍यो। यसबाट भक्तपुरका राजनैतिक इतिहासमा पहिलेदेखि वर्चस्व बनाई आएका बिजुक्छैँ तथा तवदुछैँहरूको प्रभुत्व समाप्त भयो। परम्परागत कागज (लिखत) लेख्ने कायस्थ पहिलो पटक भक्तपुर दरबारको प्रमुख भयो। तत्कालीन समयमा भक्तपुरको दरबारमा डोय कस दरबारी लेखक, भारसिंह कस दरबार प्रमुख अनि जयसिंहराम कस अर्को दरबारी लेखक भयो। जहाँ जयसिंहराम कायस्थ उही भारसिंहका छोरा भएको प्रमाण छ। जयसिंह राम कायस्थले ने.सं. ६३९ मा चाँगुमा एक प्रकारको विशेष गहना चढाएको ब्यहोरामा आफ्नो बाबु भारसिंह भएको उल्लेख छ। यसबाट एकताका भक्तपुर दरबारमा एउटै कायस्थ परिवारका बाजे, बाबु र छोराको वर्चस्थ रह्यो। यसै क्रममा ने.सं. ६५५ ताका डोय कसको मृत्यु हुनु र छोरा जयसिंहराम कायस्थ अति नै महत्त्वाकाङ्क्षी भई असन्तुष्ट भएपछि भारसिंहलाई ठूलो धक्का लाग्न पुग्यो।

त्यही समय कान्तिपुरका राजा नरेन्द्र मल्लले कस परिवार र प्राण मल्लविरुद्ध उनका सबै विरोधीहरूलाई एउटै सूत्रमा बाँध्ने काम गऱ्यो। यस क्रममा आफ्नो छोरा जयसिंह राम समेत विरोधीहरूसँग लाग्यो। यसै क्रममा भार सिंहले अर्को छोरा विष्णुसिंहलाई अगाडि ल्यायो। विष्णुसिंहलाई दरबारको भारदारको रूपमा ल्याएको ने.सं. ६६२ कार्तिक बदी १३ र ने.सं. ६६७ मार्ग बदि १० को दुइटा ताडपत्र भेटिएको छ। यहाँ विष्णुसिंह भारसिंहका छोरा हुन् भन्ने प्रमाण *भागवत* नामक ग्रन्थको अन्तिम वाक्यबाट मिल्छ। यसरी भारसिंहलाई जयसिंहरामले साथ दिन छोडेपछि विष्णुसिंहले साथ दिएको पाइन्छ। यसपछि जयसिंहराम कान्तिपुरका राजा नरेन्द्र मल्लको गुटमा मिल्न गएको र त्यसको फलस्वरूप त्यसमा ने.सं. ६६८ भाद्र कृष्ण नवमीको दिन पशुपतिनाथमा एउटा सन्धिको रूपमा ताम्रपत्र राखेको छ। जसमा कान्तिपुरका राजा नरेन्द्र मल्लको अगुवाइमा भक्तपुरका वीर मल्ल, जीत मल्ल, कल्याण मल्लदेखि बनेपाका कृष्ण मल्ल, गोविन्द मल्ल, प्रभु मल्ल, पाटनका विष्णुसिंह भारो, फर्पिङका फ्याकु रावत, पुरण रावत तथा दोलखाका इन्द्रसिंह, नारायण सिंह, रामसिंह भारो र नेपाल मण्डलका ठाउँठाउँका सामन्त तथा विशेष गरी भक्तपुर दरबारमा पहिलेदेखि प्रभुत्व जमाउँदै आएका तर भारसिंह कायस्थ आएपछि बिमुख बन्नु परेको बिजुक्छेँ, तवदुछेँलगायतका व्यक्तिहरू सामेल गरेको थियो। जसमा जयसिंह कायस्थ पनि समावेश छ। यसरी प्राणमल्ल, भारसिंह कायस्थहरूलाई पूर्ण रूपमा एक्लो बनाउने सन्धि भएको एक महिना पछि पुनः उनै नरेन्द्र मल्लले पशुपतिनाथको सन्धिपत्रिमा उल्लेख भएका व्यक्तिहरू समावेश गरी ने.सं. ६६८ आश्विन कृष्ण नवमीको दिन चाँगुमा अर्को सन्धिपत्र खडा गरे। यसै सन्दर्भमा भक्तपुरको भारसिंहले उक्त गुटलाई कमजोर पार्न वा फुटाउन त्यसमा सम्मिलित केही व्यक्तिहरूलाई पुनः दरबारको भारदार बनाए। त्यसमा तवदुछेँका जीवराज र तोमरछेका कमलाज उदाहरणको रूपमा लिन सकिन्छ। त्यसै क्रममा ने.सं. ६७० ताका प्राण मल्लको मृत्युपछि उनका छोरा विश्व मल्ल भक्तपुरको राजा बनेपछि ठूलो परिवर्तन देखापर्छ। विशेष गरी प्राण मल्लको समयमा अति दबदबा बनाउन सफल भारसिंह कायस्थको त्यसपछि कहिँकतै उल्लेख भएको पाइँदैन। विश्व मल्लको समयमा भक्तपुर दरबारमा तोमलछेका जीवनसिंह र कमलाज अगाडि आयो। एकताका भक्तपुर दरबारका दरबारी लेखकको राजनीतिमा देखिएको प्रभाव अन्त्य भयो।

तर, ती कायस्थहरू शक्तिमा रहँदा भविष्यसम्म आफ्नो इतिहास रहने गरी कयौँ कीर्तिहरू समेत राख्ने कार्य भयो। यसमा विशेष गरी चाँगुनारायणमा यस्ता कीर्तिहरू राख्ने काम भयो। जस्तो ने.सं. ६३९ मै जयसिंहराम कायस्थले चाँगुनारायणमा एक प्रकारको गहना चढाएको देखिन्छ। यता ने.सं. ६४६ मा डोय कसले पहिला मगर सेनाले चाँगुबाट लुटी लगेको पात्र नामक गहना पुनः चढाएको थियो। त्यस्तै ने.सं. ६५५ मा भारसिंह कसले आफ्नो दिवंगत बुबा डोय कसको सम्झनामा चाँगुमा कण्ठ चढाएको छ। यसले गर्दा कायस्थ परिवार शक्तिमा रहँदा नै यी सबै कीर्तिहरू राख्ने काम भएको पाइन्छ।

यति हुँदा हुँदै पनि नेपालको राजनैतिक इतिहासमा आफ्नो दबदवा राख्न सफल यी कायस्थ परिवारको नालीबेली भने पत्ता लगाउन सकिरहेको छैन। विशेष गरी भक्तपुर भित्र ठाउँ ठाउँका सबै कायस्थहरूमा इनाचो र गोल्मढीका कायस्थलाई ङाबु कायस्थ, खौमाका कायस्थलाई साँयजु कायस्थ, नासमनाका कायस्थलाई भेपुं कायस्थ, चोछेँका कायस्थलाई चिल कायस्थ भनी सम्बोधन गर्ने क्रममा प्रभावशाली यी कायस्ठ परिवार कुन ठाउँका हुन् आजसम्म कुनै सुइँको पाउन नसकिएको अवस्थामा उनै जयसिंह राम कायस्थले ने.सं. ६३९ मा चाँगुमा राखेको ताम्रपत्र एउटा दरिलो प्रमाण भएको छ। उक्त ताम्रपत्रमा जयसिंहरामले आफ्नो बुबा भारसिंह कायस्थमात्र उल्लेख गरेको छैन, क्वोच्छे भनि लेखिएको छ जुन क्वाछेँ हो। यसबाट भारसिंह कायस्ठ भक्तपुर क्वाछेँ टोलका कायस्थ हुन् भने देखिन आएको छ।

त्यति मात्र होइन, भारसिंह कसलाई स्पष्ट रूपमा भाजु कायिष्ट भनेको प्रमाण देखिन्छ। कायस्थ वंशावली २०७४ स्मारिकामा विद्वान लेखक **बिनोदराज शर्मा**ले आफूसित सङ्ग्रहित एक हस्तलिखित ग्रन्थको प्रमाण प्रस्तुत गर्नुभएको थियो। जुन यसप्रकारको छ–

*संवत् ६६३ मिति ज्येष्ठ शुदि १५ रोजसूतुपलाछेया श्रीजगनाथदेव प्रतिष्ठा सुवर्ण कलश ध्वजारोहण समेतं याङा जुरो श्रीश्री प्राणमल्लदेव राजाया विजयराज्यस॥ जजमान भाजु कायिष्ट प्रधानाङ॥ होता श्री रविराजजु॥ लक्षाहुत यज्ञ दिन १२ शुभम्॥*

माथि उल्लेखित सम्पूर्ण विवरण घटना तथा विद्वान बिनोदराज शर्माले प्रस्तुत गर्नु भएको पुष्पिकावाक्यलाई एकै ठाउँमा राखी हेर्दा भारसिंह कायस्थलाई भाजु कायिष्ट भनी सम्बोधन गरेको स्पष्ट हुन्छ। तत्कालीन समयमा उनी प्रधानाङ रहेको समेत स्पष्ट हुन्छ। तसर्थ भक्तपुरको इतिहासमा देखिएको अर्को एक प्रभावशाली भाजु कस भारसिंह कस पनि हो भन्नेमा दुईमत छैन।

## ६. भागीराम कायस्थ

भक्तपुरको इतिहासमा राजा जितामित्र मल्लको समय हरेक दृष्टिकोणले अति नै महत्त्वपूर्ण देखिन्छ । प्रतिस्पर्धाको त्यो समयमा कलासंस्कृतिको मामिलामा त भक्तपुर अगाडि थियो नै । त्यसबाहेक भागीराम कायस्थ जस्ता राजनैतिक सुझबुझ भएका व्यक्तिको कारणले भक्तपुर अरूको अगाडि झुक्नु परेको थिएन । त्यसताका यहाँका मल्ल राजाहरूले आफ्नो शासन व्यवस्था दरिलो र व्यवस्थित बनाउन प्रायःजसो मैथिली भारदारहरूलाई सहयोगीको रूपमा दरबारमा स्थान दिने सन्दर्भमा उपत्यकामा भाजुकस जस्तो व्यक्ति जो शुद्ध नेवार जातबाट दरबारमा मुख्य भारदार (वर्तमान अवस्थामा प्रधानमन्त्री) बनेको थियो । हुन त त्यसभन्दा अगाडि भक्तपुर दरबारमा धनदसिंह, भोत्याभा, चन्द्रशेखर, देवीराम जस्ता मुख्य भारदारहरू भइसकेको भए तापनि चन्द्रशेखर बाहेक अन्य व्यक्तिहरूको बारेमा हाम्रो इतिहासले त्यति बोलेको पाइँदैन । यता भागीरामभन्दा अगाडि जितामित्र मल्लकै सुरुको दिनमा देवीराम मुख्य भारदार रहेको भए तापनि देवीरामको ठाउँमा भागीराम कसरी आए त्यो खुलस्त छैन । र उनै देवीरामका छोरा वा नातेदारहरूको रूपमा भागीरामले भक्तपुर दरबारमा स्थान पाएको सम्भावनालाई नकार्न सकिँदैन । भागीरामको बारेमा इतिहासले स्पष्ट नबताए पनि उनी राजा जितामित्र मल्ल एवम् भक्तपुरको एक प्रभावशाली व्यक्ति भएको उदाहरण विसं १७३५ मा जितामित्र मल्ले ५५ झ्याल दरबारसँगै अति आकर्षक शैलीको थंथु दरबार बनाउन लगाउँदा राख्न लगाएको एक अभिलेखमा यसरी उल्लेख गरेबाट स्पष्ट हुन्छ–

*श्री श्री सुमती जय जितामित्र मल्ल देव प्रभु ठाकुरले आफ्ना श्री श्री श्री इष्ट देवतालाई खुशी पार्ने इच्छाले भागीराम ........... ।*

यसबाट विसं १७३५ तिर भागीराम यहाँको अति प्रभावशाली भारदार भइसकेको थाहा हुन्छ । यसरी तत्कालीन राजा जितामित्र मल्लले त्यसबेला भक्तपुरमा अनेकौं मन्दिर, ढुङ्गेधारा, सत्तल, दरबारलगायतका सम्पदाहरू थप्ने क्रममा राख्न लगाएका प्रायः जसो अभिलेखमा भागीरामको नाम उल्लेख गरेबाट पनि उनको यहाँ महत्त्वपूर्ण स्थान भएको स्पष्ट हुन आउँछ । तत्कालीन समयमा राजाहरूले राख्न लगाउने अभिलेखहरूमा साक्षीको रूपमा प्रायः जसो आफ्नी रानीहरू, राजकुमारलगायत राजपरिवारका सदस्यहरूको नाम उल्लेख गर्ने परिपाटी भएकोमा राजा जितामित्र मल्लले आफ्नो छोरा भुपतिन्द्र मल्ल र भाइ उग्र मल्लको साथसाथै प्रधानमन्त्री भागीरामको नाम उल्लेख गर्नु आफैमा महत्त्वपूर्ण छ । त्यसमा पनि कतिपय अभिलेखमा *'भागीराम प्रधानमन्त्री भएको बेलामा'* उल्लेख छ भने कतै कतै *'असलमन्त्री भागीराम समेत भई निर्माण गरेको'* भन्ने वाक्यांश परेको छ । त्यसमध्ये खौमा हरिशंकरको मन्दिरमा उल्लेख *'बुद्धिमान असलमन्त्री भागीराम ठूला छन् ।'* वाक्यांशले ठूलो महत्त्व एवम् अर्थ राख्दछ । हुन त यसअघि भक्तपुर दरबारमा राजा जगतप्रकाश मल्ललाई उनका सहयोगी मन्त्री चन्द्रशेखरले सहयोग गरेको इतिहासमा उल्लेख छ । त्यस्तै काठमाडौँका राजा प्रताप मल्ललाई काजी भीम मल्लले सहयोग गरेको पनि घामजस्तै छर्लङ्ग छ । यता भाजुकसभन्दा केही समय अगाडिमात्र पाटनका राजा श्रीनिवास मल्ललाई राजकाजदेखि हरेक क्षेत्रमा उनका सहयोगी मन्त्री भागीरथ भैयाले मद्दत गरेको देखिन्छ । काठमाडौँमा प्रताप मल्लको उदय भएपछि पाटनको सहयोग लिई भक्तपुरमाथि गरेको पटकपटक हमलाबाट भक्तपुरलाई शत्रुबाट बचाउने खम्बाको रूपमा भाजुकसको ठूलो योगदान छ । प्रताप मल्लको मृत्युपछि काठमाडौँका चौताराको रूपमा देखापरेको लक्ष्मीनारायण जोशी र पाटनमा श्रीनिवास मल्लपछि राजा भएका योगनरेन्द्र मल्लको एउटै साझा उद्देश्य भक्तपुरको भागीराम चारैतिरको प्रशंसाले प्रसिद्ध भइसकेको, भागीरामको इज्जत, प्रतिष्ठा एवम् प्रभाव देखेर लक्ष्मीनारायणलाई यति डाहा हुन पुग्यो कि जसरी भए पनि भागीरामको पतन हुने बाटो खोज्न थाले । यसको लागि सबैभन्दा सजिलो माध्यम सोझा एवम् शान्त प्रकृतिका जितामित्रलाई देख्न थाले । चतुर एवम् षड्यन्त्रकारी लक्ष्मीनारायणलाई यो थाहा थियो कि खम्बाजस्तै अडिग भागीरामलाई साधारण तवरले हटाउन सकिँदैन । त्यसको लागि उनले राजा जितामित्रलाई यसरी दबाब दिन थाले कि युद्धको सामना गर्नुस् कि भागीरामलाई हटाउनुस् । तर राजा जितामित्रलाई थाहा थियो कि भाजुकस कति मूल्यवान हिरा हो । उनले भाजुकसलाई हटाउन चाहेन । यसपछि पाटनका राजा योगनरेन्द्र मल्लको सहायता लिई लक्ष्मीनारायणले भक्तपुरको चारैतिर नाकाबन्दी गरेछ । भक्तपुरको सम्पर्क अन्य ठाउँसँग हुन पाएन । आवश्यक सामान भित्रिएन । बनेको सामान बाहिर गएन । जनताले आवागमन गर्न पाएन । एवम् रितले एक महिनासम्म नाकाबन्दी गर्दा पनि जितामित्र मल्लले भाजु कसलाई हटाएन । तर एकजना व्यक्तिको कारण सारा जनताले यत्रो दुःख पाउनु परेकोबाट जनता यति धेरै क्रुद्ध बने कि स्वयम् जनता उठेर भक्तपुर दरबारबाट जितामित्र मल्ल र उनका भाइ उग्र मल्ललाई जबर्जस्ती काठमाडौँ दरबारमा लक्ष्मीनारायण जोशी कहाँ बुझाएछ । र भागीरामलाई हटाउने सन्धिमा मन्जुर गराएछ । राजाको आज्ञा पाएपछि भक्तपुरवासीहरू भागीरामलाई खोज्न पुगेछ । तर चतुर भागीराम त्यसभन्दा पहिले नै गुप्तवासमा पुगिसकेको रहेछ, भक्तपुरवासीले उनको सर्वस्व हरण गरेपछि घरमा आगो लगाइदिएछ । वास्तवमा त्यसबेला जनतालाई

भागीरामविरुद्ध भड्काउन लक्ष्मीनारायणले अनेकौँ झूटो लान्छना लगाएको थियो। यसरी सोझासिधा जनतालाई अनावश्यक दुःख दिई भागीरामलाई भक्तपुर दरबारबाट हटाउन लक्ष्मीनारायण सफल भएको थियो। तर यस घटनामा सहयोग गरेवापत पाटनलाई केही इलाका दिने शर्त लक्ष्मीनारायणले पूरा गर्न नसकेपछि पाटनका राजा योगनरेन्द्र मल्ल अति नै रिसाए। धोखेबाज लक्ष्मीनारायणलाई पाठ सिकाउने हेतुले योगनरेन्द्र मल्लले पुनः भक्तपुरका राजा जितामित्र मल्लसँग मित्रताको हात बढाए। भक्तपुरका र पाटनको सहमतिअनुसार गुप्तवास बसेको भागीरामलाई पुनः विसं १७४५ मा भक्तपुर दरबारमा मुख्य भारदार बनाइयो। त्यसपछि झन् शक्तिशाली बनेको भागीरामको नाम जितामित्र मल्लले विसं १७४५ मा सुन्धारामा राख्न लगाएको अभिलेखमा उल्लेख गरेको छ। त्यसबाहेक लिखित रूपमा भागीरामको बारेमा बताउने तथ्यहरूको कमी छ। वास्तवमा तत्कालीन राजा जितामित्र मल्ल राजकाज चलाउनभन्दा यहाँको कला–संस्कृति, भाषा, साहित्य सम्पदालाई धनी बनाउने तर्फ बढी अग्रसर भएको समयमा दरबारको राजकाज एवम् सुरक्षाबारे अभिभारा बोकेको भागीराम नै शत्रुहरूको लागि बाधक बनेको थियो। जितामित्र मल्ल शान्त एवम् उदार प्रकृतिको हुनाको फाइदा काठमाडौँ र पाटन उठाउन थाल्यो। गुहारयुगीन त्यो समयमा काठमाडौँ र पाटन मिलेर भक्तपुरमाथि धावा बोल्नु, इलाका एवम् अधिकार खोस्नु, जनतालाई दुःख दिनु शत्रुहरूको नियमित कार्य बन्न पुगेको थियो। तापनि भक्तपुरको आफ्नो अस्तित्व एवम् पहिचान गुम्न नदिई हरेक क्षेत्रमा भक्तपुरलाई बलियो बनाउनमा भागीरामको ठूलो योगदान पाइन्छ। तर उनकै समकालीन कान्तिपुरका चौतारा लक्ष्मीनारायण जोशी दुष्ट स्वभावको षड्यन्त्रकारी व्यक्ति भएको वंशावलीबाट थाहा हुन्छ। आफू पदमा आउन उनले चिकुटीलगायतका भारदारहरूको हत्यादेखि पार्थिवेन्द्र मल्लको हत्या, राजकुमार महिपतिन्द्रको समेत हत्या गरेको थियो। पदमा आउनासाथ भक्तपुरमाथि कुदृष्टि राख्ने लक्ष्मीनारायणले जसरी भए पनि भागीरामलाई हटाउने कसरत गरेको थियो। उनको चरित्रबारे भाषा वंशावलीको एक ठाउँमा यस्तो भनिएको छ– *'कान्तिपुरमा मुख्य काजी लक्ष्मीनारायण कस्ता थियो भन्या दरबारमा सुती दरबारैमा खाई राजाले लाउन्या पोशाक गहना पैन्ही राजाका पलंग ओछ्यानमा बस्दथ्या, लडाईमा पनि जाँदैनथ्या। रातदिन रानीसँग मात्र बसिरहँदथ्या।'* अर्थात् बालक राजा भुपालेन्द्र मल्ललाई गुमराहमा राखी रानी ऋद्धिलक्ष्मीसँग लहसिएको थियो। यस्तै कुचरित्र भएको लक्ष्मीनारायणको अन्तमा कान्तिपुरका भारदारहरूले टाउको, हातखुट्टा काटेर निर्ममतापूर्वक हत्या गरे। विसं १७४४ मा कान्तिपुरको चौतारा बनेको लक्ष्मीनारायणको कान्तिपुरको राजा बन्ने चाहना अझ नेपालकै शासक बन्ने अभिलाषा विसं १७४७ मा आफ्नै हत्यामा बदलेको देखिन्छ।

यसरी कान्तिपुरका मुख्यकाजी लक्ष्मीनारायणको अन्त्य एउटा दुष्ट, षड्यन्त्रकारी पतित व्यक्तिको रूपमा भएको वंशावलीबाट थाहा हुन्छ। तापनि जन किम्बदन्तीले लक्ष्मीनारायणलाई समेटेको देखिँदैन। बरु त्यसको ठाउँमा त्यस्तै कथाहरूले भागीरामलाई भाजु कसले कुख्याती कमाएको छ। जनकहावतमै सीमित हुनु परेको भाजु कसबारे जे जति किम्बदन्ती सुन्न पाइन्छ त्यसमा उनीप्रति न्याय गरेको देखिँदैन। जीवनमै चौतारा छँदाछँदै झूटो लान्छनाबाट सर्वस्व गुमाइ ज्यान जोगाइ बाँच्नु परेको भागीराम जस्ता इतिहासमा थुप्रै पात्रहरू छन् वा आफ्नो देश र जनताप्रति वफादार छँदाछँदै कलङ्कित हुनु परेको छ।

हुन त भागीरामको पछिल्ला समयको इतिहास त्यति खुलस्त छैन। यता विसं १७४५ मा भक्तपुर दरबारमा मुख्य काजी बनेपछि भागीरामको शक्ति एकाएक बढेको देखिन्छ। पाटनका राजा योगनरेन्द्र मल्लको सहायता र समर्थन पाएपछि सर्वाधिक शक्तिशाली बन्न पुगेको भागीरामले पाटनको सहयोगमा विसं १७४६ मा कान्तिपुरमा आक्रमण गर्न समेत पुगेको थियो। र आफूमाथि पहिले आक्रमण गरेको बदला समेत लिन पुगेको थियो। यसबेला सम्म लक्ष्मीनारायणको विरुद्ध कान्तिपुरका भारदारहरू सङ्गठित भइसकेको हुनाले लक्ष्मीनारायण कमजोर भइसकेको थियो। यस्तैमा विसं १७४७ मा कान्तिपुरका भारदारहरूले आफ्नै घरमा सुतिरहेको लक्ष्मीनारायणको हत्यापछि आफ्नो वैरीको हत्याबाट भागीरामको बाटो अवरोधमुक्त भएको थियो। र भागीरामको शक्ति एवम् प्रभाव झन् बढेको देखिन्छ। तर, दुर्भाग्यवस यसताकाको भागीरामको बारेमा कुनै लिखित इतिहास पाइएको छैन। त्यसलाई जनकिम्बदन्तीकै भाषामा बोल्नु पर्ने बाध्यता छ। अर्थात् जितामित्र मल्ललाई कैद गरी कान्छी रानीसँग दरबारमा बस्ने भाजु कसले बालक भुपतिन्द्र मल्ललाई मार्न पठाएको, तर सहृदयका जल्लादहरूको कारण भुपतिन्द्र मल्ललाई नमारेको कहावत छ। पछि भुपतिन्द्र मल्ल एकजना सिकर्मीको काम गर्ने तामाङसित तिब्बत पुगेको र काष्ठकला एवम् युद्धकलामा पारंगत भएपछि भक्तपुरका चारकाजीहरूको सहयोगमा भक्तपुर दरबार कब्जा गरी राजा बनेको कथन छ। यही घटनाबाट आफ्नी आमा लालमती र काका उग्र मल्लाई जेलमुक्त गरेको अनि कान्छी आमालाई कैदमा राखिएको र भाजु कसलाई निर्ममतापूर्वक प्राणदण्ड दिएको कहावत छ। यस्तै कहावत अनुसार सुकुलढोकामा लुकेर बसेको भाजु कसलाई समातेर भैरवस्थाननेर टाउको काटेपछि सार्वजनिक प्रदर्शनको लागि सल्लाघारीनेर राखिएको र जहाँ बाटोमा आवतजावत गर्नेले पिशाव फेर्ने ठाउँमा गाडेपछि त्यो ठाउँलाई

'च्वङापाखे' भनिएको कथन छ। यस्तै किम्बदन्ती एवम् कहावतले भरिएको भाजु कसको इतिहास वर्तमान अवस्थासम्म पनि प्रचलित छ। यस्ता किम्बदन्तीहरूलाई बढावा दिएको पाइन्छ। तापनि हाम्रा इतिहासका पानाहरूमा जितामित्र मल्लले भागीरामको बारेमा उल्लेख गरेकोले तत्कालीन समयको एक प्रभावशाली व्यक्तिको रूपमा रहेको थाहा हुन आउँछ। भागीरामले भक्तपुर दरबारमा कहिले प्रवेश पाएको भन्नेबारे यकिन नभएता पनि उनी विसं १७३५ मा मुख्य भारदार भइसकेको थाहा हुन्छ भने उनको मृत्यु विसं १७५३ तिर भएको देखिने आउँछ। यस अर्थमा भागीरामले १७-१८ वर्ष चौताराको भूमिका निर्वाह गरेको देखिन आउँछ। आफ्नो जीवनकालमा कान्तिपुर र पाटनसँग टक्कर लिई भक्तपुरको स्वाभिमान बचाए तापनि अन्तमा जितामित्रकी कान्छी महारानीसँग नाम जोडिएर एक घृणित पात्रको रूपमा बदनामी पाउनु र अन्तमा पिसाब फेर्ने ठाउँमा गाडिनु परेको कहावतबाट भागीरामको दुखद अन्त्य भएको देखिन्छ।

## निष्कर्ष:

यसबाट माथि उल्लखित विभिन्न समयमा विभिन्न प्रभावशाली कस भारदारहरू देखिएपनि भाजुपोखरी निर्माण गर्ने कस भारदार रामबर्धन परिवारका समकालीन कस भारदार रहेको देखिन आउँछ। यसमा पनि अनेकरामबर्धनको समकालीन कस भा नै कस भाजु अर्थात् भाजु कस हुन सक्ने धेरै आधार छ। अनेकरामबर्धन जस्ता प्रभावशाली भारदारको कारण कस भा को पतन भएको कहीँकतै उल्लेखसम्म भएन। तर कस भाले बनाउन लगाएको नगरको पश्चिमतर्फको ढोका सहितको किल्ला, उनको आवास तथा भाज्या पोखरी आजसम्म प्रमाण बनेर हाम्रो सामु उभिएको छ। यिनै भाजु कसका सन्तानहरू ज्योति भा र गोविन्द भासमेत तत्कालीन राजा जयस्थिति मल्लसित नजिक भई रामबर्धन परिवारको विरुद्ध उभिएको अर्को महत्त्वपूर्ण सङ्केतलाई थप प्रमाणको रूपमा लिन सकिन्छ। यसको आधारमा नेपाल संवत् ४४६ देखि नेपाल संवत् ५०० को बिचमा नै भाज्या पोखरी बनेको हुनुपर्छ। लामो समयसम्म खण्डहरमा परिणत भइरहेको यो पोखरी पुनर्निर्माण राजा जितामित्र मल्लका समकालीन प्रभावशाली प्रधानमन्त्री भागीराम कायस्थले गरेको आधारमा पछिल्लो कथा किम्बंन्तीले प्रश्रय पाउँदै आएको हो। भागीराम कायस्थ नै भाजु कस हो भन्ने भ्रम फैलिन पुगेको स्पष्ट भएको छ।

भक्तपुर नगरपालिकाले हालसालै भाज्या पोखरीको पुनर्निर्माण गर्ने क्रममा थप अध्ययन अनुसन्धान भई यी प्रमाणहरू अगाडि आएको छ। यसको लागि भक्तपुर नगरपालिका, अध्ययन अनुसन्धान टोलीलगायत भाज्या पोखरी पुनर्निर्माणमा प्रत्यक्ष एवम् अप्रत्यक्ष सलग्न सम्पूर्ण धन्यवादका पात्रहरू हुन्।

### सर्न्दभ सामग्री

१.नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन– लिलाभक्त मुन्नकर्मी २.चाँगुनारायणको ऐतिहासिक सामग्री– मोहनप्रसाद खनाल ३.भक्तपुर दरबारका मल्लकालीन भारदारहरू – ओमप्रसाद धौभडेल ४.गोपालराजवंशावली – धनबज्र बज्राचार्य/कमलप्रकाश मल्ल ५.कायस्थ (कसजु) वंशावली स्मारिका–२०७४ ६.भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण–भक्तपुर नपा

## बासिबियाँलो



क) दिइएको चित्रमा अमिल्दो ताल्चा देख्नुभयो ? प्रयास गर्नुहोस्।



ख) दिइएको नौ थोप्लालाई चारओटा सीधा रेखाले जोड्नुहोस्। उत्तर यसै अङ्कमा दिइएको छ।

# विस्का जात्राको पहिलो दिनको एक झलक

जे.पी. तिमिल्सिना



बिहान तातोपानी तथा अर्गानिक चियाको चुस्कि लिएर भक्तपुर नगरपालिकाद्वारा आयोजित सद्भाव सभामा सहभागी भएँ। यसअघि हामी दत्तात्रयतिर पुग्यौं। मानिसहरूको चहलपहल धेरै थियो। सद्भाव र्‍यालीमा सहभागी हुन चारैतिरबाट सहभागीहरू आउँदै थिए। कलेज, स्कूल, क्लव, सङ्घ संस्थाहरूले आ-आफ्नो नयाँ वर्षको शुभकामना लेखिएका, आ-आफ्नै विशेषता झल्काउने झन्डा र ब्यानरमा सहभागी भइरहेका थिए। हाम्रो नजर दत्तात्रय मन्दिरको वरिपरिका दृश्यतिर घुम्दै थियो। कला, संस्कृति र सम्पदाको धनी भक्तपुरको दत्तात्रय मन्दिर अनेकौं कला कौशलले सजिसजाउ र भरिभराउ थियो। कलात्मक शैलीमा निर्मित यो मन्दिरको अगाडि दुईओटा अग्ला ढुङ्गाका खम्बाहरू छन् भने खम्बाको शिर वा टुप्पोमा मौलिकता झल्कने मूर्ति राखिएको छ। चारैतिर सुन्दर, रमणीय मानव निर्मित कलाकौशलले सजिएका दृश्यहरूको ठीक अगाडि ठूलो ब्यानर झुन्ड्याइएको थियो। उक्त ब्यानरमा लेखिएको थियो, *'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति', 'जात्रालाई शान्तिपूर्ण र मर्यादितरूपमा सम्पन्न गरौँ !'* भक्तपुर नगरपालिकाले आयोजना गरेको विस्का जात्रा तथा नयाँ वर्ष २०८१ सालको शुभकामना तथा सद्भाव र्‍याली लेखिएको थियो।

मन्दिरको फिल्डमा साना ठूला विद्यार्थीहरूका आआफ्नो ब्यानरसहितको लस्करै लाइन लागेका थिए। प्रत्येक लाइनको बिचबिचमा शिक्षक शिक्षिका तथा स्वयम्सेवकहरूले जात्रामा पालना गर्नुपर्ने अनुशासन, नैतिकता तथा इमानदारीसम्बन्धी निर्देशन दिँदै गरेको देखिन्थ्यो। विभिन्न जिल्ला तथा देश विदेशबाट भ्रमणमा आएका पर्यटकहरूले बिचबिचमा पसेर फोटो खिच्ने, भिडियो बनाउने, सेल्फि लिने, टिकटक बनाउने काममा व्यस्त भएका दृश्य आकर्षक थिए। फोटो खिच्ने, भिडियो क्लिप बनाउने, आपसमा सूचना तथा जानकारीहरू आदानप्रदान गर्ने काम हामीले पनि गर्‍यौं। यतिखेरसम्म भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसहित जनप्रतिनिधिहरू उपस्थित भइसक्नुभएको थियो। व्यवस्थित, अनुशासित र्‍यालीलाई भक्तपुर नगरपालिका ९ नं. वडाध्यक्ष रबिन्द्र ज्याख्वले कार्यक्रममा स्वागत गर्दै जुलुस परिक्रमा गर्ने रुट, अनुशासन आचरणका सम्बन्धमा जानकारी दिँदै हुनुहुन्थ्यो। हामीले पनि केही जम्काभेटका क्षणहरूलाई मोबाइलमा राख्यौं। सद्भाव र्‍यालीमा सहभागी भएका सर्वसाधारणहरू, स्वदेशी तथा विदेशी बटुवाहरू, पर्यटकहरू फोटो लिँदै, रमाइलो महसुस गर्दै थिए। यत्तिकैमा माइकिङ सुरु भयो। सबै सहभागीहरूलाई र्‍यालीमा सहभागी हुन, अनुशासनसम्बन्धी, झन्डा, ब्यानर, जुलुसको नियम सुनाएपछि बिस्तारै जुलुस अगाडि बढ्यो। जुलुसको अग्रस्थानमा सुरक्षा कवजको रूपमा स्वयंसेवक र सुरक्षाकर्मीहरू थिए। त्यसपछि भक्तपुरका विभिन्न बाजागाजाहरू थिए। अनुशासितरूपमा निश्चित नियम र पद्धतिको आधारमा जुलुस बनेको थियो। यसैगरी भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, रेडक्रस सोसाइटी तथा अन्य संस्थाका प्रतिनिधिहरू थिए भने। पछाडि स्कूल, कलेज, सहकारीबाट सहभागी भएका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू, स्काउट र क्लवका व्यक्तिहरू थिए। बुढाबुढी, युवायुवतीहरू तथा अन्य सर्वसाधारणसँगै सबैभन्दा अन्तिममा सामाजिक कार्यकर्ता, स्थानीय अगुवा तथा भक्तपुर नगरपालिकाका कर्मचारीहरूको टीम थियो।

कला, संस्कृति, संस्कार, चाड पर्व र सम्पदाप्रेमीहरूको र्‍याली ऐतिहासिक कलात्मक भक्तपुर नगरीका विभिन्न क्षेत्रहरूको परिक्रमा गर्दै पाँचतले मन्दिर टौमढीमा पुग्यो। ठूला अक्षरमा प्रसिद्ध विस्का जात्रासम्बन्धी सद्भाव सभा लेखिएको ब्यानर थियो। प्रमुख अतिथि तथा अतिथिहरूको लागि मञ्च बनाइएको थियो। विश्व प्रसिद्ध विस्का जात्रा ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको गौरवशाली यो जात्रा आठ रात नौ दिनसम्म भक्तपुरको टोलटोलमा भव्यताका साथ मनाइने रहेछ। २०८० चैत २७

गते भैरवनाथको रथ तानेर विस्का जात्रा आरम्भ हुन्छ । चैत ३० गते लिङ्गो उभ्याउने र वैशाख १ गते नववर्षको दिन लिङ्गो ढालेर जात्रा गरिने रहेछ । २०८१ वैशाख ५ गते भैरवनाथको रथ तानेर व्यवस्थापन गरेपछि जात्राले पूर्णता पाउने बुझियो । भक्तपुरको पहिचान र गरिमासँग जोडिएको, ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्वको विस्का जात्रालाई सभ्य, भव्य, सुरक्षित, शान्तिपूर्ण र मर्यादित ढङ्गले मनाउन लागेको देखियो ।

भनपा वडा नं. १ इनागबाट सुरु भएको र्‍याली बजार परिक्रमा गर्दै टौमढी चोकमा पुगेको थियो ।

सद्भाव सभामा हजारौँ व्यक्तिहरूको उत्साहजनक सहभागिता थियो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भएको उक्त सभाको प्रमुख अतिथि नेमकिपाका सचिव एवम् प्रतिनिनिधिसभा सदस्य प्रेम सुवाल हुनुहुन्थ्यो । प्रमुख अतिथिले सद्भावना मन्तव्य राखेको उक्त सभामा प्रमुख जिल्ला अधिकारी, गुठी संस्थानका प्रमुख, विभिन्न सुरक्षा निकाय प्रमुखको गरिमामय उपस्थिति थियो । सभामा स्वागत योगेन्द्रमान बिजुक्छेँ र सञ्चालन रबिन्द्र ज्याख्वले गर्नुभएको थियो । चैत मसान्तको दिन विश्वध्वजोत्थान गरी वैशाख सङ्क्रान्तिको दिन ढालेर मनाई यो पर्व हाल आठ रात र नौ दिन मनाइन्छ ।

इतिहास, संस्कृति र पुरातत्त्वविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले अन्तरङ्गका तरङ्गहरू भन्ने पुस्तकमा उल्लेख गर्नुभएको छ, 'विश्वनाथ भैरवको जात्रा विश्व जात्रा हो । विश्वनाथ भैरवको लिङ्गमा फहराइने एक जोडी ध्वजा स्वयं विश्वनाथ भैरव र उनका शक्ति भद्रकालीका प्रतीक हुन् । ती ध्वजा कुशलमङ्गलका प्रतीक पनि हुन् जसको दर्शनले महामारीलगायतका दुर्भिक्षको अन्त्य भई सहकाल आउँछ, यस लोकमा रहेकाहरूलाई सुस्वास्थ्य, समृद्धि र सुख, शान्ति प्रदान गर्दै शत्रु नाश गर्दै परलोकमा रहेका मृतात्माहरूले जन्म र मृत्युको बन्धनबाट मुक्ति पाउँदै मोक्ष प्राप्तको कामनाले यो जात्रा मनाइन्छ ।'

विस्का जात्राको औपचारिक सुरुवात दिउँसो तीन बजे रथ तानेर गरिने कार्यक्रम थियो । हजारौँ सहभागी हुने, देशका विभिन्न क्षेत्रहरूबाट तथा विभिन्न देशबाट यो जात्राको आनन्द लिन सहभागीहरूको भिड हुने रहेछ । पाँचतले मन्दिरको माथिल्लो सिँढीमा बसेर जात्राको अवलोकन गर्‍यौँ । दुईतिरबाट हजारौँ व्यक्तिहरूले असिन पसिन हुँदै रथ तानेको दृश्य आश्चर्यजनक, अनौठो र रमाइलो थियो । मोटा मोटा धागोका लामा लामा चार/चार ओटा डोरीहरू रथको दुवैतिर बलियोसँग बाँधिएको थियो । सयौँ जनाले दुवै तिरबाट तानातान गर्दा एक पक्षले केही रथलाई केही टाढा तान्थ्यो भने फेरि अर्को पक्षले भएभरको शक्तिले आफूतिर तानिहाल्थ्यो । टौमढी वरिपरि कहींकतै जमिन देखिँदैनथ्यो । टौमढी वरिपरि रहेका सबै घरहरू, होटल र चियाखाजाका पसलहरूका छतहरूमा, झ्याल र ढोकाहरूबाट जात्राका दृश्यहरूलाई अवलोकन गर्ने, फोटो खिच्ने, भिडियो बनाउने, आकाशमा ड्रोनहरू उडाउनेहरू खचाखच भरिएका थिए । पाँचतले मन्दिर, तलेजु मन्दिर वरिपरि रहेका पसलहरूमा पर्यटकहरू खचाखच भरिएका थिए । अधिकांश पर्यटकहरूले विस्का जात्राको आनन्द, रमाइलो तथा सुसमाचारलाई अनलाइनका अनेकौँ माध्यमबाट आ–आफ्नो देशमा रहेका आफन्त तथा साथीहरूलाई प्रत्यक्ष प्रसारण गरिएको देखिन्थ्यो । विभिन्न टेलिभिजन च्यानलहरूले ड्रोनको प्रयोग गरेर प्रत्यक्ष प्रसारण गरिरहेका थिए । विभिन्न सुरक्षा निकायका अङ्गहरूले प्रत्यक्षरूपमा तथा सीसी टीभीबाट अवलोकन गरिरहेका थिए । सकारात्मक सन्देश दिने, परम्परा, कला संस्कार र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको यस जात्रामा कुनै दुःखद घटना नहोस् भन्ने सबैको चाहना हो ।

अन्तमा, कला, संस्कृति, संस्कार, परम्परा र सम्पदाको राजधानी भक्तपुरको निरन्तर उन्नति र सफलताको कामना ।

मजदुर दैनिक, चैत्र २९, २०८०

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना तथा २०८० सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेहरूबाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८० सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८१ वैशाख २० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित भनपा प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-४)


– प्रो. माणिकलाल श्रेष्ठ



## साहित्य – थ्व छु ? छाय् ? गथे ? (१)

'साहित्य' शब्द नां कायेवं हे भ्रीगु न्ह्योने निगू स्वंगू प्रश्न वये धुंकी। साहित्य छु खः ? साहित्य भ्रीसं छाय् ब्वनेगु ? साहित्ययात प्रेरणा छु छु दु ? साहित्य छुकिया निंतिं ? आदि। अले विभिन्न युगया विद्वानतय्सं थ्व प्रश्नया लिसः बियात:गुली विभिन्न धारणा दुगुलिं हे समालोचना सम्बन्धे त:गु प्रकारया मत दत।

दकले न्हापांया प्रश्न काये। साहित्य छु खः ? चवया तक्वो रचना साहित्य खः ला ? मखु। तुयू भोंते हाकु मसिं किइव साहित्य जुइ मखु। अथेसा छुं अर्थ दुगु वा छुं महत्त्व दुगु रचना साहित्य खः ला ? व नं मखु। पुलांगु शिलालेखया महत्त्व दु, अझ भाषा व साहित्यया अनुसन्धान-ज्याय् नं थुकिया यक्व महत्त्व दु, अथेसां थ्व साहित्य मखु। कानूनया विद्यार्थीयात 'जुरिस्प्रुडेन्स' या महत्त्व दुसां थ्व साहित्य मखु। नागरिक शास्त्र वा विज्ञानया छुं सफूया न्ह्याको महत्त्व दुसां भ्रीसं उकियात साहित्य मधया। छुं छगू विषये विवेचना यायेगु ज्ञान बिइत खः। अथे हे साहित्यया उद्देश्य नं ज्ञान बिइगु नं जुइफु (मजुइ नं फु), तर ज्ञान बिइत चवया त:गु बस्तु साहित्य मखु। साहित्य नं छगू प्रकारया कला खः, थुकिया मूल उद्देश्य कलाया थें हे। साहित्यया 'मूल उद्देश्य कलात्मक सन्तुष्टी बिइगु खः।' *(अङ्ग्रेजी साहित्यया समालोचकपिं आपासिया थ्व धारणा खने दु।)* थुगु उद्देश्यं चवया त:गु रचना साहित्य खः, तर थुकिया मतलब सन्तुष्टी हे जक साहित्यया उद्देश्य दयेमा धयागु मखु। साहित्यं कलात्मक सन्तुष्टी बिइमा, तर मेमेगु यक्व उद्देश्य नं साहित्यया दया चवनी। साहित्य छु खः धयागु प्रश्नया बांलाक लिसः बिइत भ्रीसं



विलियम हेनरि हडसन्

साहित्य छाय् ब्वनेगु धका निं थुइकेमा।

अथे सा साहित्यया अध्ययन भ्रीसं छाय् यायेगु ? थुकिं भ्रीत छु बिइफु ? हमाइपु छ्यायेत जक ब्वनेगु बस्तु साहित्य मखु। स्कूल, कलेज, विश्वविद्यालयया पाठ्यक्रमे लाकाबिल धायेव करं क्यना विद्यार्थीपिसं ब्वनीगु मेगु हे खँ, अथे हे रेले चवना ताहाक लँ ताउ बिक्क वनाच्वने मालीबेले भ्रीसं न्ह्यागु हे जूसां चवया त:गु छकू भों जुइव ब्वनी। तर जनतां चिउता कया साहित्य ब्वनीगु कारण साहित्ये त:धंगु मानव महत्त्व दुगुलिं खः। साहित्यया अगाध व स्थायी मानव महत्त्व हे भ्रीत साहित्य ब्वनेत प्रेरणा बिइगु बस्तु खः। *(हडसन्–* (William Henry Hudson-1841-1922) *साहित्यमा अध्ययन)* न्ह्यागु नं त:धंगु कृति प्रत्यक्ष हे खने दयेक जीवनं पिहाँ वइ, थ्व ब्वनेबेले भ्री जीवन लिक्क थीक थ्यनी। *'मनूतय्सं साहित्यिक कृति ब्वनीगु ज्या मदया न्हि छ्यायेत मखु, ... ... तर जीवन भ्रन बांलाक थुइकेत, देश व जनताया निंतिं इमानदारी कथं सेवा याना चवंपिं सर्वसाधारण जनताया महान उत्साह स्वया छुं सिइके सयेकेत व मनुया भविष्य भ्र:भ्र: धा धका बल्लाक क्वातुक्क विश्वास कायेत खः।'* ***(किम इल सुङ–** लेखक कलाकारपिनि गोष्ठीइ भाषण)* मनुखं जीवने खंगु या अनुभव यागु बस्तु व भ्रीत तस्सकं चिउता दुगु खँ विषये चिन्तन याना लुइकूगु विचार किया त:गु वर्णन ( रिकर्ड) हे साहित्य खः। उकिं भ्रीसं साहित्य ब्वनेगु खः, ब्वनाया सार खः। *'साहित्य भाषाया माध्यमं जीवनया अभिव्यक्ति खः।' (हडसन्– साहित्यया अध्ययन)*

*'त:धंगु कृति लेखकया न्ह्यपु व नुगलं*

“Creation of predecessors — Our art and culture”

*पिहाँ वइ'* *(हडसन्- साहित्ययया अध्ययन)*। सफू ला लेखकं थः हे प्वंका तःगु बस्तु। लेखक छह्म मनू खः, समाजे च्वना च्वंह्म। समाजया प्रभाव वयात लाइ। समाज व जीवन नाप छुं स्वापू मदुगु बस्तु च्वयेत सनेगु वास्तविकतां पिहाँ वनेत स्वयेगु खः, वने फइगु बस्तु नं मखु। हानं समाजे च्वंह्म मनुखं याइगु विभिन्न कार्यविधि मध्ये च्वयेगु नं छता खः। लेखकं च्वइगु हे करपिसं ब्वनेमा धका खः। ख ला थःगु सन्तुष्टीया निंतिं च्वयेगु धाइपिं नं दु। तर उजोपि लेखकपिंके नं चायेक बा मचायेक करपिसं ब्वनेमा धयागु इच्छा दइ, नत्र च्वयेधुंका प्रकाश यायेगु इच्छा हे गनं वइ। जनता साहित्य ब्वनीपिं जक मखु, सच्चा अर्थे धायेगु जूसा महान साहित्य वा कलाया धाथेंया सिर्जक ला जनता हे खः। उकिं हे भिंभिंगु साहित्य व कला न्ह्याबलेसं जनताया योगु हे लाइ। छुं कला वा साहित्य कृतिं जनताया प्रेम काये मफुत, जनतां उकियात प्रशंसा मयात धासा बा कम-से-कम जनतां व कृति ब्वना आनन्द नं मकाल धासा व कृति उत्तम कृति हे धाये मलो। अथे जूगुलिं लेखक कलाकारपिसं जनताया जीवन दुने थ्यंक दुहाँ वना स्वयेमा, जन-साहित्य, लोक-म्ये ब्वनेमा, अले थःगु सिर्जनात्मक कृतिइ थ्व छ्यले फयेमा। नेपाली भाषाया कवि देवकोटाया कविताय् मेमेगु गुणया नापनापं दकले तःधंगु गुण हे जन-जीवन क्वातुक्क थूगु खः। नेपाल भाषाया महाकाव्य **'सुगत सौरभ'** स नेपालया संस्कृति व जन-जीवनया गुगु चित्रण दु उकिं नं छुं महत्त्व थकागु दु। तर छता खँ न्ह्याबलें मति तयेमा, *'लोक-म्ये व लोक-प्याखं धाये मात्रं हे फुक्कं भिं, फुक्क झीसं अनुकरण याये बह जुइ धाये मजिउ'* *(किम इल सुङ्)*। झीगु धाक्व बांला, झीगु पुलांगु जुक्व संस्कृति खः, सलिंनिसें त्वादेवा सुकुन्दा तक न्ह्यागुं संस्कृति, न्ह्यागुं कला धायेगु प्रवृति संकुचित व अनुदार कट्टरवाद खः।



किम इल सुङ्

अथे हे लोक-म्येया नामं लोकं हाला जुइगु न्ह्यागुं मुंका फागु-म्ये तकयात नं साहित्य व कला धायेगु प्रवृतिं जन-कवि मखु गाइने-कवि जक पिहाँ वइ।

साहित्य व कला जीवनया अभिव्यक्ति खः, थुकिया मतलब जीवन स्वया जीवन थें च्वंक छुं सिर्जना याना बिइगु खः। लेखक सिर्जना याइह्म खः, जीवन थें च्वंक थहमं हे दयेका बिइह्म, धाथें जूगु घटनायात गथे खः अथे ल्ह्यया काइह्म पत्रकार नं मखु, इतिहासकार नं मखु। साहित्यया फुक्क प्रकारे कल्पना मा, गुगुंली हमो गुगुंली अप्पो। कल्पना मदुह्मसिनं सिर्जना नं याये फइ मखु, साहित्यिक हे जुइ फइ मखु। झीगु देशे लेखकपिंके निगू प्रकारया बांमलागु प्रवृति अझ हे दनि। छगू जुल कल्पना व सिर्जनाया नामं जीवनयात वास्ता मतसे जन-जीवनलिसे छुं हे सम्बन्ध मदयेक आकसे ब्वया वनेगु। मेगु हाकनं छता दु, जीवनवादया अर्थ बांलाक मथुइक जीवनवादी जुइगु, 'जीवनया अनुकरण' या नामं कार्बन-पेपरं ल्ह्यया कायेथें जीवन क्यनेगु प्रवृति। थ्व निगु प्रवृति स्वयेबेले अःखः खनेदुसां छगू हे भ्रमं वइगु त्रुटि खः साहित्य व जीवनया सम्बन्ध मथुया।

जीवन व साहित्यया सम्बन्ध गुजोगु जुइमा धयागु खँय् खःगु धारणा कया नं जन-जीवनया गाक्क ज्ञान मंत धायेव लेखक असफल जुइ फु। नेपाली भाषाया कवि व नाटककार **बालकृष्ण समया** नाटक **'मुकुन्द इन्दिरा'** स वयक्लं देश व समाज, अले जन-जीवन प्रतिनिधित्व यायेत सँसं हे थाय्थासे अस्वाभाविक खने दु। *('मुकुन्द इन्दिरा' नाटके मू-पात्र मुकुन्दया अबुजु यलया साहु रूप नारायणया चित्रण मुकुन्दया छेँ या वातावरण छति हे स्वाभाविक खने मदु। हाकनं मुकुन्दया कलकत्ता च्वंबेलेया जीवने गाकं स्वाभाविक नं जू, बांलाक प्रतिनिधित्व नं जू। लेखकं थहमं खंगु वस्तु अर्थात थःगु अनुभूति यात बांलाक छ्यले फु। २००७ साल न्ह्यो सर्वसाधारण जनताया जीवन छुं मखं मथू, अझ शायद पसले तक हे दुहाँ वये मनंह्म राणा कुलयाह्म बालकृष्ण समशेर जङ्गबहादुर राणाया नाटके थ्व त्रुटि आश्चर्य मखु। २००७ सालया क्रान्ति लिपा बालकृष्ण सम जुया दी धुंका वयक्लं 'मुकुन्द इन्दिरा' च्वया दीगु जूसा यक्व हे स्वाभाविक व उत्कृष्ट नं जुइगु जुइ।)* अथे साहित्ये जीवनया अभिव्यक्ति जुइमा धका मतिइ तया च्वंपिं लेखकपिंके हे नं छगू गलत धारणा झीगु देशे थौंकन्हे खने दु। समाजे दुगु समस्या, जनतायात जुया च्वंगु अत्याचार व शोषण गथे खः बांलाक क्यना बिइवं गात, थ्व हे यथार्थवादी साहित्य खः धायेगु भावना गलत खः। थ्व धारणा यथार्थवाद मखु प्रकृतिवाद खः। साहित्ये जीवनवादयात दकले महत्त्व बिइपिं मार्क्सवादी लेनिनवादी लेखक व नेतापिसं नं थ्वजोगु धारणायात तस्सकं

निन्दा याना तःगु दु । **माओ चेतुङं** धया दीगु दु – *'साहित्य व कलाय् भ्रीत मागु यथार्थवाद* (realism) *खः, प्रकृतिवाद* (naturalism) *मखु ।'* अथे हे **किम इल सुङं** लेखकपिनि गोष्ठीइ छगू प्रवचने थथे धया दिल – *'भ्री लेखक व कलाकारपिनि कृतिइ अभ्र नं गाक्कं हे प्रकृतिवादी तरिका पिज्वःनीगु दुःखया खँ खः । थ्व प्रवृतियात खत्तम हे याना छ्वय् मफुसा साहित्य व कला स्वस्थ लँपु ज्वना विकास जुइ फइ मखु ।'*

तर साहित्ये यथार्थवाद बांलाक विकास मजूगु छुं आश्चर्य मखु । विश्वया आपालं ततःधंगु साहित्यया इतिहास सोसां न्हापां आदर्शवादं हे साहित्ययात चिना तःगु खने दु । जीवननाप सत्तिक स्वापू तया वनेगु प्रवृति लिपा हे तिनि खने दत । नेपाले सोसां नेपाल भाषा साहित्ये जीवन लिसे स्वापू तथा च्वयेगु प्रवृति वोगु खने दुगु थनी निसःदँ न्ह्यो रणजित मल्लया कवितायू व वया छुं भति न्ह्योया कविता निसें खः । *(महाकवि सिद्धिदासया सच्छिदँ बुदिंया उपलक्षे जूगु नेपालया दकले न्हापाया ऐतिहासिक नेपाल भाषाया सेमिनारे स्वीकृत जूगु* ***'नेपाल भाषा साहित्ये सिद्धिदासया प्रवाह'*** *धयागु प्रतिवेदनमा छु अंश थथे दुः– सिध्दिदासया गुलिखे न्ह्योनिसें इले बेले नेपाल भाषा साहित्यया कविपिसं शोषणया किपा ब्वया वंगु दु, देश प्रेम सम्बन्धी कविता च्वया वंगु दु । अत्याचारया विरुद्धे ल्वाये मफुगु जीवन खिचाया जीवन सरबरि खः धयागु चेतना 'सिलु तीर्थ' बाखं म्यें खने दु । ... ... ... सामन्ती शोषणया सजीव चित्रण राज्य प्रकाशया पाले च्वया थकूगु 'संसारया कारण' धयागु बाखं म्यें क्यं । ... ... ...*

*देशप्रेम सम्बन्धी कविता जुजु रणजित मल्लं च्वया दीगु* ***'हाय हाय राम'*** *खः, गुकी थह्मं तोता वने मागु देयात लोमंकां लोमंके मफया 'हाय हाय राम राम गथे मलुमने नेपाल' धया नुगः द्यां तज्यांना वागु विरह–वेदना प्वंका थकूगु जुया च्वन ... ... ... ।)* जीवननाप बांलाक स्वापू दुसां समाजया समस्या व जनताया दुःख गथे खः अथे क्यना तःगु कविता व लोक–म्ये सम्म पिहाँ वल, तर यथार्थवाद धाथें हे विकास जूगु खने मदु । यथार्थवादी धारणा खने दया वोगु राणा शासनकाले जनतन्त्रया चेतना, राणा विरोधी भावना व जन–जागरणया प्रवाह वसांनिसें तिनि खः । नेपाली भाषाय् सोसा नेपाली भाषां च्वयेगु उत्साह व जागरण थनी सच्छि चाच्यू दँ न्ह्यो **भानु भक्तं** हल, तर साहित्ये जीवन क्यनेगु प्रवृति यक्को हे लिपा तिनि वल । जनतन्त्रया आन्दोलन न्ह्यज्यालिसे जनताया शक्ति व महत्त्व थुया वल, अले तिनि साहित्ये जन–जीवनया चित्रण जक मखु जन–आकांक्षाया नं प्रतिनिधित्व यायेगु प्रवृति वल । जन–जीवन जक चित्रण जुयां मगा, जन आकांक्षाया प्रतिनिधित्व साहित्यं यात धायेव तिनि उकियात यथार्थवाद धाइ ! **'सिलु–म्ये'** व **'सितला–म्ये'** ब्वनेबेले उगु बेले जनतायात जूगु दमन व अत्याचार व जनतां सिउगु कष्ट बांलाक अभिव्यक्ति जूगु खने दु, तर थ्व निपुं म्ये यथार्थवादी मखु, छाय् धासा जनताया आकांक्षा, जनताया सिर्जनात्मक उत्साह थुकी प्रतिविम्ब मजू ।

थौं भ्रीत मागु साहित्य यथार्थवाद खः, थौं जक मखु मानवसमाजया विकास क्रम स्वयेबेले न्ह्यागु नं युगयात यथार्थवादी साहित्य हे मा, तर थुकिया मतलब यथार्थवादी मजूगु साहित्य साहित्य हे मखु धाये फइ मखु । समाजयात उलि उपयोगी मजूगु बा हित याये मफइगु बा अभ्र स्यंकीगु साहित्य नं साहित्य खः । थुकथं स्वयेबेले साहित्ययात कलाया दृष्टिं बांला बांमला अर्थात् च्वन्ह्यागु, मन्ह्यागु व क्वह्यंगु धका, अले जनताय् प्रभाव याये फुगु व मफुगु धका, अले हाकनं समाजयात भिंकीगु व मभिंकीगु धका वर्गीकरण याये फु । अथे जुगुलिं साहित्यया पारख यायेत नं निगू दृष्टिं स्वयेमा, कलाया दृष्टि व उपयोगिताया दृष्टिं । थ्व विषये मेगु अध्याये विश्लेषण याये । **(कथहं)**


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ठमेलको यो छाया सेन्टर, भारतको नोएडाको त्यो ट्वीन टावर

निराजन पौडेल



काठमाडौँको ठमेलमा कमलपोखरी पुरेर सोही जगमा बनेको (छायादेवी कम्प्लेक्स) लामो समयदेखि विवादमा छ । छाया सेन्टर र भारतको नोएडामा भुइँतलासहित नौतले भवनको अनुमति लिएर अनधिकृत ढङ्गले ३२ र २९ तले टावर ठड्याइएपछि विवाद अदालत पुगेको थियो ।

विवादास्पद जगमा ठडिएको नोएडाको गगनचुम्बी भवनको विवाद र यता कमलपोखरी मासेर बनेको छाया सेन्टरको विवाद उस्तै प्रकृतिको रहेको छ । जसरी भारतको उत्तर प्रदेशको नोएडामा सरकारलाई एउटा अनुमति लिएर निजी कम्पनीको ३२ तले ट्वीन टावर बन्यो, त्यसरी नै यहाँको ठमेलको छाया सेन्टर कमलपोखरी पुरेर बन्न पुग्यो । भारतको उत्तर प्रदेशको नोएडामा बनाइएको गगनचुम्बी ट्वीन टावरलाई भने गत वर्ष भारतमा बम हानेर भत्काइयो ।

१५ भदौ २०७८ मा भारतीय सर्वोच्च अदालतले ३२ तले ट्वीन टावर भत्काउनुपर्ने फैसला गरेको थियो । इलाहबाद उच्च अदालतको फैसलालाई सदर गर्दै सर्वोच्चले तीन महिनाभित्र ट्वीन टावर भत्काउन आदेश दिएपछि गत वर्ष १२ भदौ २०७९ मा बम हानेर ढालियो । सो भवन भत्काउन ८ वर्षअघि नै उच्च अदालतले फैसला गरेको भए पनि सोविरुद्ध निर्माण कम्पनी सुपरटेक सर्वोच्च पुगेको थियो । सर्वोच्चको फैसलासँगै ट्वीन टावर भत्काइयो ।

भवनको विवाद सन् २००४ देखिको हो । जब नोएडा (न्यु ओखला औद्योगिक विकास प्राधिकरण)ले औद्योगिक सहर बनाउने योजनाअन्तर्गत एक आवासीय क्षेत्र बनाउनका लागि सुपरटेक नामक कम्पनीको एक क्षेत्र दिएको थियो ।

सन् २००५ मा नोएडा बिल्डिङ कोड र दिशानिर्देश, १९८६ का अनुसार सुपरटेकले प्रत्येक १० तलाको १४ फ्ल्याटको योजना तयार गरेर अनुमोदन गरेको थियो । नोएडा अथोरिटीले १० तलाको भवनमा १४ अपार्टमेन्ट भवनको निर्माण अनुमति पनि दिएको थियो । साथै, यो पनि प्रतिबन्ध थियो कि त्यसको उचाई ३७ मिटरभन्दा धेरै हुन नपाउने । योजनाअनुसार यस साइटमा १४ अपार्टमेन्ट र एक वाणिज्य परिसरका साथै एक बगैंचा विकास गर्नुपर्ने थियो । सन् २००६ मा कम्पनीले निर्माणका लागि अतिरिक्त जमिन पनि दिएको थियो ।

भारतको नोएडाको ट्वीन टावरजस्तै यो व्यापारिक कम्प्लेक्स ठमेलको श्री सिंहसार्थ बाहु गरुड भगवान् गुठीको कमलपोखरी र त्यसको डिल पुरेर निर्माण गरिएको ऐतिहासिक तथ्य, लिखत र प्रमाणले समेत पुष्टि गरिसकेको छ । गुठी संस्थान ऐन, मालपोत ऐन वा अन्य कुनै कानुनले त्यसरी सार्वजनिक पोखरी वा जग्गा व्यक्तिको हुने छुट कतै दिएको छैन । तर, राज्यसत्तासँग सीधा पहुँच राख्ने व्यावसायिक समूहले अदालतको एउटा 'त्रुटिपूर्ण' फैसलाको जगमा वर्षौं पुरानो पोखरीमा छाया सेन्टर ठड्याएको छ ।

यो कमलपोखरीको विषयमा २०७० सालमा जिल्ला अदालतमा गुठियारहरूकै कुलका ६ जना (भागवतनरसिंह प्रधान, सञ्जीवमान प्रधान, अर्जुनलाल प्रधान, अञ्जीरमान प्रधान, राजेशमान प्रधान र रञ्जयमान प्रधान) ले हिरण्यश्वरमान प्रधानलगायतकालाई विपक्षी बनाइ मुद्दा हालेका थिए । तर, जिल्ला र पुनरावेदनमा उनी हारे । त्यसपछि उनी सर्वोच्च गएका थिए ।

त्यही मुद्दामाथि १० चैत २०७३ मा भागवतनरसिंह प्रधानको 'गुठी रैतानी निर्णय बदर गराईपाऊँ' भन्ने मुद्दामाथि न्यायाधीशद्वय जगदीश शर्मा पौडेल र केदारप्रसाद चालिसेको संयुक्त इजलासबाट भएको निर्णयमा निवेदकको दाबीलाई तथ्यपरक ठहर्‍याउँदै मुद्दा अगाडि बढाउन निस्सा प्रदान गरिएको मात्र नभई त्यसअघि जिल्ला र पुनरावेदन अदालतले अम्बिका राणाको पक्षमा गरेको निर्णय पनि त्रुटिपूर्ण छ भनिसकेको अवस्था छ ।

पुनरावेदनको फैसलालाई त्रुटिपूर्ण भन्दै पहिलो कारणमा सर्वोच्चले 'गुठी संस्थान ऐन, २०३३ को दफा २५(४) प्रतिकूल भनेको छ ।' सो दफामा देवस्थल रहेका वा देवी, देवता, देवस्थल पर्वपूजा जात्रासँग सम्बन्धित धार्मिक एवम् सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता नगरिने उल्लेख छ ।

# "त्रुटिपूर्ण" फैसलाको जगमा पोखरीमा ठड्याइएको छाया सेन्टर

– जनक नेपाल

अघिल्लो संसद्को १३ भदौको बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले काठमाडौँको ठमेलस्थित व्यापारिक कम्प्लेक्स छाया सेन्टर भत्काउनुपर्ने माग राखे। अघिल्लो दिन भारतको नोएडामा भत्काइएको गगनचुम्बी ट्विन टावरको प्रसङ्ग झिक्दै उनले भनेका थिए, 'नोएडाको गगनचुम्बी भवन बम राखेर भत्काइयो। अब कमलपोखरीमा निर्माण गरिएको व्यापारिक भवन छाया सेन्टर पनि भत्काउनुपर्छ।'

सांसद सुवालले छाया सेन्टरलाई नोएडाको ट्विन टावरसँग किन दाँजे ? 'यो पनि भ्रष्टाचारकै आडमा ठडिएको भवन हो। सम्पदा मासेर अनेक जालझेल गरेर अवैधानिक रूपमा बनाइएको छ,' उनी भन्छन्, 'त्यसैले नोएडाको ट्विन टावरजस्तै यो भवन पनि भत्काउनुपर्छ।

## ६ वर्षमा २८ पेसी छैन सुनुवाई

| पेसी | इजलाश | के भयो ? |
|---|---|---|
| २०७४ भदौ ४ | गोपाल पराजुली र प्रकाशमानसिंह राउत | विपक्षी वकिलबाट स्थगित |
| २०७४ कात्तिक ५ | गोपाल पराजुली र डा. आनन्दमोहन भट्टराई | मिसिल झिकाउने आदेश |
| २०७६ साउन २० | डा. आनन्दमोहन भट्टराई र सपना प्रधान मल्ल | स्थगित |
| २०७६ असोज १ | हरिकृष्ण कार्की र सपना प्रधान मल्ल | स्थगित |
| २०७६ कात्तिक १८ | हरिकृष्ण कार्की र तेजबहादुर केसी | स्थगित |
| २०७६ पुस २ | विश्वम्भरप्रसाद श्रेष्ठ र डा. मनोजकुमार शर्मा | स्थगित |
| २०७६ माघ १ | विश्वम्भरप्रसाद श्रेष्ठ र कुमार रेग्मी | स्थगित |
| २०७६ फागुन १९ | डा. आनन्दमोहन भट्टराई र प्रकाशकुमार ढुंगाना | हेर्न नभ्याइने |
| २०७७ मंसिर ७ | आनन्दमोहन भट्टराई र डा. मनोजकुमार शर्मा | स्थगित |
| २०७७ पुस ५ | मिरा खड्का र डा. मनोजकुमार शर्मा | हेर्न नभ्याउने |
| २०७७ माघ ४ | मिरा खड्का र कुमार रेग्मी | हेर्न नमिल्ने |
| २०७८ वैशाख ५ | हरिकृष्ण कार्की र डा. मनोजकुमार शर्मा | हेर्न नमिल्ने |
| २०७८ भदौ २१ | डा. आनन्दमोहन भट्टराई र सुष्मलता माथेमा | हेर्न नभ्याइने |
| २०७८ चैत ६ | विश्वम्भरप्रसाद श्रेष्ठ र डा. कुमार चुडाल | हेर्न नमिल्ने |
| २०७९ वैशाख १९ | सपना प्रधान मल्ल र सुष्मलता माथेमा | हेर्न नमिल्ने |
| २०७९ जेठ २० | प्रकाशकुमार ढुंगाना र डा. कुमार चुडाल | हेर्न नभ्याइने |
| २०७९ असार २० | विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशकुमार ढुंगाना | हेर्न नमिल्ने |
| २०७९ भदौ ५ | कुमार रेग्मी र डा. मनोजकुमार शर्मा | हेर्न नमिल्ने |
| २०७९ भदौ ३० | अनिलकुमार सिन्हा र डा. मनोजकुमार शर्मा | हेर्न नमिल्ने |
| २०७९ कात्तिक १७ | कुमार रेग्मी र हरिप्रसाद फुयाँल | हेर्न नमिल्ने |
| २०७९ मंसिर १५ | प्रकाशमानसिंह राउत र तिलप्रसाद श्रेष्ठ | हेर्न नभ्याइने |

रोचक के भने सर्वोच्चका पाँच न्यायाधीशहरू कुमार रेग्मी, डा मनोजकुमार शर्मा, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र सपना प्रधान मल्ल हुँदा यो मुद्दा हेर्न नमिल्ने सूची छ। न्यायाधीश हुनुअघि तीमध्ये कार्कीले वादी र अरूले प्रतिवादीको पक्षमा वकालत गरेका थिए।

शिलापत्र, पुस ५, २०७९

त्यस्तो जग्गा दर्ता गरिएको रहेछ भने पनि संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्नेछ। संस्थानले आफैले गरेको निर्णयलाई ऐनको यसै दफालाई टेकेर बदर गरेको थियो। जिल्ला र उच्च अदालतले सोही बदर निर्णयलाई नै बदर गरिदिँदा पोखरीको जग्गा व्यक्तिको नाममा गएको देखिन्छ।

त्यस्तै, पुनरावेदनको फैसला गुठी संस्थान ऐन, २०३३ को २६(४) प्रतिकूल रहेको सर्वोच्चको आदेशमा उल्लेख छ। सो दफाले दर्तावाला मोहीको हक समाप्त भई आफ्नो हक हुन आउने खास जोताहा किसानले उपदफा ३ मा तोकिएबमोजिमको क्षतिपूर्तिको रकम दाखिल नगरेमा वा उपदफा ३(ख) बमोजिम बक्यौता कुत तोकिएबमोजिम नतिरेमा सो जग्गाको कुत नतिरेसरह कारबाही गरी सो जग्गामा तोकिएको दस्तुर लिई अर्को मोही कायम गर्न सकिने भनेको छ।

गुठी संस्थान ऐन, २०३३ को २७(ख) लाई बेवास्ता गरेको सर्वोच्चको टिप्पणी छ। मोहियानी हक लाग्ने यो दफामा भनिएको छ, 'साबिकदेखि खेती गरी नआएको बाग बगैंचा भएको वा तोकिएको सहरबजारको पर्ती गुठी जग्गामा मोहियानी हक पाउनेछैन।' कमलपोखरीको हकमा ऐतिहासिक दस्तावेज, नापीनक्सा र स्थानीय साक्षी हुँदाहुँदै पोखरीमा मोहियानी हक दिइएको छ।

मालपोत ऐन, २०३४ दफा २४ प्रतिकूल रहेको भन्दै सर्वोच्चले पुनरावेदनको फैसलामा चौथो त्रुटि औँल्याएको छ। सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने यो दफामा भनिएको छ, 'सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गर्नु गराउनु हुँदैन।'

त्यस्तै, कसैले सो दफा प्रारम्भ हुनुभन्दाअघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरी आवाद गरेकामा त्यस्तो दर्ता स्वतः बदर हुने पनि उल्लेख छ।

त्यस्तो जग्गा व्यक्ति विशेषका नाममा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने ऐनमा प्रस्ट छ। यसैगरी, सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा सम्बन्धित मालपोत कार्यालयले दर्ता गरी तोकिएबमोजिमको अभिलेख अद्यावधिक राख्नुपर्नेछ। यसमा पनि पुनरावेदन अदालतको त्रुटि औँल्याइएको छ।

यसअघि सर्वोच्च अदालतको फैसलालाई आधार मान्ने हो भने पनि कमलपोखरीको जगमा बनेको छायादेवी कम्प्लेक्सको विवादलाई नजर अन्दाज गर्न नमिल्ने कानुन व्यवसायीहरूको भनाइ छ।

## छाया सेन्टरको भविष्य सङ्कटमा



सर्वोच्च अदालतको आदेशअनुरूप सरकारले ठमेलको कमलपोखरी राजगुठीको जग्गा अतिक्रमण गरेको विषयमा तथ्यगत विवरण सङ्कलन गर्न सुरू गरेको छ ।

अदालतले साढे २६ रोपनी क्षेत्रफलमा फैलिएको पोखरी र पोखरीको डिलको जग्गाको साबिक लगतअनुसारको सम्पूर्ण विवरण र मिसिल झिकाउन आदेश दिएको थियो ।

काठमाडौँ महानगर-२६, ठमेलको भगवान् बहालस्थित विक्रमशील महाविहारको पूर्वतर्फ सयौँ वर्ष पुरानो कमलपोखरीमा बल मिच्याइँ गर्दै पृथ्वीबहादुर पाण्डेसहित 'शक्तिशाली' ४३ व्यवसायीको समूहले व्यापारिक भवन छाया सेन्टर ठड्याएपछि स्थानीय र सम्पदा संरक्षणकर्मीले न्यायालय गुहारेका थिए । सर्वोच्च अदालतको पछिल्लो आदेशले काठमाडौँको ठमेलस्थित छायाँ सेन्टरको भविष्य सङ्कटमा परेको छ ।

२०३३ सालमा भएको नापी र २०३९ सालमा जारी भएको जग्गाधनी पुर्जामा पनि उक्त कित्ता पोखरीको रूपमा नै किटान गरिएको छ । त्यतिबेलाको पुर्जामा जग्गाधनी सिंह सार्थबाहु गुठी लेखिएको छ । गुठी संस्थानमा रहेको २०४२ सालको फिल्डबुकमा पनि पोखरी नै उल्लेख छ । २०४४ मंसिर २३ गते सरकारले निर्णय नै गरेर उक्त पोखरी सरकारको नाममा दर्ता गराएको थियो । त्यसयता बनेको जग्गाधनी स्रेस्तामा पनि पोखरी नै उल्लेख छ । उक्त स्रेस्तामा जग्गाधनीको नाम श्री ५ को सरकार उल्लेख छ ।

२०३३ मा सर्वोच्चले गुठीकै नाममा पोखरी र डिल कायन गरिदियो तर पनि पाण्डे समूहले ललितानिवास जस्तै उक्त जग्गा कब्जामा लिएको हो ।

अहिले ९ वर्षपछि पनि यसको मुद्दा अदालतमा विचाराधीन अवस्थामा छ । यद्यपि, ९ वर्षको मुद्दामा वादीको मागलाई सहयोग पुग्ने गरी केही ठहरहरू भएका छन् । चैत २० गतेको आदेशले यसलाई थप बल पुऱ्याएको हो ।

न्यूज अफ नेपाल, ७ वैशाख २०८१

तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश अनुपराज शर्माले २३ मंसिर २०६५ मा काठमाडौँ जितपुरफेदीका सूर्यप्रसाद धितालविरुद्धको मुद्दामा स्थापित नजीरलाई समेत यसअघिको फैसलाले आधार मानेको अवस्था छ । मिलापत्रसम्बन्धी सो मुद्दामा सर्वोच्चले अदालतले पुनरावेदक कृष्णबहादुर दाहालविरुद्ध सूर्यप्रसाद धितालसमेत भएको सो मुद्दामा सर्वोच्चले दर्ता कायम नै नरहेको जग्गा अनधिकृत रूपमा मिलापत्रमा उल्लेख गर्दैमा हक कायम हुने स्थिति नहुने भन्ने नजीर स्थापित गरेको छ । त्यस्तै, सो फैसलाले आफ्नो हकभोग र दर्तामा नरहेको जग्गा कसैले मिलापत्रमा उल्लेख गराउँदैमा दर्तावालाको हक नजाने भएकाले त्यसलाई बदर गराइरहनुको औचित्य र प्रयोजन नरहने नजीर स्थापित गरेको छ ।

राजधानी, चैत २०, २०८०

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

## चीनका प्राचीन नीतिकथा

### cfklgf] / cÊdf kl/s

मुसलधारे पानी परेर एक जना धनी मानिसको घरको एकातिरको भित्ता भत्कियो । उसको छोराले भन्यो, 'बा, आजै यो भित्ता टालेनौँ भने घरमा चोर पस्न सक्छ ।'

उसको छिमेकीले पनि आजै भित्ता टाल्नुपर्छ भन्ने सल्लाह दियो । तर, त्यो दिन भित्ता टाल्न मानिस पाइएन ।

संयोगले राती चोर पसेर धेरै रुपैयाँपैसा र गहना चोरियो । अनि त्यो धनी मानिसलाई आफ्नो छोराको बुद्धि देखेर खुशी लाग्यो भने छिमेकीमाथि चोरको शङ्का लाग्यो ।

अनुवादः विनय कसजू

# भक्तपुरका केही स्थानको चिनारी



लक्ष्मीनारायण दुवाल

हाम्रो गाउँ, ठाउँ, टोल, चोकको परम्परागत नाममा हाम्रो इतिहास, संस्कृति र सभ्यता जोडेको हुन्छ । आजकल देशका विभिन्न ठाउँमा परम्परागत नामलाई ओझेलमा पार्दै नयाँ नयाँ नामहरू राख्ने गरेका छन् । यसमा हाम्रो इतिहास, हाम्रो संस्कृति लोप भइजाने सम्भावना बढेको छ ।

यहाँ भक्तपुर नपा वडा नं ९ (साविक १ र ३) का केही स्थान (टोल) को वर्तमान चलनचल्तीमा रहेको नामको परिचय, त्यसको विगतको रूप र त्यो नाम हुन गएको कारण उल्लेख गर्ने कोसिस गरिएको छ । स्थानीय वयोवृद्ध जानकारहरूसँग सोधखोज, अध्ययन र अनुगमन गरी लेख्ने गरेको छु । यसमा फरक भएमा सत्यतथ्य कुरा प्रकाशमा ल्याइदिनु भएमा सधन्यवाद आभार व्यक्त गर्ने छु । हाम्रो टोल, ठाउँ र चोकहरूको नामको विषयमा जानकारी लिन नयाँ पुस्तालाई ठूलो सहयोग मिल्ने आशा गरेको छु ।

## १) मःक्वः

भक्तपुर नपा वडा नं. ९ (साविक ३) को प्रसिद्ध दताात्रय मन्दिरको ठीक दक्षिणको भागलाई मःक्वः भनिन्छ । दत्तात्रय क्षेत्र मल्लकालीन भारदार, सन्त–महन्तहरू (सामन्तहरू) बस्ने ठाउँ थियो । महन्तहरू बस्ने निवासलाई मठ भनिन्छ । दतात्रय क्षेत्रमा धेरै मठहरू थिए । हाल पनि त्यहाँ धेरै मठहरू बाँकी छन् ।

स्थानीय जानकारहरूका अनुसार मठकै नामबाट यस ठाउँ (टोल) को नाम मःक्वः भएको हुनु पर्छ । मःक्वः शब्दमा मः को अर्थ मठ र क्वः को अर्थ तल हो । मःक्वः को अर्थ मठको तल हो । अर्थात् मठया क्वय् हो ।

मःक्वः को बाटोलाई मःक्वः गल्ली भनिन्छ । मः क्वः गल्लीको अर्थ मठ तलको बाटो हो । मठै मठको तलतिरको ठाउँ या टोललाई मःक्वः भनेको अनुमान गर्न सकिन्छ ।

## २) तःचपा

भनपा वडा नं ९ (साविक ३) को मुख्य टोल नै 'तः चपा त्व' हो । तः चपा भन्नाले भक्तपुरको मल्लकालीन प्रसिद्ध दत्तात्रय मन्दिर अगाडिको ठूलो खुला ठाउँलाई जनाउँछ ।

तःचपा दुई शब्द मिली बनेको छ । तः शब्दले ठूलो भन्ने जनाउँछ । चपा (चःपा) को अर्थ भोज खुवाउन या सभा भेला गर्न मन्दिर या सतलको अगाडि खुला रूपमा छोडिएको ठाउँ (चोक) हो । तःचपा भन्नाले मन्दिरको अगाडि ठूलो भाग खुला छोडिएको ठाउँ भन्ने जनाउँछ । दत्तात्रय मन्दिरको अगाडि ठूलो भाग खुला गरिराखेकोले त्यसलाई तःचपा भनिएको हो ।

केही स्थानीय जानकारहरूका अनुसार तःचपा भनेको दतात्रय चोकको पश्चिम उत्तर कुनामा रहेको नारायण मन्दिरको अगाडिको खाली भाग हो । तर तः (ठूलो) शब्दलाई त्यो ठाउँ मेल नभएको देखिन्छ ।

## ३) सःलाा गणेश

भनपा वडा नं. ९ साविक ३ दत्तात्रय चोक उत्तरको चोकमा रहेको एक मन्दिरको नाम हो सःलाँ गणेश । त्यही मन्दिरको नामबाट त्यस टोलको नाम सःलाँ गणेश हुन गएको छ ।

सःलाँ गणेश तीन शब्दको नाम हो । सःको अर्थ साना उद्योग अर्थात् मिल/कारखाना हो । भक्तपुरमा प्राचीनकालदेखि तोरीको तेल पेल्ने मिल भएकोले सःले तेल पेल्ने मिल सम्झिन्छ ।

लाँ को अर्थ बाटो हो । गणेश (गणेद्यः) को अर्थ सबैलाई थाहा छ । तर त्यो गणेशको नाम सःलाँ गणेश कसरी रहन गयो ? सः अर्थात् तेल मिल जाने बाटोमा परेको गणेश भएकोले त्यो गणेशको नाम सःलाँ गणेश हुन गएको हो । सः लाँ गणेश मन्दिरको पूर्व तिर सः (मिल) छ ।

## ४) सःकुलां

भनपा वडा नं. ९ साविक वडा ३ को एक प्रचलित टोल नाम हो सः कुलां । सःकुलां टोल भक्तपुरको प्रसिद्ध दत्तात्रय मन्दिर (दत्तात्रय चोक) बाट उत्तरतिरको बाटो भइ नवदुर्गा द्यःछेँ जाने बाटोमा पर्छ । सःलाँ गणेश मन्दिरको ठीक पूर्वको टोल नै सःकुलां त्व (टोल) हो ।

सःकुलां नेवारी शब्द हो । यो सः र कुलां दुई शब्द मिली बनेको छ । सःशब्दले मिल या उद्योगलाई जनाउँछ ।

कुलांको अर्थ कुना या भित्र परेको ठाउँ हो । दत्तात्रयबाट

अलि भित्र परेको ठाउँ भएकोले यो ठाउँ (टोल) लाई कुलां भनेको हुनु पर्दछ। स्थानीय जानकारहरूका अनुसार सःकुलां टोलमा एक कुन्य (भित्र परेको) सार्वजनिक जग्गा थियो। हाल त्यो छैन। त्यसरी कुलां (कुना) मा परेको सः (तेल मिल) लाई सःकुलां भनेको कथन छ। सःकुलां टोलमा अहिले पनि दुई ओटा सःमिल बाँकी छन्।

## ५) क्वारचा

भनपा वडा नं ९ (साविक १) को एक चोकको नाम हो क्वारचा। यो चोक दत्तात्रय मन्दिरबाट सूर्यमरी टोल जाने बाटोको करिब बिचमा तला तुंछी (ठूलो इनार) को उत्तरमा छ।

स्थानीय जानकारहरूका अनुसार क्वारचा भनिएको चोकको प्राचीन नाम कुथक्वार थियो। पछि कुथुक्वार नामलाई कुथु शब्द नभनी क्वार, क्वारचा मात्र भनेको देखियो। नेवारी भाषामा सानो जनाउन नामको पछाडि चा जोड्ने चलन छ। त्यसरी क्वार नाममा चा जोडेर क्वारचा भनेको देखिन्छ।

कुथक्वार कुथु र क्वार दुई शब्द मिली बनेको छ। कुथुको अर्थ तल या तलतिर हो। क्वार या क्वाः शब्दले कुनै समुह, सङ्घ या गुथिलाई जनाउँछ।

प्राचीनकालमा हालको क्वारचा टोलमा तलविरको गुथि या समूह (कुथुक्वार) थियो र त्यसको माथि माथिल्लो समूह या गुथि थाथुक्वार थियो। हालको क्वारचाको पूर्व माथि परेको चोक/टोललाई अहिले पनि थाथुक्वार भन्ने गरिन्छ।

## ६) थाथुक्वार

थाथुक्वार भनपा ९ (साविक १) को एक चोक या टोलको नाम हो। यो चोक दत्तात्रय मन्दिरबाट सूर्यमढी टोलमा जाने बाटोको बीचमा भएको भक्तपुरको नवदुर्गा गणको एक गण ब्रम्हायणी देवीको द्यःछैं मन्दिरको ठीक उत्तरमा छ। थाथुक्वार चोक क्वारचा (कुथुक्वार) चोकको ठीक पूर्व अलि माथि परेको छ।

थाथुक्वार नाम पनि थाथु र क्वार दुई शब्द मिली बनेको छ। थाथु शब्दको अर्थ माथि या उच्च भागमा परेको र क्वार (क्वाः) को अर्थ समूह, समिति, सङ्घ या गुथि हो। माथितिरको गुथि या समूहलाई थाथुक्वार र तलतिरको गुथि या समूहलाई कुथुक्वार भनिएको देखियो। यसरी समूहलाई भनी राखेको नाम नै पछि चोक/टोलको नाम रहन गएको देखिन्छ।

## ७) कमिचा गल्ली

कमिचा गल्ली पनि भनपा वडा नं ९ को एक टोलको नाम हो। हुन त गल्ली शब्दले साँघुरो बाटो जनाउँछ। कमिचा भन्ने गल्ली कै नामबाट टोलको नाम कमिचा गल्ली हुन गएको देखिन्छ।

सुःज मरी त्व (सूर्यमढी टोल) बाट दत्तात्रय जाने बाटोमा ब्रम्हायणी देवीको द्यःछैं नपुग्दै उत्तरतिर जाने साँगुरो बाटो छ। अलि उकालो परेको त्यो बाटो च्वःफलेमा पुग्छ। यही बाटोलाई कमिचा गल्ली भनिन्छ।

कमिचा मानव बस्ती कै आसपासमा बस्ने एक किसिमको चराको नाम हो। यसलाई नेपाली भाषामा सारौँ (रूपी) भनिन्छ। मानिसहरूले कमिचा (सारौँ) लाई पनि एक किसिमको मैना चराको रूपमा लिने गरिन्छ।

स्थानीय जानकारहरूको भनाइअनुसार कमिचा गल्ली टोलमा पहिले साहु महाजन (धनी– सम्पन्न) मानिसहरू बस्ने गर्थे। त्यहाँका महाजनहरू मध्ये केही परिवारहरू चरा पाल्ने सौखका थिए। ती मानिसहरूले कमिचा (सारौँ) पनि पालेका थिए। कमिचालाई भाषा सिकाई बोल्न लगाउने र एकले पालेको कमिचा र अर्कोले पालेको कमिचासँग जुधाई आनन्द लिने गर्थे।

यसरी कमिचा पाल्ने मानिस भएको गल्ली भन्दै पछि टोलको नाम नै कमिचा गल्ली हुन गएको कथन छ।

## ८) च्वः फले

च्वः फले भनपा वडा नं. ९ (साबिक १) कै एक टोलको नाम हो। यो टोल नवदुर्गा स्थान गःछैं टोलबाट पूर्व, कमिचा गल्लीबाट उत्तर, त्वःचाबाट पश्चिम र लाम गः (सरस्वती विद्यागृह मा.वि.) बाट दक्षिणमा पर्दछ।

यो टोलको नाम च्वः र फले दुई शब्द मिली बनेको छ। च्वः को अर्थ माथि (उच्च) स्थानमा परेको ठाउँ हो। फले को अर्थ फलि/फलचा/फलिचा (पाटी) हुनु पर्दछ। माथि अर्थात् उच्च ठाउँमा परेको पाटी (च्वः फल/च्वः फली) हुँदै च्वः फले हुन गएको देखिन्छ।

च्वःफले भनिएको टोल वर्तमान अवस्थामा पनि भनपा वडा नं ९ को सबभन्दा उच्च ठाउँमै छ। त्यो टोलमा भएको परम्परागत शैलीको ऐतिहासिक पाटी (फलिचा) पनि सब भन्दा माथि नै परेको छ।

## ९) गःछैं

भनपा वडा नं. ९ साविक ३ को एक टोलको नाम हो गःछैं। गःछैं पनि दुई शब्दले बनेको छ। गः को अर्थ खाल्डो

हो र छैं को अर्थ घर/टोल हो। ग:छैं को अर्थ खाल्डोमा परेको टोल हो।

ग:छैं टोलको भूबनावटको आधारमा नै यो टोलको नाम ग:छैं (खाल्डो टोल) भएको देखिन्छ। ग.छैं टोलको करिब चारैतिरको ठाउँ अग्लो माथि परेको छ। यो टोलको उत्तर नवदुर्गा स्थान, पूर्व च्वःफले, दक्षिण क्वारचा अग्लो नै छ। पश्चिम तर्फ स:कुलां जाने बाटो अग्लो छैन। ग:छैं को पानी स:कुलां भएरै बग्छ।

ग:छैं टोल तीन बाटोको संगम स्थल हो। भक्तपुरको जीवित देवता नवदुर्गाको द्यःछैंबाट आउने बाटो, च्वःफलेबाट आउने बाटो र दत्तात्रय स:कुलांबाट आउने बाटोको संगम स्थल नै ग:छैं टोल हो।

## १०) ऐला ननी

ऐला ननी भनपा वडा नं ९ साविक १ को सुजमरी टोल नजिकको प्राचीन चोकको नाम हो। यो चोक सुजमरी दबुको ठीक उत्तरतिर छ।

ऐला ननी दुई नेवारी शब्द हो। ऐला भनेको रक्सी र ननी भनेको चोक हो। ऐला ननीको अर्थ रक्सी चोक हुन जान्छ।

स्थानीय जानकारहरूका अनुसार यो चोकको प्राचीन नाम अर्जुन ननी (अर्जुन चोक) थियो। प्राचीन कालमा केही समय पाण्डव पुत्र अर्जुन यो चोक (वर्तमान ऐला ननी) मा बास बस्न आएको थियो। त्यसैबाट अर्जुन ननी हुन गएको थियो। पछि अर्जुन ननी हुँदै ऐला ननी हुनगएको कथन छ।


### स्रोत

१. भ.न.पा. ९ साविक १ निवासी स्थानीय जानकार श्री कृष्णगोपाल श्रेष्ठ

२. भ.न.पा. ९ साविक ३ निवासी स्थानीय जानकार श्री जगतबहादुर मानन्धर

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ।

# हाम्रो स्थानीय तह




| भक्तपुर नपा, भक्तपुर | | |
|---|---|---|
| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
| परिवार सङ्ख्या | १७६३९ | १८९८७ |
| जनसङ्ख्या | ८१७४८ | ७९१३६ |
| परिवार आकार | | ४.१७ |
| लैङ्गिक अनुपात | | १००.९५ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | -०.३१ |
| जनघनत्व | | ११४८६ |
| साक्षरता दर प्रतिशत | | ८६.९५ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

**बालबालिकाको भविष्य उज्ज्वल बनाऔं।**

- ☐ बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- ☐ त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- ☐ उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- ☐ यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- ☐ उनीहरूसँग नियमित अन्तरक्रिया गरौं,
- ☐ यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ।

# व्यक्तिगत घटना दर्ता : आवश्यकता र औचित्य



न्हूज किजु

## व्यक्तिगत घटना दर्ता के हो ?

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्त्वपूर्ण व्यक्तिगत घटनाहरूलाई आधिकारिक रूपमा अभिलेख (रेकर्ड) राख्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। सबैजसो देशहरूले घटना दर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रूपमा निरन्तरता दिइरहेका हुन्छन्। यद्यपि कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यक्ताअनुसार फरक पर्ने सन्दर्भमा हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरूलाई लिइन्छ। नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन २०३३ आएपछि २०३४ वैशाख १ गतेदेखि १० जिल्लाबाट सुरु गरी १७ चरणमा विस्तार गरिँदै २०४७ वैशाख १ बाट नेपालभर लागू भएको हो।

सुरुमा गृह पञ्चायत मन्त्रालय अन्तर्गत रही जिल्ला प्रशासन कार्यालयमार्फत यो कार्य गरिँदै आएकोमा २०५० साउनबाट स्थानीय विकास मन्त्रालयको पञ्जिकरण शाखाबाट सञ्चालन हुन थालेको हो। मिति २०७५ असोजमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जिकरण विभागको एकीकरण पश्चात् पुनः गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको जिम्मेवारी हुने गरी सञ्चालनमा छ। हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ कार्यान्वयनमा छ।

व्यक्तिको जीवनमा घटेका घटनाहरूको बारेमा राज्यलाई जानकारी गराउने उद्देश्यले यो घटना दर्ता प्रणाली लागू भएको हो। यी घटनाहरूले वैधानिकता पाउन, कानूनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि व्यक्तिगत घटना दर्ता गर्न आवश्यक छ।

विश्वव्यापीकरण तीव्र रूपमा भैरहेको आजको युगमा व्यक्तिगत घटनाले सम्बन्धित देशमा मात्र नभई अन्तराष्ट्रिय रूपमा समेत प्रभाव पारेको छ। त्यसैले घटना दर्ता अन्तराष्ट्रियस्तरमा महत्त्व पाएको विषय पनि हो। UNESCAP सँग नेपालले गरेको प्रतिबद्धताअनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली नागरिकहरूको जन्मदर्ता शतप्रतिशत पुर्‍याउनु पर्ने र अन्य व्यक्तिगत घटनादर्तामा समेत उल्लेख्य वृद्धि गर्नुपर्ने भएकोले सोही लक्ष्य हासिल गर्नेतर्फ विभाग क्रियाशील छ। घटनादर्ता कार्यक्रम विभागको सक्रियतामा स्थानीय तहहरूमार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तारित छ।

## व्यक्तिगत घटना दर्ता कहाँ, कसले र कहिले कसरी दर्ता गर्ने ?

नागरिकको जन्म, मृत्यु, बसाइँसराइ, विवाह र सम्बन्धबिच्छेद जस्ता व्यक्तिगत घटनाको अभिलेख गरी प्रमाणपत्र दिने कार्य व्यक्तिगत घटना दर्ता हो। कानूनतः घटना घटेको ३५ दिनमा घटना दर्ता गर्नुपर्ने व्यवस्था छ। यदि ३५ दिनभित्र घटना दर्ता गरेमा निःशुल्क दर्ता गर्ने व्यवस्था राज्यले दिएको छ भने ३५ दिन कटेमा विलम्ब शुल्क (हाल रु. २००/-) लिई घटना दर्ता हुन्छ।

व्यक्तिगत घटना दर्ता आफ्नो स्थायी ठेगानाको स्थानीय तह अन्तर्गतको वडा कार्यालयमा गर्नुपर्ने नियम छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको महानिर्देशक केन्द्रीय पञ्जिकाधिकारी हुन्छ भने ती पञ्जिकाधिकारी मातहतमा रहने गरी स्थानीय तहमा रहेका अधिकारीहरूमध्येबाट स्थानीय पञ्जिकाधिकारी भनेर तोकिएको हुन्छ। सामान्यतः वडा कार्यालयमा रहेका वडा सचिवलाई स्थानीय पञ्जिकाधिकारीको जिम्मा हुने भएकोले निवेदन दिई वडा कार्यालयमा घटना दर्ता गर्नुपर्दछ। मुलुकमा ६७४३ वडा कार्यालयहरूमध्ये ६६९४ वडा कार्यालयहरूमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले विकास गरेको एमआइएस अनलाइन प्रणाली (MIS Online) बाट घटना दर्ता भइरहेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ मा विदेशस्थित नेपाली नियोगबाट समेत पञ्जिकरण सम्बन्धी कार्य गरिने व्यवस्था भए बमोजिम मिति २०८०।११।२१ देखि चीन, कतार, जापान, फ्रान्स, स्पेन, संयुक्त अधिराज्य, अष्ट्रेलिया, अमेरिका, जर्मनी, मलेसिया, साउदी अरेबिया, दक्षिण कोरिया, थाइल्याण्ड, क्यानडा, संयुक्त अरब इमिरेट्सका देशहरूको नेपाली नियोगबाट

व्यक्तिगत घटनाहरू (हाललाई जन्म र मृत्यु दर्ता) प्रक्रियाको सुरुवात भएको छ।

जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ। सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन्। बसाइँसराइ दर्ता गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले र परिवार नै बसाइँ सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनुपर्छ। जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।

## व्यक्तिगत घटना दर्ताको महत्त्व

नेपालको जनसाङ्ख्यिक संरचनाको यथार्थ अवस्था झल्काउनको लागि व्यक्तिगत घटना दर्तालाई निरन्तर अद्यावधिक गर्नुपर्ने हुन्छ। यसो गर्दा नीति निर्माण सेवा प्रवाह, विकास निर्माणलगायतका लागि राज्यले आवश्यक परेको समयमा सही तथ्याङ्क प्राप्त गर्न सक्छ। तथ्याङ्कमा आधारित नीति निर्माण र विकास प्रणालीले सार्थक नतिजा देखिने हुँदा घटना दर्ता आर्थिक, सामाजिकलगायत सबै आयामबाट महत्त्वपूर्ण छ। व्यक्तिगत घटना दर्ताले व्यक्तिको नाम, थर, उमेर, राष्ट्रियता, लैङ्गिकता, पारिवारिक नाता सम्बन्ध तथा बसोबाससहितको कानूनी पहिचान दिने भएकोले सामाजिक न्याय, मौलिक हक कार्यान्वयन र सुशासन प्रवर्द्धनमा यसको महत्त्वपूर्ण भूमिका रहेको छ। नेपालको संविधानले प्रदत्त गरेको हकलाई कार्यान्वयन गर्न र सरकारले तय गरेको विकासका उद्देश्यलाई पूरा गर्नका लागि व्यक्तिगत घटना दर्तालाई जोड दिनु आवश्यक छ। व्यक्तिको जीवनमा घटेका घटनाहरूको बारेमा राज्यलाई जानकारी गराउने र व्यक्ति र राज्यसँगको भेटघाट गर्ने उद्देश्यले यो प्रणाली आएको हो। व्यक्ति जन्मेदेखि मृत्युसम्मको सूचना राज्यलाई जानकारी हुने भएकोले यो एकदम महत्त्वपूर्ण छ।

व्यक्तिगत घटना दर्ता घटना हुनेबित्तिकै दर्ता गर्नुपर्ने हो तर, भइरहेको छैन। जब नागरिकलाई आवश्यकता पर्छ त्यति बेलामात्र दर्ता गर्ने चलन रहेको छ। जस्तै विद्यालयमा काम पर्‍यो भने, घरजग्गा नामसारी गर्नुपर्‍यो भने, विधवा महिलाले भत्ता लिनुपर्‍यो भने। यस्तो अवस्थामा मात्र दर्ता गराउने चलन छ। नागरिकलाई अझ पनि घटना दर्ता गर्नुपर्छ यसलाई पनि निश्चित समय (३५ दिनभित्र) सबै घटना दर्ता गर्नुपर्छ भन्ने जनचेतनाको अभाव छ। नेपाल सरकारले सन् २०२४ सम्ममा सम्पूर्ण नेपाली नागरिकको जन्मदर्ता शतप्रतिशत पुर्‍याउनुपर्ने र अन्य व्यक्तिगत घटना दर्तामा समेत उल्लेख्य रूपमा वृद्धि गर्ने अन्तर्राष्ट्रिय प्रतिवद्धता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिवद्धता पूरा गर्न, व्यक्तिगत घटना दर्ता नागरिकको कर्तव्यको रूपमा स्थापित गराउँदै घटना दर्तालाई व्यापक रूपमा विस्तार गर्न आवश्यक छ।

समयमै हामीले व्यक्तिगत घटना दर्ता गरेनौँ भने हामीले राज्यबाट पाउने सेवासुविधाबाट पनि वञ्चित हुनुपर्छ। जस्तै जन्म दर्ता गरेनौँ भने खोपबाट वञ्चित हुन्छौँ, विद्यालयमा भर्ना हुन नसक्ने अवस्था आउन सक्छ, दलित तथा क्षेत्र तोकिएका बालबालिकाले पोषण भत्ता/सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित हुन्छन्। मृत्यु दर्ता गरिएन भने चलअचल सम्पत्तिको हक हस्तान्तरण हुन सक्दैन। बसाइँसराइ गरेर एक ठाँउबाट अर्को ठाँउमा जाँदा त्यसलाई दर्ता गरिएन भने, कुन स्थानीय तहबाट कति जना कता बसाइँसराइ गरेर गए थाहा हुँदैन। बसाइँसराइ गरेर आउने ठाउँले पनि कसरी योजना बनाउने, जानेले पनि यहाँबाट धेरै जान थाले भने यसलाई रोक्नको लागि के योजना बनाउने भन्ने बारेमा पनि जानकारी हुँदैन। त्यसैले यी प्रत्येक घटनाहरूको आ–आफ्नै महत्त्व छ।

व्यक्तिगत घटना दर्तालाई आम नागरिकसम्म पुऱ्याउन र सबैले व्यक्तिगत घटना दर्ता गरुन्, कोही पनि नछुटुन् भन्ने उद्देश्यका साथ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले हरेक वर्षको वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता अभियानको रूपमा सञ्चालन गरिरहेको छ।

**पुनश्च :** झूटा विवरण पेश गरी कुनै पनि घटना दर्ताको प्रमाणपत्र लिएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ४१ बमोजिम सजाय हुनेछ।

### भक्तपुर नगरपालिकामा व्यक्तिगत घटना दर्ताको सङ्ख्यात्मक विवरण

(२०८० वैशाख १ देखि चैत ३० सम्म)

जिल्ला : भक्तपुर गा.पा/न.पा. : भक्तपुर दर्ता मिति देखि : २०८०-०१-०१ दर्ता मिति सम्म : २०८०-१२-३०

| | जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | संख्या | संख्या | संख्या | संख्या | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ८७ | २९ | ३ | ४८ | ६ | २५ | १ | ५ | १७४ |
| २ | १७५ | ६३ | ४ | ८८ | २ | १३ | ३ | १७ | ३३५ |
| ३ | ११३ | ५६ | ८ | ८२ | १ | ११ | ३ | २५ | २६३ |
| ४ | १६१ | ६१ | ७ | १०१ | ३ | ७ | ६ | २७ | ३३९ |
| ५ | १२४ | ६१ | ६ | ६३ | १ | ४ | ६ | ११ | २६१ |
| ६ | १२६ | ६३ | ६ | ८७ | ३ | १० | १० | २५ | २९५ |
| ७ | १६७ | ४७ | ६ | ९३ | ० | ० | ४ | १५ | ३१७ |
| ८ | ८९ | २० | ० | ४४ | ० | ० | २ | ८ | १५५ |
| ९ | १५१ | ५९ | ९ | ९५ | ० | ० | ४ | १८ | ३१८ |
| १० | १११ | ३१ | ३ | ७० | ६ | १९ | ६ | १९ | २२७ |
| जम्मा | १३०४ | ४९० | ५२ | ७७१ | २२ | ८९ | ४५ | १७० | २६८४ |

(लेखक भक्तपुर नपाकाको एम.आई.एस. अपरेटर हुन्।)

# असान्जले साम्राज्यवादबारे जे सिकाए

क्लोइ ज्याफर्टी




सत्यले मात्र हामीलाई मुक्त गर्दैन जस्तो छ। पुँजीवादी समाजमा सत्यले हामीलाई बन्द कोठामा थुन्न सक्छ। जुलियन असान्जसँग यस्तै भयो। सत्तासामु उभिएर सत्य बोल्दा उनी थुनिनुपऱ्यो।

WikiLeaks

आज विकिलिक्सका संस्थापक बेलायतको कुख्यात बेल्मार्स कारागारमा पिल्सिँदै छन्। उनी संरा अमेरिकामा सुपर्दगी गरिने मिति कुर्दै छन्। अमेरिकामा उनीमाथि लगाइएको आरोप पुष्टि भएको खण्डमा उनलाई १७५ वर्ष कैद सजाय हुनेछ। उनीमाथि १८ आरोप छन्। यसमध्ये १७ गुप्तचरीसँग सम्बन्धित छन्। सन् २०१० मा लाखौँ गुप्त दस्तावेजहरू प्रकाशमा ल्याएको भनेर असान्जमाथि यी आरोप लगाइएका हुन्। आरोप प्रमाणित भएमा उनी पनि समाजवादी नेता युजिन डेब्स, अराजकतावादी नेतृ एम्मा गोल्डमेन र विकिलिक्सकै विसलब्लोअर वा सचेतक चेल्सी मानिङको अवस्थामा पुग्नेछन्। युद्धको विरोध गरेको हुनाले यी तीनैजनालाई अमेरिकी कानुन **'गुप्तचरी ऐन १९१७'** को सिकार बनाइएको थियो।

असान्जकी पत्नी अधिवक्ता स्टेला असान्जले आफ्ना पतिलाई अमेरिका सुपुर्दगी गर्नु मृत्युदण्ड दिनुबराबर भएको बताएकी छिन्। असान्ज शारीरिक र मानसिकरूपमा नष्ट जीर्ण भइसकेका छन्। उनले अधिकतम निगरानी हुने बेल्मार्स


स्टेला छोराहरू गाब्रिएल र माक्ससँग

कारागारमा पाँच वर्ष बिताइसकेका छन्। बेल्मार्सलाई बेलायतको ग्वान्टानामो खाडी भनिन्छ। त्यहाँ धेरै कैदीलाई दिनको २२ घण्टा एकान्त कालकोठरीमा राखिन्छ।

पत्रकारिता गर्नु नै असान्जको अपराध बन्यो। असान्ज र विकिलिक्सले संरा अमेरिका र उसका साझेदार देशहरूले 'आतङ्कवादविरोधी युद्ध' को नाममा गरेका युद्ध अपराध र रचेका झूटहरूलाई उदाङ्ग्याए। संसारभरिका बाँकी सबै मिडियाले गरेभन्दा धेरै खुलासा एक्लै असान्जले गरे। उनले हजारौँ चुहावट भएका पत्राचार, यातना निर्देशिका, गुप्त सैन्य प्रतिवेदन र युद्धग्रस्त क्षेत्रमा सर्वसाधारणको हत्या गरिएका फुटेजहरू बाहिर ल्याए।

विकिलिक्सले सार्वजनिक गरेको सबैभन्दा बढी हेरिएको भिडियो **'कोलेटरल मर्डर'**(Collateral Murder) थियो। यो फुटेज सन् २००७ मा इराकको राजधानी बगदादमा एउटा अपाचे हेलिकप्टरबाट खिचिएको थियो। त्यसमा दुई अमेरिकी सैन्य अधिकारीको कुराकानी देखाइएको छ। तिनीहरूलाई इराकीहरूको एउटा समूहमाथि अन्धाधुन्ध गोली हान्न अनुमति दिइएको थियो। अमेरिकी अधिकारी आदेश दिन्छन् :

तिनीहरू सबैलाई नष्ट गर।
गोली हानिराख। हानिराख।
हेर–हेर यी मठ्यालासलाई।
*राम्रो।*

त्यो हवाई हमलामा सात सर्वसाधारण इराकीहरू मारिए। तीमध्ये दुईजना रोयटर्सका पत्रकार थिए। घाइतेहरूलाई सघाउन खोज्दा अमेरिकी सिपाहीहरूलाई तिनीहरूमाथि गोली चलाउन आदेश दिइएको थियो। यसपालि घाइतेहरूलाई सघाउन छोडेका दुई वयस्क सर्वसाधारणको हत्या गरियो र तिनीहरूसँगै तिनका दुई बालबच्चा पनि मारिए।

'कोलेटरल मर्डर' एउटा झलकमात्र थियो। यद्यपि, इराक कब्जा गर्दा सर्वसाधारण जनताको हत्या कति साधारण थियो भन्ने त्यसबाट स्पष्ट भयो।

सन् २०१० मा विकिलिक्सले अमेरिकी सुरक्षा घेराभित्र

थुनामा रहेका इराकी बन्दीहरूलाई कुटपिट गरिएको, आगो झोसिएको र कोर्रा लगाइएको खुल्ने हजारौँ दस्तावेज सार्वजनिक गऱ्यो । सन् २००७ जूनमा अमेरिकी सैनिकहरूले दिएको प्रतिवेदनमा लेखिएको थियो, *'एउटा पीडितलाई मोसुल जनरल अस्पतालमा सघन उपचार गरिएको थियो । उपचारका क्रममा उसको दाहिने खुट्टा, देब्रे खुट्टाका केही औँला र दुवै हातका केही औँलालाई चक्कुले तलैबाट काटियो । रसायन वा एसिडले शरीरको धेरै भाग जलेको थियो भने छाला कुहिएको थियो ।'*




अर्को खुलासामा ग्वान्टानामो खाडीको **अमेरिकी कारागारको निर्देशिका** थियो । त्यसमा अमेरिकी सेनाले केही कैदीलाई रेडक्रसका निरीक्षकको आँखाबाट लुकाइरहेको र केही नयाँ कैदीलाई दुई हप्तासम्म एकान्त कालकोठरीमा राखेर निरीक्षकहरूलाई देखाउन निकाल्ने गरिएको उल्लेख थियो ।

सन् २०१० मा विकिलिक्सले अफगान युद्ध विवरण सार्वजनिक गऱ्यो । त्यसमा ९१ हजार गुप्त दस्तावेज थिए । त्यसबाट अमेरिकी सेनाले बताएभन्दा धेरै अफगानी सर्वसाधारण मारिएको खुलासा भयो । सन् २००७ को एउटा घटनामा अमेरिकी विशेष दस्ताले 'उच्चस्तरीय व्यक्ति' बास बसिरहेको भनेर एउटा घरको हाताभित्र २ हजार पाउन्ड बम खसालेको थियो । अमेरिकी सेनाका वरिष्ठ कमान्डरले त्यस घटनामा १५० तालिबान लडाकाहरू मारिएको बताए । तर, विकिलिक्सका दस्तावेजहरूबाट त्यसमा कम्तीमा ३०० सर्वसाधारणको मृत्यु भएको देखियो । असान्जले **'अफगान फाइल्स'** मा टिप्पणी लेखे, *'युद्धकै समयमा प्रकाशित भएको युद्धको सबैभन्दा विस्तृत इतिहास ।'*

विकिलिक्स यमनमा साउदी अरबको हस्तक्षेपमा अमेरिकाले दिएको वित्तीय र सैन्य सहायता उदाङ्ग्याउने पहिलो मिडिया पनि बन्यो । **'यमन फाइल्स'** ले मध्यपूर्वको गरिबतम् मुलुकमा अमेरिकी खुफिया सैन्य संलग्नताको वास्तविक आकार प्रकाशमा ल्यायो । एउटा सन्देशमा यमनका राष्ट्रपति अलि अब्दुल्लाह सालेहले अमेरिकी राजदूतलाई भन्छन्, *'हामीले यी बम तपाइँहरूको नभई हाम्रा हुन् भनिरहनेछौँ ।'* यी तथ्य सामान्य ज्ञान बन्नुभन्दा धेरै पहिले नै विकिलिक्सले अमेरिकाले यमनमा प्रयोग गर्नका लागि साउदी अरबमा जहाजका जहाज हातहतियार पठाएको खुलासा गरेको थियो । यद्यपि, अमेरिकाले यमन द्वन्द्वमा आफ्नो संलग्नता नरहेको बताउन छोडेन ।

मूलधारका मिडियाले विकिलिक्सका खुलासाहरूबाट अकूत नाफा कमाए । तर, असान्जलाई दुःख पर्दा बेवारिसे छोडे । उनको पत्रकारिताले अमेरिकी गुप्तचर र तिनका सहयोगीहरूलाई खतरामा पारेको अपुष्ट दाबीमा मूलधारे मिडियाले होमा हो मिलाए । पोहोर साल **'सिड्नी मर्निङ हेराल्ड'** ले आफ्नो सम्पादकीयमा जुलियनको 'लापरबाही' ले उनलाई 'आफैले खनेको रसातलमा फसाएको' लेख्यो ।

समय बित्दै जाँदा अस्ट्रेलियाका धेरै समाचार माध्यम असान्जलाई अस्ट्रेलिया फर्काउनुपर्ने पक्षमा उभिएका छन् । उनले उदाङ्ग्याएका धेरै शक्तिशाली व्यक्तिहरू अहिले सत्तामा छैनन् । त्यसैले उनको पक्षमा आवाज चर्किएको हो । तर, धेरैजसो मिडियाले अझै पनि असान्जलाई आफूजस्तै पत्रकार नमानी प्रतिशोध साँध्ने ह्याकर ठानेका छन् । एक हदसम्म तिनीहरूको ठम्याइ ठिकै हो । असान्ज र चेल्सी मानिङजस्ता विकिलिक्सका केही स्रोतव्यक्तिले त्यही गरे जुन **'गार्जियन'** र **'वासिङ्टन पोस्ट'** जस्ता साधनसम्पन्न उदारवादी पत्रपत्रिकाले चाहेका थिएनन् । तिनीहरूले अमेरिकाको साम्राज्यवादका गुप्त कुरा प्रकाशित गर्थे । तर, अमेरिकी सेनाको विश्वसनीयतामाथि प्रहार गर्नेमा तिनीहरूको चासो हुन्नथ्यो । यसले गर्दा ती कार्यमा संलग्न अधिकारीहरूको करियर वा सत्ताको सिँढी उक्लिने तिनीहरूको क्षमतामा ह्रास आउन्नथ्यो ।

यतिबेला गाजामा इजरायली आक्रमणको विरोधमा ट्वीट गर्दा एबीसी रेडियोका प्रस्तोताहरूलाई हप्कीदप्की गरिएको छ । मध्यपूर्वमा संरा अमेरिकाले ठूला युद्ध गरिरहेको बेला मिडियाले दर्ज गरेका तथ्यहरू सम्झिनु समयसान्दर्भिक हुन्छ ।

ब्राउन विश्वविद्यालयले गत वर्ष जारी गरेको प्रतिवेदनमा 'आतङ्कवादविरोधी युद्ध' मा ४५ देखि ४६ लाख मानिस मारिएका थिए । सुरु सुरुमा अमेरिकी साम्राज्य र अस्ट्रेलियाजस्ता उसको अनुचर साझेदारहरूले आफूप्रति बफादार र सहयोगी मिडियाको भरमा सजिलै आफूले गरेका अत्याचारहरूबाट छुटकारा पाउँथे ।

त्यो युद्धको आरम्भमै एउटा नौलो आविष्कार गरिएको थियो । त्यो आविष्कार थियो – **'साँठगाँठे पत्रकारिता'** । सेनाको विशेष दस्तामा युद्धपत्रकार लगन थालियो । घरभित्रकै पत्रकार भएपछि आम मानिसमा भ्रम छर्न सजिलो भयो । सन् २००३ मा इराक युद्धको आरम्भमै साँठगाँठे पत्रकारको रूपमा ७७५ सम्वाददाता र फोटोपत्रकार खटिएका थिए । अमेरिकी सेनाले किन यो अभ्यास थाल्यो भन्ने प्रश्नको जवाफमा

अमेरिकी जलसेनाका लेफ्टिनेन्ट कर्नेल **रिक लङ**ले दिएको जवाफ अचम्मै इमानदार रह्यो। उनले भने, *'लुकाउनुपर्ने कुरा केही छैन, हाम्रो काम युद्ध जित्नु हो। आंशिकरूपमा यो सूचनायुद्ध पनि हो। यसकारण, हामीले सूचना परिदृश्यमा हावी हुन प्रयास गर्नेछौँ।'*

असान्जको पत्रकारिता र त्यसपछि उनीमाथि भएको अदालती कारबाहीले पश्चिमा प्रजातन्त्रको अन्तर कति खोक्रो छ भन्ने प्रस्ट पारेको छ। हाम्रा शासकहरू लोकतन्त्र, पारदर्शिता, जवाफदेहिता, वाक स्वतन्त्रता र मानव अधिकारजस्ता मूल्यमान्यताको महिमा गाएर थाक्दैनन्। तर, यी सबै मान्यता निःसर्त नभई साम्राज्य विस्तार गर्ने उद्देश्यप्रति समर्पित रहेछन्। साम्राज्य विस्तार राजनीतिक र कर्पोरेट स्वार्थसिद्धिकै अर्को रूप हो।

पश्चिमा देशहरूले फरक मतलाई दबाउन साँठगाँठ गर्छन् र यस कार्यमा संलग्नहरूलाई नायकको रूपमा उभ्याउँछन्। तर, आफ्ना प्रतिस्पर्धीहरूले त्यही काम गरे त्यसको खेदो खन्छन्। पुटिनका आलोचक अलेक्सेइ नाभाल्नी आर्कटिक कारागारमा मृत अवस्थामा फेला परे। रुसी अधिकारीहरूले 'आकस्मिक मृत्यु सिन्ड्रोम' का कारण उनी मरेको बताए। यति भएपछि बाइडेनलाई पुगिहाल्यो। तुरुन्तै बाइडेनले नैतिक आक्रोश पोखे र पुटिनलाई त्यस मृत्युको दोषी ठहऱ्याए। बाइडेनले अमेरिकी संसद्मा राष्ट्रपतिले दिने वार्षिक मन्तव्यको साटो नाभाल्नीकी विधवा पत्नीलाई सम्बोधन गर्न निम्तो नै दिए। नाभाल्नीकी पत्नीले सही निर्णय लिइन् र बाइडेनको निम्तो अस्वीकार गरिन्।

**बाइडेनको पाखण्डको कुनै सीमा छैन।** आज अमेरिकाले एकातिर गाजाका बालबच्चालाई भोकभोकै मार्दै छ भने उति नै बेला ती गाजावासीलाई मानव अधिकारको कुरा गर्ने अधिकार छैन भन्दै छ। सन् २०२१ मा अमेरिकाका एक पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकारले एउटा गुप्त कुरा खोले। अमेरिकाको केन्द्रीय गुप्तचर निकाय सीआईएका उच्च अधिकारीहरूले इक्वेडरको सरकारलाई लगाएर लन्डनस्थित इक्वेडरको दूतावासबाट असान्जलाई गलहत्याउने योजना पूरा नभए असान्जको हत्या नै गर्ने योजना बुनेका रहेछन्। संसारका अन्य देशले यस्तो काम गरेको भए 'चरित्रवान्' बन्दै अमेरिका कुर्लिहाल्ने थियो।

असान्जको दुरावस्थाको लागि **अस्ट्रेलियाका शासक खलक** पनि जिम्मेवार छन्। संरा अमेरिकासँगको गठबन्धनको अगाडि असान्जको अस्ट्रेलियाली नागरिकताको कुनै अर्थ रहेन। अस्ट्रेलियाको सङ्घीय संसद्ले हालै बेलायत र संरा अमेरिकासँग 'विषय टुङ्ग्याएर श्री असान्जलाई घर फर्किने वातावरण' बनाउन आग्रह गर्ने गरी एउटा मुख लुकाउने प्रस्ताव पारित गऱ्यो। चुत्थो दन्तबजानलाई एकातिर राख्दै प्रधानमन्त्री अल्बानिजले बाइडेन सरकारलाई यस विषयमा दबाब नदिने जनाएका छन्।

एबीसीको 'इन्साइडर' कार्यक्रममा प्रम अल्बानिजलाई असान्जमाथि लगाइएको आरोप रद्द गर्न बाइडेनसँग कुरा गर्नुपर्ने समय आएको छ कि छैन भनी सोधियो। त्यसमा उनले 'छैन' भने।




अस्ट्रेलियाको शासक वर्ग आफू एकातिर पन्छिएर अमेरिकालाई दुनियाँ तर्साउन असान्जलाई नमुना बनाउन दिन पाएकोमा खुसी छ। त्यसै पनि अस्ट्रेलियाको संसद्ले सचेतकविरोधी र निगरानी ऐन पास गरेको छ। यो अमेरिकामा राष्ट्रपति बुशले ल्याएको 'देशभक्ति ऐन' जस्तै कानुन हो। अस्ट्रेलिया इराक र अफगानिस्तानमा आफूले गरेका अपराधहरू लुकाउन र अर्को युद्धको तयारीमा मन लगाउन उद्यत छ। अस्ट्रेलियाको प्रहरी अहिले 'अफगान फाइल्स' का दस्तावेज बाहिर चुहाउने एबीसीका पत्रकारहरूको खानतलासी गर्नमा तल्लीन छ। ती दस्तावेजले अस्ट्रेलियाली सैनिक बेन रोबर्ट्स-स्मीथ र उनका भरौटेहरूका युद्धअपराध उदङ्ग्याएका थिए।

खुफिया रहस्य र झूटबेगर पुँजीवादले काम गर्न सक्दैन। पुँजीवाद ठूलो आकारको हिंसामा निर्भर रहन्छ। नाफा र बजारसम्मको पहुँचका लागि अनेक राज्यहरू निरन्तर होडबाजीमा हुन्छन्। यसको लागि पुँजीवादमा हिंसा अनिवार्य छ। **इराकमाथिको युद्ध झूटबाटै सुरु भएको थियो।** बुश सरकारले सद्दाम हुसेनसँग आमनरसंहारकारी हतियार छ भन्ने झूटो हल्ला फैलायो। बेलायत र अस्ट्रेलियाजस्ता उसका आसेपासेहरूले त्यही झूट भट्याए। त्यसपछि युद्ध सुरु भयो। अपहरण र यातना 'मानवीय व्यवहार' बने, आमहत्यालाई 'दिल-दिमाग जितेको' भनियो, हमला र कब्जालाई 'सत्ता परिवर्तन', 'मुक्ति' र 'लोकतन्त्र ल्याएको' भनियो। मूलधारका प्रायः सबै मिडियाले यिनै झूट फलाके; प्रचार गरे। तिनीहरूभन्दा फरक असान्जले त्यसबारेमा सत्य बोले। यसैकारण, उनले ठूलो मूल्य चुकाउँदै छन्। उनी हाम्रो पूर्ण समर्थनको हकदार छन्।

(एमआर अनलाइनबाट, अनुवाद : सम्यक)

मजदुर, चैत्र १४, २०८०

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति लघु उद्यम विकास (मेडपा) कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरूलाई ८ दिने उद्यमशिलता विकास तालिमका सहभागीहरुसँग । चैत्र २७ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय संस्कृति विभागमा अध्यापनरत प्राध्यापकहरूको भेट । वैशाख ४ गते

## तस्बिरमा केही गतिविधि




'काठमाडौं उपत्यकालाई देशकै सांस्कृतिक राजधानी बनाउनुपर्ने आवश्यकता' भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति काठमाडौंमा आयोजित सांस्कृतिककर्मीहरूको भेलामा । वैशाख १२ गते



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप ई. कलेज तथा ख्वप कलेज अफ ईन्जिनियरिङको संयुक्त आयोजनामा २०७२ साल वैशाख १२ गते गएको भूकम्पको स्मरणमा प्रवचन कार्यक्रम ।
वैशाख १२ गते

## ख्वप: ईन्जिनियरिङ कलेजको सम्पदा ढाँचा प्रदर्शनी

ख्वप: ईन्जिनियरिङ कलेजका विद्यार्थीहरुले तयार गरेका भक्तपुर, ललितपुर, काठमाडौं र मुस्ताङलगायतका केही सम्पदाका ढाँचा (Model) वैशाख ८ गते पाटन म्युजियममा प्रदर्शन । तस्बिर : एपीवान टीभी






















# बक्सिङ खेलाडी एवम् कोच साजन लघु



राजकुमार लघु

साजन लघु बक्सिङका खेलाडी हुनुको साथै बक्सिङ खेलका राष्ट्रिय रेफ्रि र २०७० सालदेखि वन स्टार कोच पनि हुन्। उनको जन्म २०४६ साल भाद्र ३ गते भक्तपुर नपा वडा नं २ ब्यासीमा भएको हो। उनका बुवा केदार लघु हुनुहुन्छ। केदार लघु पनि जिम्यानिष्टकका राम्रा खेलाडी हुनुहुन्छ। उहाँका बुवा व्यासी व्याडमिन्टन क्लवको अध्यक्ष भई खेल विकासमा लागि परेका छन्। केदार लघुको नेतृत्वमा ब्यासी व्याडमिन्टन क्लवको आयोजनामा ३ पटक जिल्लाव्यापी शिक्षासेवी शिवभक्त बासुकला कप रनिङ शिल्ड व्याडमिन्टन प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ। साजन लघुको आमा लक्ष्मीश्वरी लघु हुनुहुन्छ।



साजनले २०६५ सालदेखि १९ वर्षको उमेर हुँदा भक्तपुर नपाद्वारा सञ्चालित कमलविनायक बक्सिङ प्रशिक्षण हलमा गुरु केदार तुईतुई र कृष्णसुन्दर प्रजापतिको सामीप्यमा रही बक्सिङ खेलको प्रशिक्षण लिए। उनले Hotel Mangement मा स्नातक गरेका छन्। शान्ति ई. सेकेण्डरी स्कूलबाट पढाइ सुरु गरी एसएलसी त्यही स्कूलबाटै गरेका थिए। उनी हाल पर्यटन व्यवसायी भएका छन्। उनी र उनका साथीहरू मिली बालाखु गणेशस्थित अरनिको सभा भवन नजिक बज्र क्याफे र साकोथामा साँझ्यो क्याफे पनि सञ्चालन गरी पर्यटन उद्योगको विकास गर्न र आय आर्जनमा लागेका छन्। उनी सूर्यविनायकको थापा पार्टी प्यालेसमा पनि आवद्ध छन्।

साजन लघु भक्तपुर जिल्ला बक्सिङ सङ्घको सचिवमा बहाल रही भक्तपुरमा यस खेलको विकास, विस्तार तथा नयाँ खेलाडी तथा रेफ्री उत्पादन गर्न प्रयत्नशील पनि छन्। उनी व्यासी ब्याडमिन्टन क्लवको सदस्य भई यस खेलको प्रतियोगिता हुँदा कहिले स्वयम् सेवक त कहिले खेल आर्थिक सङ्कलन गर्ने कार्यमा दतचित्त भई खट्छन्। साजन बक्सिङको One Star coach पनि हुन्। उनले खेलकुद प्रतियोगिताको दौरानमा खेलाडीहरूलाई विभिन्न प्राविधिक ज्ञान तथा विपक्षको टेक्निकलाई माथ गर्न प्रशिक्षण दिई हौसला दिने कार्य गर्छन्।

साजन लघु खेलको प्रेरणाश्रोत कोही छैन भन्दै आफैले सोध खोज गरी खेल क्षेत्रमा लागेको बताउँछन्। उनको उद्देश्य सबैलाई खुशी पार्ने र बक्सिङको International coach बन्ने हो।

उनले भक्तपुर नपामा ६/७ महिना बक्सिङको प्रशिक्षण लिए लगतै प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अवसर पनि पाए। २०६५ सालमा चितवनमा सम्पन्न क्षेत्रीय बक्सिङ प्रतियोगिता ६० केजी तौलमा फाइनलमा चितवनका खेलाडी राजकुमार मैनालीलाई उनकै गृह मैदानमा पराजित गरी स्वर्ण पदक जित्न सफल भएका थिए। बक्सिङ खेलाडी राजकुमार मैनाली हाल वाग्मती प्रदेशका बक्सिङ सङ्घमा आवद्ध छन्। काठमाडौँमा २०६६ सालमा सम्पन्न राष्ट्रिय खेलकुद प्रतियोगितामा साजन लघुले ६० किलो तौलको बक्सिङ प्रतियोगितामा रजत पदक जितेका थिए।

बक्सिङ किन खेल्ने प्रश्नमा उनी भन्छन्, बक्सिङ आत्मसुरक्षा र आत्मबल वृद्धिको लागि खेलिन्छ। हरेक क्षेत्रमा काम आउँछ। कार्यक्षेत्रमा आत्मविश्वास बढ्छ। शारीरिक स्वस्थ्यताको लागि र हरेक कार्यको ब्यवस्थापनमा खेलकुदले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ।

बक्सिङ खेलका फाइदाबारे सोध्दा साजन लघु भन्छन्, तन्दुरस्त शरीर निर्माण र मित्रता अभिवृद्धिको लागि पनि बक्सिङ खेल्नुपर्छ। आत्मसुरक्षाको लागि नभई नहुने खेल हो बक्सिङ। महिला दिदीबहिनीहरूको लागि यस खेल झन् अति आवश्यक र महत्त्वपूर्ण छ।

बक्सिङ खेलमा के कस्ता समस्याहरू विद्यमान छन् भन्ने जिज्ञासामा साजन भन्छन्, भक्तपुर नपाद्वारा सञ्चालित बक्सिङ प्रशिक्षण केन्द्र कमलविनायकमा हाल रिङको बन्दोवस्त हुनु सकारात्मक हो। खेलाडीहरूले खेल्नुको साथै डाइटमा पनि ख्याल गर्नुपर्छ। खेलको दौरान र प्रतिस्पर्धाको समयमा प्रोटिन, कार्वोहाइड्रेट र भिटामिनयुक्त खानेकुरा खानुपर्छ

अन्यथा बिरामी पर्न सक्छ। खेलकुदमा योग्यलाई छनौट गर्नुपर्छ। भक्तपुर नपाद्वारा कमलविनायकमा सञ्चालित बक्सिङ खेलको प्रशिक्षणलाई थप अलिकति ब्यवस्थित गर्न सके राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी उत्पादनमा थप योगदान पुग्छ।

साजन लघुको अविस्मरणीय क्षण के छ भन्ने प्रश्नमा उनी भन्छन्, २०६६ सालमा चितवनमा सम्पन्न क्षेत्रीय प्रतियोगिताको ६० केजी तौलमा फाइनलमा प्रतिद्वन्द्वी चितवनको शक्तिखोरका जनमुक्ति सेनाका खेलाडी पर्‍यो। प्रायः दर्शक चितवन चितवन भनी चिच्याई त्यहाँका खेलाडीलाई हौसला दिइरहेका थिए। भक्तपुरका समर्थक ६/७ जनामात्र थिए। आफ्नै खेल कौशल र गुरुको निर्देशनलाई शिरोपर गरी खेलें र विपक्षी खेलाडीलाई बलियो मुक्का प्रहार गरी ढालेर फाइनलमा स्वर्ण पदक जितेको क्षण अविस्मरणीय छ भन्छन्।

बक्सिङलगायत अन्य खेलमा लाग्न चाहने युवाहरूलाई के सन्देश छ भन्ने जिज्ञासामा साजन लघु भन्छन्, समाजमा धेरै विकृति विसङ्गति भित्रीएका छन्। युवाहरू सोसिएल मेडियामा आवद्ध छन्। हाम्रो देशमा युवाहरू अरूको सिको गर्छन्, नक्कल गर्ने बानी छ। वास्तवमा विदेशका कलाकारहरू शैक्षिक रूपमा मास्टर डिग्री गरेका हुन्छन्, कोही सङ्गीतका विशेषज्ञ त कोही बाद्य बादनको डिग्री होल्डर छन्। अरू कलाकारको बाहिरी रूपमा मात्र नक्कल नगरौं। साथै अरूको ब्याक ग्राउण्ड बुझेर बुझ्ने गरौं। विदेशका कलाकार अथक सङ्घर्ष गरेर कुनै न कुनै विषयमा दक्ष भएकै हुन्छ। त्यो कुरा हाम्रा युवाहरू बुझ्दैनन्। युवाहरू अनुशासनमा बस्नुपर्छ। खेलकुदबाट समाजलाई सहयोग र योगदान दिन सक्नुपर्छ। बाँकी समय खेलकुदलाई दिए सुखी र स्वस्थ्य जीवन बाँच्न सकिन्छ।

(वार्तामा आधारित)

## थाहा पाइराखौं

- बन्जरा जनजातिको बच्चा जन्मिएपछि न्याउरी मुसा काटेर बलि दिइन्छ।
- नेपालमा धेरै प्राथमिक स्कुल भएको जिल्ला स्याङ्जा हो।
- 'द्रोणाचार्य' अर्वाड क्रिकेट खेलमा प्रदान गरिन्छ।
- अन्तरीक्षमा पहिलो पटक गाइएको गीत 'ह्यापी बर्थडे टु यु' हो।
- नेपालमा बाजाहरूको रानी भनेर मुरलीलाई भनिन्छ।
- एकै पटक दुईजना राष्ट्रपतिले शासन गर्ने देश सानमादियो हो।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# जीवन–आचरण

## जीवन

एकजना प्रोफेसरले विद्यार्थीहरूलाई भन्यो कि आज म जीवनको महत्त्वपूर्ण पाठ पढाउन गइरहेको छु।

उनले आफ्नो साथमा ल्याएको एउटा काँचको ठूलो जार टेबलमा राख्यो र त्यसमा टेबल टेनिसको बलहरू हाल्न थाल्यो, तबसम्म हालिरह्यो जबसम्म त्यसमा एउटा पनि बल अट्ने ठाउँ बचेन।

उनले विद्यार्थीहरूलाई सोधे 'के जार पूरै भरियो ?'

'यस, भरियो' भनेर आवाज आयो।

फेरि प्रोफेसरले त्यसमा सा–सानो कंकड भर्न शुरु गरे, बिस्तारै–बिस्तारै जारलाई हल्लाए पछि कयौँ कंकड जहाँ ठाउँ खाली थियो त्यहाँ गएर अड्कियो।

फेरि प्रोफेसरले सोधे– 'अब के जार भरिसकिएको छ ?'

विद्यार्थीहरूले यसपटक फेरि 'यस' भने।

अब प्रोफेसरले थैलीबाट बालुवा निकालेर बिस्तारै बिस्तारै त्यो जारमा बालुवा हाल्न सुरु गर्‍यो। बालुवाले पनि त्यो जारमा जहाँ सम्भव थियो त्यहाँ गएर आफ्नो ठाउँ ओगट्यो।

अब विद्यार्थीहरू आफ्नो मूर्खतामा हाँस्न थाले। फेरि प्रोफेसरले सोधे, 'के अब त यो जार पूरै भरिसकियो होला होइन ?'

'हो, यस, अब त पूरै भरियो', सबैले एकैस्वरमा भने।

सरले दुई कप चियालाई जारमा खन्याए, चिया पनि धूलोको बीचबीचमा सोसियो।

त्यसपछि प्रोफेसरले गम्भीर आवाजमा सम्झाउन सुरु गरे, यो काँचको जारलाई तिमीहरूले आफ्नो जीवन सम्झ। टेबल टेनिसको बलहरू सबैभन्दा महत्त्वपूर्ण भाग अर्थात परिवार, बच्चाहरू, मित्र, स्वास्थ्य र चाहनाहरू हो, सानो कंकड अर्थात तिम्रो नोकरी, कार, ठूलो घर आदि हो, र धूलोको मतलब अरू पनि सानो सानो बेकारको कुराहरू, मनमुटाव र झगडाहरू हो। यदि तिमीले काँचको जारमा सबैभन्दा पहिले धूलो हाल्थ्यौ भने टेबल टेनिसको बलहरू र कंकडको लागि ठाउँ बच्ने थिएन, या कंकड भरेको भए धूलोहरू भरिए पनि बलहरू भर्न सक्ने थिएनौ। ठिक यही कुरा जीवनमा पनि लागू हुन्छ।

यदि तिमी सानो सानो कुराहरूको पछि कुद्यौ भने र आफ्नो उर्जा त्यसमा नष्ट गर्‍यौ भने तिमीसित मुख्य कुराहरूको लागि अधिक समय हुनेछैन।"

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- ५०

## मिति २०८० फागुन १ गते, मंगलबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री वसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### चिनीयाँ नयाँ वर्षमा सांस्कृतिक कार्यक्रम

चिनीयाँ नयाँ वर्ष २०२४ (ड्रयागन वर्ष) को अवसरमा भक्तपुर नगरपालिका, चिनीयाँ राजदूतावास तथा नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा चिनीयाँ र नेपाली सांस्कृतिक प्रस्तुतीसहित 'भक्तपुर सांस्कृतिक प्रदर्शनी कार्यक्रम' भक्तपुर दरबार क्षेत्र (लायकू)' मा मिति : २०८०।११।२ गते, बुधबार सञ्चालन गर्ने र सोको लागि यस नगरपालिकाबाट आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

### अन्तर नगर महिला कबड्डी प्रतियोगिता

यस नगरपालिकाको आयोजनामा मिति २०८० फागुन महिनाको अन्तिम साताबाट सुरु गरिने यस वर्षको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत महिला कबड्डी प्रतियोगिता व्यवस्थित रूपमा सञ्चालनको लागि यस नगरपालिकाका नगर प्रमुख श्री सुनिल प्रजापतिको संयोजकत्वमा १५१ सदस्यीय प्रतियोगिता आयोजना मूल समिति गठन गर्ने निर्णय गरियो।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**आर्थिक समिति**

मिति २०८०/९/२३ गते

१. जय भवानी बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताहरूको बचत रकम फिर्ता नदिएकोले उक्त संस्थाका सञ्चालक र लेखा समितिका पदाधिकारीहरूको बैङ्क खाता रोक्का गरी पाउँ भनी रोशन कोजूसमेतको निवेदनमा छलफल हुँदा सञ्चालक र लेखा समितिका पदाधिकारीहरूको बैङ्क खाता रोक्का गर्न नेपाल राष्ट्र बैङ्कमा अनुरोध गर्ने कार्यपालिका बैठकमा अनुमोदन गर्ने गरी निर्णय गरियो।

मिति २०८०।१०।१२

१. निम्न लिखित संस्थाको विनियम संशोधनको लागि पर्न आएको निवेदन छलफल हुँदा निम्न लिखित संस्थाहरूको निम्न बुँदाहरू संशोधनको लागि स्वीकृति दिने निर्णय गरियोः

**क)** जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि.को विनियमको दफा ४१ को १४ पछि १५ थप गर्ने, दफा ३२ को खुद बचत बाँडफाँड गर्ने सम्बन्धमा विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो।

**ख)** थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.को विनियमको दफा ५५ (१) को खुद बचत बाँडफाँड गर्ने सम्बन्धमा विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो।

**ग)** जनसत्कार उपभोक्ता सहकारी संस्था लि.को विनियमको दफा ४३ को खुद बचत बाँडफाँड गर्ने सम्बन्धमा विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**घ)** नवल बचत तथा ऋण सहकारी संस्था लि. को विनियमको दफा ३३ उपफा १ सञ्चालक समितिको पदावधि ४ बर्ष, दफा ५२ उपदफा १ खुद बचत बाँडफाँड गर्ने र दफा ३२ उपदफा १ को सञ्चालक समितिको सङ्ख्या ११ जना रहने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ङ)** नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.को विनियमको दफा ३ को कार्यक्षेत्र विस्तार सम्बन्धमा भक्तपुर नगरपालिकाभित्र सीमित रहने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

मिति २०८०।१०।१७ गते

भक्तपुर नगरपालिका वडा नं. ४ गपलीमा कार्यालय राखी सञ्चालनमा रहेको पानस बचत तथा ऋण सहकारी संस्था लि. का २३ बचतकर्ताहरूको दर्ता नं. ७२४३ मिति २०८०।१०।९ गते संयुक्त निवेदनबाट बचतकर्ताहरूलाई बचत रकम फिर्ता नदिएको र कार्यालय समेत बन्द रहेको हुँदा उक्त संस्थाका सञ्चालक समितिका पदाधिकारीहरू, ब्यवस्थापक र निवर्तमान ब्यवस्थापक समेतको श्रीसम्पत्ति रोक्का गरी पाउँ भनी अनुरोध भई आए अनुसार उक्त सहकारीमा अनुगमन गर्दा बचतकर्ताहरूको बचत रकमबाट ब्यक्तिगत रूपमा जग्गा खरिद गरिराखेको, समयमा साधारण सभा नगरेको, सदस्यहरूलाई आवश्यक जानकारी दिने नगरेको, ब्यवस्थापकले जथाभावी ऋण प्रवाह गरेको, नियमित सञ्चालक समितिको बैठक नबसेको र कार्यक्षेत्र बाहिरको ब्यक्तिलाई समेत ऋण प्रदान गरेको देखिएकोले निम्न लिखित पदाधिकारीहरूको जग्गा रोक्का गर्ने निर्णय गरियो :

### तपसिल

| जिल्ला/गा.पा./नगरपालिका | वडा नं. | कित्ता नं. | क्षेत्रफल | पदाधिकारीको नाम |
|---|---|---|---|---|
| मोरङ्ग, मधुमल्ला | ६ घ | ४०५९ | ०-१-०-० विघा | सूर्यराम साख |
| मोरङ्ग, मधुमल्ला | ६ घ | ४३२६ | ०-०-१०-० विघा | सूर्यराम साख |
| भक्तपुर, दुवाकोट | २ग | ५४९ | ०-१३-०-३ रोपनी | सुरेन्द्र सिंह बुदाथोकी क्षेत्री |
| सिन्धुपाल्चोक, हगाम | ७ | ३०६ | २-१४-१-३ रोपनी | सुरेन्द्र सिंह बुदाथोकी क्षेत्री |
| सिन्धुपाल्चोक, हगाम | ७ | १५१२ | १-५-१-० रोपनी | सुरेन्द्र सिंह बुदाथोकी क्षेत्री |
| सिन्धुपाल्चोक, हगाम | ७ | १९५२ | ०-६-०-० रोपनी | सुरेन्द्र सिंह बुदाथोकी क्षेत्री |
| चितवन, माडी कल्याणपुर | ३ग | ७३ | ०-१४-१०-० विघा | सूर्यराम साख र अनिलश्रेष्ठ |
| चितवन, माडी कल्याणपुर | ३ग | ४२ | ०-१३-१९-० विघा | सूर्यराम साख र अनिलश्रेष्ठ |
| चितवन, माडी कल्याणपुर | ३ग | ४४ | ०-१६-२-० विघा | सूर्यराम साख र अनिलश्रेष्ठ |

## बैठक सङ्ख्या- ५१
## मिति २०८० फागुन ८ गते, मंगलबार
### निर्णयहरू

### अन्तर नगर महिला कबड्डी प्रतियोगिता

यस नगरपालिकाको आयोजनामा मिति २०८० फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म यस वर्षको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत महिला कबड्डी प्रतियोगिता सञ्चालन गर्ने र सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

### जलेश्वर मन्दिर उद्घाटन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भ.न.पा. १, दुधपाटीस्थित ऐतिहासिक भाज्या पुखू र पुखूको बिचमा पुनः निर्माण गरिएको जलेश्वर मन्दिरको मिति २०८० फागुन २५ गते उद्घाटन कार्यक्रम गर्ने र सो सम्बन्धी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

देहायका समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

मिति २०८०।११।३ गते

भक्तपुर युवा टिमको आयोजनामा मिति २०८० फागुन १८ गतेदेखि २६ गतेसम्म सञ्चालन हुने उपत्यकाव्यापी आमन्त्रित **भक्तपुर कप फुटबल प्रतियोगिता**मा यस नगरपालिकाबाट एक टीम सहभागी गराउने निर्णय गरियो ।

**कृषि समिति**

मिति २०८०।१०।१० गते

**१.** भक्तपुर नगर क्षेत्रभित्रका सामुदायिक **कुकुरहरूलाई बन्ध्याकरण** गर्ने कार्य सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले सो कार्य गर्न नेपाल सरकारबाट सम्बन्धित कार्यमा ईजाजत पत्र प्राप्त ईच्छुक रजिष्टर्ड, फर्म, कम्पनी, संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र नगरपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउ पत्र खरिद गरी पेश गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**२.** भक्तपुर नगरका कृषकहरूलाई १ (एक) दिने **तरकारी नर्सरी व्यवस्थापन तालिम** सञ्चालन गर्न

प्रत्येक वडाबाट ३/३ जना कृषकहरूको सहभागितामा तालिम सञ्चालन गर्न वडा/वडामा पत्राचार गर्ने र सोको कार्यक्रम सञ्चालन खर्चको व्यवस्था गर्ने निर्णय गरियो ।

## महिला बालबालिका तथा समाज कल्याण समिति

मिति २०८० ।११ ।४ गते

१. मिति २०८०।१०।२५ गतेको बैठकको निर्णय अनुसार भ.न.पा.२, इताछेँमा सञ्चालित प्रतिमा अनुको एक्सेप्सनल बुटिक व्यवसायीको व्यवसाय प्रवर्द्धन गर्न ठूलो मेशिन–२, इन्टरलक मेसिन १, पिको मेसिन १, इम्ब्रोडरी मेसिन १ सहयोग भएमा महिला उद्यमीको रूपमा विकास हुने देखिएकोले निजलाई उक्त **सामान प्रदान गर्ने** निर्णय गरियो ।

२. भ.न.पा. ८, लिवालीमा सञ्चालित ईसलक्ष्मी जाकिबन्जार सञ्चालिका रहेको एन.सी. फर्निचर उद्योगमा निरीक्षण गर्दा सञ्चालिका ईसलक्ष्मी जाकिबन्जारको माग अनुसार आवश्यक काठका सामानहरू दराज, झ्याल ढोका, खाटलगायत काष्ठ सामग्रीहरू निर्माण गर्दै आएको छ । उक्त उद्योगमा थप आधुनिक प्रविधिमा मेशिनहरू उपलब्ध गराएमा थप व्यवसाय प्रवर्द्धन र धेरै सङ्ख्यामा रोजगारी दिन सक्ने देखिएकोले निजलाई निम्न अनुसारको सामग्रीको निम्ति सिफारिस गर्ने निर्णय गरियो :

(१) स्क्यायर ड्रिल १.१ किलोवाट, (२) १८ इन्च ब्याण्डसुट ३ कि.वा., (३) साइजर मेशिन, (४) स्टाण्ड ग्रायण्डर, (५) मिटर सः स्लाइडिङ्ग मेसिन, (६) ग्रायण्डर ह्याण्ड, (७) ड्रिल मेसिन (८) ट्रिप सः, (९) प्लेनर, (१०) ६ फिट ३५ इन्च भाइस, (११) २ घोडा मोटर, (१२) राउटर मेशिन र (१३) चेन सः मेसिन ।

## निर्माण समिति

मिति २०८० ।११ ।४ गते

| क.सं. | योजनाकाविवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | प्राङ्गारिक मलप्रशोधन केन्द्रको पश्चिमीसिमानामा रिटेनिङ वाल सहितसिमापर्खाल निर्माण कार्य | १० | प्राङ्गारिक मलप्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य | ४,२००,७८७।७२ | | | | | | | | |
| २ | भाजु पोखरीमा सडक बत्तीतथा फ्लोड लाइट जडानकार्य | १ | मर्मत | ८०२,८४५।१४ | | | | | | | | |
| ३ | भनपा वडा नं. ६ कार्यालय परिसरमा ढल मर्मत कार्य | ६ | मर्मत | ३२,८२८।०५ | | | | | | | | |
| ४ | श्यानिटेशनउपशाखाको लागिनयाँ गाडा बनाउने कार्य | नपा | मर्मत | ३७७,२०८।९७ | | | | | | | | |
| ५ | सहिद स्मृति खेल मैदानमाप्लम्बिङ र विद्युतीकरण कार्य | २ | मर्मत | ८०,३९१।२० | | | | | | | | |
| ख) | रि. ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | छग देग पुन:निर्माण कार्य | ४ | छग देग पुन:निर्माण | ३,९५९,६८३।७५ | ३,८३२,६१७।४८ | | | | | | | म्यादथप २०८१ असार मसान्त |
| २ | सिलखे फाँटस्थितफोहोर मैलाप्रशोधन केन्द्रको सीमापर्खाल निर्माण कार्य | १० | सिलखे फाँटस्थित फोहोरमैलाप्रशोधन केन्द्र | ५,९४१,८१३।३२ | ५,९९४,३५५।०७ | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | भक्तपुर नपा वडा नं. ९ मा सामुदायिकबहुउद्देश्यीयभवननिर्माण | ९ | सङ्घीय सशर्त अनुदान | ३,००८,७५०।३३ | | | उ.स.अ.:श्री लक्ष्मीकुमार भैनाल्व अ.स.स. : श्री इन्द्रबहादुर प्याठ | | | | | |
| २ | तुमचो,दुगुरे, चोखाआवास क्षेत्र खानेपानी उ.स.को कार्यालय भवननिर्माण कार्य | ९ | तुमचो स्थित खानेपानी ट्याङ्कीनर्माण | २,७४१,२७९।७४ | | | उ.स.अ.:श्री विष्णुप्रसाद दुमरू अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | | | |
| ३ | इशानेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | इशानेश्वर मन्दिर | २,९२९,५२९।८१ | | | उ.स.अ.:श्री नारायणप्रसादकोइराला अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| घ) | ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | भाजु पोखरीको पश्चिम डिल बाटोमा ईंटा छपाइकार्य | १ | अन्य सार्वजनिकनिर्माण कार्य | ८३१,००५।४७ | | ३३०,०००।०० | ७२६,०१०।१५ | ३९६,०१०।१५ | ७६७,३०८।४९ | सम्पन्न | जीवनदुवाल | |
| २ | तुमचो, दुगुरे, चोखाप्लानिङ र कमलविनायकप्लानिङ मापीच मर्मत कार्य | ९, १० | योजनाको बाँकीभुक्तानी | ६१४,६४१।९७ | | २००,०००।०० | ३२१,८८१।६० | १२१,८८१।६० | ३३७,७९९।६२ | सम्पन्न | बाबुका जीगोसाई | दोस्रो पे.फ. गरी रु. ६५,१९२।४८ भुक्तानीदिने |
| | | | | | | २००,०००।०० | २६५,१९२।४८ | ६५,१९२।४८ | २६८,२९७।७१ | | | |
| | | | | | | ४००,०००।०० | ५८७,०७४।०८ | १८७,०७४।०८ | ६०६,०९७।३३ | | | |

ङ) बजेट माग गर्ने सम्बन्धमा

| क.सं. | विवरण | वडा नं. |
|---|---|---|
| १ | भक्तपुर क्याम्पस जाने भाजु पुखूको पूर्वी डिल बाटो ढुङ्गा छपाइ मर्मत कार्य | १ |
| २ | इटाछैं ढुङ्गा छपाइबाटो मर्मत कार्य | २ |
| ३ | वासिक टोल जाने ढुङ्गा छपाइबाटो मर्मत कार्य | ३ |
| ४ | थुलिनेदेखि देगमनाजाने ढुङ्गा छपाइबाटो मर्मत कार्य | ४ |
| ५ | बालाखुदेखि त्रिपुरासुन्दरीसम्मको ढुङ्गा छपाइबाटो मर्मत कार्य | ५ |
| ६ | चोछैं टोलदेखि यालाछैंसम्मको ढुङ्गा छपाइबाटो मर्मत कार्य | ६ |
| ७ | याताक्षेत्रको ढुङ्गा छपाइबाटो मर्मत कार्य | ७ |
| ८ | भनपा ८ नं. वडा कार्यालय क्षेत्रको सडक पेटीमासिमेन्ट ब्लक छपाइकार्य | ८ |
| ९ | नवदुर्गा मन्दिरदेखि सरस्वतीविद्यागृहसम्मको ढुङ्गा छपाइबाटो मर्मत कार्य | ९ |
| १० | सरस्वतीविद्यागृहदेखि कमलविनायक सम्म ढुङ्गा छपाइबाटो मर्मत कार्य | १० |

# विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

भक्तपुर नगरपालिका वडा नं. १ स्थित नः पुखूमा वाटर बाइक सञ्चालनको लागि मिति २०८०।०९।२५ गते प्रकाशित सूचना अनुसार पेश भएका दरभाउ पत्रहरूमध्ये अधिकत्तम कबोल गर्ने टि.एन एड्भेन्चर्स प्रा.लि. (T.N. Adevtures Pvt.Ltd) कोटेश्वर, काठमाडौँसँग वार्षिक बहाल रु.१५,२५,०००।- मा सम्झौता गर्ने सम्बन्धी मिति २०८०।१०।१४ गतेको निर्णय अनुमोदन गरियो ।

## बैठक सङ्ख्या- ५२

## मिति २०८० फागुन २३ गते, बुधबार

### निर्णयहरू

### जलेश्वर मन्दिरको उद्घाटन तथा "भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण" पुस्तक विमोचन

भ.न.पा. १ स्थित ऐतिहासिक भाजुपुखू र पुखूको मध्य भागमा पुन: निर्माण गरिएको जलेश्वर मन्दिरको उद्घाटन तथा 'भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण' पुस्तक विमोचन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा ऱ्यालीसहित मिति२०८० फागुन २५ गते भाजुपुखूमा गर्ने निर्णय गरियो ।

### अनुदान माग गर्ने सम्बन्धमा

प्रदेश सरकारबाट समपुरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो :

आ.व. २०८०/८१ का लागि वाग्मती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने प्रादेशिक अनुदान अन्तर्गत देहायका योजनाहरूका लागि समपूरक तथा विशेष अनुदान बजेट माग गर्ने निर्णय गरियो । साथै समपुरक अनुदानका योजनाको लागि आवश्यक लागत सहभागिताको रकम नगरपालिकाबाट व्यहोर्ने समेत निर्णय गरियो ।

| अ) | समपुरक अनुदान | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | योजनाको नाम | वडा नं. | लागत इष्टिमेट रकम (रु.) | वाग्मती प्रदेशबाट व्यहोर्ने रकम(रु.) | नगरपालिकाबाट व्यहोर्ने रकम ( रु.) | मूलभूत क्षेत्र | प्राथमिकता क्र.स. |
| क) | नयाँ योजना | | | | | | |
| १ | महेश्वरी स्टेडियम निर्माण कार्य (पहिलो चरण) | ७ | २९,९१३,६७६।७० | १४,९५६,८३८।३५ | १४,९५६,८३८।३५ | खेलकुद सम्बन्धीपूवधिार | १ |
| २ | तारा लाँ बाटो स्तरोन्नति कार्य | १ | २२,८४८,६५१।३४ | ११,४२४,३२५।६७ | ११,४२४,३२५।६७ | सडक पूर्वाधार | २ |
| ३ | इतापाके प्लानिङको बाटो स्तरोन्नति (पहिलो चरण) | २ | २३,२५०,३१५।९९ | ११,६२५,१५८।०० | ११,६२५,१५८।०० | सडक तथापुलपूवधिार | ३ |
| ४ | ख्वप बहुप्राविधिक अध्ययन संस्थान भवन निर्माण कार्य (पहिलो चरण) | १० | २९,९६०,७३८।८७ | १४,९८०,३६९।४४ | १४,९८०,३६९।४४ | शैक्षिकपूर्वाधार | ४ |
| ५ | धालाखुसीदेखि भाजुपोखरीसम्मको बाटो स्तरोन्नति कार्य | १ | २३,९९५,८८७।२५ | ११,९९७,९४३।६३ | ११,९९७,९४३।६३ | सडक तथापुलपूवधिार | ५ |
| | जम्मा | | १२९,९६९,२७०।१५ | ६४,९८४,६३५।०९ | ६४,९८४,६३५।०९ | | |
| आ) | विशेष अनुदान | | | | | | |
| क) | क्रमागत योजना | | | | | | |
| १ | खँचापुखू स्वास्थ्य चौकी निर्माण कार्य (तेस्रो चरण) | ७ | ९,९९४,८२८।७४ | ९,९९४,८२८।७४ | – | आधारभूत स्वास्थ्यपूर्वाधार | १ |
| ख) | नयाँ योजना | | | | | | |
| १ | महेश्वरीदेखि थुसाचासम्म खोलाको दुई किनारमा रिटेनिङ वाल निर्माण | ८ | ९,९२५,२१६।६२ | ९,९२५,२१६।६२ | – | विपद जोखिमन्यूनीकरण पूर्वाधार | २ |
| २ | राममन्दिर स्वास्थ्य केन्द्र भवन निर्माण कार्य | ४ | ९,९७६,३२६।७६ | ९,९७६,३२६।७६ | – | आधारभूत स्वास्थ्यपूर्वाधार | ३ |
| | जम्मा | | २९,८९६,३७२।१२ | २९,८९६,३७२।१२ | – | | |

## नगर प्रहरी पदपूर्ति

**१.** भक्तपुर नगरपालिकाको लागि आवश्यक नगर प्रहरी पदपूर्तिको लागि मिति २०८०।९।११ गतेदेखि ९।१८ गतेसम्म लिएको प्रारम्भिक शारीरिक परीक्षण, मिति २०८०।१०।१५ गते लिएको लिखित परीक्षा, मिति २०८० माघ २२ गते लिएको विस्तृत शारीरिक परीक्षण तथा मिति २०८०।१०।२९ र ११।१ गते लिएको अन्तर्वार्ताबाट सफल देहाय बमोजिमका नगर प्रहरी सहायक निरीक्षक १ जना, नगर प्रहरी जवान (खुला) १५ जना र नगर प्रहरी जवान (महिला) ५ जनालाई सेवा करारमा नियुक्ति गर्ने, बाँकी क्रमिक योग्यताक्रमका उम्मेदवारहरूमध्ये नगर प्रहरी सहायक निरीक्षकमा २ जना, नगर प्रहरी जवान (खुला) मा ५ जना र नगर प्रहरी जवान (महिला) मा ३ जना वैकल्पिक उम्मेदवारको रूपमा छनौट गर्ने र सो सम्बन्धी सूचना प्रकाशित गर्ने तथा सफल उम्मेदवारहरूलाई नियुक्तिको लागि तथा सफल उम्मेदवारहरूले निर्धारित समयभित्र नियुक्ति नलिएमा वा नियुक्ति लिएर आ.व. २०८१/०८२ भित्र राजीनामा दिएमा वा कुनै कारणले पद खाली भएमा वा कार्यालयलाई थप जनशक्ति आवश्यक परेमा वैकल्पिक उम्मेदवारहरूको योग्यताक्रम अनुसार नियुक्तिको लागि ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**२.** नगर प्रहरी प्रमुखको रूपमा नेपाल प्रहरीका पूर्व प्रहरी निरीक्षक श्री नारायण चुवानलाई मिति २०८० साल चैत्र महिनादेखि २०८१ असार मसान्तसम्मको लागि नगर प्रहरी निरीक्षक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

**३.** नगर प्रहरीको तालिमको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख नगर प्रहरी निरीक्षक श्री नारायण चुवानलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**४.** नगर प्रहरी सहायक निरीक्षक १ जना, नगर प्रहरी जवान खुला १५ जना र नगर प्रहरी महिला ५ जना सफल उम्मेदवारहरूलाई मिति २०८० चैत्र महिनादेखि करार सेवामा नियुक्त गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

## नियुक्ति

भक्तपुर नगरपालिका वडा नं. १ स्थित सिद्धपोखरीमा कार्यरत का.स. श्री रूपेश कर्माचार्यले विदेश जानको लागि राजीनामा दिएको हुँदा पौडी खेल्न जान्ने भ.न.पा. वडा नं. १ बस्ने साजित जोशीलाई सम्बन्धित वडाका वडाअध्यक्षज्यूको सिफारिस अनुसार कार्यालय सहयोगीको सुरु तलवको दैनिक ज्याला अनुसार रु. ८२३।- दैनिक ज्याला पाउने गरी दैनिक ज्यालादारीमा नियुक्ति दिन उपयुक्त देखिएको हुँदा निजलाई दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

देहायका समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

**निर्माण समिति**

मिति २०८०।११।२२

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.र कम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पश्चिमी सिमानामा रिटेनिङ वालसहित सीमा पर्खाल निर्माण कार्य | १० | प्राङ्गारिक मलप्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य | ४,२००,७८७। ७२ | | | उ.स.अ.:श्री ज्ञानकुमार मगजु<br>अ.स.स.:श्री जितेन्द्र मुनंकर्मी | | | | | |
| २ | लिबाली खोलाको किनारमा रिटेनिङ वाल निर्माण कार्य | ८ | हनुमन्ते खोला सुधार | ४,५६५,३७८।२५ | | | उ.स.अ.:श्री धर्म गुसाई<br>अ.स.स.:श्री कृष्णलाल किसी | | | | | |
| ३ | भाजु पोखरीमा सडक बत्तीतथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ८०२,८४५।१४ | | | उ.स.अ.:श्री जीवन दुवाल<br>अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भक्तपुर नगर स्वागत स्मारक निर्माण कार्य | १ | अन्य सार्वजनिकनिर्माण कार्य | ७९८,०६४।९९ | | | उ.स.अ.:श्री कृष्णबहादुर दुगुजु<br>अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | |
| ५ | शिशुस्याहार तथा बालविकास केन्द्रमा ट्रस निर्माण कार्य | १ | मर्मत | २३९,७३५।६० | | | उ.स.अ.:श्री रामकेशरी राजलवट<br>अ.स.स.:श्री कल्पना शिल्पकार | | | | | |
| ख)रि.ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिलखे फाँटस्थित फोहोरमैला प्रशोधन केन्द्रको सीमा पर्खाल निर्माण कार्य | १० | सिलखे फाँटस्थित फोहोर मैला प्रशोधन केन्द्र | ५,९९४,३५५।०७ | | २,०००,०००।०० | २,५५२,३६४।६० | ५५२,३६४।६० | २,६१९,९२१।०२ | आंशिक सम्पन्न | लक्ष्मीप्रसाद चवाल | |
| २ | मंगलतीर्थ परिसर छग देग पुन:निर्माण कार्य | ४ | मंगलतीर्थ परिसर छग देग पुन:निर्माण | ३,८६३,७९५।४८ | | ६५०,०००।०० | ८१०,२१४।४५ | १६०,२१४।४५ | ९६५,७४८।९७ | आंशिक सम्पन्न | विश्वरामत्वायना | |
| ३ | महेश्वरी घाटबाट पर्बो गणेश जाने बाटोमा सबवेस राखी बाटो स्तरोन्नती गर्ने कार्य | ७ | मर्मत | ९५,६८२।८६ | ९०,३१७।६८ | ३०,०००।०० | ५७,०००।०० | २७,०००।०० | ७७,२६२।९१ | सम्पन्न | अमानत (हेरा ख्याजु) | |
| ४ | भुटिपाखेमा बाटो सीमाङ्कन गरी बाटोको भिरालोपन मिलाउने कार्य | १० | मर्मत | ४५,१९०।२८ | | | २०,२११।२५ | २०,२११।२५ | २७,८२१।०१ | सम्पन्न | रमेश पाकुरू | |
| ५ | सहिद स्मृति खेल मैदानमा प्लम्बिङ र विद्युतीकरण कार्य | २ | मर्मत | ९१,९८०।४५ | | | ६६,६०१।७५ | ६६,६०१।७५ | १०३,९९३।३७ | सम्पन्न | अमानत (कृष्णगोबिन्द सुवाल) | |
| ६ | रानीपोखरी, कभर्ड हल तथा नपाका विभिन्न भवनहरूमा सडक बत्ती तथा विद्युतीय मर्मत कार्य | २ | मर्मत | ९७,८३८।९६ | | | ३०,६००।०० | ३०,६००।०० | ८९,१२९।२० | सम्पन्न | अमानत (एण्डिज ग्वाछा) | |
| ७ | भनपा प्रशासन शाखामा र्‍याक बनाउने र सार्वजनिक शौचालयमा छेकबार लगाउने कार्य | २, ४ | मर्मत | ३६,७२२।५३ | | सामानतर्फ | २०,८०६।८३ | २०,८०६।८३ | २०,८०६।८३ | सम्पन्न | अमानत( सुरेन्द्र नकमी) | सामान जिन्सीउप शाखाबाट प्राप्त, रु. १४,४१५।७० ज्यालाभुक्तानी गर्ने |
| | | | | | | ज्यालातर्फ | ११,७००।०० | ११,७००।०० | १४,४१५।७० | | | |
| | | | | | | | | | | | | |
| | | | | | | जम्मा | ३२,५०६।८३ | ३२,५०६।८३ | ३५,२२२।५३ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | हनुमान पाटीदेखि इचाडोलसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल + नपा | १,३२९,१६३।४८ | | ३८०,०००।०० | १,२३०,२६५।०४ | ८५०,२६५।०४ | १,४२४,१६५।४२ | सम्पन्न | मिनाशिल्पकार | |
| ९ | इटाछैं ढुङ्गा छपाइ बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल + नपा | १,३१८,५८७८७ | | ३८०,०००।०० | १,२३३,५०९।९४ | ८५३,५०९।९४ | १,६४८,७८७६४ | सम्पन्न | पुण्यराम देशेमरू | |
| १० | बाराहीस्थानयाकती मार्ग ब्लक छपाइबाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल + नपा | १,३४१,६३७५३ | | ३८०,०००।०० | १,०४४,८१३।८६ | ६६४,८१३।८६ | १,०९३,४३७६८ | सम्पन्न | पूर्णप्रसाद सुवाल | |
| ११ | चोछैं टोलदेखि यालाछैंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल + नपा | १,३४४,५१०।०५ | | ३८०,०००।०० | १,२३२,९००।०० | ८५२,९००।०० | १,६८७,५३१।२२ | सम्पन्न | कृष्णहर खोटेजा | |
| १२ | याता क्षेत्रको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल + नपा | १,३८८,६८९।९७ | | ३८०,०००।०० | १,२२९,९५७१२ | ८४९,९५७१२ | १,५९६,८५०११ | सम्पन्न | श्रीभक्त कवां | |
| १३ | नवदुर्गा मन्दिरदेखि सरस्वती विद्यागृहसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल + नपा | १,३४८,४६६।६४ | | ३८०,०००।०० | १,२२९,२७४।५० | ८४९,२७४।५० | १,५४०,९८८।६० | सम्पन्न | कृष्ण भक्त लवजु | |
| १४ | सरस्वती विद्यागृहदेखि कमलविनायकसम्म ढुङ्गा छपाइबाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल + नपा | १,३११,८०३।४१ | | ३८०,०००।०० | १,२२९,५५९।२० | ८४९,५५९।२० | १,५२८,५८१।४६ | सम्पन्न | ज्ञानकुमार मगजु | |
| ग) | **योजनाहरूको लागि बजेट स्रोत मिलाउने सम्बन्धमा** | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे चोखाआवास क्षेत्र खानेपानी उ.स.को कार्यालय भवननिर्माण कार्य | ९ | अन्य सार्वजनिकनिर्माण कार्य | २,७४१,२७९।७४ | | | | | | | | यस अघि तुमोचो खानेपानी ट्याङ्की निर्माण कार्य बजेट शीर्षक उल्लेख भएकोमा संशोधन गरिएको । |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घ | पुरानो पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | | |
| १ | भनपा वडा नं. ९ स्थित तुँवाहाल जाने गल्ली बाटो सुधार कार्य गर्न उपभोक्ता समितिका अध्यक्षश्री धनेप्रसाद प्रजापतिले मिति २०७१/१२/१२ गते पेश्की रू. ८०,०००।०० (अक्षरेपि असी हजार रुपैयाँ मात्र) लिएकोमा सो कार्य गर्न नसकिएको जानकारीसहित उपभोक्ता समितिको नाममा रहेको बैंक खाताबन्द गरी जम्मा भएको रू. १,०४,७४०।०० (बैंक स्टेटमेन्टअनुसार) फिर्ता गरी पेश्की फछ्र्यौट गर्न माग भएबमोजिम पेश्की फछ्र्यौट गरी योजना रद्द गर्ने निर्णय गरियो | | | | | | | | | | | |
| ङ) ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | चोखामा भत्किएको रिटेनिङ वाल मर्मत कार्य | ९ | मर्मत | ५०४,५११।१७ | | | | | | | | |
| २ | सीसीटीभी तथा सडक बत्ती जडानकार्य, पसिखेल क्षेत्र | ५, ७ | मर्मत | ६११,७८२।९२ | | | | | | | | |
| च)म्यादथप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हाडा छेँ पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | हाडा छेँ पुन: निर्माण कार्य | ८,७९५,९३१।२९ | | | | | | | | २०८१ असार मसान्त सम्मस्य दथप |

## आर्थिक तथा लेखा समिति

मिति २०८०।११।१० गते

**१.** पानस बचत तथा ऋण सहकारी संस्थाका निवर्तमान व्यवस्थापक सुरेन्द्र सिंह बुढाथोकी क्षेत्रीको नाउँमा दर्ता भएको भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका साविक दुवाकोट वडा नं. २(ग) कि.नं. ५४९ को जग्गा भक्तपुर जिल्ला अदालतबाट रोक्का रहेको कुरा भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको च.नं. ९६४५ मिति २०८०।१०।२२ गतेको पत्रबाट जानकारी प्राप्त भएकोले उक्त **जग्गा रोक्का** फुकुवा हुनासाथ भक्तपुर नगरपालिकाबाट रोक्का हुने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो।

**२.** अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको प.सं. २/भूमि/८३२/२०८०/०८१ च.नं. Div-४१६२४ मिति २०८०।१०।२४ को पत्रबाट समदर्शी बचत तथा ऋण सहकारी संस्थाका प्रबन्ध निर्देशक हरिराम लवजुले **संस्थाको रकम दुरूपयोग र अपचलन गरी अकुत सम्पत्ति आर्जन गरेको** सम्बन्धमा लेखी आएको हुँदा सो सम्बन्धमा संस्थामा निरीक्षण गर्न लेखा परीक्षक श्री कृष्णराम पहीलाई अनुरोध गरी निरीक्षण गर्न पठाउने र सोको लाग्ने पारिश्रमिक समेत संस्थाबाट व्यहोर्न लगाउने निर्णय गरियो।

## शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०८०।११।१५ गते

**१.** भ.न.पा.वडा नं. १ मा रहेको भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण सम्बन्धमा तयार गरिएको **'भाजुपुखू र जलेश्वर मन्दिर पुर्ननिर्माण' पुस्तक** प्रकाशित गरी उक्त पोखरी पुनर्निर्माणको उद्घाटनका अवसरमा सार्वजनिक गर्ने निर्णय गरियो।

**२.** उपरोक्त बमोजिम पुस्तकको छपाइको सम्बन्धमा प्राप्त ३(तीन) ओटा दरभाउपत्र मध्ये सबैभन्दा कम दरभाउ पेश गर्ने मित्रता छापाखानाको रु.११३।११ (मू.अ.करसहित प्रति पुस्तक) दरभाउ स्वीकृत गरी छपाउन कार्यादेश दिने साथै उक्त पुस्तकको बिक्री मूल्य रु.२५०।- कायम गर्ने निर्णय गरियो। उक्त पुस्तक ४००० प्रति छपाइ गर्ने निर्णय गरियो।

**३.** भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माणको उद्घाटन पूर्व **ऱ्याली आयोजना** गर्ने, उक्त ऱ्याली यस न.पा.को वडा नं. ३ नासमनाबाट सुरु गर्ने निर्णय गरियो।

**४.** यस न.पा.बाट Basic Carpentry, Wood carving, Mason (डकर्मी, सिकर्मी), Basic surveyor / Land Measurement तालिम सञ्चालनका लागि प्राप्त पाठ्यक्रम स्वीकृत गरी **तालिम सञ्चालन**का लागि सार्वजनिक

सूचना प्रकाशित गर्ने, तालिम सञ्चालन गर्न ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई पत्राचार गर्ने निर्णय गरियो ।

**५.** यस नगरपालिकाद्वारा सञ्चालन गर्दै आइरहेको रेडियो कार्यक्रम **ख्वप सः कार्यक्रम** सञ्चालनका लागि रेडियो प्रस्तोताहरू, रेडियो प्राविधिक र भक्तपुर एफ.एम.सँग आ.व. २०८०।०८१ को लागि सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

यस नगरपालिकाको आयोजनामा हुने सांस्कृतिक बाजा प्रतियोगिताको लागि निम्नानुसारको **संयोजन समिति गठन** गर्ने निर्णय गरियो :

संयोजक : श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष वडा नं. ९
सदस्य : श्री श्यामकृष्ण खत्री, वडाअध्यक्ष वडा नं. १
सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष वडा नं. ७
सदस्य : श्री लक्ष्मीप्रसाद ह्यौंमिखा, वडाअध्यक्ष वडा नं. १०
सदस्य : श्री सुनिता अवाल (प्रजापति), कार्यपालिका सदस्य वडा नं. ३

### मूल्याङ्कन समिति

मिति २०८०/११/१० गते

भनपा वडा नं. ४, ७, ८ र १० नगरका विभिन्न क्षेत्रमा **सडक स्तरोन्नती कार्य** (ठेक्का नं. bktmun /NCB/works/05/080/81 को लागि म्यादभित्र प्राप्त २ (दुई) ओटा Online बोलपत्रहरूमध्ये रु. १,१३,९६,२१०।४३ (अक्षरेपि एक करोड तेह्र लाख छ्यानब्बे हजार दुई सय दस रुपैयाँ त्रिचालीस पैसामात्र) कबोल गर्ने श्री Sunakhari Builders Pvt. Ltd., गोदावरी नपा-११, ललितपुरको बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले निजको बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई स्वीकृत भएको निर्णय अनुमोदन गरियो ।

मिति २०८०/११/१५ गते

**१)** अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरणः हलको MAT Foundation (ठेक्का नं. bktmun/ NCB/works/04/080/81 को तोकिएको म्यादभित्र कुल १० (दस) ओटा Online बोलपत्रहरू प्राप्त भएकोमा प्राविधिक प्रस्ताव मूल्याङ्कनको क्रममा देहायका बोलपत्रदाताहरूको बोलपत्रहरू देहायका कारण **असफल** भएको –

| क्र.सं. | असफल बोलपत्रदाताको नाम र ठेगाना | असफल हुनाका कारण |
|---|---|---|
| १. | R & C.S. Builders Pvt. Ltd., गोकर्णेश्वर नगरपालिका-११, जोरपाटी, | Bid Security को Validity Period बोलपत्र खोल्ने मितिदेखि १५० दिन नपुगेको |
| २. | SBPL-RBNPL-CCPL JV, पोखरी चौरी-८, काभ्रे, नयाँ बानेश्वर-१०, काठमाडौं | JV Parter R & B Builders Nepal Pvt. Ltd. को Financial Resources न्यूनत्तम सीमाभन्दा कम देखिएको |
| ३. | Tulsi/R.D. JV, भक्तपुर | Construction Experience in Key Activates (Annual Production) का लागि Bidder ले पेश गरेको Experience Letter मा उल्लेखित परिमाणको कार्य सम्पन्न गर्न लागेको समयअनुसार Annual Production निकाल्दातोकिएको न्यूनत्तम परिमाणभन्दा कम देखिएको । |
| ४. | Sang Dorje NirmansewaPvt. Ltd.,धुमबाराही, काठमाडौं | Bidder ले Financial Resources 16,00,00,000.00 भएको Declare गरे पनि सो सम्बन्धी प्रमाण कागजातहरु Bidding Process मा Submit भएको नदेखिएको । |

साथै देहायका बोलपत्रदाताहरूका प्राविधिक प्रस्ताव मूल्याङ्कनमा **सफल** देखिएकोले निजहरूको आर्थिक प्रस्ताव खोल्ने प्रकृया अगाडि बढाउन मूल्याङ्कन समितिबाट सिफारिस भई स्वीकृत भएको निर्णय अनुमोदन गरियो ।

| क्र.सं. (वर्णानुक्रमानुसार) | सफल बोलपत्रदाताको नाम | ठेगाना |
|---|---|---|
| १. | ChanyasworiNirmanSewaPvt. Ltd. | Baneshwor-10, Kathmandu |
| २. | Dharmadevi-R.S. JV | Chaurideurali-5, Kavre |
| ३. | Great Wall Builders/Bishranti JV | Tokha-4, Dhapashi |
| ४. | Lotus-Surendra-Safeway JV | Baneshwor, Kathmandu |
| ५. | Nepal Mega-Jesica JV | Birendranagar-6 |
| ६. | R.B. Siddhartha-J.A. Engineering-Purna Binayak JV | KageshworiManohara Municipality-9, Kathmandu |

**२)** भनपा वडा नं. ५ स्थित तरकारी बजार पूर्वाधार निर्माण कार्य (ठेक्का नं. bktmun/NCB/works/ 06/080/81 को लागि म्यादभित्र प्राप्त ९ (नौ) ओटा Online बोलपत्रहरूको संलग्न तुलनात्मक तालिकाअनुसार रु. ५४,६०,०३३।५८ (अक्षरेपि चवन्न लाख साठी हजार तेतीस रुपैयाँ अन्ठाउन्न पैसा मात्र) कबोल गर्ने श्री Golden star Construction and Suppliers Pvt. Ltd., गठ्ठाघर, भक्तपुरको प्रस्ताव न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले निजको बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई **स्वीकृत** भएको निर्णय अनुमोदन गरियो ।

## भक्तपुर क्र्याफट् लि.

कम्पनीको मिति २०७९।४।१५ मा भएको १७ औं (आ.व. २०७७।७८ को) वार्षिक साधारण सभाबाट कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन प्रस्ताव पारित भै कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंबाट कम्पनीको सञ्चालक समितिको गठन सम्बन्धमा कम्पनीको नियमावलीको दफा १२(क) मा देहाय बमोजिम संशोधन भएको हुँदा उक्त संशोधित व्यवस्थाअनुसार कम्पनीको **सञ्चालक समिति पुनःगठन** गर्ने निर्णय गरियो ।

सञ्चालकहरूको नियुक्ति भक्तपुर नगरपालिकाले निर्णय गरे बमोजिम निम्नानुसार हुनेछ –

**(क)** भक्तपुर नगरपालिकाको प्रमुख वा प्रमुखले तोकेको व्यक्ति – प्रमुख भक्तपुर नगरपालिका

**(ख)** कम्पनीका सेयर स्वामित्व रहेको वडा कार्यालयहरू मध्येबाट भक्तपुर नगर कार्यपालिकाले तोकेको वडाध्यक्ष वा

सचिव–सदस्य (दुई), भ.न.पा. वडा नं. २ र ३ का वडा अध्यक्षहरू

**(ग)** सञ्चालक समितिले कानून वा व्यवस्थापन विषयको स्नातक तथा बैङ्क वा उत्पादनशील कम्पनीको सञ्चालक/परामर्शदाताको कम्पनीमा ५ वर्षको अनुभव भएको व्यक्तिहरू मध्येबाट २ जना स्वतन्त्र सञ्चालकमा अधिवक्ता श्री अनिता जधारी र प्रनेश बाटीलाई नियुक्त गर्ने ।


### पुनःगठित सञ्चालक समिति

अध्यक्ष : प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
सदस्य : वडाअध्यक्ष श्री हरिप्रसाद बासुकला, भनपा वडा नं. २
सदस्य : वडाअध्यक्ष श्री राजकृष्ण गोरा, भनपा वडा नं. ३
सदस्य : श्री अनिता जधारी (कानून स्नातक)
सदस्य : श्री प्रनेश बाटी (व्यवस्थापन स्नातक)

## विनायक विद्याश्रम प्रा.लि.

यस विनायक विद्याश्रम प्रा.लि. को सम्पूर्ण सेयर भ.न.पा.को नाममा रहेको हुँदा विद्याश्रमको सञ्चालक समिति समेत पुनःगठन गर्न र हाल विद्याश्रम सञ्चालनमा नरहेको अवस्थामा विनायक विद्याश्रम प्रा.लि. खातापाता सञ्चालन/अद्यावधि, लेखा परीक्षणलगायत नियमानुसार गर्नुपर्ने वार्षिक साधारण सभा, कम्पनी रजिष्ट्रारको कार्यालय र अन्य निकायमा पेश गर्ने कागजातहरू वार्षिक रूपमा अद्यावधिक गर्ने राख्नेलगायत विद्याश्रमको तर्फबाट आवश्यक कार्य गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि. लगायत भक्तपुर नगरपालिकाद्वारा सञ्चालित उपयुक्त शैक्षिक संस्थालाई **जिम्मेवारी दिने** निर्णय गरियो ।

**बसीबियाँलो "ख" को उत्तर**



**भक्तपुर नपाबाट प्रकाशित पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।**



भक्तपुर नगरपालिका गतिविधि

## सिचु फल्चा पुन:निर्माणको सार्वजनिक परीक्षण




भक्तपुर नपा वडा नं. ५ क्वाछेँस्थित सिचु फल्चा पुन:निर्माण उपभोक्ता समितिको आयोजनामा सिचु फल्चा पुन:निर्माण कार्यसम्बन्धी सार्वजनिक परीक्षण कार्यक्रम चैत १८ गते सम्पन्न भयो ।

कार्यक्रममा वडा अध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले आफ्नो निजी सम्पत्ति संरक्षणको लागि सजग भएजस्तै सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षणको लागि पनि अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै भक्तपुरका जनताको साथमा भनपाले सम्पदाहरूको सम्वर्द्धन र पुनर्निर्माणको कार्य अगाडि बढाइरहेको बताउनुभयो ।

निर्माण कार्य जनसहभागितामार्फत गराउँदा अपनत्व कायम हुनुका साथै गुणस्तरीय पनि हुने भएकोले उपभोक्ता समितिमार्फत काम गराउने भक्तपुर नगरपालिकाको अर्को विशेषता भएको बताउनुहुँदै उहाँले उपभोक्ता समितिमा बसेर सहयोग गर्ने वडावासीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

भनपा सम्पदा उपशाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले सम्पदा पुन:निर्माणको कार्य गर्न धेरै प्रमाण र आधारहरू खोज्नुपर्ने भएकोले समय लाग्ने बताउनुभयो ।

कार्यक्रममा सिचु फल्चा पुन:निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष **पूर्णगोपाल राजचल**ले सिचु फल्चा पुन:निर्माण कार्य तथा आर्थिक विवरण प्रस्तुत गर्नुहुँदै उक्त पाटी रु. ३७,३८,८४०।- मा सम्पन्न भएको बताउनुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका कोषाध्यक्ष **सरस्वती सिंख्वाल**ले पनि बोल्नुभएको थियो ।

## राष्ट्रिय सहकारी दिवसमा प्रवचन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले बैङ्क तथा वित्तीय संस्थाहरू पुँजीपति वर्गको स्नायु केन्द्र भएको हुँदा ती संस्थाहरूले कामदार वर्गको भन्दा पुँजीपति वर्गकै हितमा काम गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा चैत २० गते भएको ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूको प्रमुख समस्या त्यसमा ब्याप्त भ्रष्टाचार र आर्थिक अनियमितता नै हो भन्नुभयो ।




सहकारी संस्थाको जगमा आजको चीनले आर्थिक र सामाजिक विकास गरेको बताउनुहुँदै उहाँले चीनका सहकारी संस्थाहरू खुला विश्वविद्यालयको रूपमा सञ्चालित रहेको, कृषि र उत्पादनमूलक क्षेत्रमा लगानी तथा व्यापक जनतालाई सचेत र सङ्गठित पार्ने काम गर्दै आइरहेको बताउनुभयो ।

सहकारीमा ठगिएकाहरूको रकम फिर्ता र धनको सुरक्षा गर्नुपर्ने दायित्वबाट सरकार चुक्दा लाखौँ सर्वसाधारणले आफूले बचत गरेको रुपैयाँ जोखिममा परेको बताउनुहुँदै उहाँले समुदायमा आधारित सहकारी संस्थाले पैसा लेनदेनमा मात्र सीमित नरही गरिब जनताको सहयोगीको रूपमा काम गर्नुपर्ने बताउनुभयो ।

कति सहकारीहरू सञ्चालकहरूको बद्नियतकै कारणले डुबेको प्रष्ट पार्नुहुँदै उहाँले भक्तपुरका सहकारी संस्थाहरूले सामाजिक गतिविधि सञ्चालनका साथै स्वास्थ्य, ज्येष्ठ नागरिक लक्षित आदर निकेतन सञ्चालन, गरिबलाई छात्रवृत्ति, पुस्तक प्रकाशन, तालिम आदि सञ्चालन गरी सदस्यहरूको हितमा काम गर्नु आफैमा स्वागतयोग्य कदम भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्थाले जस्तै काम गर्न नहुने बताउनुहुँदै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका हुनुपर्ने बताउनुभयो ।

उहाँले अधिकांश सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुभन्दा पनि घरजग्गाहरूमा लगानी गरेको पाइएको बताउनुहुँदै भक्तपुर नपाले जनताको बचत रकम सुरक्षित गर्ने विषयमा संवेदनशील भएर काम गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले सङ्कटको समयमा सहकारी संस्थाहरूसँग समन्वय गरी काम गर्दै आएको बताउनुहुँदै उहाँले सहकारीले बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी गतिविधिहरू सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले गरिब जनताको आशा र भरोसाको केन्द्रको रूपमा रहेका सहकारी संस्था आफैमा सङ्कटग्रस्त हुँदा सहकारीप्रति जनताको विश्वास हट्दै गएको बताउनुभयो ।

समाजलाई बौद्धिक रूपमा माथि उठाउन साहित्यिक गतिविधिहरूलाई प्रोत्साहन गर्नुपर्ने बताउनुहुँदै उहाँले राजनीतिक र आर्थिक क्षेत्रमा आएको सङ्कटका कारण देशलाई अपूरणीय क्षति पुगेको बताउनुभयो ।

सहकारी ठगी आरोपितहरूलाई उच्च ओहोदामा पुऱ्याउने राजनीतिक परिदृश्यले देशलाई झन् सङ्कटमा धकेलेको बताउनुहुँदै उहाँले सहकारीहरूले इमानदार र पारदर्शी ढङ्गले समाज उत्थानमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सहकारी संस्थाले जनताको अभिभावकत्व ग्रहण गरी गरिब जनताको साथीको रूपमा काम गर्नुपर्ने बताउनुहुँदै सहकारी संस्था स्थापनाको ६ दशक पार गरिसक्दा पनि सहकारीका विकृति र ब्याप्त समस्याहरू यथावत रहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष **कृष्णगोविन्द लाखाजू**ले वित्तीय तथा आर्थिक अनुशासन र सहकारी सिद्धान्त र मूल्य मान्यतामा सञ्चालित सहकारीहरूमा कुनै समस्या नभएको बताउनुहुँदै सहकारी एकीकरणको नीति गलत भएको धारणा राख्नुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले सहकारी संस्थाहरू वित्तीय सङ्कटका असल साथीको रूपमा रहेको बताउनुहुँदै सहकारीमा देखिएका चुनौती र समस्याहरूबारे प्रष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**, सहकारी अनुगमन समितिका **हरिरत्न गोर्खाली** र **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

## महिलाहरू राजनैतिक रूपमा सचेत र सङ्गठित हुनुपर्ने : सांसद सृजना सैजु



भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित आधारभूत सिलाइ तालिम, बुटिक तालिम र हेयर कटिङ तालिममा सहभागी समूहको आयोजनामा बिस्का जात्रा तथा नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम चैत २१ गते भयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य **सृजना सैजु**ले नेमकिपाले महिलाहरूलाई सचेत पार्दै आएको बताउनुभयो ।

अहिले शिक्षिकाहरूले विद्यालयको नेतृत्व गरिरहेको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा ६० प्रतिशत महिलाहरूको सहभागिता रहेको उल्लेख गर्नुभयो ।

तालिम एक प्रकारको शिक्षा भएको धारणा राख्नुहुँदै उहाँले महिलाहरू राजनैतिकरूपमा सचेत हुनुपर्ने र स्वास्थ्यमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले विस्का जात्राको शुभकामना दिनुहुँदै तालिममा सिकेको सीप व्यवहारमा उतार्नुपर्ने र आम्दानी हुने खालको व्यवसाय गर्नुपर्ने बताउनुभयो ।



महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**ले भनपाले २०४४ सालदेखि नै आधारभूत सिलाइ तालिम दिँदै आएको जानकारी दिनुभयो।

**धर्मलक्ष्मी लघु**को सभापतित्वमा सम्पन्न कार्यक्रममा कार्यपालिका सदस्य **छोरीमैया सुजखु प्रजापति**, प्रशिक्षक **कमला शाक्य**, **बद्री कवाङ** र प्रशिक्षार्थी **अनिता खोंजु**ले पनि बोल्नुभएको थियो।

## पसल व्यवसायीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा खौमादेखि दूधपाटीसम्मका पसल व्यवसायीहरूको भेला चैत २२ गते भनपा सभाकक्षमा भयो।

कार्यक्रममा बजार अनुगमन समितिका संयोजक एवम् वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले भक्तपुरमा ठूलठूला उद्योग र कृषि उत्पादन व्यवसायको लागि पर्याप्त जमिन नभएकोले भक्तपुर नपाले पर्यटन क्षेत्रलाई विकास गरी भक्तपुर नगरवासीहरूको हितमा काम गरिरहेको स्पष्ट पार्नुहुँदै बाह्य तथा आन्तरिक पर्यटक बढाउन शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षण गरिरहेको बताउनुभयो।

उहाँले अहिले भक्तपुर विश्वका पर्यटकहरूले प्रशंसा गर्न लायक सफा नगर बनेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले सात ओटा कलेज सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रदान गरिरहेको चर्चा गर्नुभयो।

उहाँले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नाराअनुसार सम्पदा संरक्षण गरी पर्यटन क्षेत्रको सेवा गरिरहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं २ का सदस्य **श्यामसुन्दर मातां**ले ख्वप अस्पताल र सहरी स्वास्थ्य क्लिनिक, सरसफाइ, पार्किङ समस्याबारे बताउनुहुँदै वैशाखमा गुँलाबाजा प्रतियोगिता हुने बताउनुभयो।

कार्यक्रममा स्यानिटेसन उपशाखा प्रमुख **दिलिपकुमार सुवाल**ले साँघुरो बाटोका पेटीमा सामान नराख्न, पहिलो तला वा पसलमाथि राखेको छत छजा हटाउन अनुरोध गर्नुहुँदै भक्तपुरमा फोहोर व्यवस्थापन पेचिलो बन्दै गएकोले फोहोर उत्सर्जन कम गर्न र कुहिने र नकुहिने फोहोर छुट्याएर कुहिनेको कम्पोस्ट मल र नकुहिनेको पुनः प्रयोग गर्न र बेचेर आय आर्जन गर्न अनुरोध गर्नुभयो।



कार्यक्रममा वडा निरीक्षक **रामकृष्ण प्रजापति**ले फोहोरले वातावरण प्रदूषणमा प्रभाव पार्ने भएकोले कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गरी अर्गानिक खेती गरे शुद्ध खाद्य सामग्री उत्पादन भई दीर्घ रोगबाट बच्न सक्ने बताउनुभयो।

कार्यक्रममा व्यवसायीहरू **लक्ष्मीप्रसाद बोयजु, नेहा सितिखु, राजकुमार बोयजु, रामप्रसाद धवा, किरण दथेपुथे, बलराम श्यामा, वसन्त जोशी, घनश्याम पोखरेल र रीता सायजु**ले आ-आफ्ना गुनासो र सुझाव प्रस्तुत गर्नुभयो।

## पाटी उद्घाटन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वडा नं. ८ स्थित मचो भैरव मन्दिरको दक्षिणतर्फको पुनःनिर्मित पाटीको चैत २४ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो।



उक्त कार्यक्रममा ८ नं. वडाका उपभोक्ता समिति र अनुगमन समितिमा बसेर योगदान पु¥याउनु हुने पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन पनि गरियो ।

## पुँजीवादी व्यवस्थामा कामदार जनताको हित नहुने




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा चैत २४ गते प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराअनुसार व्यापक जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै समाजवादी व्यवस्थाको लागि आ–आफ्नो क्षेत्रबाट क्रियाशील हुनुपर्दछ भन्नुभयो ।

उहाँले कृषकहरूको उत्पादनलाई सरकारले उचित मूल्यमान्यता नदिएको भन्नुहुँदै नेपाली युवाहरू सरकारको गलत नीतिले रोजगारीको नाउँमा ज्यानको जोखिम मोली विदेशी सेनामा संलग्न भइरहेको चर्चा गर्नुभयो ।

भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलनजस्ता किसान आन्दोलनको चर्चा गर्नुहुँदै उहाँले पुँजीवादी व्यवस्थामा कामदारवर्गको हित नहुने बताउनुभयो ।

किसान नेता **गोविन्द दुवाल**ले एमाले, काङ्ग्रेस, माओवादी पार्टीहरू किसान मजदुरको हितमा काम नगरी लोभलालच, भ्रष्टाचारमा लिप्त रहेको र देशको कलकारखाना निजीकरण गरी ध्वस्त पारेको प्रस्ट पार्नुहुँदै न्यायाधीशहरूको नियुक्तिमा समेत दलीय भागबन्डा गरेको चर्चा गर्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**ले नेमकिपाले किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, शिक्षा, स्वास्थ्य, सफाइ तथा सांस्कृतिक आन्दोलन थालेको चर्चा गर्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष एवम् कार्यक्रमका सभापति **हरिराम सुवाल**ले विश्व प्रसिद्ध बिस्का जात्रालाई शान्तिपूर्ण बनाउन आ–आफ्नो क्षेत्रबाट योगदान गर्न आग्रह गर्नुहुँदै वडावासीहरूको साथ, सहयोग र जनश्रमदानमा वडाको विकास निर्माण कार्य अघि बढिरहेको विचार राख्नुभयो ।

कार्यक्रममा समाजसेवी **गोपीकृष्ण चाँगुभारी, जगनाथ सुजखु, गणेशराम थुसा** लगायतले बोल्नुभएको थियो ।

## उद्यमशीलता विकास तालिम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा लघु उद्यम विकास (मेडपा) कार्यक्रम अन्तर्गतको नपाभित्रका १० ओटै वडाका बेरोजगार युवाहरूलाई लक्षित गरी सञ्चालन गरिएको ८ दिने उद्यमशिलता विकास तालिम भनपा सभाकक्षमा चैत्र २७ गतेबाट सुरु भयो ।

कार्यक्रमको सुरुवात गर्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले युवाहरूलाई सीप प्रदान गर्ने उद्देश्यले समय समयमा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुहुँदै आर्थिक रूपमा कमजोर नागरिकहरूलाई नगरपालिकाले युवा उद्यमशीलता ऋण प्रदान गर्ने योजना रहेको बताउनुभयो ।

उहाँले अहिले वर्षेनी लाखौँ युवाहरू विदेशिरहेको बताउनुहुँदै युवाहरूलाई आफ्नो देश आफैले विकास गर्नुपर्छ र नेपालमै बसेर केही काम गर्नुपर्छ भन्ने भावनाले प्रेरित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले श्रम गरी खानेको इज्जत हुन्छ तर ठगेर, भ्रष्टाचार गरेर खानेको इज्जत हुँदैन भन्नुभयो ।

कार्यक्रममा भनपा–२ का वडाध्यक्ष **हरि प्रसाद बासुकला**, प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**, उपनिर्देशक **प्रभाषकुमार चालिसे** र प्रशिक्षक **शोभा राउत**ले बोल्नुभएको थियो भने कार्यक्रम सञ्चालन मेडपाका सहजकर्ता **गीताकुमारी कोइराला**ले गर्नुभएको थियो ।

# जनप्रतिनिधिहरू व्यक्तिगत स्वार्थभन्दा टाढा बसेर जनताको हितमा इमानदारीपूर्वक लाग्नुपर्ने




*‘कम्युनिष्टहरू मरेपछि स्वर्ग जाने इच्छा पाल्दैनन् बरु देश र समाजलाई नै ‘स्वर्ग’ बनाउने अभियानमा लाग्छन् ।’*

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. **नारायणमान बिजुक्छेँ** (रोहित) ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबिच वैशाख १५ गते भएको पारिवारिक भेटघाट तथा मार्गनिर्देशन कार्यक्रममा भन्नुभएको हो ।




अध्यक्ष बिजुक्छेँले जनप्रतिनिधिहरू व्यक्तिगत स्वार्थभन्दा टाढा बसेर जनताको हितमा इमानदारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले जनप्रतिनिधिहरू पार्टी कार्यकर्ता भएकाले पार्टीको सिद्धान्त र विचार बुझ्न पार्टी प्रकाशनहरूको नियमित अध्ययन गरी जनतालाई सचेत पार्न निर्देशन दिनुहुँदै आलोचना र आत्मालोचनबाट खारिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, ‘हरेक विषयमा पार्टीमा छलफल गर्ने र काम गरेपछि समीक्षा गर्ने बानी बसाल्नुपर्छ, आलोचना गर्नेभन्दा तारिफ गर्नेहरूबाट सचेत बन्नुपर्छ ।’

पार्टीका अग्रज नेता कार्यकर्ताहरूले गरेका सङ्घर्ष र योगदान खेर नगएको उल्लेख गर्नुहुँदै उहाँले परिवारका सदस्य र नयाँ पुस्तालाई क्रान्तिकारी र देशभक्त बनाउन जनप्रतिनिधिहरूले भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले जनभावनाबमोजिम कार्य गर्दै गर्दा कसैलाई अनावश्यक दुःख नदिन निर्देशन दिनुभयो । ‘यसो भन्दै गर्दा सबैलाई खुसी पार्नुपर्छ भनी गलत काम भने कदापी गर्नुहुन्न’, भन्नुभयो ।

नगर प्रमुख **सुनिल प्रजापति**ले जनप्रतिनिधिहरू जनताको मालिक नभई सेवक भएको उल्लेख गर्नुहुँदै जनताको आदर्श व्यक्ति बन्न त्याग, समर्पण र लगन आवश्यक भएको बताउनुभयो । उहाँले भक्तपुरको आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनमा अग्रज पार्टी कार्यकर्ताहरूको दुःख कष्ट र निरन्तरको मिहिनेत रहेको स्मरण गर्नुहुँदै पार्टीको नीति र निर्देशनलाई अक्षरशः पालना गर्नुपर्नेमा जोड दिनुभयो ।



साम्राज्यवादविरोधी कोरियाली युद्धका बेला क्रान्तिकारी नेता किम जङ सुकले गरेको सङ्घर्षबारे चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले जनप्रतिनिधिहरूको हरेक सफलतामा परिवारका सदस्यहरूको साथ रहने बताउनुभयो ।



वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले शासक दलका नेता कार्यकर्ताहरूले मन्त्री र सांसद बनेर व्यक्तिगत स्वार्थ पूरा गर्ने नै आफ्नो अन्तिम उद्देश्य बनाउने उल्लेख गर्नुहुँदै भ्रष्टाचार र अपराधले गाँजिएको समाजलाई स्वच्छ बनाउन जनप्रतिनिधिहरूले मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वडामा रहेका विद्यालय र कलेजमा अध्ययनरत विद्यार्थीहरूमाझ जनप्रतिनिधिहरू पुग्न सुझाव दिनुहुँदै नयाँ पुस्तालाई समाजप्रति उत्तरदायी बनाउन लाग्नुपर्ने बताउनुभयो ।



वाग्मती प्रदेशसभाका अर्का सदस्य **सृजना सैंजू**ले राजनैतिक कार्यकर्ताको जीवन तरवारको धारमा

हिँड्नुजस्तै चुनौतिपूर्ण हुने बताउनुभयो । उहाँले २०४५ सालको भक्तपुर काण्डको विरोधमा अग्रज किसान र महिलाहरूले गरेको सङ्घर्षको चर्चा गर्नुहुँदै जनताको पक्षमा काम गर्नेहरूलाई राज्यपक्ष र विरोधी शक्तिले षड्यन्त्रमा फसाउन सक्नेतर्फ सचेत रहनुपर्नेमा जोड दिनुभयो । अन्तर्राष्ट्रिय राजनैतिक परिस्थितिबारे जानकारी दिनुहुँदै उहाँले संरा अमेरिकाले केही दिनअघि युक्रेन, इजरायल र ताइवानलाई ९४ अर्ब अमेरिकी डलरको सैन्य सहयोगको घोषणा गरेर रुसलाई युद्धमा फसाउने, प्यालेस्टाइनलाई संसारको नक्साबाट समाप्त पार्ने र ताइवानमार्फत चीनलाई घेर्ने नीति लिएको बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले पार्टीको चुनावी घोषणापत्र र का. रोहितद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तक जनप्रतिनिधिहरूका लागि मार्गचित्र भएको बताउनुभयो ।

वडाध्यक्ष **उकेश कवां** र कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले पार्टीले हरेक कार्यकर्ताको मूल्याङ्कन गर्ने उल्लेख गर्नुहुँदै एउटा पुस्ताको लागि मात्र नभई पुस्तौँ पुस्ताको सेवा गर्न राजनीति गरिने बताउनुभयो ।



वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले कार्यक्रमको उद्देश्यबारे चर्चा गर्नुहुँदै जनप्रतिनिधिहरूबिचको पारिवारिक सम्बन्ध विस्तारले जनताको भावनाबमोजिम कार्य गर्न थप उत्साह प्राप्त हुने र जनप्रतिनिधिहरूबिच सैद्धान्तिक विषयमा नियमित छलफल र अन्तरक्रिया गरिरहनुपर्नेमा जोड दिनुभयो ।


के गर्दै छ
भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://**bhaktapurmun.gov.np**
- www.**bhaktapurkhabar.com**
- www.**facebook.com**/BhaktapurMunicipality/
- **ख्वप स:** (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- **अडियो नोटिश** फोन नं. १६१८ ०१६६१०००९६


# काठमाडौं उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनुपर्नेमा जोड




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको प्रसिद्ध बिस्का जात्रा २०८०।८१ शान्तिपूर्ण, मर्यादित र भव्यताका साथ सम्पन्न गर्न योगदान गर्ने सरोकारवाला सबै सङ्घ संस्था र सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम वैशाख १६ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले देशको कला र संस्कृति आफैमा सभ्यता हो, हाम्रो कला र सभ्यतालाई अझ विशिष्टीकृत ढङ्गले प्रदर्शन गर्न पाउनु सबैको लागि गौरवको विषय भएको बताउनुभयो ।

जात्रामा सरकारी निकायबाट उल्लेखनीय काम भएको बताउनुहुँदै उहाँले बिस्का जात्रा सबै उमेर समूह र देश विदेशका जनताले हेर्न पाउने व्यवस्था हुनु सुखद् पक्ष भएको बताउनुभयो ।




उहाँले काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनु उपयुक्त हुने धारणा राख्नुहुँदै दाङलाई सङ्घीय राजधानी बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल–भारतबीचको खुला सिमानाका कारण नेपालको आन्तरिक मामिलामा समेत भारतको हस्तक्षेप बढ्दै गइरहेको बताउनुहुँदै उहाँले शासन सत्तामा बस्ने पदाधिकारीहरूमा देश विकासको खाका नहुँदा देश अनियन्त्रित ढङ्गले अगाडि बढिरहेको बताउनुभयो ।

चिकित्सकहरूको दरबन्दी नथपिँदा नेपालबाट विदेश जाने चिकित्सकहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दो अवस्थामा रहेको बताउनुहुँदै उहाँले जनशक्ति पलायन हुने प्रवृत्तिले नेपालको अर्थतन्त्रमै क्षति पुगिरहेको बताउनुभयो । उहाँले विदेशी लगानीले देशलाई अरूको उपनिवेश बनाउने खतरा रहेको उल्लेख गर्नुभयो ।

खाद्य पदार्थमा हुने मिसावटका कारण उपभोक्ताले गुणस्तरहीन खाद्यपदार्थको उपभोगबाट जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको बताउनुहुँदै उहाँले खाद्य पदार्थमा मिसावट गर्नु कानुनी रूपमा दण्डणीय रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विस्का जात्रामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सरोकारवाला टीम, क्लव, दाफा-भजन तथा स्थानीय जनतालाई भनपाको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो ।

जात्रा अवधिभर भक्तपुर नपाले वडा-वडामा नर्स र स्वास्थ्य स्वयमसेविकाहरू परिचालन गरी प्राथमिक उपचार कक्षको व्यवस्था गरेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षणले राष्ट्रिय गौरवलाई अझ उँचो बनाएको बताउनुभयो ।

भनपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरका चाडपर्व तथा जात्राहरू धार्मिक तथा सांस्कृतिक महत्त्वका हुनुका साथै विज्ञानसम्मत पनि भएको बताउनुहुँदै प्रकृतिसँग जोडिएका सम्पदाको महत्त्वबारे नयाँ पुस्तामा हस्तान्तरण गर्ने व्यवस्था आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले विस्का जात्राबारे आफ्नो अनुभव सुनाउनुहुँदै यस वर्षको विस्का जात्रा भव्य, सभ्य र शान्तिपूर्ण रूपमा सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभयो ।

विस्का जात्राबारे जिल्ला प्रशासन कार्यालयले गरेको पूर्व तयारी र सम्बन्धित सरोकारवालाहरूसँग भएको समन्वयबारे जानकारी गराउनुहुँदै उहाँले स्थानीय जात्रा पर्वहरू प्रहरी प्रशासनको संलग्नताविना नै जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्नेमा जोड दिनुभयो ।

गुठी संस्थानका प्रमुख **खिमा वली**ले भक्तपुरवासी जनताको साथ र सहयोगकै कारण विस्का जात्रा शान्तिपूर्ण तरिकाले सम्पन्न भएको स्मरण गर्नुहुँदै जात्राका चुनौती र समस्याहरूलाई आउँदो वर्षमा सुधार गरी अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## eQmk'/ gkfsf] cgudg

## भक्तपुर नपाको बजार अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा ११ ओटा मासु पसल चैत ३० र ३१ गते मासु पसलको अनुगमन गऱ्यो ।

अनुगमनमा न्यू नवदुर्गा कोल्ड स्टोरलाई फोहोर व्यवस्थापन व्यवस्थित नभएकोले सरसफाइमा ध्यान दिन र कुखुरा सफा गरेको फोहोरहरू ढल निकासमा नपठाउन र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो ।

त्यस्तै इन्द्रायणी कोल्ड स्टोरलाई मूल्य सूची राख्न, फ्रिजमा बोरालगायतका अन्य जथाभावी सामानहरू नराख्न र फ्रिजिङ्ग प्रणाली व्यवस्थित गर्न, पसलमा जथाभावी राखेको सामग्रीहरू व्यवस्थित गर्न, सरसफाइमा ध्यान दिन, मासु धुवाँधूलो र झीँगाले नभन्किने गरी सीसाको बाकसमा राख्न र दर्ता प्रमाणपत्र लिएर तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई बिग्रेको मासु जफत गरी नष्ट गरियो ।

बिएनसी मिट सपलाई पसल तीन दिनभित्र दर्ता गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, मूल्य सूची राख्न, फ्रिजमा फ्रिजिङ्ग प्रणाली व्यवस्थित गर्न, लेबल नभएको मःम लगायत कुनै पनि सामान बेचबिखन नगर्न र तीन दिनभित्र दर्ता प्रमाणपत्र लिई नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु दुई थान जफत गरी बिग्रेको मासु नष्ट गरियो ।

चैत ३१ गरिएको अनुगमनमा कार्यविनायक मिटसपलाई मासु धुवाँधूलो र झीँगाले नभन्किने गरी सीसाको बाकसमा

राख्न, सरसफाइमा ध्यान दिन, फोहोर कपडा हटाई तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै सिद्धि गणेश मिट सपलाई पुरानो बासी मासु जफत गरी सरसफाइमा ध्यान दिन निर्देशन दियो।

बिएस मिट सेन्टरलाई धूलोधुवाँले मासु फोहोर नहुने गरी सीसाको बाकसमा राख्न, सरसफाइमा ध्यान दिन, फ्रिज फोहोर भएकोले सफा गर्न, बासी रगत जफत गरी नष्ट गरियो।

कमलविनायक मिटसपलाई फ्रिजमा मासु स्टोर गर्दा जि बल्क झोला प्रयोग गर्न, मासु सीसाको बाकसमा राख्न र दर्ता नवीकरणसहित ३ दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

सुरेन्द्र मिट सपलाई नियमित सरसफाइमा ध्यान दिन र पसल बाहिर सामान नराख्न निर्देशन दियो।

जुजु मिट सपफ्रिजलाई मासु स्टोर गर्दा जि बल्क झोला प्रयोग गर्ने निर्देशन दियो।

नवीन मिट सपलाई सेतो एप्रोन लगाउन, मूल्य सूची राख्न, बाटोमा राखेको पसल छत हटाउन निर्देशन दियो।

सुरेन्द्र मिट हाउसलाई सरसफाइमा विशेष ध्यान दिन निर्देशन दियो।

अनुगमन टोलीमा समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अक्कलबहादुर बिष्ट, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घका राजेश त्वानाबासु, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशुसेवा कार्यालयका पार्वती योञ्जन सहभागी थिए।

## वंशगोपालमा अनुगमन

वैशाख १३ गते अनुगमन टोलीले वंशगोपालका खाद्य पसल अनुगमन गरियो।

बाराही किराना पसललाई साईनबोर्ड राख्न, मूल्य सूची राख्न, ढक तराजु नवीकरण गर्न, खाद्य अनुज्ञापत्र पत्र लिई लेवल राखी मात्र प्याकेजिङ सामान बिक्री वितरण गर्न निर्देशन दिई म्याद नाघेको सामानहरू क्वीक्स्, मंगलम आटा जफत गरी नष्ट गरियो।

बाराही कस्मेटिकमा म्याद नाघेको मिग्लो, कोलेजन र जोन्सन लोसन जफत गरी नष्ट गरी उत्पादन मिति नभएको मल्टेनि केशर बेचबिखन नगर्न निर्देशन दियो।

आहा कलेक्सनमा म्याद नाघेको भ्यासिलिन, जिन्जर हेयर कन्डिस्नर र ग्लिसिरिन जफत गरी नष्ट गरियो।

अजिमा स्टार मार्केटमा पसल नवीकरण गर्न, खाद्य अनुज्ञापत्र पत्र लिई लेवल राखी मात्र प्याकेजिङ सामान बिक्री वितरण गर्न निर्देशन दिई म्याद नाघेका सामानहरू विएमसी मसला, कोलगेट टुथपेष्ट, किन्ले सोडा, ड्यू, मायोज्नाईज सस् जफत गरी नष्ट गरी तराजु नवीकरण गर्न निर्देशन दिइयो।

राज्य स्टोरमा म्याद नाघेको टुपिएम चिजबल्लस्, लेय्ज जफत गरी नष्ट गरियो भने सरसफाइमा ध्यान दिन निर्देशन दियो।

लक्ष्मी नारायण किराना स्टोरमा न्यू चाउचाउ उत्पादन मिति नभएकोले नलिन निर्देशन दिइयो।

अनुगमन टोलीमा समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, ज्ञानबहादुर मानन्धर, रिता फसिकवा, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, मोहनदेबी ब्याञ्जू, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, यादव प्रसाद मिश्र, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अक्कलबहादुर बिष्ट, सुकबहादुर तामाङ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घका राजेश त्वानाबासु, विश्वराम दुवाल, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशुसेवा कार्यालयका पार्वती योञ्जन सहभागी थिए।

## वडा नं. ५ भगवती स्थानमा

जिल्ला प्रशासन कार्यालय, भक्तपुरका यादवप्रसाद मिश्रको संयोजकत्वमा भक्तपुर नगरपालिका वडा नं ५ भगवती स्थानमा कुहेको र बिग्रेको मासु बेचिरहेको गुनासोको आधारमा उक्त क्षेत्रमा वैशाख ४ गते मासु पसल अनुगमन भयो।

अनुगमनमा अन्नपूर्ण कोल्ड स्टोरलाई व्यवसाय दर्ता प्रमाणपत्र नभएकोले नगरपालिका र प्यानमा १५ दिनभित्र दर्ता गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो। त्यस्तै न्यू काभ्रेली कोल्ड स्टोरलाई मूल्य सूची राख्न निर्देशन दियो।

काभ्रेली मिट सपलाई १५ दिनभित्र पसल प्यानमा दर्ता गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो।

अनुगमनमा भक्तपुर नगरपालिकाका वडानिरीक्षक रामकृष्ण प्रजापति, उद्योग वाणिज्य कार्यालयका सुबोध अधिकारी, हरिदत्त जोशी, प्रहरी सहायक निरीक्षक राजन बनमाला, स्वास्थ्य कार्यालय भक्तपुरका उमेश सिङ्देल सहभागी रहेको थियो।

# शैक्षिक गतिविधि

## पाठ योजना निर्माण कार्यशाला



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरका सबै सामुदायिक विद्यालयका इसिडिदेखि मावि तहसम्मका करिब ४५० शिक्षकहरूलाई पाठ योजना निर्माण सम्बन्धी दुइदिने कार्यशाला चैत २६ गते सम्पन्न भयो।

कार्यशालाको पहिलो दिन सैद्धान्तिक पक्ष तथा अवधारणात्मक पक्षका बारेमा छलफल गरियो भने दोस्रो तथा अन्तिम दिनमा आ– आफ्नो विषयका कुनै पाठको पाठ योजना निर्माण तथा त्यसमा सबै सहभागी शिक्षकहरूको विचार र सुझावलाई समावेश गरी परिमार्जन समेत गरियो।

कार्यशालामा स्रोतव्यक्ति तथा प्राविधिक सहयोगको लागि त्रिवि शिक्षा विभागका अनुसन्धान टोलीका विज्ञहरूले सहजीकरण गर्नुभएको थियो। पाठ योजनाको लागि एबीसी अथवा Anticipation, Building and Consolidation लाई अपनाइएको थियो। प्राविधिक टोलीको नेतृत्व पाठ्यक्रम तथा मूल्याङ्कनका प्रा.डा. गणेशबहादुर सिंले गर्नुभएको थियो भने अन्य टोलीका विज्ञहरूमा त्रिवि केन्द्रीय शिक्षा विभागका पाठ्यक्रम तथा मूल्याङ्कनका सहप्राध्यापक डा. ध्रुवप्रसाद निउरे, विज्ञान तथा वातावरण एवं अनुसन्धान विभागका सहप्राध्यापक मोहन पौडेल र महेन्द्र रत्न क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कनका सहायक प्राध्यापक आशिक सिं ठकुरी हुनुहुन्थ्यो।

सहभागी ४५० शिक्षकमध्ये इसिडिदेखि कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरू दुई समूह, निमावि एक समूह तथा मावि एक समूह गरी जम्मा चार समूहमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको थियो। दुई समूह ख्वप ई. कलेज तथा दुई समूह वागीश्वरी स्कूल/कलेजमा सञ्चालन गरिएको थियो।

भक्तपुर नगरपालिकाको विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिले विद्यालय अनुगमनको क्रममा पाठ योजना तयार गरी कक्षा कोठामा अध्यापन गराउने कार्यमा एकरूपता नदेखिएको तथा नियमिततासमेत नदेखिएको पाइएपछि भनपा शिक्षा समितिको संयोजकसमेत रहेका प्रमुख सुनिल प्रजापतिले आउँदो शैक्षिक सत्र २०८१ देखि अनिवार्य रूपमा पाठ योजना सबै तहमा लागु गराउनुपर्ने निर्देशनअनुसार सो कार्यशालाको आयोजना गरिएको हो।

## पूर्वाञ्चल विश्वविद्यालयको आयोजनामा भूकम्प इन्जिनियरिङसम्बन्धी पाठ्यक्रम विकास कार्यशाला




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेष्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालाको चैत २९ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा भएको कार्याशालाको उद्घाटनपश्चात नगर प्रमुख **प्रजापति**ले उत्पादन श्रमसँग जोड्ने शिक्षा आजको आवश्यकता भएको बताउनुहुँदै विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा दिनुपर्नेमा जोड दिनुभयो।

अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्थाजस्तो मात्र बनेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई विदेशिनबाट रोक्ने नीति सरकारले ल्याउनुपर्ने बताउनुभयो।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै उहाँले २०७२ सालको भूकम्पबाट पुगेको क्षतिलाई ख्वप इन्जिनियरिङ कलेजको

प्राविधिक सहयोगमा क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुनःनिर्माण तथा जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजले भूकम्प सम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमित रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले २०८१ साल माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति पूर्वाञ्चल विश्वविद्यालयका डीन **देवीप्रसाद भट्टराई**ले पाठ्यक्रमसम्बन्धी कार्यशालाहरू निरन्तर चलिरहने प्रक्रिया भएको बताउनुहुँदै पाठ्यक्रम नेपालको माटो सुहाउँदो हुनुपर्ने र पाठ्यक्रम परिमार्जनमा यस कुरालाई ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले भूकम्प इन्जिनियरिङसम्बन्धी र अन्य विषयहरूमा अनिवार्य इन्टर्नसीपको व्यवस्था गरेको बताउनुहुँदै आङ्गिक र सामुदायिक कलेजबिच तथा सामुदायिक र सामुदायिक कलेजहरूबिच समन्वय आवश्यक भएको बताउनुभयो ।

विश्वविद्यालय तथा कलेजहरूले समयमा परीक्षाफल प्रकाशित गर्न सकेन भने विदेश जाने विद्यार्थीहरूलाई चाहेर पनि रोक्न नसक्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्काय सिभिल विषय समितिका संयोजक **भोलानाथ शर्मा**ले जनप्रतिनिधिहरू विद्वत वर्गले दिएको सल्लाहअनुसार चलेमा शिक्षामा उल्लेख्य सुधार आउने बताउनुहुँदै विद्यार्थीहरूको रुचि र चाहनाअनुसारको शिक्षा दिन नसके विद्यार्थीहरू विदेशी क्रम बढ्दै जाने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले २०६५ सालमा नेपालमै पहिलोपटक भूकम्पसम्बन्धी इन्जिनियरिङ अध्यापनको स्वीकृति प्राप्त भएको स्मरण गर्दै हालसम्म स्नातकोत्तर तहमा २७१ जना विद्यार्थीहरूले भर्ना भइ अध्ययन गरेको कलेजको तथ्याङ्क रहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका सहायक डीन **हेमन्त गोइत**ले कार्याशाला गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै विषय प्रवेश गर्नुभयो ।

**मन्तव्य**

# विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यान दिन आवश्यक




भूकम्प इन्जिनियरिङ विषयको स्नातकोत्तर तहको पाठ्यक्रम विकास कार्यशाला भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा गर्ने अवसर पाएकोमा हामी खुसी छौँ । यस कलेजमा कार्यशाला गर्ने ठाउँ छनोट गर्नुहुने पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छौँ ।

ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहबाट सञ्चालित नेपालको पहिलो कलेज हो । २०५८ सालबाट सुरु भएको यस कलेजलाई भूकम्प इन्जिनियरिङसम्बन्धी स्नातकोत्तर अध्ययन अध्यापन गर्ने स्वीकृति प्रदान गर्ने पूर्वाञ्चल विश्वविद्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

भक्तपुर नगरपालिकाले सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ । ख्वप इन्जिनियरिङ कलेज पनि त्यसमध्येको एक हो । यस कलेजले अध्ययन अध्यापनको साथै अनुसन्धान र प्रकाशनमा पनि जोड दिँदै आएको छ । भूकम्प इन्जिनियरिङसम्बन्धी हेर्ने छुट्टै विभागको स्थापना गरी थप व्यवस्थित गर्ने प्रयास गरिरहेका छौँ ।

समयअनुसार पाठ्यक्रममा परिमार्जन हुन सकेन भने विद्यार्थीहरूको आकर्षण घट्ने सम्भावना हुन्छ । विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यानमा राखेर पाठ्यक्रम परिमार्जन हुनु जरुरी छ ।

अहिले धेरै विद्यार्थीहरू विदेशतिर आकर्षित हुँदै छन् । गत आ.व. २०७९/०८० मा एक लाख १० हजार र चालु आवको ८ महिनामा ८५ हजार विद्यार्थीले विदेश पढ्न जान

नो अब्जेक्सन लेटर लिएको तथ्याङ्कले हाम्रो विश्वविद्यालयको शैक्षिक गुणस्तर र व्यवस्थापनमाथि प्रश्न उठाएको छ। विश्वविद्यालयमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, परीक्षा कापी हराउनु, बन्द-हडताल, आगजनीजस्ता घटनाहरू नै विद्यार्थीहरूको विश्वास घट्नुका कारणहरू हुन्। पढाइ सकेपछि पनि बेरोजगार बस्नुपर्ने बाध्यता अर्को कारण भएको बताइन्छ। हामी हाम्रा विद्यार्थीहरूलाई कस्तो शिक्षा दिइरहेका छौं ?

विद्यार्थीहरू यही गतिमा विदेश गइरहने हो भने देशका धेरै कलेजहरू बन्द हुनेछन्। अहिले नै ५०० ओटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्थामा पुगेको समाचारमा आइरहेका छन्। त्यसको लागि जिम्मेवार को को हुन् ? गम्भीर भएर सोच्न आवश्यक छ।

उत्पादन श्रमसँग मिलाउने शिक्षा आजको आवश्यकता हो। अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्थाजस्तो बनेका छन्। हरेक विद्यार्थीलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा अहिलेको आवश्यकता हो।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय हो। २०७२ सालको भूकम्पमा सबभन्दा बढी क्षतिग्रस्त जिल्लामध्ये भक्तपुर पनि एक हो। यस कलेजका इन्जिनियरहरूको प्राविधिक सहयोगमा त्यतिबेला क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुन:निर्माण, जीर्णोद्धार सम्पन्न गरिसकेको छ। अझै केही निर्माणाधिन अवस्थामा छन्। ख्वप इन्जिनियरिङ कलेजले भूकम्पसम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमितरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्दै आएको छ। २०८१ साल माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको पनि आजको यस कार्यक्रममार्फत यहाँहरूलाई जानकारी गराउन चाहन्छौं। पूर्वाञ्चल विश्वविद्यालयको तर्फबाट आवश्यक सहयोगको अपेक्षा गर्दछौं।

आजबाट सुरु हुने कार्यशालाले २१ औं शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम र योग्य जनशक्ति तयार गर्ने पाठ्यक्रम निर्माण गर्न सकोस् र भविष्यमा हुने भूकम्पबाट क्षति न्यूनीकरण गर्ने प्राविधिक जनशक्ति निर्माण गर्न पाठ्यक्रम सफल हुने विश्वासका साथ कार्यशालाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं।

(पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेस्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालामा प्रमुख अतिथि एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा २०८० चैत २९ गते व्यक्त मन्तव्य।)

## बिस्का जात्रा तथा नववर्षको शुभकामना




भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप ई. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा बिस्का जात्रा तथा नववर्ष २०८१ को शुभकामना आदान प्रदान कार्यक्रम कलेजको सभाहलमा वैशाख ३ गते भयो।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले ख्वप विश्वविद्यालय स्वीकृतिको लागि पहल भइरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो। उहाँले चुनौती सँगसँगै नयाँ नयाँ अवसर पनि आउने भएको हुँदा चुनौतीबाट भाग्ने नभइ त्यसको सामना गरी निरन्तर अगाडि लाग्नुनै सफलतामा पुग्ने उपाय हो भन्नुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले निरन्तर जनताको सेवा गरिरहेको चर्चा गर्नुहुँदै अस्पतालको नेपाल सरकारमा बीमाबापतको भुक्तानी निकै धेरै रहेको कारण उपचारमा समस्या आउन सक्ने सम्भावना रहेको जानकारी गराउनुभयो। भक्तपुर नगरपालिकाले भाजुपुखू पुनर्निर्माण पश्चात उद्घाटनसमेत गरिसकेको बताउनुहुँदै गएको वर्ष भुटानी शरणार्थी, सुन काण्ड, ललिता निवासलगायतमा उच्च पदस्थहरू समेत जेलमा परेको स्मरण गर्नुभयो। उहाँले त्यसबाट शिक्षा लिँदै हरेक काम कानूनी प्रकृयाअनुसार अघि

बढ्न आग्रह गर्नुभयो ।

देशको राजनीतिलाई राम्रो बनाउन जनता राजनीतिक रूपमा सचेत हुनुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले नेतृत्वमा बस्ने व्यक्तिले पदको लोभ होइन नयाँ नयाँ सोचले देशलाई अगाडि बढाउनुपर्छ भन्नुभयो ।

प्रमुख अतिथि प्रजापतिले विदेशी लगानी भित्र्याउने नाममा नेपाल सरकारले यही वैशाख १६ र १७ गते आयोजना गर्न लागिरहेको लगानी सम्मेलनसँगै देशको अर्थतन्त्र पाइला पाइला गरी विदेशी कम्पनीहरूको नियन्त्रणमा जाने खतराबारे पनि सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

जलविद्युत आयोजनामा भारतको एकलौटी अधिकार जमाइरहेको हुँदा देश प्रत्यक्ष परोक्ष भारतीय विस्तारवादको चङ्गुलमा फस्दै गएको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यलाई साकार पार्न निरन्तर लागिरहेको जानकारी दिनुहुँदै अहिले ख्वप सर्कलबाट उत्पादन भएका जनशक्तिको माग दिनानुदिन बढ्दै गइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले भक्तपुरमा मनाइने विस्का जात्रा इन्जिनियरिङसँग सम्बन्धित रहेको जानकारी दिनुहुँदै भक्तपुरले चुनौतीलाई अवसरको रूपमा रूपान्तरण गर्दै आजको सफलता प्राप्त भएको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप ई. कलेजका प्राचार्य **सुजन माक**, ख्वप कलेज अफ ईन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**, ख्वप ई. कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छेँ**, ख्वप कलेज अफ ईन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापति**, विभागीय प्रमुखहरू **योगेश बज्राचार्य** र **दिनेश गोठे**, लेखा शाखा प्रमुख **काजी बहादुर पञ्च**, प्रशासन प्रमुख **सञ्जय मानन्धर** र **राजन लाखा**ले २०८० सालको कार्यउपलब्धी र वार्षिक प्रगतिबारे जानकारी दिनुभयो ।

## प्रावि शिक्षकहरूको सेवा प्रवेश तालिम



भक्तपुर नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा नयाँ पदस्थापनको लागि शिक्षक सेवा आयोगबाट नवनियुक्त ४६ जना शिक्षकहरूलाई चारदिने सेवा प्रवेश तालिम भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख २ गतेबाट आरम्भ भयो ।

कार्यक्रमको परिचय र सहभागीहरूलाई स्वागत गर्दै विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका सदस्य **रोशनराज तुइतुई**ले भनपाको विद्यालय अनुगमन समितिको बारेमा जानकारी गराउनुहुँदै भित्री मनदेखि शिक्षण पेसालाई इमानदारीपूर्वक आत्मसात गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पहिलो दिन त्रिवि शिक्षा विभाग, विज्ञान तथा वातावरण एवं अनुसन्धान विभागका सहप्राध्यापक **मोहन पौडेल** र महेन्द्र रत्न क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कनका सहप्राध्यापक **आशिक सिं ठकुरी**ले पाठ योजना तर्जुमासम्बन्धी जानकारी दिनुभएको थियो ।

पाठ योजना तर्जुमा, शिक्षण विधिका विभिन्न पक्षजस्ता प्राविधिक पक्षहरूबाहेक भक्तपुरमा शिक्षाको अवस्था, स्थानीय पाठ्यक्रमको परिचय, विद्यालय र विद्यार्थीहरूका लागि भनपाले गर्ने विभिन्न शैक्षिक क्रियाकलापहरूको बारेमा छलफल हुने कार्यक्रम रहेको छ ।

## शिक्षक सेवा प्रवेश तालिम सम्पन्न



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नपाको आयोजनामा भएको ४ दिने शिक्षक सेवा प्रवेश तालिम वैशाख ६ गते सम्पन्न भयो ।

समापन कार्यक्रममा प्रमुख **प्रजापति**ले सेवा प्रवेश गर्ने शिक्षकहरूबाट आफ्नो योग्यता अनुसारको काम गरेमा भक्तपुरको शैक्षिक उन्नयनमा अझ टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक परिचयमाथि प्रकाश पार्नुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूकै जगका आधारमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो । भनपाबाट सञ्चालित ख्वप ई. कलेजबाट वर्षको ४३२ जना इन्जिनियरहरू उत्पादन गरिरहेको जानकारी दिनुभयो ।

स्थानीय तहलाई संविधानमै व्यवस्था गरिएको स्थानीय

पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्न पाउने अधिकारीलाई प्रयोग गरी भनपाले कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्क्रयम निर्माण गरी नगरका ९२ ओटै विद्यालयहरूमा अध्ययन अध्यापन भइरहेको जानकारी दिनुहुँदै उहाँले गरिब जनतालाई सहज, सुलभ ढङ्गले स्वास्थ्य सेवा प्रदान गर्न १०० शय्याको ख्वप अस्पतालमार्फत सेवा प्रवाह भइरहेको तथा नगरवासीहरूलाई नि:शुल्क अक्सीजन र रगतको व्यवस्था गरिरहेको जानकारी दिनुभयो । 'इज्जत र प्रतिष्ठाको लागि काम गर्नेहरूले हचुवाको भरमा काम गर्दैनन्, गहिराइमा पुगेर काम गर्छन्' उहाँले भन्नुभयो ।

उहाँले पुराना संरचना संरक्षण आफैमा विकास भएको बतउनुहुँदै भनपाले ८०० वर्षभन्दा पुराना पोखरी, मन्दिरहरू पुन:निर्माण गरी संरक्षण गरिरहेको बताउनुभयो ।



कार्यक्रममा भनपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले 'शिक्षा सेवा नव-प्रवेशीहरूलाई मार्गदर्शन', प्राध्यापक डा. **गणेश बहादुर सिं**ले 'त्रिविका शैक्षणिक अनुसन्धान तथा तालिम क्रियाकलाप', भनपा वडा नं. ५ का वडाध्यक्ष एवं विद्यालय अनुगमन समितिका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले 'भनपाद्वारा सांस्कृतिक, वातावरणीय र खेलकुद जागरणाका क्रियाकलापहरूको आयोजना तथा स्कूलहरूको सहभागिता', उपप्राध्यापक **राजेन्द्र श्रेष्ठ**ले 'स्थानीय पाठ्यक्रम र ख्वपको पहिचान' तथा शिक्षा शाखा प्रमुख **साधुराम फुयाँल**ले 'शिक्षा ऐन र अन्य कार्यविधि' विषयमा प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले तालिमका सहजकर्ताहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

## भूकम्पको स्मरणमा प्रवचन कार्यक्रम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप ई. कलेज तथा ख्वप कलेज अफ ईन्जिनियरिङको संयुक्त आयोजनामा २०७२ साल वैशाख १२ गते गएको भूकम्पको स्मरणमा




प्रवचन कार्यक्रम वैशाख १२ गते भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले 4th ICEE-PDRP Website को शुमारम्भ गर्नुभयो ।

कार्यक्रममा प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **प्रजापति**ले ९ वर्ष अगाडि गएको भूकम्पको स्मरण गर्नुको औचित्यमाथि प्रष्ट पार्नुहुँदै भूकम्पमा तत्काल उद्धार र तत्काल राहत पुऱ्याउन सके जनताको जीवन रक्षा गर्न सकिने बताउनुभयो । उहाँले विपद्बाट बच्न पूर्वतयारी आवश्यक रहेको बताउनुभयो ।

विपद्लाई व्यक्तिगत तथा राजनीतिक स्वार्थ पूरा गर्ने अवसरको रूपमा प्रयोग गर्नेहरूबाट सचेत हुनुपर्ने बताउनुहुँदै उहाँले उपत्यका भूकम्पीय जोखिममा रहेतापनि जथाभावी मापदण्ड विपरित घर निर्माणले आगामी दिनमा थप जोखिमको चुनौती रहेको स्पष्ट पार्नुभयो ।




सम्पदा पुन:निर्माणमा विदेशी सहयोगलाई प्राथमिकतामा नराखी आफ्नै स्रोत र साधनको प्रयोग गरी भक्तपुरका सम्पदाहरू पुन:निर्माण गरिरहेको बताउनुहुँदै संसद् पुन:स्थापना भएको दिनलाई स्मरण गरी देशलाई गणतन्त्रसम्म पुऱ्याउन संसद् पुन:स्थापनाले महत्त्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो ।

उहाँले गणतन्त्र स्थापना भएको १५ वर्ष वितिसक्दा

पनि लाखौँ युवा विदेशिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै कलकारखाना निजीकरण, भ्रष्टाचार व्याप्त भएको र दलीय व्यवस्थाको विकल्पको रूपमा स्वतन्त्र पार्टीहरूलाई जनताले अगाडि सारिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा ख्वप ई. कलेजका प्राचार्य **सुजन माक**ले विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यले सञ्चालित शैक्षिक संस्थाले अध्ययन अनुसन्धान र जर्नल प्रकाशनमा जोड दिँदै आएको तथा विषयगत रूपमा नियमित सम्मेलनहरू आयोजना गरिरहेको बताउनुभयो।

त्यसैगरी ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले विपद्ले विनाससँगै अवसर पनि प्रदान गर्ने भएकोले यसबारे विस्तृत रूपमा अध्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा Earthquake Engineering का विभागीय प्रमुख डा. **मन्जिप शाक्य**ले भूकम्पले प्रदान गरेको अवसरहरूबारे प्रकाश पार्नुहुँदै भूकम्पसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मेलन गरी अनुसन्धान गरिएको बताउनुहुँदै विनाससँगै नयाँ प्रविधिको प्रयोग र आविष्कार भइरहेको बताउनुभयो।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका प्रा.डा. **गोकर्णबहादुर मोत्रा**ले Jajarkot Earthquake: Impact and Future Directions for Earthquake Resilient Reconstruction, प्रा. डा. **चन्द्रकिरण कवां**ले Study of Seismic Site Effect and Soil Structure Resonance of Bhaktapur District, Nepal Using Micro tremors विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो भने कार्यक्रममा डा. **सुवेगमान बिजुक्छेँ**ले भूकम्पबाट हुने क्षति न्यूनीकरणबारे बोल्नुभएको थियो।

## अव्यवस्थित सहरीकरणको विकल्प "स्मार्ट सिटी" हुन सक्दैन : अध्यक्ष बिजुक्छेँ




# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री अनधिकृत प्रकाशन नगर्नेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाले भक्तपुर (ख्वप) को इतिहास, राजनीति, साहित्य, कला, सम्पदा, जीवनशैली, परम्परागत उपचार विधि, खेलकुदलगायतका विभिन्न विषयमा नगरक्षेत्रका सामुदायिक र संस्थागत सबै विद्यालयका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई शिक्षित गर्ने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान) तयार गरी लागु गरेको सम्बन्धित सबैमा जानकारी नै छ। स्थानीय पाठ्यक्रम प्रभावकारीरूपमा अध्ययन अध्यापनको लागि ख्वपको पहिचान भाग १, २ र ३ सन्दर्भ सामग्री प्रकाशित गरी सम्बन्धित विद्यालयहरूमा उपलब्ध गराइसकेको छ। सो सम्बन्धमा हाल केही प्रकाशन गृहहरूले भक्तपुर नगरपालिकासँग अनुमति नलिई स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री भनी विभिन्न पुस्तक प्रकाशन गरी विद्यालय र विद्यार्थीहरूमा बिक्री वितरण गरिरहेको बुझिन आएको हुँदा सम्बन्धित प्रकाशकहरूलाई यथाशीघ्र यस्तो अनधिकृत कार्य रोक्नको लागि सूचित गरिन्छ। अन्यथा नियमानुसार कारबाहीसमेत हुने जानकारी गराइन्छ। साथै कुनै प्रकाशन गृहले स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान) सम्बन्धी कुनै सन्दर्भ सामग्री प्रकाशन गर्नुपरेमा भक्तपुर नगरपालिकाबाट पूर्वस्वीकृति लिनुहुनसमेत सूचित गरिन्छ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको तेस्रो Architectural Trends and Heritage सम्बन्धी राष्ट्रिय सम्मेलनको वैशाख १४ गते पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो ।

सम्मेलन सफलताको शुभकामना दिनुहुँदै प्रमुख अतिथि **बिजुक्छेँ**ले सम्पदा संरक्षणको अर्थ भक्तपुरको मौलिक र प्राचीन सीप र शैलीबाट नयाँ पुस्ताको सेवा गर्नु हो भन्नुहुँदै सम्पदा पुन:निर्माण गर्नुको उद्देश्य पुराना ज्ञान र सीपलाई देश र समाजको सेवामा लगाउनु हो भन्नुभयो ।



अव्यवस्थित सहरीकरणको विकल्प 'स्मार्ट सिटी' हुन नसक्ने बताउनुहुँदै उहाँले मूर्त र अमूर्त सम्पदा संरक्षणमा विश्वविद्यालय, पुरातत्त्व विभाग र प्रज्ञा प्रतिष्ठानजस्ता प्राज्ञिक संस्थाहरू नै क्रियाशील हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'ऐतिहासिक सम्पदा संरक्षण र सम्बर्द्धनसँगसँगै प्राचीनताको अध्ययनले वर्तमानदेखि मानव जातिलाई भविष्यको गन्तव्यसम्म पुग्न सहयोग गर्छ । प्राचीन 'रेशम मार्ग' ले आज संसारलाई एक सूत्रमा बाँध्न सबैले सहयोग गरेको सर्वविदित छ ।'

सङ्ग्रहालय र चिडियाखानाहरूको संरक्षण गर्दा प्राचीनता र इतिहासलाई वर्तमानसँग जोड्ने काम भएको बताउनुहुँदै उहाँले डार्बिनको सिद्धान्तले समाजमा एक विकासवादी सोचको प्रादुर्भाव भएको बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले प्राध्यापक, विद्यार्थी, आर्किटेक्ट, इन्जिनियर तथा नीति निर्माणकर्ताहरूले यस सम्मेलनमार्फत सम्पदा संरक्षण तथा विभिन्न विषयमा गहन छलफल गरी महत्त्वपूर्ण निष्कर्ष निकाल्ने अपेक्षा व्यक्त गर्नुहुँदै आगामी वर्ष २०८२ माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिने जानकारी दिनुभयो ।

उहाँले भक्तपुर दरबार क्षेत्रमा अवस्थित सुनढोका, ५५ झ्याले दरबार, ताहा फल्चा, टौमढीको ५ ङातापोल्हँ, भैरवनाथको मन्दिरलगायतका काष्ठकला, धातुकला, प्रष्टरकलाको उत्कृष्ट नमुनाहरू जस्ताको तस्तै संरक्षण गर्नु हामी सबैको साझा जिम्मेवारी र कर्तव्य हो भन्नुहुँदै ती सम्पदा संरक्षण गरी त्यसैलाई आयस्रोतको रूपमा विकास गर्दै नगरपालिकाले विद्यालय, कलेज, अस्पतालबाट सेवाहरू प्रदान गरिरहेको बताउनुभयो ।

विभिन्न प्राविधिक कारणले भक्तपुरको लाल बैठक अझै पुन:निर्माण हुन नसकेको बताउनुहुँदै उहाँले सम्पदा संरक्षण गर्नु सबैको साझा जिम्मेवारी र कर्तव्य भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले भक्तपुर नगरलाई उदाहरणीय बनाउने उद्देश्यलाई साकार पार्न 'सय वर्षपछिको भक्तपुर' लाई मार्गदर्शनको रूपमा काम गरिरहेको तथा घोषणापत्र अनुसार काम गरिरहेको बताउनुहुँदै 'सबैको प्रयासबाट हामी गर्न सक्छौँ' भन्ने प्रतिबद्धताका साथ नगरपालिका अगाडि बढिरहेको जानकारी दिनुभयो ।

भनपाले सम्पदा संरक्षणमा खेलिरहेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै उहाँले भनपाले स्थानीय पाठ्यक्रम लागू गरी ९२ ओटै विद्यालयहरूमा भक्तपुरको कला संस्कृतिबारे पठन पाठन भइरहेको, विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको तथा सांस्कृतिक गुरुहरूको सम्मानलगायतका कार्यहरू गर्दै आइरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत



**वसन्त भट्टराई**ले सम्मेलनमा प्रस्तुत हुने प्रस्तुतीहरूले नीति निर्माण गर्ने निकायलाई सहयोग हुनेमा विश्वास व्यक्त गर्नुहुँदै सम्पदा संरक्षणमा छुट्टै पहिचानको महत्त्व धेरै हुन्छ र स्थानीय स्रोत साधन तथा सीपलाई प्रयोग गर्ने विषयलाई सम्मेलनमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले सरकारी तहबाटै सम्पदा संरक्षणको लागि प्रयासहरू सुरु भएका दृष्टान्तहरू प्रस्तुत गर्नुहुँदै दाताहरूले आफ्नो स्वार्थसहित सम्पदा संरक्षणमा सहयोग गर्नेतर्फ सजग हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपप्राध्यापक **लिवास फैजु**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने **युरिका राजवंशी**ले पनि बोल्नुभएको थियो ।

## इन्टरनेसनल गर्ल्स इन आईसीटी-२०२४ को अवसरमा प्रवचन कार्यक्रम




भक्तपुर, १३ वैशाख । इन्टरनेसनल गर्ल्स ईन आईसीटी-२०२४ को अवसरमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा वैशाख १३ गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

सूचना र सञ्चार प्रविधि (आईसीटी) क्षेत्रमा महिलाहरूको आवश्यकतालाई महत्त्वबोध गर्दै प्रत्येक वर्ष अप्रिल महिनाको चौथो बिहीबारका दिन यो कार्यक्रम हुँदै आएको छ । प्रविधिको क्षेत्रमा महिलाहरूलाई प्रोत्साहित गर्ने तथा यस क्षेत्रमा लैङ्गिक अन्तरलाई कम गर्ने लक्ष्यका साथ विश्वव्यापीरूपमा यो कार्यक्रम गर्दै आएको हो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले सूचना प्रविधिको प्रयोग समाज र जनताको अधिकतम हितमा हुनुपर्ने कुरामा जोड दिनुहुँदै महिलालाई समाजका हरेक गतिविधिमा समान जिम्मेवारी र सहभागिताको अधिकार छ भन्नुभयो ।

पुर्खाले सिर्जेको कला र संस्कृतिलाई जगेर्ना एवम् पुनर्जीवन दिने उद्देश्यले भनपाले विविध गतिविधिहरू गर्दै आएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'समाजलाई बुद्धिजीवीकरण गर्ने परिकल्पनाका साथ भक्तपुर नगरपालिका दुई दशकभन्दा बढी समयदेखि निरन्तर अगाडि बढिरहेको छ । कला/वास्तुकला र संस्कृतिको संरक्षण गर्दै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन भनपा क्रियाशील छ ।'

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले लैङ्गिक समानताको विषय संस्कृतिसँग सम्बन्धित रहेको चर्चा गर्नुहुँदै समाजमा महिलालाई बढी अवसर प्रदान गर्नुपर्ने बताउनुभयो ।

समाजवादी देशहरूमा महिलाले बढी प्राथमिकता पाउने चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा महिला शिक्षक एवम् विद्यार्थी सङ्ख्या तुलनात्मकरूपमा बढी रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छैं**, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य ई. **रत्नशोभा प्रजापति**, ई. **रमिला महर्जन**, ई. **रीना मानन्धर**, ई.**सरला शाक्य** र ई.**रोजिना शाक्य**लगायतले सूचना प्रविधिको क्षेत्रमा महिलाको सहभागिता तथा योगदानबारे चर्चा गर्नुभएको थियो ।

## ख्वप इन्जिनियरिङका उत्कृष्ट विद्यार्थी


ई. रोशन प्रजापति

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज स्नातकोत्तर तह Earthquake Engineering शैक्षिक कार्यक्रम २०२० समूहका विद्यार्थी **ई. रोशन प्रजापति**ले मिति २०८१ वैशाख १४ गते सम्पन्न पूर्वाञ्चल विश्वविद्यालयको बाह्रौं दीक्षान्त समारोहमा IT & Engineering Program तर्फ सर्वोत्कृष्ट भई **'स्व. डिल्लीबहादुर अधिकारी स्वर्ण पदक'** र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा सर्वोत्कृष्ट भई **'नारायणप्रसाद कोइराला स्वर्ण पदक'** हासिल गर्नुभएको छ ।


ई. विकाश पाण्डे

त्यस्तै उक्त कलेजको स्नातक तह Civil Engineering शैक्षिक कार्यक्रम २०१८ समूहका विद्यार्थी **ई. विकाश पाण्डे**ले मिति २०८१ वैशाख १४ गते सम्पन्न पूर्वाञ्चल विश्वविद्यालयको बाह्रौं दीक्षान्त समारोहमा BE Civil Program तर्फ सर्वोत्कृष्ट भई **'डा. राम शोभना पोखरेल स्वर्ण पदक'** हासिल गर्नुभएको छ ।

# स्वास्थ्य सेवा

## सहरी स्वास्थ्य केन्द्रबारे अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आधुनिक जीवनशैली, खानपान, प्रदूषण, धुमपान तथा मद्यपानबाट नसर्ने रोगको जोखिम बढिरहेको बताउनुहुँदै नसर्ने रोगको जोखिम न्युनीकरणको लागि समुदायमा जनचेतना जगाउनु आवश्यक भएको बताउनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरको आयोजनामा चैत २१ गते भएको सहरी स्वास्थ्य कार्यक्रमबारे स्थानीय तहका जनप्रतिनिधिहरूलाई कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उहाँले भक्तपुर नपाले वडा वडाबाटै स्वास्थ्य सेवा प्रवाह गर्न वडा वडामा सहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने उद्देश्यअनुरूप भवन निर्माण कार्य जारी रहेको बताउनुभयो ।



उहाँले स्वास्थ्य सेवा अत्यन्त महँगो हुँदै गएको अवस्थामा भक्तपुर नपाले गुणस्तरीय सेवा प्रदान गर्न १०० शय्याको ख्वप अस्पताल सञ्चालन र अस्पतालबाट दैनिक ८०० भन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अस्मिता ओझा**ले सहरी स्वास्थ्य कार्यक्रमको उद्देश्य र भक्तपुरमा त्यसको अवस्थाबारे प्रस्तुतीकरण दिनुहुँदै नसर्ने रोगबारे अभिमुखीकरण गर्ने कार्यक्रमको प्रमुख उद्देश्य भएको बताउनुभयो ।

## एकीकृत बाल तथा शिशु रोग व्यवस्थापन सम्बन्धी वार्षिक समीक्षा



भक्तपुर नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू तथा भक्तपुर नगरपालिकास्तरीय एकीकृत बाल तथा शिशु रोग व्यवस्थापन सम्बन्धी वार्षिक समीक्षा कार्यक्रम वैशाख २ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा विशेष जोड दिँदै कार्य गरिरहेको बताउनभुभयो ।

तथ्याङ्कको आधारमा विभिन्न योजनाहरू पालिका, प्रदेशस्तर र सङ्घीय स्तरमा बन्ने र गलत तथ्याङ्कको आधारमा योजना निर्माण गर्दा गलत हुने भएकोले तथ्याङ्क तयार गर्दा बढी संवेदनशील भएर काम गर्नुपर्छ उहाँले भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले सबै कार्यालयहरूमा स्तनपान कक्ष राख्ने अवधारणा आएको र अहिले कम्तीमा पनि स्वास्थ्य संस्थाहरूमा स्तनपान कक्षहरू राख्नुपर्ने सुझाव दिनुभयो ।

त्यसैगरी जनस्वास्थ्य कार्यालय, भक्तपुरका इकाई प्रमुख **अस्मिता ओझा**ले बालरोग मृत्यु लगायत स्वास्थ्यका अन्य सूचकहरू सुधार गरी स्वास्थ्य सबल बनाउने उद्देश्यले एकीकृत बाल तथा शिशु रोगको अवधारणा आएको जानकारी गराउनुहुँदै स्वास्थ्य कार्यक्रमसम्बन्धी कुनै समस्या देखिए जनस्वास्थ्य कार्यालय समाधानको लागि सहयोग गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल, डा. ईवामुरा मेमोरियल अस्पताल, सिद्धि स्मृति महिला तथा बाल अस्पताल, भक्तपुर मातृ शिशु स्वास्थ्य क्लिनिक, जनस्वास्थ्य केन्द्र, भगवतीस्थान, नगर स्वास्थ्य केन्द्र, ब्यासी र आधारभूत स्वास्थ्य केन्द्र सल्लाघारी सहभागी रहेको थियो भने भक्तपुरको तर्फबाट प्रस्तुतीकरण राखिएको थियो ।

# स्तन तथा पाठेघर क्यान्सर शिविर

## स्वस्थ शरीर भए समाज नै राम्रो हुने



भक्तपुर नगरपालिका ६ वडा कार्यालयको आयोजनामा भनपाको प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भ.न.पा. ६ का कार्यवाहक वडा अध्यक्ष रोशनमैया सुवालको सभापतित्वमा महिलाहरूलाई पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर कार्यक्रम वैशाख ८ गते सम्पन्न भयो ।



उक्त कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले सरकारको गैरजिम्मेवारीका कारण निजी अस्पतालले ठूलो व्यापार गरिरहेको तर भक्तपुर नगरपालिका साना बालकदेखि वृद्धसम्मको न्यूनतम आवश्यकता पूर्ति गर्न अहोरात्र खटिरहेको छ भन्नुहुँदै जनताको आँखाले त्यसको मूल्याङ्कन भइरहेको छ भन्नुभयो ।

स्वस्थ शरीर भए समाज नै राम्रो हुने बताउनुहुँदै उहाँले गरिब जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै ख्वप अस्पताल स्थापना गरेको, स्वास्थ्य बीमावापतको रकम सरकारले उपलब्ध गराउन नसकेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, कला संस्कृति, सम्पदा पुन: निर्माण कार्यमा नगरवासीहरूको साथ र सहयोगमा पारदर्शी रूपमा निरन्तर रूपमा अडानकासाथ अघि बढिरहन्छ भन्नुहुँदै उहाँले आगामी दिनमा पौडी पोखरीको व्यवस्था गर्ने सोचमा रहेको छ भन्नुभयो ।

किसान नेता **गोविन्द दुवाल**ले महिलाहरूले आफ्नो रोग लुकाउन नहुने, रोगबारे जानकारी दिई स्वास्थ्य लाभ लिनुहुन अनुरोध गर्नुहुँदै मार्क्सवाद, लेनिनवाद, माओ विचारधाराअनुसार नि:स्वार्थपूर्वक देश र जनतालाई शिरोपर गरी सेवा गर्ने लक्ष्यकासाथ नेपाल मजदुर किसान पार्टी सङ्घर्षरत रहेको चर्चा गर्नुभयो । उहाँले देशमा भ्रष्टहरूको बिगबिगी बढिरहेको छ भन्नुहुँदै भ्रष्टहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्दछ भन्नुभयो ।

भनपा ६ का कार्यवाहक वडाअध्यक्ष एवं सभापति **रोशनमैया सुवाल**ले गरिबी, अशिक्षा अवस्थालाई मध्यनजर गर्दै न्यूनतम स्वास्थ्य उपचारबारे वञ्चित नहोस् भनी समय–समयमा स्वास्थ्य शिविर कार्यक्रम गर्नुका साथै विभिन्न रोजगारमूलक तालिमहरू भनपाले सञ्चालन गरिरहेको छ भन्नुभयो ।

उक्त कार्यक्रममा स्त्री रोग विशेषज्ञ डा. **कृष्णप्यारी दुगुजु**, वडा नर्स **पुष्पा बेताल** र स्वयमसेविका **मञ्जु कुम्पाख**ले आ–आफ्नो धारणा राख्नुभयो ।

## वडा नं. ४ मा




भक्तपुर नपा वडा नं. ४ को आयोजनामा पाठेघरको मुखको परीक्षण (प्यापस्मेयर जाँच) तथा स्तन परीक्षण शिविर वैशाख १६ गते सम्पन्न भयो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## 2080 Chaitra Report

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2009 | 11.16 |
| 10-14. | 563 | 3.13 |
| 15-19 | 569 | 3.16 |
| 20-59 | 11009 | 61.15 |
| ≥60 | 3852 | 21.40 |
| Total | 18002 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 528 | 2.93 |
| General | 3441 | 19.11 |
| Insurance | 14033 | 77.95 |
| Total | 18002 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Darchula | 1 | 0.01 |
| Dhankuta | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Sarlahi | 1 | 0.01 |
| Udhayapur | 1 | 0.01 |
| gorkha | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Dadeldhura | 2 | 0.01 |
| Panchhtar | 2 | 0.01 |
| Bajura | 2 | 0.01 |
| Kaski | 2 | 0.01 |
| Bara | 3 | 0.02 |
| Dhanusha | 3 | 0.02 |
| Solukhumbu | 3 | 0.02 |
| Dhading | 3 | 0.02 |
| Chitwan | 4 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Okhaldhunga | 4 | 0.02 |
| Dailekh | 5 | 0.03 |
| Nuwakot | 5 | 0.03 |
| Morang | 5 | 0.03 |
| Achham | 6 | 0.03 |
| Dang | 6 | 0.03 |
| Makwanpur | 6 | 0.03 |
| Khotang | 8 | 0.04 |
| Surkhet | 8 | 0.04 |
| Lalitpur | 9 | 0.05 |
| Salyan | 9 | 0.05 |
| Kalikot | 10 | 0.06 |
| Jhapa | 10 | 0.06 |
| Jumla | 11 | 0.06 |
| Dolkha | 16 | 0.09 |
| Rolpa | 16 | 0.09 |
| Sindhuli | 17 | 0.09 |
| Sindhupalchowk | 33 | 0.18 |
| Ramechap | 38 | 0.21 |
| Kathmandu | 39 | 0.22 |
| Kavrepalanchok | 106 | 0.59 |
| Bhaktapur | 17596 | 97.74 |
| Total | 18002 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 68 |
| Suryabinayak | 817 |
| Changu | 3053 |
| Bhaktapur | 13658 |
| Total | 17596 |

| Department | Number | In Percentage |
|---|---|---|
| Urology | 57 | 0.32 |
| Neuro Surgery | 60 | 0.33 |
| Psychiatric | 94 | 0.52 |
| General Ward | 190 | 1.06 |
| Physiotherapy | 123 | 0.68 |
| Cardiologist | 225 | 1.25 |
| MDGP | 226 | 1.26 |
| Laboratory | 400 | 2.22 |
| General Surgery OPD | 429 | 2.38 |
| Dermatology | 494 | 2.74 |
| Internal Medicine | 1076 | 5.98 |
| Obs. & Gynaecology | 1118 | 6.21 |
| Dental | 1217 | 6.76 |
| ENT | 1225 | 6.80 |
| Emergency Ward | 1276 | 7.09 |
| Paediatric | 1312 | 7.29 |
| Orthopedic | 2185 | 12.14 |
| General OPD | 6295 | 34.97 |
| Total | 18002 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 190 |
| Discharge | 175 |
| LAMA | 0 |
| Refer | 11 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2347 |
| Total Cataract Surgery | 72 |

### Operation

| | |
|---|---|
| Major | 94 |
| Minor | 40 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 10527 | 58.48 |
| Male | 7475 | 41.52 |
| Total | 18002 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८० चैत महिनाको सेवा प्रगति

# भेटघाट

## प्रमुख सुनिल प्रजापतिसँग बाल विकास क्लब, टोखाको प्रतिनिधिमण्डलद्वारा भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुरको अवलोकनमा आएको बाल विकास क्लब, टोखा, काठमाडौँको प्रतिनिधिमण्डलद्वारा चैत २६ गते भेट गऱ्यो ।

## सांस्कृतिक सम्पदा र पर्यटनसम्बन्धी अन्तरक्रिया गरिने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय संस्कृति विभागमा अध्यापनरत प्राध्यापकहरूले भनपा सभाकक्षमा वैशाख ४ गते भेट गर्नुभयो ।

भेटमा संस्कृति विभागमा एम.ए. एम.फिल. तथा पि.एच.डी तहमा भक्तपुर नगरभित्रका भनपाबाट वितरित छात्रवृत्तिबाट अध्ययन तथा शोध गरिरहेका विद्यार्थीहरूलाई भक्तपुरको मूर्त र अमूर्त सम्पदाको संरक्षण, सम्वर्द्धन, विकास, शोध, खोज र अनुसन्धानका लागि थप टेवा पुऱ्याउने उद्देश्यले सांस्कृतिक सम्पदा र पर्यटनसम्बन्धी भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख मसान्तभित्र अन्तरक्रिया गर्ने विषयमा छलफल भयो ।

भेटमा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले इतिहास, संस्कृति, भूगोल, नेपाल भाषा र राजनीति शास्त्रमा स्नातक र उच्च शिक्षा अध्ययनरत नगरवासीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको बताउनुहुँदै छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूले भक्तपुर नगरका कुनै न कुनै मूर्त वा अमूर्त सम्पदासम्बन्धी अनुसन्धानको जिम्मेवारी दिने गरेको प्रकाश पार्नुभयो ।

उहाँले हालसम्म नगरपालिकाबाट स्नातकोत्तर र विद्यावारिधि तहमा नेपाल भाषा, नेपाली इतिहास/संस्कृति तथा पुरातत्त्वलगायतका विषय अध्ययन गरिरहेका ८ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिसकेको जानकारी गराउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय चाडपर्व, रितीरिवाज र भक्तपुरको मौलिक पहिचान बोकेको जुजु धौ, योमरी बनाउने तरिकालगायत विभिन्न जात्रा समावेश स्थानीय पाठ्यक्रम तयार गरी नगरका ९२ ओटै विद्यालयहरूमा पठन पाठन भइरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त १५८ ओटा सम्पदाहरू पुनःनिर्माण भैसकेको जानकारी गराउनुहुँदै हरेक वर्ष सांस्कृतिक बाजा प्रतियोगिता गर्दै आएकोमा यस वर्ष गुँला बाजा प्रतियोगिता वैशाख २२ गते हुने उहाँले बताउनुभयो ।




भेटको क्रममा त्रि.वि. संस्कृति विभागका प्रा.डा. **सोमप्रसाद खतिवडा**ले भक्तपुर नगरपालिकाले पर्यटन क्षेत्रमा गर्दै आएको कार्यलाई त्रि.वि.को पाठ्यक्रममा पर्यटनको नमुना सहरको रूपमा पठन पाठन भइरहेको जानकारी दिनुभयो । अध्ययन अनुसन्धानको लागि भक्तपुरमा प्रशस्त ऐतिहासिक एवम् पुरातात्विक ठाउँहरू भएको बताउनुहुँदै उहाँले नपाको छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूलाई नगरभित्रकै सम्पदाहरूसँग सम्बन्धित विषयमा शोध गर्न दिँदा दुवै संस्थाका लागि सम्पत्ति हुन्छ भन्नुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, त्रि.वि.का डा. पशुपति नेउपाने, डा. तीना मानन्धरलगायतको उपस्थिति रहेको थियो ।

# संक्षेपमा

## रानीपोखरी, सिद्धपोखरी र नःपुखूका माछा बिक्री



भक्तपुर नगरपालिकाले भक्तपुरको रानीपोखरी, सिद्धपोखरी, नःपुखूलगायतका पोखरीहरूमा नगरपालिकाले छाडेका ठूला माछा निकाली पुनः भूरा छोड्नका लागि जालबाट माछा निकाली बिक्री गर्न २०८० चैत्र २८ गतेदेखि स्वीकृति दिइएको छ ।

आफैले जालद्वारा माछा निकाल्ने र खरिद गर्ने गरी काठमाडौँको कोटेश्वरका मितेश नन्दन मिश्रसँग भएको सम्झौताअनुसार माछा निकाल्न सुरु गरिएको छ । माछा बिक्रीबाट वैशाख २ गतेसम्म २,१६८ के.जी. बिक्रीबाट रु ५,६३,६८०।- रुपैयाँ आम्दानी भएको जनाएको छ ।

## आगलागी प्रभावित क्षेत्रको निरीक्षण



भक्तपुर नगरपालिका वडा नं. २ स्थित सानो ब्यासीको तुमचास्थित फर्निचर उद्योगमा वैशाख १४ गते बिहान करिब ३ बजेतिर आगलागी भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आगलागी प्रभावित क्षेत्रमा स्थलगत निरीक्षण गर्नुभई आगलागी पीडितलाई भेटेर सहानुभूति व्यक्त गर्नुभयो ।

सो आगलागीबाट प्रेम गारु र विक्रम जतिको फर्निचर उद्योग पूर्ण रूपमा क्षति पुगेको थियो । आगलागीबाट फर्निचर कारखानामा रहेको सीएनसी मेसिन, कम्प्रेसर मेसिन, भ्याकुम मेसिन, घोडा मेसिन, काठ र प्लाइ जलेर नष्ट भएको छ ।

सो आगलागीबाट करिब ४० लाखको क्षति भएको अनुमान गरिएको छ । आगलागी के कारण भएको हो अहिले सम्म खुल्न सकेको छैन । आगलागी जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको २ ओटा दमकलले आगलागी नियन्त्रण गरेको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

## Word Search

Buddhism

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| R | T | B | I | S | A | N | G | H | A | U | R |
| P | N | I | U | A | A | M | R | A | K | E | N |
| E | E | O | G | D | A | H | T | M | O | R | A |
| W | M | B | B | N | D | M | F | R | K | E | T |
| A | N | S | A | L | I | H | S | K | D | Y | A |
| I | E | D | A | W | E | R | I | D | I | A | M |
| T | T | U | A | O | A | T | E | S | T | R | R |
| I | H | U | N | R | N | N | R | F | M | P | A |
| P | G | D | L | S | A | B | D | U | F | D | H |
| I | I | U | O | H | V | U | T | B | T | U | D |
| T | L | B | T | I | R | D | H | N | O | H | S |
| A | N | W | U | P | I | D | H | G | A | E | S |
| K | E | A | S | U | N | H | H | U | O | M | A |
| A | N | D | I | A | A | A | N | T | H | U | O |

BUDDHA
NIRVANA
NOBLE TRUTHS
BUDDHISM
DHARMA
TIPITAKA
LOTUS
SANGHA
NAMO
ENLIGHTENMENT
PRAYER
WORSHIP
DANA
KARMA
SUFFERING

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# विविध समाचार

## राष्ट्रिय सहकारी दिवसको अवसरमा भक्तपुरमा प्रभातफेरि



'सहकारीमा सुशासन : प्रविधि र एकीकरण' भन्ने नाराका साथ ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. भक्तपुरको आयोजनामा चैत २० गते भक्तपुरमा प्रभातफेरि कार्यक्रम भयो ।

भक्तपुरको टौमढीमा आयोजना गरिएको सहकारी दिवस कार्यक्रममा सम्बोधन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहकारीमार्फत भक्तपुरलाई उदाहरणीय बनाउने कोसिस सहकारीकर्मीहरूले गर्नुपर्ने धारणा राख्नुभयो ।

सहकारी दिवसको अवसरमा शुभकामना दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सहकारी संस्थाहरू तुलनात्मक रूपमा व्यवस्थित रहेको बताउनुहुँदै सहकारीमा खराब मानिसहरूको प्रवेशप्रति अत्यन्त सचेत हुन जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकामा बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई सञ्चालनमा रोक लगाउँदै आएको बताउनुहुँदै उहाँले समाजमा असल र खराब व्यक्ति भएजस्तै सहकारीमा पनि त्यसको प्रभाव पर्ने हुँदा सहकारीहरूले सदस्य र रकम जम्मा गर्ने भन्दा पनि राम्रो र व्यवस्थित सहकारीको रूपमा विकास गर्ने कोसिस गर्नुपर्ने बताउनुभयो ।

सहकारीको सिद्धान्तलाई आत्मसात गर्दै सहकारीका सबै सदस्यहरूको साझा हितको निम्ति काम गर्नेतर्फ सहकारी संस्थाले जोड दिनुपर्ने भन्नुहुँदै उहाँले उत्पादनमूलक क्षेत्रमा लगानी बढाएर व्यापक जनताको हितमा काम गर्न सहकारीहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

नेपालको जलस्रोतमा भारतको एकाधिकार कायम रहेसँगै जलस्रोतको माध्यमबाट भारत नेपालको सम्पूर्ण अर्थतन्त्र कब्जा गर्न खोज्दैछ भन्नुहुँदै उहाँले नेपाल हरेक विषयमा भारतनिर्भर हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखाजू**ले सरकारले आर्थिक विकासको लागि सहकारी एकीकरण भन्दै सहकारी संस्थाहरू गाभ्ने (मर्ज) नीति गलत भएको बताउनुहुँदै सहकारीलाई लेनदेन गर्ने संस्था नभई सामाजिक संस्थाको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै सङ्घका सचिव तथा नगर समन्वय उपसमितिका संयोजक **जगन्नाथ प्रजापति**ले सहकारी दिवस मनाउनुको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै सहकारीमा सुशासन कायम गर्ने नीतिअनुरूप भक्तपुरका चारओटै नगरपालिकामा सहकारी दिवस कार्यक्रम आयोजना भएको बताउनुभयो ।

प्रभातफेरि कार्यक्रम भनपा वडा नं. १ दुधपाटी र कमलविनायक गरी दुई ठाउँबाट बाजागाजा र र्‍याली गरी सुरु भई भक्तपुरको टौमढीमा पुगी सभामा परिणत भएको थियो भने उक्त कार्यक्रममा ७१ ओटा संस्थाहरूबाट २५०० भन्दा बढी सहकारीकर्मीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

## मेलम्ची खानेपानी आयोजनाको दिगो व्यवस्थापनबारे छलफल



खानेपानी मन्त्रालयका मा. मन्त्री राजेन्द्रकुमार राइको अध्यक्षतामा 'मेलम्ची खानेपानी आयोजनाको दिगो व्यवस्थापन'

बारे चैत २२ गते सिंहदरबारमा अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा सरोकारवालाहरूबीच मेलम्ची खानेपानीको हाल कायम भएको हेडवर्कभन्दा ९०० मि. माथि सार्कथलीमा नयाँ हेडवर्क निर्माण गर्ने विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले मेलम्ची खानेपानी आयोजना ढिलाइ हुनुका कारण र आयोजना निर्माणका क्रममा देखिएको भ्रष्टाचारबारे छानबिन हुनुपर्ने बताउनुभयो ।

देशकै गौरवको आयोजनाको रूपमा सञ्चालनमा भएको मेलम्ची खानेपानी आयोजनाको वैकल्पिक स्रोतहरूको खोजी हुनु आवश्यक भएको बताउनुहुँदै उहाँले खानेपानीको स्थानीय स्रोत उपयोग गर्ने विषयमा धेरै छलफल भए तर कार्यान्वयन भने हुन नसकेको बताउनुभयो ।

देश निर्माणका स-साना आयोजनाहरूमा विदेशको भर पर्दा नेपाल उपनिवेश हुने खतरा बढ्ने बताउनुहुँदै उहाँले खानेपानीको दिगो समस्या समाधानको लागि स्थानीय पालिकाहरूसँग समन्वय गरेर अगाडि बढ्नु उचित हुने बताउनुभयो ।

काठमाडौँ केन्द्रित विकासले गर्दा यहाँ धेरै प्रदूषण, ट्राफिक जाम, अपराध, खानेपानी समस्या, अव्यवस्थित आवास योजनाहरू सञ्चालन भइरहेको बताउनुहुँदै उहाँले काठमाडौँ उपत्यकामा बसाइसराइ रोक्नुपर्ने र सरकारले देशको सन्तुलित विकासतर्फ ध्यान दिन आवश्यक भएको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विदेशी लगानी, ऋण र अनुदानबाट देशले आर्थिक समृद्धि हासिल गर्न नसक्ने बताउनुहुँदै देशका गौरवका आयोजनाहरूमा राज्यले नै लगानी गर्नुपर्ने बताउनुभयो ।

उहाँले स्थानीय स्रोतहरूको संरक्षण गर्नुपर्नेमा जोड दिनुहुँदै विदेशी बैङ्कहरूबाट ऋण लिएर नेपाललाई विदेशीको अधिनमा जानेतर्फ सचेत गराउनुभयो ।

भक्तपुरमा पुरानै पाइपलाइनबाट मेलम्चीको पानी वितरण भइरहेको अवगत गराउनुहुँदै उहाँले खानेपानीको वैकल्पिक स्रोत संरक्षण र नयाँ स्रोतको खोजी अपरिहार्य भएको बताउनुभयो । उहाँले उपत्यका केन्द्रित विकासले समस्या बढेकोले उपत्यका बाहिर स-साना सहरहरू निर्माण गरी जनसङ्ख्या विकेन्द्रित गर्नमा जोड दिनुपर्छ भन्नुभयो ।

बुढानिलकण्ठ नगरपालिकाका प्रमुख **मिठाराम अधिकारी**ले मेलम्ची खानेपानी आयोजनाप्रति जनताको विश्वास घट्दै गएको बताउनुहुँदै खानेपानीसम्बन्धी अध्ययन समिति गठन गरी मेलम्ची आयोजनाले अहिलेसम्म गरेको कार्य प्रगतिबारे विस्तृत अध्ययन हुनु आवश्यक भएको बताउनुभयो ।

मेलम्चीको हेलम्बु गाउँपालिकाका अध्यक्ष **निमा ग्याल्जेन ह्योल्मो**ले सार्कथलीमा हेडवर्क निर्माण गर्ने विषयमा आपत्ति जनाउनुहुँदै सार्कथली आफैमा जोखिमयुक्त ठाउँ भएको बताउनुभयो । मेलम्चीमा पूर्वाधार तथा बाटो निर्माण गर्ने विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउनुहुँदै उहाँले उक्त क्षेत्रमा पहिरो नियन्त्रण गर्ने विषयमा पहलकदमी आवश्यक भएको बताउनुभयो ।

त्यस्तै रास्वपाका सांसद **तोसिमा कार्की**ले खानेपानीको दिगो समस्या समाधानको लागि मेलम्चीको विकल्पहरूको खोजी हुनुपर्ने बताउनुहुँदै उपत्यकामा रहेका खानेपानीका मुहान र स्रोतहरू सङ्कलन गर्नुका साथै आकासे पानी सङ्कलनबाट पनि खानेपानी समस्या समाधान हुने धारणा राख्नुभयो ।

रास्वपाका सांसद **शिशिर खनाल**ले जनतासँग प्रत्यक्ष सरोकार राख्ने आयोजनाहरू सञ्चालन गर्दा स्थानीय तहहरूसँग समन्वय र सहकार्य आवश्यक भएको बताउनुहुँदै चक्रपथ बाहिर पनि खानेपानी व्यवस्थापनतर्फ सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

खानेपानी मन्त्री **राजेन्द्रकुमार राई**को अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा मन्त्रालयका सचिव **सुरेश आचार्य**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै मेलम्ची खानेपानी आयोजनालाई दिगो व्यवस्थापन गर्ने हेतुले सरोकारवालाहरूसँग छलफल कार्यक्रम गरिएको बताउनुभयो । उहाँले मेलम्चीमा भएको लगानी फलदायी रहेको उल्लेख गर्नुहुँदै काठमाडौँ उपत्यकामा स्थायी रूपमा पानी पठान्तरणको व्यवस्थामा मन्त्रालयले जोड दिँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का सांसद गोपीबहादुर अछामी, नेपाली काङ्ग्रेसका सांसद राजेन्द्रकुमार केसी र प्रदीप पौडेल, राप्रपाका दिपकबहादुर सिंह, सार्वजनिक लेखा समितिका सभापति ऋषि पोखरेल, मेलम्ची खानेपानीका विकास समितिका कार्यकारी निर्देशक अहमद् अन्सारीलगायतले मेलम्ची खानेपानी आयोजनाको दिगो व्यवस्थापनका लागि राय-सुझावहरू प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा इन्जिनियरिङ अध्ययन संस्थानका विज्ञ टोलीले मेलम्ची खानेपानी आयोजनाको प्रगति र हेडवर्क सार्ने विषयमा आफ्नो प्रस्तुतीकरण देखाएका थिए भने एडीबीका विज्ञ तथा इन्जिनियरले पनि बोल्नुभएको थियो ।

## उपचुनावमा नेमकिपाको उम्मेदवारी

वैशाख १५ गते हुने इलाम २ को प्रतिनिधिसभा र बझाङको प्रदेशसभा १ को उपनिर्वाचनमा नेमकिपाले उम्मेदवारी दिएको छ ।

इलाम २ को प्रतिनिधिसभा सदस्यको लागि का. श्यामबहादुर दर्जी (हिमाल)ले र बझाङको प्रदेशसभा १ सदस्यको लागि का. खगेन्द्रबहादुर शाहीले उम्मेदवारी दिनुभएको छ ।



सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं ४ निवासी का. शाही नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ । २०४१ सालदेखि नेपाल मजदुर किसान पार्टीका गतिविधिहरूमा संलग्न हुनुभएका शाही २०४६ सालको जनआन्दोलनमा सुर्खेत जिल्लामा सक्रिय हुनुहुन्थ्यो । २०५३-५४ सालमा महाकाली सन्धिको विरोधमा भएका जुलुस र सभाहरूमा सक्रिय शाहीले प्रतिगमनविरोधी जनआन्दोलनमा कैलाली जिल्लामा पार्टी गतिविधिको नेतृत्व गर्नुभयो । उहाँ २०७९ सालको निर्वाचनमा कैलाली जिल्ला क्षेत्र नं. ३ (क) मा पार्टीको तर्फबाट प्रदेशसभा सदस्य उम्मेदवार हुनुहुन्थ्यो ।

दुई दशकदेखि जिल्लाको पार्टी गतिविधिको नेतृत्व गर्दै आउनुभएका शाही २०६५ सालदेखि नेमकिपाको केन्द्रीय समितिमा हुनुहुन्छ । देशहितविरुद्ध भएका महाकाली सन्धि, एमसीसी सम्झौता, नागरिकता विधेयक, माथिल्लो कर्णाली जलविद्युत् आयोजनालगायतका सम्झौताविरुद्ध र जनजीविकासँग सम्बन्धित विषयहरूमा निरन्तर सङ्घर्षरत शाही देशभक्त तथा इमानदार कार्यकर्ता हुनुहुन्छ ।

हाल मोरङ जिल्लाको बेलवारी नगरपालिकामा बस्नुहुने का दर्जी २०६२ सालदेखि पार्टीको नेपाल क्रान्तिकारी युवा सङ्घमा आबद्ध हुनुभएको हो । हाल उहाँ नेपाल मजदुर किसान पार्टीको मोरङ जिल्ला समितिको सदस्य हुनुहुन्छ । नेपाल मजदुर किसान पार्टीको गतिविधि र सङ्घर्षमा उहाँ निरन्तर सहभागी हुनुहुन्छ । भारतीय विस्तारवादले नेपालको



इलामको पशुपतिनगरदेखि दार्चुलाको लिम्पियाधुरा र कालापानीसम्म अतिक्रमण गरेको भूमि फिर्ता लिन उहाँ सङ्घर्षरत हुनुहुन्छ ।

नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति मोरङको उपाध्यक्ष भएर उहाँले युवा आन्दोलनको अनुभव पनि सँगाल्नुभएको छ । अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेनामार्फत नेपालको सैन्य ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई समेत नेपालको वंशजको नागरिकता दिने देशघाती नागरिकता विधेयक खारेजीको लागि उहाँ सक्रिय हुनुहुन्छ । उहाँ पेसाले यातायात मजदुर हुनुहुन्छ ।

## कर्मचारीहरू ट्रेड युनियनवादी हुनुहुँदैन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल कर्मचारी समाजद्वारा प्रकाशित २०८१ सालको भित्तेपात्रो चैत २३ गते एक कार्यक्रमबीच सार्वजनिकीकरण गर्नुभयो ।

सोही अवसरमा आयोजित नेपाल कर्मचारी समाजद्वारा प्रकाशित 'सन्देश' बुलेटिनको अन्तरक्रिया तथा नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख प्रजापतिले कर्मचारीहरूमा पठन संस्कृतिको विकासलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कर्मचारीहरूले समाजको लागि पनि काम गर्नुपर्ने बताउनुहुँदै उहाँले कर्मचारीहरू राजनीतिक प्राणी भएको हुँदा राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पनि जानकारी राख्नुपर्ने बताउनुभयो ।

देश विकासको लागि कर्मचारीहरूले संवेदनशील ढङ्गले

काम गर्नुपर्छ भन्नुहुँदै उहाँले विदेशी लगानी र ऋण तथा अनुदानमा देशको समृद्धि सम्भव नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कर्मचारीहरू ट्रेड युनियनवादी हुनुहुँदैन । कर्मचारीहरूले व्यक्तिगत स्वार्थको लागि मात्र कुरा उठाउने र सक्रिय हुने ट्रेड युनियनवादी सोचबाट ग्रसित मानसिकता हो ।' उहाँले देशभक्त कर्मचारीहरू त्यसको विरुद्धमा सम्पूर्ण जनताको हितको निम्ति इमानदारीका साथ कर्तव्यनिष्ठ भएर क्रियाशील हुनुपर्ने बताउनुभयो ।

जनप्रतिनिधिको निर्देशनअनुसार कर्मचारीहरूले काम गरे संस्थाको दिगो विकास हुने बताउनुहुँदै उहाँले आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश र जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले जनप्रतिनिधि र कर्मचारीहरूबिच समन्वयात्मक ढङ्गले काम हुनुपर्नेमा जोड दिनुहुँदै कर्मचारीहरूले जनताको सेवालाई प्राथमिकतामा राखी काम गर्नुपर्ने बताउनुभयो ।

नेपालमा समाजवादी व्यवस्था स्थापना गर्ने नेपाल मजदुर किसान पार्टीको उद्देश्यलाई अङ्गीकार गर्दै भक्तपुर नपाले समाजवादी मोडलमा काम गरिरहेको बताउनुभयो । जनताको साथ र सहयोगले भक्तपुर नपाले सफलतापूर्वक आफ्ना कार्यक्रमहरू अगाडि बढाइरहेको प्रष्ट गर्नुहुँदै उहाँले शिक्षा र स्वास्थ्यलाई भक्तपुर नपाले प्राथमिकतामा राखी काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले सूचना प्रविधि तथा डिजिटाइजेसनको युगमा सरकारी सेवालाई 'पेपरलेस' बनाउनेतर्फ अगाडि बढ्नुपर्ने बताउनुहुँदै कर्मचारीहरूले आफूलाई तोकेको जिम्मेवारी निर्धारित समयभित्र इमानदारीपूर्वक सम्पन्न गर्नतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो ।

स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबिच अन्योन्याश्रित सम्बन्ध रहने उल्लेख गर्नुहुँदै अधिकृत भट्टराईले कर्मचारीहरूले सृजनात्मक ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारी समाजले नियमित रूपमा पुस्तक, पत्रिकाहरू प्रकाशन गर्दै कर्मचारीहरूको हकहित सुनिश्चित गर्ने कार्य गर्दै आएको बताउनुभयो । उहाँले कर्मचारीहरूबिच यस किसिमको सैद्धान्तिक छलफलले कर्मचारीहरूको बौद्धिक स्तर पनि विकास हुने बताउनुहुँदै उहाँले कर्मचारीहरू आफ्नो काम, कर्तव्य र अधिकारबारे सुसूचित हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा कर्मचारी समाजका उपाध्यक्ष **काजीबहादुर पञ्च, शिवराम धुखवा, प्रज्ज्वल खत्री, दिव्यलक्ष्मी बज्राचार्य, रामकृष्ण प्रजापति, कान्छी प्रजापति, कृष्णाश्वरी सुवाल, इन्दिरा शाक्य, विकास प्रजापति**लगायतले सन्देश पत्रिकाबारे आफूले गरेको अध्ययनको सार प्रस्तुत गर्दै राष्ट्रसेवक कर्मचारीहरू राजनीतिक रूपमा सचेत हुनुपर्ने र अध्ययनलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । उक्त कार्यक्रममा समाजका **राजेश दिष्टि**ले पनि बोल्नुभएको थियो ।

## प्रदेशस्तरीय धिमेय बाजा प्रतियोगिता



केन्द्रीय मानन्धर सङ्घको आयोजनामा भएको वाग्मती प्रदेशस्तरीय धिमेय बाजा प्रतियोगिता चैत २४ गते तचपाल टोलमा सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतियोगिताको उद्घाटन गर्दै भन्नुभयो, 'धिमेय बाजा नेवारहरूले महत्त्वपूर्ण जात्रा–पर्वहरूमा बजाइने मौलिक बाजा हो, यो बाजा बजाउने सीप नयाँ पुस्तामा हस्तान्तरण भइरहेको छ, आजको प्रतियोगिताले नयाँ पुस्तालाई उत्साहित गर्नेछ ।'

भनपाले संस्कृतिलाई जीवन्तता दिन हरेक वर्ष विभिन्न बाजाहरूको संरक्षण गर्दै आएको र बाजा गुरुहरूलाई सम्मान गर्दै आएको उहाँले बताउनुभयो ।

भक्तपुरमा रहेका मूर्त र अमूर्त सम्पदाहरू हाम्रो साझा सम्पत्ति हो । साझा सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी पनि



हामीहरूकै साझा हो, प्रमुख प्रजापतिले भन्नुभयो ।

नयाँ पुस्तालाई संस्कृतिको महत्त्वबारे बुझाउन भनपाले स्थानीय पाठ्यक्रम बनाएर सबै विद्यालयहरूमा पढाइरहेको र यसले नयाँ पुस्तामा संस्कृति संरक्षणको चेतना जागृत हुँदै आएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा लुनिभाः धिमे खल (सूर्यविनायक नगरपालिका, सिरूटार) **पहिलो**, ताथली धिमे खल खलः (चाँगुनारायण नगरपालिका) **दोस्रो** र श्री राज गणेश धिमे खल (मध्यपुर थिमि नगरपालिका) **तेस्रो** हुन सफल भए ।

पहिलो हुनेलाई नगद २५ हजार, धिमे बाजा दुई ओटा, भुछ्या र सिछ्या एक-एक जोर, दोस्रो हुनेलाई नगद १५ हजार, धिमे बाजा एक ओटा र भुछ्या एक जोर र तेस्रो हुनेलाई नगद १० हजार र धिमे एक ओटा प्रदान गरिएको थियो ।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर, केन्द्रीय मानन्धर सङ्घका सचिव गजेन्द्रमान मानन्धर, कार्यक्रम संयोजक तुल्सीकाजी मानन्धर, भक्तपुर जिल्ला मानन्धर युवा सङ्घका अध्यक्ष बाबुकाजी मानन्धर र केके मानन्धरले पनि बोल्नुभएको थियो ।

## मुहाली बाजा प्रशिक्षण समापन




भैरवनाथ सांस्कृतिक समूहको आयोजनामा सञ्चालन भएको मुहाली बाजा प्रशिक्षण कार्यक्रम चैत २४ गते समापन भएको छ ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले संस्कृति र सभ्यता हरेक नागरिकको परिचय भएको कुरा औँल्याउनुभयो । उहाँले भन्नुभयो, 'पुर्खाले सिर्जेको कला र संस्कृतिबाट नै हाम्रो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि उँचो रहेको छ ।' समग्र समाजलाई बुद्धिजीवीकरण गर्ने क्रममा भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र संस्कृतिलाई नयाँपुस्तामा हस्तान्तरण गर्ने कार्य गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले स्वदेश वा विदेश जहाँ रहे पनि आफूमा रहेको सीप र दक्षता नै हरेक नागरिकको वास्तविक सम्पत्ति भएकोले हरेक नागरिक एक न एक विषयमा दक्ष हुनुपर्ने विचार राख्नुभयो ।

युवाको विदेश पलायनतर्फ चिन्ता व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, 'विश्वकै सुन्दर देश भएर पनि देशको शासनसत्ता गलत तत्वको हातमा परेकोले युवाहरूले विदेशमा दुःख पाइरहेका छन् ।' उहाँले बाध्यतामा परेर विदेसिएकाहरूले त्यहाँबाट सीप र प्रविधि सिकेर त्यसको स्वदेशमा नै सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा भैरवनाथ सांस्कृतिक समूहका सल्लाहकार **न्हुछेराम भेले**ले परम्परागत संस्कृति र सम्पदाको संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण महत्त्वपूर्ण कार्य रहेको भन्नुहुँदै निरन्तरताको लागि शुभकामना दिनुभयो ।

पूर्ववडा अध्यक्ष **कुमार चवाल**ले हरेक नागरिक आफैमा कलाकार भएको चर्चा गर्नुहुँदै जतिसुकै ठूलो वा सानो भए पनि अनुशासनविना त्यसको महत्त्व नहुने बताउनुभयो ।

स्थानीय संस्कृतिकर्मी **मुक्तिसुन्दर जधारी**ले कला र संस्कृति समाजको सौन्दर्य भएको र निरन्तर साधनाबाट यसको उत्कृष्टता कायम हुने बताउनुभयो ।

कार्यक्रममा नौबाजाका गुरु शंखरनाथ सुवाल, पोङा बाजाका गुरु शेरबहादुर न्हिसुतु तथा मुहाली गुरु रामगोपाल कपालीलाई सम्मान गरिनुका साथै प्रशिक्षार्थीहरूलाई प्रमुख अतिथि सुनिल प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभएको थियो । समूहका अध्यक्ष श्रीभक्त सुवालको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष जेनिशा भेलेले स्वागत तथा सदस्य न्हुज किजूले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

## सम्पदाहरूको संरक्षण साझा दायित्व - प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको मूर्त र अमूर्त सम्पदाहरू देशकै साझा सम्पत्ति भएकोले सबै मिलेर त्यसको संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार तथा संरक्षण समितिको आयोजनामा चैत २६ गते भएको बाराही खट निर्माणमा सहयोगीहरूको सम्मान कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भक्तपुरका जनताको सीप, परम्परागत प्रविधि तथा स्थानीय श्रोत र साधनहरूको प्रयोग गर्ने उद्देश्यले सबै सम्पदाहरू उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेको स्पष्ट पार्नुभयो ।

नयाँ नयाँ भौतिक विकास मात्रै होइन सयौँ वर्ष पुराना सम्पदाहरूको संरक्षण झन महत्त्वपूर्ण कार्य हो – उहाँले भन्नुभयो ।

विदेशीहरूको सहयोगमा निर्मित सम्पदाहरूले हाम्रो इज्जत नरहने स्पष्ट पार्नुहुँदै भन्नुभयो– 'हाम्रो कला र संस्कृतिबारे जानकारी नभएका विदेशीहरूको सहयोगमा सम्पदाहरू निर्माण गरिएमा हाम्रो मौलिकतामाथि अतिक्रमण हुने खतरा हुन्छ । जीवन कालमा राम्रो कार्य गरेमा पछिसम्म अरूले सम्झने गर्छन् ।'

भनपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले संस्कृति नै हाम्रो पहिचान भएकोले त्यसको संरक्षण आवश्यक रहेको बताउनुहुँदै हामीसँग भएको सीप र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न संस्कृतिले जीवन्तता पाउनेछ भन्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार समितिका सल्लाहकार **हृदयचन्द्र वैद्य**ले जीर्ण भइसकेको बाराहीको खट बनाउन सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै संस्कृति संरक्षणमा नयाँ पुस्ता अगाडि आएकोमा खुसी व्यक्त गर्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार समितिका अध्यक्ष कृष्ण सदन अवालको सभापतित्वमा भएको कार्यक्रममा आर्थिक सहयोग गर्नेहरूलाई प्रमुख अतिथि प्रजापतिले प्रशंसा पत्र वितरण गर्नु भएको थियो । कार्यक्रममा समितिका उपाध्यक्ष राम सुन्दर खाताखोले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

बाराही खट निर्माण गर्न स्थानीय जनताबाट रु ४३,०६,६४२/- सहयोग सङ्कलन भएको र त्यसमध्ये ६,९४,०६७/- बैङ्क मौज्दात बाँकी रहेको तथा अरू सबै खर्च भइसकेको कुरा समितिका कोषाध्यक्ष पवन कुमार बल्लले जानकारी दिनुभयो ।

## मिवाछेँमा शुभकामना आदानप्रदान

मिवाछेँ टोल विकास व्यवस्थापन उपभोक्ता समितिको आयोजनामा नव वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम चैत २८ गते भयो ।

प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल**



**प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै काम गरिहेको बताउनुहुँदै शिक्षामा जोड दिएको कारण समाज अगाडि बढेको बताउनुभयो । भक्तपुरका जनतालाई शैक्षिक ऋण, छात्रवृत्तिको व्यवस्था गरेको बताउनुहुँदै अक्सिजन र रगत पनि नि:शुल्क वितरण गरिरहेको बताउनुभयो । देको मिवा इतापाके जग्गा एकीकरण आयोजना नाफाको लागि नभई अव्यवस्थित क्षेत्र व्यवस्थित गर्न जग्गा एकीकरण आयोजना गरेको बताउनुभयो ।

वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले नेमकिपाको घोषणापत्रअनुसार युवा उद्यमशीलता ऋण प्रदान गर्न लागेको बताउनुभयो ।

सो कार्यक्रममा रत्नकाजी नायभारी, श्यामसुन्दर मातां, उमेश प्रधानले पनि बोल्नुभएको थियो भने सहभागीहरूबाट व्यक्त जिज्ञासामाथि नगर प्रमुख प्रजापतिले प्रष्ट पार्नुभएको थियो ।

## शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक नभएकै कारण सार्वजनिक शिक्षा खस्किँदै




सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समितिको आयोजनामा चैत २९ गते सेवा निवृत्त शिक्षकहरूलाई सम्मान गरियो ।

शिक्षक दिवसको अवसरमा पारेर भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले शिक्षकहरू प्रविधिमैत्री भई शिक्षा क्षेत्रमा भइरहेको क्रियाकलाप र शिक्षण सिकाइ प्रविधिबारे जानकार भइरहनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक नभएकै कारण सार्वजनिक शिक्षा खस्किँदै गएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

देशभक्त, अन्याय र थिचोमिचोविरूद्ध लड्ने विद्यार्थी तयार गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै अध्यक्ष बिजुक्छेंले शिक्षकहरू इमानदार र देशभक्त हुनुपर्ने बताउनुभयो ।

विदेशी पुँजीले हाम्रो देशको हित नगर्ने स्पष्ट पार्नुहुँदै उहाँले विदेशी पुँजी ल्याई देशको विकास गर्ने अर्थमन्त्रीको दृष्टिकोण गलत छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष **रोशनराज तुइतुई**को सभापतित्वमा भएको कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य **अम्बिका न्याइच्याई**, आदर्श आजाद माविका प्रअ **श्रीकृष्ण किसी**, भुवनेश्वरी माविका प्रअ **सुभद्रा लघु**, कार्यालय सचिव **लक्ष्मीनारायण दुवाल** र निवृत्त शिक्षक **राजेन्द्र कायष्ठ**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेंले अवकाश प्राप्त ८ जना शिक्षकहरूलाई सम्मान गर्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिद्वारा "शैक्षिक अनुभव" विमोचन



सेवा निवृत्त शिक्षक समाज भक्तपुरको ४५ औं शिक्षक दिवसको उपलक्ष्यमा सेवा निवृत्त शिक्षक सम्मान, १४ औं शैक्षिक अनुभव विमोचन तथा नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम चैत २९ गते भयो ।

शैक्षिक अनुभव पुस्तक बिमोचन गर्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सेवा निवृत्त शिक्षकहरूको जीवनका भोगाइ र अनुभवहरू आफैमा नयाँ पुस्ताका लागि अमूल्य सम्पत्ति भएको हुँदा ती अनुभवहरूलाई लिपिबद्ध गर्नुपर्ने बताउनुभयो ।

उहाँले सङ्कटलाई अवसरको रूपमा सदुपयोग गर्न सके सफलता मिल्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले पनि धेरै चुनौतीहरू पार गर्दै देशकै नमुना र उदाहरणीय बन्न सफल भएको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नपाको उद्देश्य रहेको प्रष्ट पार्नुहुँदै उहाँले शैक्षिक रूपमा अगाडि बढेको देशको विकास र समृद्धि पनि छिटो हुने बताउनुभयो ।

न्यायलयप्रति जनताको विश्वास घट्दै जानुमा शासक दलहरू दोषी रहेको बताउनुहुँदै उहाँले सचेत नागरिकहले जहिल्यै देशको बारे चिन्तन गर्छन् भन्नुभयो । उहाँले आत्मनिर्भर हुने शिक्षा आजको आवश्यकता भएको औंल्याउनुहुँदै सेवा निवृत्त शिक्षकहरूको सक्रियताले समाजलाई सही दिशामा डोऱ्याउन मद्दत पुग्ने बताउनुभयो ।

शैक्षिक अनुभव पुस्तकका प्रधान सम्पादक **ज्ञानसागर प्रजापति**ले सेवा निवृत्त शिक्षक समाजको नियमित पत्रिका शैक्षिक अनुभव पुस्तकको समीक्षा गर्नुहुँदै पुस्तकमा सेवानिवृत्त शिक्षकहरूको शैक्षिक अनुभव, शिक्षकहरूको पेन्सनबारे उठाइएका आवाजहरू, जीवनी, जीवन सङ्घर्ष, शिक्षा विधेयकबारे नेमकिपाको धारणा, यात्रा संस्करण, कवितालगायत सन्देशमूलक र प्रेरणादायी लेखहरू समाविष्ट रहेको बताउनुभयो ।

समाजका सदस्य **भोजराज बस्नेत**ले आफ्नो शैक्षिक अनुभव सुनाउनुहुँदै राजनीतिका विकृत रूपहरूमाथि प्रकाश पार्नुभयो ।

समाजका अध्यक्ष **अम्बिकामान मानन्धर**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष **रामगोपाल कर्माचार्य**, कोषाध्यक्ष **विश्वराम कवां**, **तुल्सीराम ग्वाछा**ले सेवा निवृत्त शिक्षक समाज स्थापनाबाट शिक्षकहरूको हकहित सुनिश्चित गर्न शिक्षकहरूलाई सङ्गठित र सचेत पार्ने अवसर मिलेको बताउनुहुँदै सेवा निवृत्त शिक्षकहरू अझ सबल र सक्षम ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

## खो-खो खेलाडीहरूलाई बधाई



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर जिल्ला खो-खो सङ्घद्वारा आयोजित प्रथम यु-२१ पुरुष तथा महिला खो-खो प्रतियोगितामा पदक

हासिल गर्न सफल खेलाडीहरूलाई बधाई तथा नयाँ वर्ष २०८१ सालको शुभकामना आदानप्रदान कार्यक्रम चैत ३० गते भयो ।

## काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १९ औं वार्षिकोत्सव




काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १९ औं वार्षिकोत्सव प्रमुख अतिथि खानेपानी मन्त्री राजेन्द्रकुमार राईले पानसमा दीप प्रज्ज्वलन गरी एक समारोहबिच वैशाख ५ गते समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुँदै मन्त्री **राई**ले खानेपानी सम्बन्धी समस्या समाधानको लागि काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले संयुक्त पहल गर्नुपर्ने बताउनुभयो । उहाँले आगामी दिनमा काठमाडौँ उपत्यकाको खानेपानी समस्या निराकरणको लागि बोर्डको १८ वर्षको कार्यानुभवले सार्थकता पाउनेमा आशा व्यक्त गर्नुभयो ।

काठमाडौँ उपत्यकाका जनतालाई सहज रूपमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन प्रशासनिक कार्यलाई छरितो बनाउनु पर्नेतर्फ उहाँले ध्यानाकर्षण गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लिच्छविकालीन र मल्लकालीन समयदेखिनै उपत्यका बासिन्दाहरूलाई पानीको व्यवस्थापन गर्न ठाउँ ठाउँमा इनार, ढुङ्गेधारा, पोखरीहरू बनाइएकोमा कतिपय हराइसकेको हुँदा ती श्रोतहरूको संरक्षणतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

खानेपानी जस्तो जनताको प्रत्यक्ष जीवनसँग जोडिएको वस्तु निजीकरण गर्न नहुने विचार व्यक्त गर्नुहुँदै काठमाडौँ उपत्यकामा खानेपानी वितरणको जिम्मेवारी केयुकेएललाई दिएदेखिनै खानेपानीको समस्या भएको, ट्यांकर व्यवसायीहरूद्वारा कृत्रिम अभाव सिर्जना गर्ने गरेको तथा मेलम्चीको पानी उपत्यकामा पुऱ्याउन ढिलाई गर्ने गरेका जस्ता जनगुनासोहरू रहेको स्पष्ट पार्नुभयो ।

विश्व बैङ्क र एशियाली विकास बैङ्कजस्ता विदेशी बैङ्कहरूले उपत्यकावासीहरूलाई पानी वितरणको लागि भन्दा नाफाको उद्देश्यले पानीमा लगानी गर्ने भएकोले नेपाल सरकार स्वयम्ले स-साना लगानी गरी पानीको व्यवस्थापन गर्न सकेमा प्रभावकारी हुने विचार व्यक्त गर्नुहुँदै सरकारले काठमाडौँ उपत्यकाको तीब्र जनसङ्ख्या वृद्धि र खानेपानीको अभावलाई रोक्न ७ ओटै प्रदेशमा स-साना व्यवस्थित बस्तीहरूको विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सभापति प्रजापतिले भक्तपुरमा मेलम्चीको पानी पुरानै पाइपबाट वितरण गरिएकोमा ठाउँ ठाउँमा पाइपहरू फुटेर चुहावट भएको र ढलको पानी मिसिएर खानेपानीको गुणस्तर कम भएको हुँदा गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्ने, उपत्यकाका ठाउँ ठाउँमा पानीको चुहावट भइरहेकोलाई कडाइका साथ नियन्त्रण गर्नुपर्ने तथा स्थानीय स्रोतहरूको संरक्षण गरी स्थानीय तहसँग समन्वय गरी खानेपानीको उचित वितरण गर्नुपर्ने र उपत्यकामा निजी तवरबाट भइरहेको अनियन्त्रित बोरिङ कार्यलाई नियमन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव **सुरेश आचार्य**ले काठमाडौँ उपत्यकाभित्र दीगो खानेपानी व्यवस्थापन, आपूर्ति, स्रोत संरक्षण र उपयोग, खानेपानीको गुणस्तर व्यवस्थापन, ट्यांकर व्यवस्थापन, भूमिगत पानीको व्यवस्थापनको लागि नीति र निर्देशिका बनाई व्यवस्थापन गर्ने जिम्मेवारी काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापनको बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले खानेपानीको न्यायोचित वितरण र खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले खानेपानी महसुल निर्धारण सम्बन्धी कार्य गर्दै आएको जानकारी दिनुहुँदै यसलाई अझ प्रभावकारी बनाउन ३ ओटै निकायलाई पुनर्संरचना गर्ने प्रयास भइरहेको जानकारी दिनुभयो ।

त्यसैगरी खानेपानी तथा सरसफाइ सेवा महसुल

निर्धारण आयोगका अध्यक्ष **रुद्र गौतम**ले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको सहयोगमा केयुकेएलले जीवन्तता पाएको जानकारी दिनुहुँदै आगामी दिनमा चुनौतीहरूलाई सामना गर्दै केयुकेएलको विकल्प केयुकेलनै हो भन्ने विश्वास जित्नुको विकल्प नरहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना प्रमुख **राजेन्द्र सापकोटा**ले मेलम्ची खानेपानी वितरणको सफलता सँगसँगै अहिले ठाउँ ठाउँमा ढल खन्ने, भूमिगत तार व्यवस्थापनका कारण खानेपानी वितरण लाईनमा समस्या आइरहेको र मेलम्ची खानेपानीको विकल्पको रूपमा थप स्रोत ल्याउन प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत **अशोक कुमार पौडेल**ले शुभकामना मन्तव्य राख्नुहुँदै काठमाडौँ उपत्यकाको खानेपानी व्यवस्थापन र चुहावट नियन्त्रणको लागि भइरहेको प्रयासबारे जानकारी दिनुभएको थियो भने काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा. **सञ्जीव विक्रम राणा**ले केयुकेएलसँगको समन्वयमा समानुपातिक रूपमा पानी वितरण गर्न बोर्डले गरिरहेको प्रयासबारे जानकारी दिनुहुँदै आगामी दिनमा भूमिगत पानीको संरक्षण तथा वाटर एटिएमको सङ्ख्या थप गर्दै लगिने योजना रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सम्पादन टोलीका **अनोज खनाल**ले विमोचन भएको Ground Water in Kathmandu Valley Status Challenges and Opportunities किताबको सङ्क्षेपमा प्रस्तुतीकरण गर्नुभयो भने काठमाडौँ उपत्यकामा फोहोर पानी तथा खानेपानी व्यवस्थापन विषयक माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकलामा प्रथम स्थान हासिल गर्न सफल विद्यार्थी **दिनेश गुरागाई**ले आफ्नो वक्तृत्व प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि राई, विशेष अतिथि आचार्य र सभापति प्रजापतिले बोर्डको वार्षिक प्रगति प्रतिवेदन, Ground Water in Kathmandu Valley Status Challenges and Opportunities / Stone Spouts and Ponds of Kathmandu Valley Status Mapping–2024 -Second Edition पुस्तकहरू संयुक्त रूपमा विमोचन गर्नुभएको थियो । मन्त्री राईले आजैबाट बानेश्वरस्थित Water ATM बाट रु १०।– मा २० लिटरको जार भर्ने कार्यको शुभारम्भ QR मार्फत गर्नुभयो ।

**मन्तव्य**

# 'खानेपानी वितरणको जिम्मेवारी क्रमशः स्थानीय तहलाई दिँदै जानु पर्छ' :

सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



हामीलाई थाहा छ, पानीविना जीवन सम्भव छैन । संसारमा अरू धेरैको विकल्प भए पनि खानेपानीको विकल्प अहिलेसम्म भेटिएको छैन । जनताको जीवनसँग प्रत्यक्ष जोडिएको खानेपानीजस्तो महत्त्वपूर्ण वस्तुको व्यवस्थापनको जिम्मेवारी अहिले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा छ । लाखौँ उपत्यकावासी जनताको लागि खानेपानी व्यवस्थापन कम चुनौतीपूर्ण छैन । तर, राम्रो र जनताप्रति जिम्मेवार सरकार भए त्यसलाई सहज रूपमा व्यवस्थापन गर्न सकिन्छ ।

काठमाडौँ उपत्यकाको खानेपानीको इतिहास हेर्ने हो भने लिच्छविकालीन र मल्लकालीन समयदेखि नै ठाउँ ठाउँमा इनार, ढुङ्गेधारा, पोखरीहरू बनाइ उपत्यकाका बासिन्दाहरूलाई पानीको व्यवस्थापन गरेको पाइन्छ । अहिलेसम्म आइपुग्दा ती पानीका श्रोतहरूमध्ये धेरैजसो लोप भइसके भने अहिले पनि कतिपय चालू अवस्थामा छन् । पानीको सङ्कटको बेला ती प्राचीन पानीका श्रोतहरूले उपत्यकावासीहरूलाई धेरै राहत दिएका थिए । खानेपानी मन्त्रालयदेखि पानीको जिम्मेवारी पाएका निकायहरूले प्राचीन श्रोतहरूको संरक्षणतर्फ राम्रो ध्यान दिनुपर्ने देखिन्छ ।

काठमाडौँ उपत्यकामा खानेपानी वितरणको जिम्मेवारी

कम्पनी ऐन अन्तर्गत दर्ता भएको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)लाई दिएदेखि नै उपत्यकामा खानेपानीको समस्या आएको हो। निजी स्वार्थका लागि कतिपय ट्यांकर व्यवसायीहरूले पानीको कृत्रिम अभाव सिर्जना गर्ने, मेलम्चीको पानी उपत्यकामा झार्न ढिला गर्ने जस्ता गैर जिम्मेवार काम गरेका जस्ता थुप्रै जनगुनासोहरू थिए। खानेपानी कुनै पनि हालतमा निजीकरण गर्न हुने थिएन। विदेशीको निर्देशनमा खानेपानीलाई निजीकरण गर्नु गलत हो। खानेपानीलाई जनताको आधारभूत आवश्यकता र सेवाको दृष्टिले लिइनु पर्थ्यो। अहिले खानेपानीलाई व्यापारिक वस्तु बनाइएको छ। खानेपानी बोर्ड र सम्बन्धित निकायहरूले यसबारे गम्भीरतापूर्वक सोच्नु आवश्यक छ।

उपत्यकावासीले मेलम्चीको पानी पिउने धेरै पहिलेदेखि सपना देख्दै आएका थिए। ३० अर्बमा सुरु भएको मेलम्ची खानेपानी आयोजना अहिलेसम्ममा ६२ अर्ब खर्च भइसक्दा पनि उपत्यकावासी जनताले बाह्रै महिना पानी पाउने सुनिश्चितता नभएको सुन्दै छौँ। यो भने आश्चर्यको कुरा हो। अझै मर्मतका लागि ५-६ अर्ब लगानी गर्नुपर्ने प्रस्ताव पनि अघि सारिएको छ। विश्व बैङ्क, एशियाली विकास बैङ्कसँग ऋण लिँदै सरकार उपत्यकामा पानीको व्यवस्थापन गर्दै छ। हामी कतै खानेपानीकै कारण विदेशी ऋण पासोमा फस्दै जाने त होइन ? प्रश्न उठेको छ। विदेशी बैङ्कहरूले उपत्यकावासीलाई माया गरेरभन्दा पनि नाफा (ब्याज) पाउने लोभले लगानी गर्ने गर्छन्। उनीहरूको विभिन्न सर्तहरूमा बाँधिन्दै कतै हामी उनीहरूको नीति र निर्देशनमा चल्नुपर्ने अवस्थामा पुगेका त छैनौँ ? यसबारे सबैको ध्यान जान पनि उतिकै जरुरी छ।

उपत्यका वरिपरिका पानीका स्रोतहरू संरक्षण गर्न सके अझै पनि धेरै हदसम्म उपत्यकामा पानीका सहज आपूर्ति गर्न सम्भव छ। भक्तपुरको महादेव खोलालगायतका थुप्रै ठाउँहरूमा नेपाल सरकार स्वयम्ले लगानी गरी पानीको व्यवस्थापन गर्नु पर्ने आवश्यकतातर्फ माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छौँ। सक्षम स्थानीय तहहरूलाई क्रमशः पानी वितरणको जिम्मेवारी सुम्पिँदै लानु पनि समस्याको अर्को विकल्प हुन सक्छ।

काठमाडौँ उपत्यकामा भइरहेको तीव्र जनसङ्ख्या वृद्धिलाई नियन्त्रण गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ। यही रूपमा जनसङ्ख्या वृद्धिलाई निरन्तरता दिने हो भने हामीले जतिसुकै प्रयास गरे पनि उपत्यकामा पानीको पर्याप्त व्यवस्थापन गर्न गाह्रो पर्ने छ। जनसङ्ख्या वृद्धिसँगै उपत्यकामा पानीको हाहाकार, ट्राफिक जाम, अपराधको सङ्ख्यामा वृद्धि र वातावरण प्रदूषणको समस्या आइरहेको छ। यसर्थ उपत्यका बाहिर स-साना सहरको विकास गर्नेतर्फ सरकारले योजना बनाउनु बुद्धिमानी हुने छ।

भक्तपुरमा यही वर्षदेखि मेलम्चीको पानी बल्ल पुगेको छ। त्यो पनि पुरानै पाइप लाइनबाट। दोश्रो चरणमा मात्रै भक्तपुरमा मेलम्चीको पानी पुऱ्याउने भन्ने रहेछ। जनताको समस्यालाई ध्यानमा राखेर नगरपालिकाकै पैसा खर्च गरेर पनि अहिले पानीको वितरण सुरु गरेका छौँ। ठाउँ ठाउँमा पाइपहरू फुटेर चुहावट भइरहेको छ। सबै ठाउँमा भइरहेको चुहावटलाई रोक्न सकेको खण्डमा पानी व्यवस्थापनमा सहजता आउने देखिन्छ।

## खानेपानी सहज वितरण र व्यवस्थापनबारे हाम्रा केही सुझावहरू :

- केयुकेएलको तर्फबाट समय समयमा खानेपानीको गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्ने,
- खानेपानी र फोहोर बग्ने ढलको पाइप सँगसँगै भएको हुँदा कतिपय ठाउँहरूमा पाइपहरू फुटेर ढलको पानी मिसिन गई जनताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने हुँदा त्यसतर्फ ध्यान दिनुपर्ने,
- उपत्यकाका ठाउँ ठाउँमा पानीको चुहावट भइरहेकोलाई कडाइका साथ नियन्त्रण गर्नुपर्ने,
- पुराना पाइपहरू अति जीर्ण भइसकेको हुँदा ती पाइपहरू फेर्नुपर्ने,
- उपत्यका भित्र रहेका पानीका स्थानीय स्रोतहरूको संरक्षण गरी स्थानीय तहसँग समन्वय गरी खानेपानीको उचित वितरणको व्यवस्था गर्नुपर्ने,
- केयुकेएल र स्थानीय तहबिच समन्वयमा काम हुनुपर्ने,
- पानीको श्रोतको पहिचान, वितरण प्रणाली निर्माणदेखि सबै काम विदेशीको भरमा गर्न नहुने र पानीको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने,
- खानेपानी र ढलको शुल्क केयुकेएलले उठाउने र ढलको अधिकांश काम स्थानीय तहले गर्नुपर्ने अवस्था अन्त्य गरी शुल्क लिनेले नै त्यसको सम्पूर्ण बन्दोबस्त गर्नुपर्ने स्थानीय तहको आवाजलाई सम्बोधन गर्नुपर्ने, र
- उपत्यकामा निजी तवरबाट भइरहेको जथाभावी बोरिङलाई नियन्त्रण र नियमन गर्नुपर्ने।

यी महत्त्वपूर्ण सुझावहरूलाई माननीय मन्त्रीज्यूलगायत सम्बन्धित सबैले ध्यान दिनु हुनेछ भने अपेक्षासहित सबैलाई धन्यवाद।

(बैशाख ५ गते सम्पन्न काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १९ औँ वार्षिकोत्सव समारोहका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप।)

**विश्व सम्पदा दिवसमा**

# "सय वर्षपछिको भक्तपुर" पुस्तकको भूमिकाबारे अन्तरक्रिया तथा प्रवचन कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)को प्रमुख आतिथ्यमा ४२ औँ विश्व सम्पदा दिवसको अवसरमा सांस्कृतिक नगर भक्तपुरको सम्पदा संरक्षणमा 'सय वर्षपछिको भक्तपुर' पुस्तकको भूमिकाबारे प्रवचन एवम् अन्तरक्रिया कार्यक्रम वैशाख ६ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै पुस्तकका लेखक प्रमुख अतिथि **बिजुक्छेँ**ले भक्तपुर नगर सांस्कृतिक नगर घोषणा भए ऐन कानुनअनुसार कार्य हुने तथा मौलिकता संरक्षणमा सहजता र एकरूपता आउने विचार व्यक्त गर्नुहुँदै पुराना घरहरू नगरको पहिचान भएकोले माटो जोडाइका घरहरू स्वास्थ्यको हिसाबले लाभदायी र सुरक्षित छ भन्नुभयो। उहाँले हरेक कुरामा पुनर्जागरण आवश्यक छ भन्नुहुँदै काठ र माटोको विशेषताबारे अध्ययन अनुसन्धान गर्नुपर्ने, नयाँ पुस्तालाई पुराना घर, मन्दिर र सम्पदा निर्माण सम्बन्धी तालिमहरू दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले खानेपानीको गुणस्तर हेर्नुपर्ने र घर निर्माण गर्दा नक्सापास प्रकृयाबारे जनतालाई जानकारी दिनुपर्ने सुझाव दिनुहुँदै स्थानीय तह प्रजातन्त्रको जग भएकोले जग बलियो भएमा मात्र प्रजातन्त्र बलियो हुने विचार व्यक्त गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले भक्तपुर नगरलाई टेस्ट ट्युबको रूपमा विकास गर्न नयाँ पुस्तालाई इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुपर्ने र विभिन्न देशको इतिहासबाट सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगर ऐतिहासिक, सांस्कृतिक दृष्टिले अनुपम सहर हो भन्नुहुँदै का. नारायणमान बिजक्छेँ (रोहित)ले आजभन्दा २५ वर्ष अगाडि लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकले नगरको भविष्य कस्तो हुन्छ भन्ने कल्पना गरेको हुँदा यस पुस्तकले भक्तपुर पुनःनिर्माणको निम्ति मार्गनिर्देश गरेको छ भन्नुभयो ।

उहाँले पुस्तक प्रकाशनको ३ वर्षपछि नै भक्तपुर नपाले शिक्षाको जग बलियो बनाउन २०५६ सालमा ख्वप उच्च मावि, २०५८ सालमा ख्वप कलेज र ख्वप ई. कलेज स्थापना गर्दै हाल ७ ओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू स्थापना गर्न सफल भएको बताउनुहुँदै यस पुस्तकलाई आधार बनाई हालसम्ममा भक्तपुर नगरपालिकाले नगर अस्पताल सञ्चालन, व्यवस्थित आवास योजना सञ्चालन, खानेपानीको व्यवस्था, बजार व्यवस्थापनको लागि नगर प्रहरीको व्यवस्था गरेको स्पष्ट पार्नुभयो। उहाँले पर्यटकहरूको आकर्षक गन्तव्य बनाउने, खोला सुधारको लागि २ ओटा उपचार पोखरी निर्माण, नगरको पुरानो क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्नेलाई अनुदान दिई उत्साहित गर्ने तथा विदेशी भाषाको तालिमहरू सञ्चालन र विकास निर्माणका कामहरू गर्दै आएको बताउनुभयो।




कार्यक्रममा पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले ५० वर्ष पछिको नेपाल र सय वर्षपछिको भक्तपुरबारेको परिकल्पनाले भक्तपुरको मौलिकता संरक्षणमा योगदान पुऱ्याइरहेको चर्चा गर्नुहुँदै पुस्तकका लेखकको दूरदृष्टिपूर्ण सोच र परिकल्पनाले नयाँ पुस्ताका लागि सहर निर्माण गर्न गुरुयोजनाको काम गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले उक्त पुस्तकको परिकल्पनालाई साकार बनाउने प्रयत्न गरिरहेकोमा खुसी व्यक्त गर्नुहुँदै सम्पदा संरक्षण र पुनर्निर्माणमा सम्पदाको मौलिक स्वरूप, स्थानीय सामग्रीको प्रयोग, स्थानीय जनसहभागितालाई विशेष महत्त्व दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा इतिहासविद् **विश्वमोहन जोशी**ले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुहुँदै सम्पदा पुनःनिर्माण र संरक्षणमा भक्तपुर नपा अग्रस्थानमा रहेको बताउनुभयो। उहाँले पुर्खाको सम्पत्ति संरक्षण गरी भनपाले आफ्नो पहिचान र मौलिकतालाई जोगाइरहेको चर्चा गर्नुहुँदै संस्कृतिकर्मीहरूलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा पूर्व शिक्षक **राजेन्द्रबहादुर कायष्ठ**ले 'सय वर्षपछिको भक्तपुर' ले पुस्तक सकारात्मक सन्देश प्रवाह गरेको बताउनुभयो। उहाँले भक्तपुरका घरहरूको तला समान गर्नुपर्ने, जलवायु परिवर्तनले धेरै समस्या निम्त्याउने, नगरभित्रका जीर्ण घरहरूको व्यवस्थापन गर्नुपर्ने, घाट तथा तीर्थस्थलहरूको सरसफाइ गर्नुपर्नेलगायतका सुझाव दिनुभयो।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले भक्तपुरका सम्पदाहरूको महत्त्वबारे प्रकाश पार्नुहुँदै पुस्तकले २१ वर्ष पछिसम्म पनि परिचर्चाले भक्तपुरमा पर्यटन प्रबर्द्धन गरी नगरलाई उत्कृष्ट गन्तव्यस्थल बनाउन खेलेको महत्त्वपूर्ण भूमिकाबारे चर्चा गर्नुभयो भने भक्तपुर नपाका पर्यटन शाखा प्रमुख **गौतम लासिवा**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै का. रोहितद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकको सान्दर्भिकताबारे चर्चा गर्नुभयो।

कार्यक्रममा स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाका प्रमुख **अरूणा नकर्मी**, कला सङ्ग्रहालयका प्रमुख **जयन्ती प्रधान**, भक्तपुर पर्यटन विकास समितिका संस्थापक अध्यक्ष **नीलकृष्ण ताम्राकार**, मल्ल प्रतिष्ठानका अध्यक्ष **माधव मल्ल**, भनपा-४ का वडाध्यक्ष **उपेन्द्र सुवाल,** पूर्व वडाध्यक्ष **रविन्द्र खर्बुजा**, पथप्रदर्शक **प्रमेश लाखा**, भक्तपुर पर्यटन विकास समितिका पूर्व अध्यक्ष **दिवानचन्द्र धौभडेल**, पीएचडी स्कलर **राजन फेलू**, इ. **प्रमिला शिल्पकार**लगायतले भक्तपुरको सम्पदा संरक्षणबारे आ-आफ्नो जिज्ञासा राख्नुभएको थियो।

## भक्तपुर जिल्ला अदालतको नवनिर्मित भवन उद्घाटन




सम्माननीय प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले भक्तपुर जिल्ला अदालतको नवनिर्मित भवन वैशाख ८ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो।

अदालत परिसर तुमचो दुगुरे भक्तपुरमा आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि प्रधानन्यायाधीश श्रेष्ठले ताम्रपत्र अनावरणसँगै रिबन काटेर भक्तपुर जिल्ला अदालतको नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो।

प्रमुख अतिथि प्रधानन्यायाधीश **श्रेष्ठ**ले जिल्ला अदालत भक्तपुरको साविकको भवन धेरै पुरानो र अदालतको आवश्यकताको दृष्टिकोणबाट अपर्याप्त रहेको कुरालाई ध्यानमा राखी सर्वोच्च अदालतले भक्तपुरको जिल्ला अदालतको नयाँ भवनको निर्माण कार्य अगाडि बढाएको स्मरण गर्नुभयो।




उहाँले भवन निर्माणमा योगदान र भूमिका खेल्ने सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै आधुनिक र सुविधासम्पन्न भवनबाट प्रवाह हुने सेवाबाट सेवाग्राहीहरूको सन्तुष्टिको स्तरमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। साथै नयाँ भवनबाट हुने न्याय सम्पादनले न्याय, सुशासन र जनआस्था वृद्धिमा थप उचाइ प्राप्त गर्नेमा सकारात्मक रहेको उहाँले बताउनुभयो।

नेपालको संविधानले कल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मान्यता अक्षुण्ण राख्दै संविधानले प्रदान गरेको भूमिका र जिम्मेवारी पूरा गर्नेतर्फबाट सबैको ध्यान जान जरुरी रहेको बताउनुहुँदै प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकालाई न्यायको धरोहर र नागरिकहरूको भरोसाको केन्द्रको रूपमा स्थापित गर्न सबैले आआफ्नो ठाउँबाट योगदान गर्नुपर्ने बताउनुभयो।

न्याय सम्पादनको कार्यलाई छिटो छरितो, गुणस्तरीय, प्रभावकारी बनाउन न्यायपालिकाले मुद्दा व्यवस्थापनलगायत विभिन्न पद्धतिगत सुधारहरूलाई आत्मसात गर्दै आएको उहाँले सोही क्रममा बताउनुभयो।

न्यायिक सुधारका पक्षमा पछिल्लो समयमा भएका

प्रयास र उपलब्धीहरूबारे जानकारी गराउनुहुँदै प्रधानन्यायाधीश श्रेष्ठले अदालतलाई प्रविधिमैत्री बनाइ सेवाग्राहीको कामलाई सहज बनाउने काममा जोड दिइरहेको बताउनुभयो ।

सबै उच्च अदालतमा भिडियो कन्फरेन्समार्फत बहस गर्न मिल्ने बनाउन आवश्यक तयारी भइरहेको बताउनुहुँदै उहाँले सूचना प्रविधिको उच्चत्तम प्रयोगमार्फत अदालतको आधुनिकीकरणका लागि अबको प्राथमिकता सूचना प्रविधिको बहुआयामिक विकास र दिगो उपयोगमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।




सर्वोच्च अदालतका वरिष्ठत्तम माननीय न्यायाधीश डा. **आनन्दमोहन भट्टराई**ले दरबार क्षेत्रस्थित जिल्ला अदालतको भवन साँघुरो हुँदा सेवा प्रवाहमा कठिनाइ महसुस भएसँगै नयाँ भवन निर्माणको आवश्यकताबोध भएको बताउनुहुँदै उहाँले नवनिर्मित आधुनिक र सुविधासम्पन्न भवनबाट गुणस्तरीय र उच्चस्तरको सेवा प्रवाहमा विश्वस्त हुन सकिने बताउनुभयो ।

सर्वोच्च अदालतले निकै मिहिनेतका साथ पुराना मुद्दाहरूको चाप घटाउँदै पारदर्शी ढङ्गले काम गर्दै आइरहेको बताउनुहुँदै डा. भट्टराईले सर्वोच्च अदालतले सार्वजनिक सरोकारका विषयहरूलाई प्राथमिकतामा राखी जिम्मेवारीपूर्वक काम गरिरहेको स्पष्ट पार्नुभयो ।

सर्वोच्च अदालतले संविधानको अभिभावकको भूमिका खेलिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले जस्तै अन्य स्थानीय तहले पनि काम गर्न जरुरी रहेको बताउनुहुँदै सुशासनको क्षेत्रमा भक्तपुर नपा अब्बल रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सबैको संयुक्त प्रयासले जिल्ला अदालतको विशाल र भव्य भवन निर्माण गर्न सम्भव भएको बताउनुहुँदै सेवाग्राहीहरूलाई निष्पक्ष, छिटो छरितो र सुलभ न्याय दिएर भव्य महलको गरिमा कायम गर्ने जिम्मेवारी अदालतमा कार्यरत न्यायाधीश र कर्मचारीहरूमा आएको बताउनुभयो ।

सरकारी वकिल कार्यालय पनि अदालतसँगै भए सेवाग्राहीहरूलाई सहज हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले त्यसको लागि पनि पहल गर्दै आइरहेको बताउनुभयो ।

न्यायपालिकाले गरेको उत्कृष्ट निर्णयहरूले नै जनताको आस्था, विश्वास र न्यायपालिकाप्रति उच्च सम्मान प्राप्त गर्न सकिने बताउनुहुँदै प्रमुख प्रजापतिले जनताका हरेक अधिकार रक्षाको निम्ति अदालतले जहिल्यै पहरेदारको भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले २०७४ सालको संसदीय निर्वाचन अघि प्रतिनिधिसभामा तीन प्रतिशत र प्रदेशसभामा साढे एक प्रतिशत मत सीमा (थ्रेस होल्ड) को विरुद्धमा निर्वाचन आयोगसमेतलाई विपक्षी बनाई दायर मुद्दा अहिलेसम्म फैसला हुन नसकेको बताउनुहुँदै उहाँले ढिलो न्याय दिनु पनि अन्याय हो भन्नुभयो ।

नेपाल बार एशोसिएसन भक्तपुर जिल्ला अदालत बार इकाइ कार्य समितिका अध्यक्ष **रविन्द्र प्रधान**ले जिल्ला अदालत भक्तपुरको सुविधासम्पन्न नयाँ भवनबाट प्रवाह हुने न्याय सम्पादनबाट जनता प्रत्यक्ष लाभान्वित हुनेमा विश्वास व्यक्त गर्नुभयो ।



उच्च अदालत पाटनका माननीय मुख्य न्यायधीश **नृपध्वज निरौला**को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर जिल्ला अदालतका माननीय न्यायधीश **बासुदेव न्यौपाने**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने स्रेस्तेदार **ऋतबहादुर पुलामी मगर**ले नवनिर्मित जिल्ला अदालत भक्तपुरको प्रतिवेदन वाचन गर्नुभयो ।

सो अवसरमा प्रमुख अतिथि श्रेष्ठले निर्माण व्यवसायी र भवन निर्माणमा संलग्न प्राविधिकहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रमपश्चात प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिहरूबाट नवनिर्मित भवनको अवलोकन गर्नुभएको थियो ।

**मन्तव्य**

# 'न्यायपालिकाले गरेका उत्कृष्ट निर्णयहरूले नै जनताको आस्था, विश्वास र न्यायपालिकाप्रति उच्च सम्मान प्राप्त गर्न सक्छ':

*सुनिल प्रजापति*
*प्रमुख, भक्तपुर नगरपालिका*



सांस्कृतिक नगर, नाचगानको नगरले परिचित भक्तपुर नगरपालिकाका जनताको तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत गर्द छौं ।

नयाँ वर्ष २०८१ सँगै भक्तपुर जिल्ला अदालतको नयाँ भवन उद्घाटन भएको छ । हामी भक्तपुरवासीहरू अन्यन्त खुसी छौं । सम्पूर्ण भक्तपुरवासीहरूको तर्फबाट प्रधान न्यायाधीशज्यू र सम्पूर्ण न्यायिक क्षेत्रमा कार्यरतहरूलाई आजको यस अवसरमा हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौं ।

जनसङ्ख्या वृद्धिसँगै दरबार क्षेत्रस्थित अदालत भवन अपुग भएको हामी सबैले अनुभव गरेका थियौं । भक्तपुर नगरपालिकाले कला-संस्कृतिको संरक्षणको साथै पुरातात्त्विक महत्त्वका क्षेत्रहरूको संरक्षणलाई पनि उत्तिकै जोड दिँदै आएको छ । त्यसै क्रममा पुरातत्त्वविद्हरूले भक्तपुरको ९९ चोक उत्खननको कुरा पनि उठाउनु भयो । त्यसलाई ध्यानमा राखेर दरबार क्षेत्रका अदालतलगायत विभिन्न कार्यालयहरू स्थानान्तरणबारे पनि पटक पटक छलफलहरू भए र भइरहेका छन् । जिल्ला अदालतले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे आवास योजना क्षेत्रमा जग्गाको माग गरेअनुसार न्युनतम मूल्यमा जग्गा प्रदान गर्ने सहमति भई जग्गा प्रदान गरिएको हो । यसका लागि आवश्यक पहल गर्ने र सहयोग गर्ने तत्कालीन जिल्ला न्यायधीशज्यूहरू, अदालतका पदाधिकारीहरू सबैलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्द छ । सबैको प्रयासले आज यो ठाउँमा जिल्ला अदालतको विशाल र भव्य भवन निर्माण गर्न सम्भव भएको हो । अब निष्पक्ष, छिटो छरितो र सुलभ न्याय दिएर यस भव्य महलको उच्च गरिमा कायम गर्ने जिम्मेवारी यस अदालतमा कार्यरत श्रीमान् न्यायाधीशज्यूहरू र कर्मचारीहरूको हो । हामी त्यसको अपेक्षा गर्छौं ।

सरकारी वकिल कार्यालय पनि अदालतसँगै भए सेवाग्राहीहरूलाई सहज हुने भनेर हामीले त्यसको लागि पनि पहल गर्दै छौं । विभिन्न प्राविधिक कारणले गर्दा अहिलेसम्म त्यो पूरा हुन सकेको छैन । हामी निरन्तर त्यसको लागि प्रयत्नरत छौं ।

न्यायपालिकाले विभिन्न व्यक्ति एवम् सङ्घ संस्थाले गर्ने काम कानून बमोजिम छ छैन हेरे जस्तै जनताको आस्थाको केन्द्र न्यायपालिकाबाट हुने हरेक निर्णय इमानदारीपूर्वक र निष्पक्षतापूर्वक भयो भएन भनी निर्णयकर्ताहरूको व्यक्तिगत आचरणबारे समेत जनताले सुक्ष्म ढङ्गले हेरिरहेका हुन्छन् । त्यो न्यायपालिकाको जनताले गर्ने एक प्रकारको परीक्षण पनि हो । न्याय दिएरमात्र पुग्दैन जनताले न्याय पाएको अनुभूति गर्न पाएनन् भने न्याय प्रदान गर्नुको खास अर्थ रहँदैन । त्यसैले न्यायपालिकाले आफूले गरेको उत्कृष्ट निर्णयहरूले नै जनताको आस्था, विश्वास र न्यायपालिकाप्रति उच्च सम्मान प्राप्त गर्न सक्छ ।

अदालतबाट हुने निर्णयमा ढिलाइबारे पनि जन गुनासो छ । २०७४ सालको संसदीय निर्वाचन अघि प्रतिनिधिसभामा तीन प्रतिशत र प्रदेशसभामा साढे एक प्रतिशत मत सीमा (थ्रेस होल्ड) को विरुद्धमा निर्वाचन आयोगसमेतलाई विपक्षी बनाई दायर मुद्दा अहिलेसम्म फैसला भएको छैन । २०७४ र २०७९ गरी दुइ पटक संसद्को निर्वाचन सम्पन्न भइसक्यो । यस्ता धेरै मुद्दाहरू छन् जसको औचित्य समाप्त पछिमात्रै फैसला भए । यस्तो अवस्थाले कसरी न्यायपालिकाप्रति जनताको विश्वास बढ्छ ? ढिलो न्याय दिनु पनि अन्याय हो भन्नेबारे हामी सबै अवगतै छौं । न्यायमा ढिला सुस्ति नहोस् भनेर नै निश्चित समयभित्र फैसला गर्नु पर्ने कानूनी बन्दोबस्त गरिएको हो । त्यो कतिको परिपालना भएको छ गम्भीरता पूर्वक सोच्नु पर्ने अवस्था छ ।

सर्वसाधारण जनता सबैतिर विश्वास गुमाइ सक्दा पनि न्यायका लागि आफ् पछाडि अदालत छ भनी न्यायपालिकाप्रति विश्वास गर्छन् । न्यायको त्यस्तो पवित्र मन्दिरप्रति कसैलाई पनि औँला ठड्याउने अवसर दिनु हुन्न । जनताका हरेक अधिकार रक्षाको निम्ति अदालतले जहिले पनि पहरेदारको

भूमिका खेल्छ भन्ने कुरामा विश्वास दिलाउनेतर्फ ध्यान दिनु आवश्यक छ ।



नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको कल्पना गरे पनि न्यायाधीशहरू नियुक्तिका बेला योग्य र सक्षमलाई भन्दा दलीय भागबन्डालाई प्राथमिकतामा राखेका समाचारहरू सार्वजनिक हुने गरेको पाउँछौं । यसले न्यायपालिकामाथि प्रश्न उठ्ने गरेको छ । यसमा देश सञ्चालन गर्ने राजनैतिक दलहरू नै मुख्य रूपमा जिम्मेवार देख्छौं ।

कतिपय अवस्थामा राजनैतिक निर्णयसमेत अदालतमा पुऱ्याउने गरेको हामीले देखिरहेका छौं । संसद्को विषयवस्तु वा अधिकार क्षेत्रको विषयसमेत न्यायालयमा पुऱ्याउने गलत अभ्यास भइरहेको पाउँछौं । यसले कहिलेकाहीँ अदालतको निर्णयले अदालती सर्वोच्चतामा पुगेको हो कि भन्नेसम्म सोच्नुपर्ने अवस्थामा पुऱ्याएका उदाहरणहरू पनि छन् । कसैको दबाब, प्रभाव, डर-धम्कीमा नपरी स्वतन्त्र रूपमा न्याय प्रदान गर्ने परम्पराले नै न्यायपालिकाको गरिमा र सम्मानलाई बचाइ राख्नसक्छ । स्वेच्छाचारी ढङ्गले शासन गर्न रुचाउनेहरू स्वतन्त्र न्यायपालिका भएको नचाहन सक्छन् । तिनीहरू विभिन्न बहानामा न्यायपालिकामाथि चौतर्फी आक्रमण गर्न पनि पछि पर्दैनन् । समय समयमा न्यायपालिका विरुद्ध सडकमै नाराबाजी गर्ने गरेको दृष्यले के यो कुरा पुष्टि गर्दैनन् र ?

देशको सार्वभौमिकता, नागरिकको मौलिक हक, मानवअधिकार र देशको राजनीतिक विषयवस्तु समावेश मुद्दाहरूलाई उच्च प्राथमिकता दिएर निर्णय गर्न सके न्यायपालिका प्रतिको आस्था थप बढ्ने निश्चित छ ।

न्यायपालिकामा हुने गरेका अनियमितताका विषयहरू, विचौलियाहरूले न्याय सम्पादनमा पार्ने गरेका प्रभावहरू र गरिब जनताले बहन गर्नै नसक्ने महँगो न्यायकाबारेमा उठ्ने गरेका प्रश्नहरू प्रति हामी सबै गम्भीर हुनुपर्ने देख्छौं ।

कुनै पनि संस्थाको इज्जत, प्रतिष्ठा र सम्मान अरूले होइन संस्था आवद्ध पदाधिकारीहरूले नै बचाउने हो । हामी सबैको संयुक्त प्रयासले स्वतन्त्र न्यायपालिकाको गरिमालाई थप उचाइमा पुऱ्याउन प्रयास गरौं । हार्दिक शुभकामना !

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०८१ वैशाख ८ गते शनिवार भक्तपुर जिल्ला अदालतको नवनिर्मित भवन उद्घाटन समारोहमा व्यक्त मन्तव्यको सारसङ्क्षेप )

## कसिमला पाँय तथा हकंदला प्रतियोगिताको पुरस्कार वितरण




भक्तपुर नगरपालिका ९ नं. खेलकुद समितिको आयोजनामा वैशाख ८ गते वडाव्यापी कसिमला पाँय र हकंदला (गट्टा) प्रतियोगिताको पुरस्कार वितरण तथा समापन कार्यक्रम भयो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले नागरिकहरूको स्वास्थ्यको लागि प्रत्येक वडाहरूमा खुला व्यायामशाला सञ्चालन गर्दै आइरहेको जानकारी दिनुहुँदै वर्तमान समयमा चिन्तामुक्त समाज निर्माण गर्नुपर्ने कुरामा विशेष जोड दिनुभयो । उहाँले काम गर्ने परिश्रमी व्यक्तिहरू कहिल्यै पनि नथाकिने भएकोले उनीहरूको आयु पनि बढ्ने बताउनुभयो ।

त्यस्तै भनपा वडा नं ९ का वडा सदस्य एवम् कार्यपालिका सदस्य **छोरीमैया सुजखु प्रजापति**ले सभ्य, सुसंस्कृत समाज निर्माणमा वडावासीहरू लाग्नुपर्ने बताउनुहुँदै भातृत्व सम्बन्ध स्थापना गर्न खेलको आवश्यकता रहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं ८ का वडा सदस्य **रामसुन्दर बासी**ले भनपाले शिक्षा, स्वास्थ्य क्षेत्रका साथै खेलकुद क्षेत्रमा पनि जोड दिंदै आइरहेको बताउनुभयो । उहाँले नपाले प्रत्येक वर्ष खेलाडी सम्मान कार्यक्रम, खेलकुद प्रशिक्षण तथा तालिम दिंदै आइरहेका पनि बताउनुभयो ।

४० वर्षभन्दा माथिकाहरूबिच खेलाइएको कसिमला पाँय प्रतियोगितामा चन्द्रबहादुर ज्याख्व **प्रथम**, राजु प्रजापति **द्वितीय** र कृष्ण प्रजापतिले **तृतीय** स्थान हासिल गर्न

सफल भए भने महिलाहरूबिच भएको हकंदला (गट्टा) प्रतियोगितामा रिता सांद **प्रथम**, राज्यलक्ष्मी कोजु **द्वितीय** र विष्णुकेशरी प्रजापति **तृतीय** भएका थिए ।

कसिमला पाँय प्रतियोगितामा १७ जना पुरुषको सहभागिता रहेको थियो भने हकंदला (गट्टा) प्रतियोगिता ३२ जना महिलाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा **श्यामकृष्ण प्रजापति** र **पुण्यराम गोसाई**ले पनि बोल्नुभएको थियो ।

## पथ प्रदर्शकहरूको भेला

'देशको सार्वभौमिकता जोगाउनु र यहाँको पहिचान विश्वमा चिनाउनु यहाँका स्थानीय पथप्रदर्शकहरूको पनि दायित्व हो ।'

उक्त भनाई वैशाख ११ गते भएको भक्तपुरका स्थानीय पथप्रदर्शकहरूको भेला तथा छलफल कार्यक्रममा भक्तपुर स्थानीय पथप्रदर्शन परिचालन समितिका संयोजक एवम भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले बताउनु भएको हो । पथप्रदर्शकहरूले भक्तपुर नगरको इतिहास, कला, संस्कृति, राजनीति, आर्थिकलगायत विभिन्न क्षेत्रको अध्ययनलाई जोड दिनुभयो ।

यहाँका मठमन्दिर तथा कला संस्कृतिको भौतिकवादी विश्लेषण गर्न जोड दिनुहुँदै उहाँले स्थानीय पथप्रदर्शकहरूले आफ्नो पेशालाई मर्यादित एवम् आचरण पालना गर्ने, शिष्ट व्यवहार गर्ने, क्षमता तथा स्तर वृद्धि गर्नुका साथै राजनैतिक रूपले सचेत हुन पनि सुझाव दिनु भयो ।

उहाँले स्थानीय पथप्रदर्शकहरूको स्तर वृद्धिको लागि पुनः ताजगी कक्षाहरू सञ्चालन गर्नेबारे पनि जानकारी दिनुभयो ।

त्यस्तै छलफलमा भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका सदस्य एवम् भक्तपुर पर्यटन विकास समितिका निवर्तमान अध्यक्ष **रामसुन्दर भेले**ले भक्तपुर नगरमा स्थानीय पथप्रदर्शकको रूपमा कार्यरत पथप्रदर्शकहरूले थप अनुशासित र भाषा प्रस्तुतिमा दक्षता हासिल गर्न जोड दिनुभयो । उहाँले यहाँका पथप्रदर्शकहरूको व्यवस्थापन अन्य क्षेत्रमा पनि नमुनाको रूपमा परिचित भएकोले अन्य क्षेत्रमा भक्तपुर कै सिको गरिरहेको विचार राख्नु भयो ।

भेला तथा छलफल कार्यक्रममा स्थानीय पथप्रदर्शकहरूले स्तरवृद्धिको लागि निरन्तर अध्ययन गरी आ-आफ्नो कमी कमजोरीहरू सच्याउने प्रतिवद्धता पनि व्यक्त गरेका थिए ।

## काठमाडौं उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनुपर्ने



'काठमाडौं उपत्यकाको भाषा, संस्कृति, रहनसहन र सभ्यता विश्वकै उत्कृष्ट रहेको हुँदा आफैमा जीवन्त सङ्ग्रहालय रहेको र यसलाई देशकै सांस्कृतिक राजधानी बनाउनुपर्ने आवश्यकता छ ।'

उपर्युक्त भनाई भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले वैशाख १२ गते काठमाडौंमा आयोजित सांस्कृतिककर्मीहरूको भेलामा बताउनु भएको हो ।

नेपालमा सांस्कृतिक अतिक्रमण भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो –'भाषा र संस्कृति रहेन भने हाम्रो परिचय समाप्त हुन्छ ।'

प्रमुख प्रजापतिले पुर्खाले नासोको रूपमा छोडेका मूर्त तथा अमूर्त सम्पदाहरू संरक्षण गरी पुनःनिर्माण गर्न नयाँ पुस्ता सक्षम हुनुपर्नेमा जोड दिनुहुँदै सम्पदा पुनःनिर्माणमा विदेशी सहयोगले मौलिकता गुम्ने खतरा औंल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले सांस्कृतिक पुनर्जागरण ल्याउने प्रयास गरिरहेको चर्चा गर्नुहुँदै मौलिक गुँला बाजाको प्रबर्द्धन तथा बाजाप्रति नयाँ पुस्ताको आकर्षण बढाउन प्रतियोगिता आयोजना गरेको प्रष्ट पार्नुभयो ।

गुँला बाजा व्यवस्थापन समिति काठमाडौँका अध्यक्ष **अमिरमान शाक्य**ले सांस्कृतिक सम्बन्ध विस्तारका लागि भक्तपुर नगरपालिकाले गरेको प्रयास सकारात्मक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले नपाको आयोजनामा यही वैशाख २२ गते हुने खुला गुँला बाजा प्रतियोगिताबारे जानकारी दिनुभयो ।

सांस्कृतिक गुरुहरू डा. **पुष्परत्न शाक्य**, **देवचन्द्र बज्राचार्य**, **त्रिरत्न मानन्धर**लगायतले बोल्नुभएको उक्त कार्यक्रममा नगरपालिकाका वडाध्यक्षहरू **श्यामकृष्ण खत्री** र **राजकृष्ण गोरा**को पनि उपस्थिति थियो ।

कार्यक्रममा गुँला बाजा प्रतियोगितालाई उत्सवकै रूपमा मनाउनुपर्ने र देशभरिकै गुँला बाजाकर्मीहरूलाई सहभागी गराउने वातावरण बनाउन सुझाव दिइएको थियो ।

## बेचियो कुमारीपाटीको ऐतिहासिक पोखरी

ललितपुरको कुमारीपाटीमा ऐतिहासिक तः पुखू मासेर व्यक्तिले घर बनाएको भेटिएको छ । २०२१ सालको नापीमा

पोखरी कायम रहेको उक्त सरकारी जग्गा २०५० सालको नापीमा नेपाल सरकारको नाममा आएको रेकर्ड ललितपुर मालपोत र नापी कार्यालयमा भेटिएको हो ।

२०५० पछि पोखरी मासेर सीमित व्यक्तिहरूको नाममा नामसारी भएको भेटिएको सम्पदा संरक्षणकर्मीहरूले जानकारी दिए । तः पुखू कित्ताकाट भएर व्यक्तिका नाममा दर्ता गरिनुको पछाडि तत्कालीन मेयर बुद्धिराज बज्राचार्य संलग्न रहेको तथ्य खुलेको छ ।

उनी ललितपुर उपमहानगरको मेयर हुँदा पोखरी बेचेर कर्मचारीलाई तलब खुवाएका थिए । पञ्चायतकालमा लगातार २५ वर्ष प्रधानपञ्च चलाएका बुद्धिराज बहुदल आएपछि एमालेबाट मेयर निर्वाचित भएका थिए । अहिले आफूलाई सम्पदा संरक्षणकर्मी भनेर चिनाउने बुद्धिराजले सम्पदा जोगाउने भन्दा मास्नेतिर बढी योगदान दिएको अभियन्ताहरूको आरोप छ ।

सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा पर्यटनमन्त्रीसमेत भएका बुद्धिराजले हालै मात्रै भारतीय दूतावासको सहयोग लिएर ५–६ ओटा बौद्ध विहार निर्माण गरेका छन् । तर, त्यसको स्थापना, निर्माण र खर्चबारे उनी कसैलाई जानकारी दिँदैनन् । कतिपय विहार अहिले पनि निर्माणाधीन छन् ।

सम्पदा संरक्षणको नाममा त्यसको मौलिकता र ऐतिहासिक मूल्य मान्यता मास्ने कार्यमा बुद्धिको बुद्धि बढी नै चल्ने गरेको एक नागरिक अगुवाले बताए । ती नागरिक अगुवाका अनुसार पोखरीमात्र नभई बुद्धिराजले थुप्रै फल्चाहरू व्यक्तिलाई जिम्मा लगाएको भेटिन्छ ।

बीमा पोष्ट, २०८१ वैशाख ९ गते

## चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको कारबाही गर्न सिफारिस

'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग–२०७४' प्रतिवेदनले त्रिविका उच्च पदस्थ अधिकारीलगायतमाथि कारबाहीको सिफारिस गरेको छ ।

६ वर्षपछि सो प्रतिवेदन सार्वजनिक भएको हो । सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा ४ वैशाख २०७४ मा तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग, २०७४ गठन गरेको थियो । डा. उपेन्द्र देवकोटा सदस्य र शिक्षा मन्त्रालयका तत्कालीन सहसचिव सूर्यप्रसाद गौतम सदस्यसचिव रहेका थिए । आयोगको प्रतिवेदनले ४३ जनामाथि विभिन्न प्रकारका आरोप लगाएको छ ।

मेडिकल सञ्चालनको प्रलोभन दबाबमा कानुनको दुरूपयोग गरी सम्बन्धन दिने काम गरेको आयोगको प्रतिवेदनमा उल्लेख छ । कारबाही सिफारिस परेकाहरूलाई आयोगले भविष्यमा सरकारी नियुक्ति गर्न अयोग्य ठहराएको छ ।

चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगले एमबीबीएस तहको अधिकतम मूल्य ३५ लाख तोक्न पनि सिफारिस गरेको छ ।

### आयोगले दोषी ठहर गरेका पदाधिकारी

१. लोकमानसिंह कार्की, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख
२. तीर्थराज खनियाँ, उपकुलपति, त्रिभुवन विश्वविद्यालय
३. हीराबहादुर महर्जन, पूर्वउपकुलपति, त्रिभुवन विश्वविद्यालय
४. डा. रामकण्ठ माकाजु, उपकुलपति, काठमाडौं विश्वविद्यालय
५. डा. बीपी दास (बलभद्र दास), पूर्वउपकुलपति, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान
६. डा. निलमणि उपाध्याय, पूर्वरजिस्ट्रार, मेडिकल काउन्सिल
७. डा. दामोदरप्रसाद गजुरेल, पूर्वअध्यक्ष, नेपाल मेडिकल काउन्सिल
८. सुधा त्रिपाठी, रेक्टर, त्रिभुवन विश्वविद्यालय
९. डिल्ली उप्रेती, रजिस्ट्रार, त्रिभुवन विश्वविद्यालय
१०. ताराप्रसाद सापकोटा, डिन, कानुन संकाय, त्रिभुवन विश्वविद्यालय
११. अधिवक्ता नारायण खनाल, कानुनी सल्लाहकार, त्रिभुवन विश्वविद्यालय
१२. डा. प्रकाशराज न्यौपाने, पूर्वप्रमुख, भक्तपुर क्यान्सर अस्पताल
१३. डा. चीनबहादुर (सीबी) पुन, पूर्वकार्यकारी निर्देशक, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर
१४. प्रा. भरत झा
१५. प्राडा गोविन्दप्रसाद शर्मा
१६. प्राडा त्रिलोकपति थापा
१७. प्राडा केबी राउत
१८. डा. मनोहरप्रसाद गुप्ता
१९. चन्द्रलाल श्रेष्ठ
२०. हिरेन्द्रमान अमात्य
२१. डा. सीडी चावला
२२. प्रा. श्यामसुन्दर मल्ल
२३. प्राडा पन्ना थापा
२४. प्राडा रमेशप्रसाद सिंह
२५. डा. जगदीश चटौत
२६. प्रद्युम्न श्रेष्ठ
२७. डा. रमेशकुमार अधिकारी
२८. डा. रोहित श्रेष्ठ
२९. डा. ओजस्वी नेपाल
३०. प्राडा करवीरनाथ योगी
३१. प्राडा ज्योति शर्मा
३२. डा. केशवप्रसाद सिंह
३३. प्राडा प्रमोदकुमार श्रेष्ठ
३४. प्राडा परशुराम मिश्र
३५. प्राडा रामप्रसाद उप्रेती
३६. प्रल्हाद पन्त, त्रिवि

३७. डा. अनिल झा, नेपाल मेडिकल काउन्सिल
३८. डा. शशी शर्मा, नेपाल मेडिकल काउन्सिल
३९. डा. सरोज श्रेष्ठ, नेपाल मेडिकल काउन्सिल
४०. रामप्रसाद खतिवडा, डिन, विज्ञान सङ्काय, त्रिभुवन विश्वविद्यालय
४१. राजेन्द्र पौडेल, त्रिवि कार्यकारी परिषद् सदस्य
४२. हरि पराजुली, त्रिवि कार्यकारी परिषद् सदस्य
४३. डा. अंकुर साह, सदस्य, नेपाल मेडिकल काउन्सिल

राजधानी, २०८० चैत २९ गते

## संयुक्त राष्ट्रसङ्घीय अधिकार परिषद्द्वारा इजरायललाई हतियार बिक्री रोक्न आग्रह

जेनेभा, ५ अप्रिल (एएफपी)। संयुक्त राष्ट्र मानव अधिकार परिषद्ले शुक्रबार इजरायललाई हतियार बिक्रीमा रोक लगाउन माग गर्ने विषयमा बहस गरिरहेको थियो। निर्बाध हतियार खरिद बिक्रीको परिणामस्वरूप भएको गाजा युद्धले ३४ हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान लिएको छ। मारिनेमा अधिकांश सर्वसाधारण नागरिक परेका छन्।

आग्रह स्वीकृत भएमा संयुक्त राष्ट्रसङ्घको शीर्ष आधिकारिक निकायले घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रलाई रक्तपातपूर्ण युद्धको स्थितिलाई रोक्न सफल हुनेछ। मस्यौदाले सम्बन्धित देशहरूलाई इजरायलमा हतियार तथा अन्य सैन्य उपकरणहरूको बिक्री, हस्तान्तरण रोक्न आह्वान गरेको छ।




गाजाको दक्षिणतर्फ जबरजस्ती लखेटिएका प्यालेस्टिनीहरू उत्तर जान खोज्नेको लस्कर

मस्यौदाको आवश्यकता अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन रोक्नको लागि महत्त्वपूर्ण रहेको परिषद्ले जनाएको छ। मस्यौदाले अन्तर्राष्ट्रिय न्यायिक अदालतले जनवरीमा गाजामा 'नरसंहारको सम्भावित जोखिमको फैसला गरेको' कुरामा जोड दिन्छ।

गत हप्ता संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि युद्धविरामको आह्वान गर्ने प्रस्ताव पारित गरेपछि यस्तो आग्रह आएको हो। तर, युद्धविरामको मागले युद्धग्रस्त भूमिमा कुनै असर पारेको छैन।

अधिकार परिषद्को मस्यौदा प्रस्तावमा इजरायलले सर्वसाधारण बसोबास गर्ने क्षेत्रमा रकेट प्रहार गरेकोमा यसको निन्दा गरेको छ।

प्यालेस्टिनी क्षेत्रहरूमा इजरायली नियन्त्रण समाप्त गरी गाजापट्टीमा नाकाबन्दीलगायतका कार्य तुरुन्तै हटाउन माग गरेको छ।

मस्यौदाले नरसंहारका धेरै सन्दर्भहरू हटाउँदै यस विषयमा गम्भीर चिन्ता जारी राखेको छ। जसले गाजाभित्र र बाहिर प्यालेस्टिनीहरूको निरन्तर जबरजस्ती स्थानान्तरण रोक्न आग्रह गर्दछ।

मस्यौदा प्रस्तावले गाजामा युद्धको विधिका रूपमा नागरिकहरूलाई भोकमरीको बाध्यतामा पारेको भन्दै यसको निन्दा गरेको छ। जहाँ संयुक्त राष्ट्रसङ्घले गाजामा चरम अनिकाल व्याप्त भइसकेको बताउँदै जानाजानी खाना, पानी, बिजुली, इन्धन र दूरसञ्चारलगायत नागरिकहरूको अस्तित्वका लागि बाधा पारी आधारभूत आवश्यक वस्तुहरूबाट वञ्चित गरिएकोमा यसको विरोध गरेको छ।

## इरानले इजरायलमाथि प्रत्याक्रमण



पेरिस, २ वैशाख (एएफपी/प्रेस टीभी)। इरानले शनिबार राति इजरायलमाथि प्रत्याक्रमण गरेको छ। इरानले इजरालमाथि ३०० भन्दा बढी ड्रोन र क्षेप्यास्त्रले प्रत्याक्रमण गरेको थियो।

इजरायले सिरिया र इराकमा रहेका इरानी सेनाका विभिन्न आधारहरूमा गरेको आक्रमणको बदलामा इरानले



प्रत्याक्रमणको कारबाही गरेको हो ।

इजरायलले इरानविरुद्ध आक्रमण गर्दा नदेखेजस्तो गर्ने तर इरानले प्रत्याक्रमण गर्दा पश्चिमा देशका शासकहरूमा ठूलो त्रास र चिन्ता सिर्जना गरेको बताइन्छ ।



इरानी सेनाले इजरायलमाथि प्रत्याक्रमणको कारबाही गरेकोमा इरानको राजधानी तेहरानमा राष्ट्रिय झन्डा फहराई खुसीयाली मनाउँदै सर्वसाधारण जनता।

चीनको विदेश मन्त्रालयले आक्रमणलाई 'गाजा द्वन्द्वको पछिल्लो बाछिटाको रूपमा चित्रण गर्दै संयमित हुन आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गाजामा युद्धविरामको माग गर्दै हालै पारित गरेको प्रस्तावको कार्यान्वयनको लागि चीनले आह्वान गरेको छ ।

## प्यालेस्टिनी समर्थक प्रदर्शनकारीद्वारा प्रमुख अमेरिकी सहरमा विमानस्थल राजमार्ग र प्रमुख पुलहरू बन्द




शिकागो (अमेरिका), ४ वैशाख (एपी) । प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले सोमबार अमेरिकी सहर इलिनोइस, क्यालिफोर्निया, न्युयोर्क र प्यासिफिक नर्थवेस्टमा सडक अवरुद्ध गर्नुका साथै अस्थायीरूपमा देशको सबैभन्दा धेरै प्रयोग हुने विमानस्थलहरू, गोल्डेन गेट, ब्रुकलिन पुल र व्यस्त ठाउँहरूमा यात्रा बन्द गरेका छन् ।

आयोजकमध्येका एक रिफ्का फालानेले शिकागोमा प्रदर्शनकारीहरूले काँध मिलाएर एक सय ९० लेन अवरुद्ध




पारेको बताउनुभयो । उहाँले प्यालेस्टिनीलाई स्वतन्त्र गर्नका लागि यो विश्वव्यापी आर्थिक नाकाबन्दीको हिस्सा रहेको बताउनुभयो ।

प्रदर्शनकारीहरूले गोल्डेन गेट ब्रिजमा सबै सवारी साधन, पैदल यात्री र बाइक ट्राफिकहरू बन्द गरेको र ओकल्यान्डको अन्तरराज्यीय ८८० मा सिमेन्टले भरिएका ५५ ग्यालेन ड्रममा बाँधेर राखेकाले सानफ्रान्सिस्को खाडी क्षेत्रमा ट्राफिक घन्टौंसम्म रोकिएको थियो ।

ब्रुकलिनमा प्रदर्शन गर्ने प्रदर्शनकारीहरूले ब्रुकलिन ब्रिजमा म्यानहट्टन जाने यातायात अवरुद्ध गरेका थिए । प्रदर्शनकारीले युजिन, ओरेगनका साथै पाँच अन्तरराज्यीय अवरुद्ध गरेर करिब ४५ मिनेटका लागि प्रमुख राजमार्गमा यातायात बन्द गरेका थिए । प्रदर्शनकारीहरूले सबैभन्दा ठूलो ओहेर विमानस्थललाई छनोट गरेका थिए ।

प्रदर्शनकारीहरूले तत्काल युद्धविरामका लागि आह्वान गरेका थिए ।

गाजा स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३३ हजार सात सयभन्दा बढी प्यालेस्टिनी मारिएको जनाएको छ । मन्त्रालयले आफ्नो गणनामा नागरिक र लडाकुहरूबिचको भिन्नता नराखेको र मृतकमध्ये दुईतिहाइ महिला र बालबालिका रहेको बताएको छ ।



प्रदर्शनकारीहरूले संरा अमेरिकाको झन्डा पनि जलाएका थिए

सामाजिक सञ्जाल पोष्टहरूले राजमार्गमा उभिएर ब्यानर बोकेका र प्यालेस्टिनी झन्डा फहराएको देखाएका छन् । सडकहरू करिब तीन घण्टापछि खुला भएका थिए ।

## हाम्रो स्वास्थ्य

# छालामा डाबर आउने र चिलाउने समस्या किन हुन्छ ?

– प्राडा भास्करमोहन कायस्थ



छालामा डाबर आउने समस्या धेरैजसो एलर्जीकै कारण हुन्छ। कुनै पनि खानेकुरा, औषधि, सङ्क्रमणले हुन सक्छ। डाबर आउने समस्या यही कारणले नै हुन्छ भन्ने छैन। यो समस्या व्यक्तिअनुसार फरक पर्छ। ६ हप्तासम्म डाबरको समस्या भए 'अक्युट अर्टिकारिया' भनिन्छ। यो समस्या धेरैजसो सङ्क्रमणकै कारण हुन्छ। तर कसैलाई ६ हप्ताभन्दा बढी पनि डाबर आउने समस्या हुन्छ। ६ हप्ताभन्दा बढीसम्म डाबर आउने समस्या भए यसलाई 'क्रोनिक अर्टिकारिया' भनिन्छ।

यो समस्याको कारण थाहा पाउन निकै गाह्रो हुन्छ। क्रोनिक अर्टिकारिया भए कहिलेकाहीं कारण थाहा नपाउँदा मधुमेह र रक्तचापमा जस्तो जीवनभर औषधि खानुपर्ने हुन सक्छ। सबै डाबरको समस्या निको हुँदैन। कसैलाई यो समस्याले निश्चित समय वा जीवनभर सताइरहन सक्छ। पाँच वर्ष, दश वर्ष वा जीवनभर औषधि खानुपर्ने हुन सक्छ। कसैलाई तातो, चिसो, हावा, पानी, बोट विरुवा जे कुराले पनि डाबरको समस्या हुन सक्छ।

चिलाउने समस्या भनेको डाबर या एलर्जीले मात्र हुँदैन। छाला चिलाउनुको कारण एलर्जी मात्र हुँदैन। धेरैजसो बिरामीले छाला चिलाउने बित्तिकै मलाई एलर्जी भयो भन्छन्। तर एलर्जीले मात्र छाला चिलाउँदैन। लुतो, फंगल इन्फेक्सन, एक्जिमाले पनि छाला चिलाउँछ।

लुतो एलर्जी होइन। जनै खटिरा निको भएपछि दुख्छ। तर कसैलाई निको भएपछि पनि चिलाउँछ। छाला सुख्खा भएपनि चिलाउँछ। वृद्धवृद्धा अवस्थामा पनि छाला चिलाउँछ। बाहिरी कारणसँगै शरीर भित्रको कारणले पनि छाला चिलाउँछ। मधुमेह, थाइराइड, रगत बढी या कम भए, क्यान्सर, मिर्गौला रोग, डायलाइसिस भएपछि र गर्ने बेला पनि छाला चिलाउँछ। रगत क्यान्सर भएका बिरामीमा झन् धेरै नै चिलाउँछ। चिलाउने कारणहरू सीमित छैनन्। छाला चिलाउनुको कारणहरू धेरै नै छन्। तर, सबै चिलाउने समस्या एलर्जीका कारण हुँदैन।

केही व्यक्तिहरूले चिलाउने समस्याबाट बच्न स्टेरोइड ट्याबलेट खाने गर्छन्। चिकित्सकको सल्लाहबिना खाने यस्ता औषधिले चिलाउने कम होला नहोला तर अर्को रोग निम्त्याउँछ। स्टेरोइड औषधिले मोटोपना बढ्ने, रक्तचाप, मधुमेह, डण्डीफोर आउने, हड्डी कमजोर हुने, रगत जम्ने जस्ता समस्याहरू निम्त्याउँछ। कुनै पनि औषधि चिकित्सकको सल्लाह र प्रेसक्रिप्सनबिना खानु हुँदैन। चिलाउने, डाबर आउने समस्या भए छाला रोग विशेषज्ञसँग जाँच गराउनुपर्छ।


(प्राडा भास्करमोहन कायस्थ छाला रोग विशषेज्ञ हुनुहुन्छ ।)

स्वास्थ्य खबरपत्रिका



भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# आ.व. २०८०/८१ चैत्र महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५८३ | ५६५ | ४३७ | ५२२ | ५०२ | ४७८ | ४९० | ६४२ | ६१६ | ६०२ | ४३७ | ५९५ | ५८८ | ४२९ | ४०५ | ५४३ | ५८० | ५९३ | ५२२ | ५२४ | ३९३ | ४८३ | ५४६ | ४८० | ४९३ | ४५३ | ४७८ | ५११ | ५१८ | ५३० |
| ■ सार्क तथा चिनियाँ | ४८८ | ५७९ | ७२७ | ६४६ | ५४१ | ४४७ | २११ | ४५५ | ५६३ | ८२८ | ९३७ | ५६४ | ६५३ | ६०१ | ४३४ | ५५८ | ७२४ | ३१५ | ४६३ | ४२६ | ३५० | २३३ | ४९७ | ३६२ | ३०१ | ४६३ | २९४ | ३७१ | ३३८ | ५९० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० चैत्र | १५,५३८ | १४,९५९ | ३०,४९७ |
| २०७९ चैत्र | १२,८२२ | ८,२४० | २१,०६२ |
| प्रगति | २,७१६ | ६,७१९ | ९,४३५ |

सम्पादकको पृष्ठ

# शिक्षितको राजनीति सिंहदरबारको शत्रु

शिक्षक-कर्मचारीले राजनीति गर्नुहुँदैन – यो चर्चा र विवाद धेरै पुरानो हो, पञ्चायतकालदेखिको। यसको पक्ष र विपक्षमा थुप्रै भाषण, लेख-रचना आइसकेका छन् र चर्चा भइसकेको छ। तर, टुङ्गो लागिसकेको छैन।

सत्तामा बस्नेहरू पञ्च, काङ्ग्रेस, 'कम्युनिस्ट' आदिलाई जनताको राजनीति गर्नेहरू मन नपर्ने रहेछ, पुर्ख्यौली शत्रुता हुने रहेछ। आफ्नो अनियमितता, मनपरि, गैरकानुनी, पदीय दुरूपयोग सारमा 'अपराधको स्वर्ग' लाई खल्बल्याइदिने राजनीतिकर्मीहरूलाई शत्रुझैँ ठान्दछन्। त्यसैले थुप्रै सरकारहरूले शिक्षक, कर्मचारीलाई राजनीति नगर्न एकपछि अर्को परिपत्र, कानुन र फैसला ल्याइसकेका छन्। तर, त्यस्तो परिपत्र गर्ने, कानुन ल्याउने र फैसला गर्नेमध्ये कतिपय शिक्षा र प्रशासन क्षेत्रबाट राजनीति गरेरै आएका थिए।

अहिले प्रजातान्त्रिक राजनीतिको छ्यान, चरित्र र इतिहास नभएको रास्वपाका शिक्षा मन्त्रीले पञ्चहरूले जस्तै फेरि राजनीतिमा लागेका शिक्षक र कर्मचारीलाई पदबाट हटाउन आदेश दिएको छ।

हिजो निरङ्कुश व्यवस्था र प्रतिगमनविरुद्ध आन्दोलन हुँदा आन्दोलनरत दलहरूले शिक्षक र कर्मचारीलाई समेत आन्दोलनमा ओर्लन आह्वान गरेका थिए। विगतका सबैजसो राजनैतिक आन्दोलनमा शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थीलगायतको महत्त्वपूर्ण भूमिका र योगदान रहेको इतिहास जीवित छ। तर, तिनै दल सत्तामा पुगेपछि शिक्षक र कर्मचारीलाई राजनीतिमा नलाग्न, राजनीतिक सङ्घर्ष र आन्दोलनमा सहभागी भए कारबाही गर्ने चेतावनी दिएका थिए भने रास्वपाको शिक्षा मन्त्रालयले कारबाहीको आदेश दिनु कुनै आश्चर्यको विषय होइन। यद्यपि, यो सरकारमा रहेका मन्त्रीहरूमध्ये विगतमा कुनै पेशामा लाग्दा राजनीति नगर्ने विरलै होलान्।

देशमा शिक्षक-कर्मचारीलगायतका पेशाकर्मीहरूले राजनीति गर्न नपर्ने वातावरण भए नदुखेको टाउको डोरी बाँधेर राजनीतिमा लाग्ने थिएनन्। निरङ्कुशकालदेखि गणतन्त्रसम्मका सत्ताधारीहरूको देशद्रोही, जनद्रोही, पक्षपातपूर्ण व्यवहार, भ्रष्टाचार, विश्वासघात, छलछाम आदिकै कारण शिक्षक-कर्मचारीमात्र होइन नाइटो नझरेका विद्यार्थी पनि राजनीतिमा लाग्न बाध्य भएका हुन्। यदि देशको कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका स्वच्छ र स्वस्थ भए शिक्षक-कर्मचारीमात्र होइन स्वयं राजनीतिकर्मीहरूको सङ्ख्यासमेत राजनीतिक क्षेत्रमा घट्दै जाने थियो। सत्तामा जानेहरूकै कारण जनतामा राजनीतिप्रति वितृष्णा नबढेको भए रास्वपा जन्मने वातावरण हुने थिएन, सत्तामा पनि पुग्ने थिएन। अनि, शिक्षितहरूलाई राजनीतिबाट टाढा राख्ने केटाकेटी कुरा पनि सुन्नुपर्ने थिएन।

राजनीतिले शिक्षा क्षेत्रलाई उदाहरणीय बनाएको एउटा प्रमाण भक्तपुर हो। नेमकिपाका अध्यक्ष का. रोहितले २०५६ सालमा '१५ वर्षमा एक घर एक स्नातक' अभियान उद्घोष गर्नुभएको थियो। त्यसलाई सफल पार्न नेमकिपाको राजनीतिमा लागेका शिक्षकहरूले निकै मिहिनेत गरे। अन्य पार्टीमा लागेका शिक्षकहरूले सुरुमा महत्त्वाकाङ्क्षी नारा भनी टिप्पणी गरे पनि परिस्थितिले सघाउन थाले। आज शिक्षामा पीछडिएको भक्तपुर नमुनाको शैक्षिक गन्तव्य बनेको छ। यो राजनीतिको देन हो, शिक्षक राजनीतिमा लागेकोको परिणाम हो। देशका अन्य ठाउँमा पनि 'एक घर एक स्नातक' को अभियानको चर्चा हुन थालेको छ।

शिक्षक-कर्मचारी राजनीतिमा लाग्नु दोष र कमजोरी होइन, कर्तव्यपालना नगरेकोले विकृत भएको हो। यो विकृति हटाउन सरकारले शिक्षक-कर्मचारीलाई राजनैतिक नैतिकताअनुरूप आफ्नो पेशागत कर्तव्यपालनामा कडाइ गर्न सक्नुपर्छ र सरकार स्वयं पनि दायित्व र कर्तव्यपालनमा उदाहरणीय बन्नुपर्छ।




भक्तपुर नपाको आयोजनामा वैशाख २२ गते हुने गुँला बाजा प्रतियोगिताबारे प्रतियोगिताका निर्णायकहरुसँगको बैठकमा प्रमुख सुनिल प्रजापतिलगायत । वैशाख ३ गते



भक्तपुर नपाको आयोजनामा नपाका विभिन्न सामुदायिक विद्यालयहरुमा शिक्षक सेवा आयोगबाट नवनियुक्त शिक्षकहरुलाई चारदिने सेवा प्रवेश तालिम । वैशाख २ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले वडा नं. ८ स्थित मचो भैरव मन्दिरको दक्षिणतर्फको पुन:निर्मित पाटीको उद्घाटन । चैत २४ गते



भक्तपुर नपाको वडा नं. १० मा निर्माणाधीन स्वास्थ्य केन्द्र भवन